

# Yuwa Bulletin 2072

A bulletin of Youth Development and Activities

**Volume 15**

**Patron**
Deependra Nath Sharma

**Advisor**
Shashishekhar Shrestha
Chundamani Paudyal

**Editorial Committee**
**Co-ordinator**
Mahendra Prasad Paudyal

**Member**
Ram Bahadur Hamal
Lekha Raj Khatiwada
Megh Raj Pokhrel

**Member-Secretary**
Om Kumar Shrestha

# युवा बुलेटिन-२०७२

युवा जगत्को विकास र गतिविधिको बुलेटिन

अङ्क १५

**संरक्षक**
दीपेन्द्र नाथ शर्मा

**सल्लाहकार**
शशिशेखर श्रेष्ठ
चूडामणि पौडेल

**सम्पादक मण्डल**
**संयोजक**
महेन्द्र प्रसाद पौड्याल

**सदस्यहरू**
रामबहादुर हमाल
लेखराज खतिवडा
मेघराज पोखरेल

**सदस्य -सचिव**
ओम कुमार श्रेष्ठ

**Publisher**

Government of Nepal
**Ministry of Youth and Sport**
Singhadurbar, Kathmandu

**प्रकाशक**

नेपाल सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
सिंहदरबार, काठमाडौं

**प्रकाशक**
नेपाल सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
सिंहदरबार, काठमाडौं
प्रकाशन वर्षः २०७२, असार, अङ्क १५
सङ्ख्याः ५००
सर्वाधिकारः युवा तथा खेलकुद मन्त्रालय

आवरण डिजाइन/लेआउटः
टेम्पल मिडिया प्रा.लि., ९८५११०१३३७

मुद्रणः **हिमालय प्रिन्टिङ्ग अफसेट प्रेस प्रा. लि.**, गट्ठाघर, भक्तपुर
फोनः ६६३४१५९, इमेलः press.himalaya@yahoo.com

# नीति, निर्देशिका, कार्यविधिहरूको

# सँगालो विषेशाङ्क



# शुभकामना

युवा तथा खेलकुद मन्त्रालयले **युवा बुलेटिन अङ्क- १५, वर्ष २०७२** प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ । स्वभाविक रुपमा यस प्रकाशनले युवा क्षेत्रसँग सम्बन्धित गतिविधिहरूका बारेमा देशभरका युवालाई सुसूचित गराउनेछ भन्ने विश्वास लिएको छु ।

युवाहरूको आकाङ्क्षा, भावना, आवश्यकता र अपेक्षालाई सम्बोधन गर्दै मन्त्रालयले आफ्ना नीति तथा कार्यक्रम मार्फत युवामैत्री क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । राष्ट्रिय युवा नीति र राष्ट्रिय खेलकुद नीतिद्वारा निर्देशित कार्यक्रम तथा क्रियाकलापहरू सीमित स्रोत साधनबाट सञ्चालन हुँदै आएका छन् । स्रोत साधनको सीमितताका बाबजुद भूकम्प प्रभावित क्षेत्रमा युवा परिचालन गर्नका लागि **भूकम्प प्रभावित क्षेत्रमा युवा स्वयं सेवक परिचालन कार्यविधि, २०७२** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

मन्त्रालय स्थापना भए पश्चात तर्जुमा भएका **नीति, निर्देशिका, कार्यविधिलाई सङ्गालो विशेषाङ्क**का रुपमा यस बुलेटिन मार्फत युवाहरूलाई सु-सूचित गराउने प्रयास गरिएको छ । राष्ट्रिय युवा परिषद् गठन सम्बन्धी ऐन स्वीकृत भई परिषद् गठन र सङ्गठनात्मक संरचनाहरू तयार गर्ने कार्यमा मन्त्रालय अघि बढिरहेको छ । राष्ट्रिय युवा नीति २०६६ को पुनरावलोकन, Youth Vision 2025 तर्जुमा गरिएको छ । अबका दिनमा राष्ट्रिय युवा नीति र Youth Vision 2025 ले परिकल्पना गरेको कार्यक्रमलाई सम्बोधन हुने ढङ्गले व्यवस्थित संरचना र कार्य योजना तर्जुमा गरी युवा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्न मन्त्रालय क्रियाशील र प्रतिबद्ध रहनेछ ।

अन्तमा युवा बुलेटिन गुणात्मक र परिष्कृत बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

(मा. पुरुषोत्तम पौडेल)

मन्त्री

युवा तथा खेलकुद मन्त्रालय




# शुभकामना

यस मन्त्रालयको स्वीकृत कार्यक्रम अन्तर्गत विगत वर्षहरूमा झैं **युवा बुलेटिन अङ्क-१५** प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ । यस प्रकाशनले युवासँग सरोकार राख्ने सम्बद्ध पक्ष एवं सरोकारवालाहरूलाई युवा तथा खेलकुद मन्त्रालयले सञ्चालन गर्ने विभिन्न गतिविधि, क्रियाकलाप र कार्यक्रमका बारेमा जानकारी दिनेछ भन्ने विश्वास लिएको छु ।

राष्ट्र निर्माणमा समृद्ध र सक्षम युवा जनशक्ति तयार गरी राष्ट्रका हरेक क्षेत्रमा युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउने दीर्घकालीन सोचका साथ  राष्ट्रिय युवा नीति २०६६ को परिमार्जन र युथ भिजन २०२५ तयार गरी स्वीकृतिको क्रममा रहेको छ । भूकम्प प्रभावित क्षेत्रमा युवा परिचालन गर्नका लागि **भूकम्प प्रभावित क्षेत्रमा युवा स्वयं सेवक परिचालन कार्यविधि, २०७२** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

राष्ट्रिय युवा नीति र राष्ट्रिय खेलकुद नीतिलाई आधार मानी प्रमुख नीतिहरू तथा कार्यनीतिहरू क्रमशः लागू गर्दै जाने क्रममा युवाका क्षेत्रमा कार्यरत सरोकारवाला युवाहरू, राजनीतिक दल आबद्ध युवाहरू, प्राथमिकता, विशेष प्राथमिकता समूहका युवाहरू, अपाङ्गता भएका युवाहरू समेतको दक्षता र क्षमता विकास गरी उनीहरूको सार्थक सहभागिता तथा साझेदारीमा  राष्ट्रिय युवा परिचालन र खेलकुद कार्यक्रमहरू सञ्चालन भएका छन् । मन्त्रालयले युवा साझेदारी कार्यक्रम, युवा अनुभव आदान प्रदान कार्यक्रम, युवा सूचना केन्द्र, सीप विकास तालिम कार्यक्रम, राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रम, युवा प्रतिभा तथा उद्यमीको खोजी तथा तिनको कार्यलाई प्रोत्साहन कार्यक्रम, राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता लगायतका विविध खेलकुद गतिविधिका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा गैर सरकारी सङ्घ संस्थाहरूको सहकार्यमा युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । आगामी दिनमा राष्ट्रिय युवा परिषद् गठन गरी सङ्गठनात्मक संरचनाको सुदृढीकरण एवं भौतिक पूर्वाधारहरूको विकास गर्ने योजनाबद्ध कार्यको थालनी गरिनेछ ।  युवा वर्गको समग्र उन्नतिमा नै देशको प्रगति निर्भर भएको हुँदा ठूलो मात्रामा रहेको देशका युवाहरूबाट जनसाङ्ख्यिक लाभ लिने गरी सबै पक्षको सहकार्य र सक्रिय सहयोगमा मन्त्रालयले कार्यक्रम अगाडि बढाउने छ । मन्त्रालयले सञ्चालन गर्ने कार्यक्रमका सम्बन्धमा मन्त्रालय स्थापना भए पश्चात् तर्जुमा भएका **नीति, निर्देशिका, कार्यविधिलाई सँगालो विशेषाङ्क**का रुपमा प्रकाशन गरी यस बुलेटिन मार्फत युवाहरूलाई सु-सूचित गराउने प्रयास गरिएको छ ।

अन्तमा यस बुलेटिन प्रकाशनको कार्यमा संलग्न भई कार्य गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छु ।



(दीपेन्द्र नाथ शर्मा)

सचिव

युवा तथा खेलकुद मन्त्रालय

# हाम्रो भनाइ

युवा तथा खेलकुद मन्त्रालयले विगत १४ वर्षदेखि **युवा बुलेटिन** नियमित रूपमा प्रकाशन गर्दै आएको छ। यसै क्रममा यस वर्ष पनि **युवा बुलेटिन अङ्क - १५** प्रकाशन गरिएको छ। विगतमा युवा तथा खेलकुद मन्त्रालयका वार्षिक गतिविधि र युवा तथा खेलकुद विकाससँग सम्बन्धित लेख रचना समावेश गरी प्रकाशन गरिँदै आएकोमा यस अङ्कलाई युवा तथा खेलकुद सम्बन्धी नीति, निर्देशिका र कार्यविधिहरूको सँगालोका रूपमा पस्कने प्रयास गरिएको छ।

मुलुकको सर्वाङ्गीण विकासमा युवशक्तिको भूमिका सर्वोपरि रहेको हुन्छ भन्ने कुरा सर्वविदितै छ। २०७२ वैशाखमा आएका विनाशकारी भूकम्पमा ठुलो धनजनको क्षति बेहोरेका नेपालका भूकम्प प्रभावित जिल्लामा स्वस्फूर्त रूपमा उद्धार, राहत तथा पुनर्निर्माणमा मुलुकको युवाशक्तिले खेलेको भूमिकाले पनि यस कुराको पुष्टि गरेको छ। राष्ट्रको अमूल्य मानवस्रोत र अथाह ऊर्जाको भण्डार देशको युवाका समग्र पक्षको विकासका अवसरहरू सिर्जना गरी राष्ट्रको निर्माणमा युवाहरूको योगदान बढाउन नेपाल सरकारले युवाहरूकै सहभागितामा राष्ट्रिय युवा नीति, २०६६ तर्जुमा गरी सो नीतिले निर्दिष्ट गरे बमोजिम युवा तथा खेलकुद मन्त्रालयले युवाहरूलाई लक्षित गरी विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस मन्त्रालयले युवा विकासका लागि सञ्चालनमा ल्याएका कार्यक्रमहरू व्यवस्थित गर्न आवश्यक निर्देशिका र कार्यविधिहरू निर्माण गर्ने कार्य हुँदै आएका छन्। त्यस्तै मन्त्रालयले खेलकुद क्षेत्रको विकासका लागि राष्ट्रिय खेलकुद नीति, २०६७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। सो नीतिले निर्दिष्ट गरे बमोजिम खेलकुद सम्बन्धी निर्देशिका तथा कार्यविधि निर्माण गरी खेलक्षेत्रको विकासका लागि प्रयासरत रहँदै आएको छ।

मन्त्रालयले तर्जुमा गरेका युवा तथा खेलकुद विकास सम्बन्धी नीति र विभिन्न निर्देशिका तथा कार्यविधिहरूलाई समावेश गरी **युवा बुलेटिन**को यस अङ्कलाई नीति, निर्देशिका र कार्यविधि विशेषाङ्कका रूपमा प्रकाशन गरिएको छ। यो अङ्क युवा तथा खेलकुदका विषयमा रुचि राख्ने पाठक, लेखक, अनुसन्धानकर्ता, सञ्चारकर्मी एवम् आम युवा र सबै सरोकारवालालाई उपयोगी स्रोत सामग्री बन्नेछ भन्ने विश्वास लिएका छौं।

अन्त्यमा, यस बुलेटिनका लागि शुभकामना दिई सहयोग पुऱ्याउनु हुने सबै महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै बुलेटिन प्रकाशनका क्रममा सहयोग गर्नु हुने सबैप्रति धन्यवाद दिन चाहन्छौं। यसलाई आगामी अङ्कहरूमा अझै स्तरीय एवं उपयोगी बनाउँदै लैजाने छौं र यसका लागि यहाँहरूको उचित सल्लाह र सुझावको अपेक्षा पनि गर्दछौं। धन्यवाद !

२०७२ असार **सम्पादक मण्डल**

# विषयसूची


| क्र.सं | विवरण | पेज नं |
|---|---|---|
| १. | राष्ट्रिय युवा नीति २०६६ | १ |
| २. | राष्ट्रिय खेलकुद नीति २०६७ | १४ |
| ३ | खेलकुद मैदान निर्माण तथा मर्मत र खेलकुद सामग्री सहयोग कार्यक्रम संचालन कार्यविधि २०६७ | ३३ |
| ४. | पारा र स्पेसल खेलकुद सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७ | ३९ |
| ६. | राष्ट्रिय युवा प्रतिभा सम्मान (दोस्रो संशोधन) कार्यविधि, २०६८ | ४३ |
| ७. | राष्ट्रिय खेलकुद प्रतिभा सम्मान (दोस्रो संशोधन) कार्यविधि, २०६८ | ५२ |
| ८. | कार्यस्थल प्रशिक्षण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०६८ | ६१ |
| ९. | स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका २०६९ | ७५ |
| १० | प्राथमिकता र विशेष प्राथमिकताको समूहका युवाका लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ | ९० |
| ११. | युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७० | १०२ |
| १२. | राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० | ११३ |
| १३. | रोजगार तथा स्वरोजगार लक्षित तालिम कार्यक्रम सञ्चालन निर्देशिका, २०७० | १३२ |
| १४. | युवा प्रतिभाको खोजी तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७१ | १४२ |
| १५. | भूकम्प प्रभावित क्षेत्रमा युवा स्वयंसेवक परिचालन कार्यविधि, २०७२ | १४५ |
| १६. | राष्ट्रिय खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२ | १५१ |
| १७. | Procedure of Youth Mobilization in Earthquake Affected Areas, 2015 | १५६ |

# राष्ट्रिय युवा नीति, २०६६

## १. पृष्ठभूमि

युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो। युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका संवाहक शक्ति हुन्। साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरका रूपमा रहेको हुन्छ, जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोत समेत मानिन्छ। नेपालमा १६ देखि ३५ वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ३४.३६ प्रतिशत रहेको छ। गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई राष्ट्रिय विकासको मूल धारमा ल्याउनु जरूरी छ।

युवामा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, समानता एवं समतामूलक वितरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता, विश्वशान्ति, सह-अस्तित्व, जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन हेतु राष्ट्रिय युवा नीति, २०६६ तर्जुमा गरिएको थियो। त्यही नीतिले निर्देश गरेबमोजिम पाँच वर्षपछि यो नीतिको पुनरावलोकन गरिएको छ।

## २. युवा नीतिको आवश्यकता

युवा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका संवाहक भएकाले राष्ट्रिय नीतिबाट विशेष रूपमा सम्बोधन गरी यस वर्गलाई राष्ट्र निर्माणमा अग्रसर गराउनु अहिलेको प्रमुख आवश्यकता रहेको छ। नेपालका हरेक राजनीतिक परिवर्तन, लोकतन्त्रको स्थापना र अन्य सामाजिक आन्दोलनहरूमा युवाको महत्त्वपूर्ण योगदान रही आएको छ। विक्रम संवत् २०६२/०६३ को शान्तिपूर्ण जनक्रान्ति, सशस्त्र द्वन्द्व, मधेस, थरूहट, जनजाति र छुवाछूत विरुद्धको मुक्ति आन्दोलन लगायतका आस्था र पहिचानका आन्दोलनहरूबाट युवाको विद्यमान अवस्थालाई विशेष रूपमा सम्बोधन गर्नुपर्ने माग उजागर भएकाले युवा सम्बन्धी नीतिको आवश्यकता बढ्न गएको छ।

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि युवाले गरेको उल्लेखनीय योगदानको कदर स्वरूप एकातिर वर्ग, लिङ्ग, जाति, भाषा र धर्म जस्ता विषयहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकता छ भने अर्कातिर अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका र कर्णाली तथा पिछडिएको क्षेत्रमा रहेका युवालाई समेत विशेष रूपमा सम्बोधन गर्नु जरूरी छ। समावेशी, समानुपातिक र समविकासको सिद्धान्त अनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्त रूप दिन र राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित गर्न राज्यले ठोस नीति अवलम्बन गर्नुपर्ने भएको छ।

नेपालको अन्तरिम संविधान, २०६३ ले देश विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नु पर्ने दिशानिर्देश गरेका परिप्रेक्ष्यमा राष्ट्रिय युवा नीतिको आवश्यकता झनै बढेर गएको छ। शिक्षा आर्जनका क्रममा रहेका, रोजगारी तथा वृत्ति विकासको अवस्थामा रहेका युवाका मुद्दा तथा प्राथमिकताहरू स्वभावतः फरक हुन्छन्। युवाको संवेदनशीलतालाई दृष्टिगत गरी जीवनयापनका विविध पक्षबारे मार्गदर्शन गर्नु राज्यको प्रमुख दायित्व रहेकाले त्यस्ता युवालाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएको छ।

युवा राष्ट्रको महत्त्वपूर्ण मानव स्रोत भएकाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत जनजीवनका हरेक क्षेत्रमा उनीहरूमा निहित क्षमताको विकास गरी राष्ट्र निर्माणमा अग्रसर गराउन राष्ट्रिय युवा नीतिको आवश्यकता अझ उजागर भएको छ। युवामा सिर्जनशीलता, वैज्ञानिकता, जिम्मेवारीपूर्ण व्यवहार, उद्यमशीलता, नागरिक सोच र जवाफदेहिताको विकास गरी न्याय र नैतिकतामा आधारित स्वच्छ सामाजिक जीवनको विकास गर्न उनीहरूभित्र अन्तर्निहित क्षमताको विकास गर्नु जरूरी छ।

युवा प्रतिभा पलायनलाई रोक्नका लागि उपयुक्त व्यवस्थापन गर्न तथा विश्वव्यापी रूपमै सिर्जना हुने अवसरहरूमा नेपाली युवाको पहुँच सुनिश्चित गर्दै थप सम्भावनाको विकास गर्न पनि युवा नीतिको आवश्यकता पर्न गएको छ।

## ३. परिभाषा

यस नीतिको प्रयोजनका लागि-

(१) "युवा" भन्नाले १६ देखि ३५ वर्षसम्मका नागरिकलाई जनाउने छ।

(२) "प्राथमिकताको समूहका युवा" भन्नाले महिला, आदिवासी जनजाति, मधेसी युवालाई जनाउनेछ।

(३) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका र कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई जनाउनेछ।

(४) "द्वन्द्वपीडित युवा" भन्नाले २०५२ सालदेखि २०६३ मङ्सिर ५ गतेसम्म नेपालमा भएको सशस्त्र द्वन्द्व र पछिल्ला समयका द्वन्द्वपीडित परिवारका युवालाई जनाउनेछ।

(५) "जोखिममा रहेका युवा" भन्नाले एच.आई.भी./एड्स सङ्क्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपद्मा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई जनाउनेछ।

(६) "अपाङ्गता भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता भएका युवालाई जनाउनेछ।

(७) "सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई जनाउनेछ।

## ४. दीर्घकालीन सोच र लक्ष्य

(१) दीर्घकालीन सोच

युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउनु यस राष्ट्रिय युवा नीतिको दीर्घकालीन सोच हुनेछ।

(२) लक्ष्य

सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूल धारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाको भूमिका र उनीहरूमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउनु यस नीतिको प्रमुख लक्ष्य हुनेछ ।

## ५. उद्देश्य

यस नीतिका उद्देश्य देहाय बमोजिम रहेका छन्-

(१) राष्ट्र निर्माण एवं राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,

(२) युवालाई राष्ट्र एवं राष्ट्रियता, जनता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित र प्रतिबद्ध बनाउँदै उत्तरदायी र जवाफदेही बनाउने,

(३) युवा वर्गमा सिर्जनशीलता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रूपमा स्थापित गर्दै उनीहरूमा रहेको क्षमता उजागर गर्ने,

(४) श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रूपमा दक्ष युवा तयार गर्ने,

(५) युवाका आधारभूत अधिकारहरू सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरूमा उनीहरूको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवं कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,

(६) शिक्षा आर्जनका क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी, वृत्ति लगायतका वैयक्तिक एवं सामाजिक विकासमा सघाउने,

(७) प्राथमिकताको तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

## ६. नीति

राष्ट्रिय युवा नीतिले लिएका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमको नीति अख्तियार गरिनेछ-

(१) युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवं मूल्य-मान्यताहरू बोध गराउने कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(२) देशका आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणका प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्त्व दिँदै सो प्रक्रियामा युवाको संलग्नता र नेतृत्वलाई बढावा दिइनेछ ।

(३) राज्यका नीति निर्माणमा अर्थपूर्ण योगदान पुऱ्याउन युवालाई आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक सशक्तीकरणका माध्यमबाट प्रोत्साहन गरिनेछ ।

(४) विश्वशान्ति, सौहार्द, भाइचारा एवं विश्व अन्तरसम्बन्ध बारे युवालाई जागरूक गराउँदै सहस्राब्दी विकास लक्ष्यका अपुरा कार्य र सन् २०१५ पछिका नयाँ प्राथमिकताको क्षेत्र लगायत अन्तर्राष्ट्रिय स्तरमा गरिएका युवासम्बन्धी प्रतिबद्धताहरूको परिपालनामा जोड दिइनेछ ।

(५) युवालाई समाजका कर्मठ, क्रियाशील, नवीनताको पक्षधर र रचनात्मक शक्तिमा परिणत गर्न समाजप्रति जवाफदेही र उत्तरदायित्व वहन गर्ने एवं लोकतान्त्रिक प्रणालीप्रति प्रतिबद्ध रहन सक्ने बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(६) युवाको उमेर समूहको आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम गरिनेछ ।

(७) युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी राज्य र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कार विकास गरिनेछ ।

(८) समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ ।

(९) निजी तथा गैरसरकारी संस्था एवं स्थानीय निकाय समेतको सहकार्यमा युवालाई सामाजिक परिवर्तनका वाहक शक्तिका रूपमा विकास गरिनेछ ।

(१०) सबै वर्ग, लिङ्ग, जातजाति, धर्म, वर्ण र क्षेत्रका युवाका विविधतालाई दृष्टिगत गर्दै सशक्तीकरण र विकासका लागि समान अवसर सिर्जना गरिनेछ ।

(११) मुलुकका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभालाई राज्यका तर्फबाट सम्मान गरिनेछ ।

(१२) युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, सीप र क्षमता विकास गर्न राज्यले व्यापक लगानी गर्नेछ ।

(१३) युवामा उद्यमशीलता विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(१४) मुलुकको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थाबारे जानकारी दिलाउँदै राष्ट्रिय विकासमा युवालाई स्वयंसेवकका रूपमा सहभागी गराउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

(१५) गुणस्तरीय शिक्षा, तालिम, अध्ययन र अनुसन्धानका अवसरहरू सिर्जना गरिनेछ ।

(१६) साहित्य, कला, संस्कृति, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।

(१७) विभिन्न क्षेत्रका प्रतिभावान् युवालाई देशभित्रै वृत्ति विकासका अवसरहरू सिर्जना गरी प्रतिभा पलायन हुनबाट जोगाउने वातावरण सिर्जना गरिनेछ ।

(१८) खेलकुदलाई व्यावसायीकरण, वैज्ञानिकीकरण र सामाजिकीकरण गर्दै यसलाई विकासको अभिन्न अङ्गका रूपमा लिई उचित साधनस्रोतको परिचालनबाट युवालाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम बनाउनुका साथै खेलाडीहरूको वृत्ति विकासमा जोड दिइनेछ ।

(१९) राज्यका विभिन्न निकायबाट युवाका लागि सञ्चालन गरिने कार्यक्रमहरूलाई समन्वय गर्ने एकीकृत प्रणाली विकास गरिनेछ ।

(२०) युवाको स्वास्थ्यमाथिको पहुँच अभिवृद्धि गरी स्वास्थ्य चेतना प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ ।

(२१) विश्वव्यापी रूपमा विस्तार हुँदै गइरहेको दुर्व्यसनमूलक र गैरसामाजिक क्रियाकलापहरूबाट नेपाली युवालाई मुक्त गर्दै युवामा सकारात्मक सोच र संस्कृति विकास गर्नेतर्फ सामाजिक प्रयासहरू लक्षित गरिनेछन् ।

(२२) प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई राज्यका तर्फबाट उपलब्ध गराइने सेवा सुविधामा विशेष प्राथमिकता प्रदान गरी कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(२३) दलित युवालाई अतिरिक्त अधिकार सहित राज्यको सेवा सुविधा प्राप्त हुने तथा रोजगार र स्वरोजगार हुने वातावरण तयार गरिनेछ ।

(२४) विभिन्न उमेर समूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई दुई फरक उमेर समूहमा वर्गीकरण गरी (१६-२५ वर्ष, २६-३५ वर्ष) लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

## ७. प्रमुख कार्यनीति

प्रस्तुत नीति कार्यान्वयन गर्न राज्यका क्षेत्रगत नीतिहरूसँगको तादात्म्यमा देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछन् :

### (१) शिक्षा

(क) उच्च माध्यमिक तहसम्मको शिक्षालाई क्रमशः निःशुल्क तथा अनिवार्य बनाउनेतर्फ पहल गर्दै युवाको शिक्षामाथिको पहुँच सुनिश्चित गरिनेछ ।

(ख) शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सीपमूलक बनाउँदै श्रमसँग आबद्ध गरी कम्तीमा उच्च माध्यमिक तहको शिक्षा पश्चात् सामान्य जीविकोपार्जन गर्न सक्षम बनाइनेछ ।

(ग) नेपालको जलसम्पदा, वनसम्पदा, पर्यटकीय सम्पदा, कृषि, पशुपालन, खानी, वनविज्ञान, जडीबुटी उत्पादन तथा प्रशोधन लगायतका विषयमा जोड दिई प्राविधिक शिक्षालयहरू स्थापना गरी प्राविधिक जनशक्ति तयार गरिनेछ ।

(घ) उच्च शिक्षाको अध्ययनलाई सहज र सुलभ बनाउन युवाका लागि शैक्षिक ऋणको व्यवस्था मिलाउनुका साथै दूर शिक्षा र खुला विश्वविद्यालय मार्फत उच्च शिक्षाको अवसर विस्तार गरिनेछ ।

(ङ) दिगो शान्ति, राष्ट्र, राष्ट्रियता, लोकतान्त्रिक मूल्य-मान्यता, कानुनी राज्य, नागरिक अधिकार एवं दायित्वप्रति उन्मुख बनाउने खालका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(च) प्रतिभावान् तथा विशेष प्राथमिकताको समूहमा पर्ने युवाका लागि छात्रवृत्ति तथा शैक्षिक ऋणको व्यवस्था मिलाइनेछ ।

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा आवश्यक दक्ष जनशक्ति विकास गर्ने खालका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछन् । साथै विदेशी श्रम बजारमा संलग्न युवालाई लक्ष्य गरी विशेष शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ज) उच्च शिक्षामा अध्ययनरत वा अध्ययन गरिसकेका इच्छुक युवालाई व्यावहारिक ज्ञान दिलाउन ग्रामीण क्षेत्रको विकासमा स्वयंसेवकका रूपमा सहभागी गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

(झ) औपचारिक शिक्षाबाट वञ्चित युवाका लागि आवश्यक सीपमूलक तालिम तथा साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

(ञ) शिक्षामा सूचना प्रविधिको प्रयोगलाई जोड दिँदै दूर शिक्षा र खुला विश्वविद्यालयका माध्यमबाट समेत प्राविधिक शिक्षा दिने व्यवस्था मिलाइनेछ ।

## (२) रोजगारी

(क) युवा रोजगारी प्रवर्द्धन गर्न रोजगार सम्बन्धी कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

(ख) युवाका लागि रोजगारी अभिवृद्धि गर्न उद्यमशीलता तथा अन्य सीपमूलक एवं व्यावसायिक तालिम प्रदान गरिनेछ ।

(ग) स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न कृषि, कृषिजन्य उद्योग, पर्यटन, उर्जा, पूर्वाधार विकासमा जोड दिइनेछ ।

(घ) युवालाई सार्वजनिक सेवामा आकर्षित गर्न उपयुक्त रणनीति तयार गरी त्यसका लागि आवश्यक सुविधा व्यवस्था गरिनेछ ।

(ङ) रोजगारी एवं स्वरोजगारीका अवसर सिर्जनाका लागि गाउँ र सहरमा सहकारी स्थापना गर्न युवालाई प्रोत्साहन गरिनेछ ।

(च) युवामा व्यावसायिकता तथा उद्यमशीलताको विकास र रोजगारी सिर्जना गर्न आवश्यकता अनुसार वित्तीय संस्था स्थापना र विकास गरिनेछ । प्राविधिक ज्ञान तथा सीप भएका युवामा उद्यमशीलता विकास गर्न प्रमाणपत्रका आधारमा युवामैत्री ऋण र बीउ पुँजी (Seed Money) उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

(छ) युवामा उद्यमशीलता विकास गर्न व्यवसाय सिर्जना (Business Incubation) सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

(ज) श्रम बजार र श्रमशक्ति उत्पादनमा देखिएको असामञ्जस्य कम गर्दै श्रम बजारको आवश्यकता अनुसार युवा जनशक्ति तयार गर्न जोड दिइनेछ ।

(झ) कृषि क्षेत्रको आधुनिकीकरण एवं व्यावसायीकरण मार्फत अर्धबेरोजगार युवालाई पूर्ण रोजगारीको अवसर सिर्जना गरिनेछ ।

(ञ) युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी सोमार्फत युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले स्थानीय तहसम्म विस्तार गरिनेछ ।

(ट) परम्परागत पेसालाई आधुनिकीकरण, बजारसम्म सहज पहुँचको व्यवस्थाका साथै त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन, सम्मान, सीप र तालिमको व्यवस्था गरिनेछ ।

(ठ) वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि स्वरोजगारी र उद्यम गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

(ड) वैदेशिक रोजगारीमा जाने महिलाका लागि मर्यादित रोजगारी र सुरक्षाको उचित व्यवस्था गरिनेछ ।

(ढ) वैदेशिक रोजगारीमा जानु अघि नै देशभित्रै युवालाई माग अनुरूपको औपचारिक तथा प्राविधिक तालिम दिई रोजगारीमा पठाउने कार्यक्रमलाई बढावा दिइनेछ ।

(ण) सुरक्षित, स्वस्थ र मर्यादित कामको प्रत्याभूति गर्दै श्रमिक अधिकारलाई स्थापित गर्ने कार्यक्रमहरूलाई बढावा दिई मजदुर युवाको विकासमा जोड दिइनेछ ।

(त) जोखिमपूर्ण कामबाट युवालाई मुक्त गराउन सुरक्षित र मर्यादित कामसम्बन्धी नीतिसँग तादात्म्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(थ) वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका, अङ्गभङ्ग भएका, शारीरिक एवं मानसिक शोषण र विभेदमा परेका युवालाई क्षतिपूर्ति दिलाउन उचित पहल गर्दै उनीहरूलाई उद्धार गरी नेपालमा पुनःस्थापना गराउने कार्यक्रम अघि बढाइनेछ ।

(द) वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले अन्यायमा परेका, हिरासतमा परेका, जेलमा परेका, कामबाट निकालिएका, सेवा-सुविधा पाउन नसकेका युवालाई सम्बन्धित नेपाली दूतावास मार्फत कानुनी सेवा उपलब्ध गराई उनीहरूको श्रमिक अधिकार रक्षा गर्न पहल गरिनेछ ।

(ध) वैदेशिक रोजगारीमा जाने युवाको कमाइबाट निश्चित प्रतिशत रकम जम्मा गरी वैदेशिक कामदार सुरक्षा तथा लगानी कोष स्थापना गरी सरकारी सुरक्षाको प्रत्याभूति गर्ने र ऊर्जा, पर्यटन, पूर्वाधार, कृषि जस्ता उत्पादनमूलक क्षेत्रमा सो कोषबाट लगानी गरी कामदारका नाममा सेयर प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

(न) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा जम्मा भएको रकम वैदेशिक रोजगारीबाट फर्की स्वदेशमै उद्यम गर्न चाहने युवामा लगानी गरिनेछ ।

(प) मजदुर युवाका लागि आठ घन्टे कार्य दिन र न्यूनतम ज्यालादर निर्धारण गरी त्यसलाई प्रभावकारी बनाउने र युवा मजदुरहरू उपर कार्यथलोमा हुने शारीरिक एवं मानसिक शोषण, यौनजन्य हिंसा र विभेदको अन्त्य गरिनेछ ।

(फ) गैरआवासीय नेपाली युवाका सीप, क्षमता, पुँजी उपयोग गर्न उचित वातावरण मिलाइनेछ ।

(ब) समान कामका लागि समान ज्यालाको प्रणाली लागू गरिनेछ ।

(भ) उद्यमशीलताका क्षेत्रमा लगानी गर्ने युवाका विभिन्न किसिमका उद्यमहरूलाई राज्यले विमाको व्यवस्था गर्नेछ ।

## (३) स्वास्थ्य तथा सामाजिक सुरक्षा

(क) युवाको आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ गराउँदै स्वास्थ्य सम्बन्धी सूचनामा युवाको पहुँच कायम गरिनेछ ।

(ख) स्वास्थ्य-शिक्षालाई प्रारम्भिक तहको पाठ्यक्रमदेखि नै समावेश गरी शुद्ध खानेपानी, स्वस्थ जीवनशैली, पोषण, स्वस्थ वातावरण, जोखिममुक्त काम आदिका बारेमा प्रशिक्षित गरिनेछ ।

(ग) युवालाई यौन स्वास्थ्य सुरक्षा सम्बन्धी शिक्षा प्रदान गर्दै सबै प्रकारका यौनिक हिंसाबाट मुक्त गराउँदै सुरक्षित र सकारात्मक यौन व्यवहार अपनाउन प्रोत्साहित गरिनेछ ।

(घ) एच.आई.भी./एड्सको सम्भावित जोखिमबारे आम नेपाली युवालाई जानकारीहरू उपलब्ध गराएर सचेत गराउँदै त्यसबाट सुरक्षित राख्ने रणनीति लिइनेछ । साथै यसबाट सङ्क्रमित युवाका लागि विशेष परामर्श सेवा केन्द्रहरू सञ्चालन गर्ने, औषधिहरू सुलभ तरिकाबाट नियमित रूपमा उपलब्ध गराउने र सङ्क्रमित युवा उपर हुने गरेका सबै खाले सामाजिक विभेदबाट मुक्त गराउने वातावरण तयार गरिनेछ ।

(ङ) घातक प्रकृतिका रोगहरूबाट युवालाई जोखिममुक्त गराउन स्वास्थ्य सम्बन्धी परामर्श सेवा केन्द्रहरू स्थापना गरिनेछ ।

(च) क्यान्सर का साथै मुटु, मृगौला, फोक्सोमा गम्भीर प्रकृतिका रोग लागेका युवाको उपचारका लागि राज्यले आवश्यक व्यवस्था गर्नेछ ।

(छ) युवाको खाद्य अधिकार सुरक्षित गर्दै भोकमरी र कुपोषणबाट बचाउन कुपोषण प्रभावित युवालक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(ज) प्राकृतिक चिकित्सा, आत्म चिकित्सा, योग लगायतका माध्यमबाट युवाको स्वास्थ्य प्रवर्द्धन गर्दै जैविक तथा स्वच्छ आहार-बिहार र सरसफाइ सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

(झ) दाम्पत्य जीवनसँग सम्बन्धित विषयमा युवालाई मनोवैज्ञानिक तथा अन्य संवेदनशील विषयमा परामर्शका लागि युवा सूचना ता परामर्श केन्द्रको स्थापना गरिनेछ ।

(ञ) राज्यका तर्फबाट युवाको स्वास्थ्य अधिकारको रक्षाका लागि स्वास्थ्य विमाको व्यवस्था गर्न पहल गरिनेछ ।

(ट) परिवार नियोजन, मातृशिशु स्याहार, मातृत्व अधिकार, शिशु जन्मान्तर जस्ता विषयमा स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी युवालाई प्रशिक्षित गरिनेछ ।

(ठ) महिलाको प्रजनन अधिकार स्थापित गर्दै उनीहरूको प्रजनन स्वास्थ्य स्थितिमा सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(ड) गर्भवती र प्रसूती अवस्थाको हेरचाहलाई राज्यको दायित्वका रूपमा स्थापित गर्नेतर्फ कार्यक्रम सञ्चालन गरिनेछ ।

(ढ) युवाको मानसिक स्वास्थ्य अभिवृद्धिका लागि राष्ट्रव्यापी चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै मानसिक अस्वस्थता बेहोरिरहेका युवाको उपचार र समाजमा पुनःस्थापनाका लागि मनोसामाजिक परामर्श लगायतका विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

(ण) अपाङ्गता भएका युवाको स्वास्थ्य उपचार निःशुल्क गर्ने व्यवस्था मिलाइनेछ ।

(त) लैङ्गिक अल्पसङ्ख्यक युवालाई लक्ष्य गरी स्वास्थ्य र सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

(थ) बेरोजगार युवालाई रोजगारीको व्यवस्था नहुँदासम्म सामाजिक संरक्षण प्रदान गर्ने सम्बन्धी विषयलाई अध्ययनका आधारमा अगाडि बढाइनेछ ।

(द) विशेष प्राथमिकताको समूहमा पर्ने युवालाई सामाजिक सुरक्षाका विषयहरूमा प्राथमिकता दिइनेछ ।

(ध) घरेलु तथा यौनिक हिंसा पीडित, वैदेशिक रोजगारीमा अङ्गभङ्ग र मानसिक रूपमा विक्षिप्त भएका, लागू पदार्थको दुर्व्यसनमा परेका युवालाई लक्षित गरी पुनःस्थापनाको कार्यक्रम सञ्चालन गरिनेछ ।

(न) यौन व्यवसायमा संलग्न युवालाई विशेष आर्थिक अवसर प्रदान गरी उनीहरूका लागि सामाजिक जीवनयापनको वातावरण सृजना गरिनेछ ।

### (४) युवा सशक्तीकरण तथा नेतृत्व विकास

(क) युवाको आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक सशक्तीकरणका लागि युवा सचेतना एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) युवाको वैयक्तिक र सामाजिक क्षमता विकास गर्न स्थानीय निकायहरू मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) युवालाई स्वदेश तथा विदेशको अनुभव दिलाउन युवा आदान-प्रदान, अध्ययन भ्रमण, देशदर्शन तथा युवाशिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रचनात्मक कार्य गरी ख्याति कमाएका युवालाई पुरस्कृत गर्दै सम्मान गरिनेछ ।

(ङ) युवाले नेतृत्व गरेका सङ्घसंस्था एवं राजनीतिक युवा सङ्गठनको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(च) विभिन्न क्षेत्रमा संलग्न युवाको नेतृत्व विकासका लागि राष्ट्रिय युवा परिषद् मातहत युवा नेतृत्व विकास तालिम प्रतिष्ठानको स्थापना गरिनेछ ।

**(५) सहभागिता तथा परिचालन**

(क) राष्ट्रनिर्माण, सामाजिक सेवाका विविध पक्ष, राज्यमा आइपर्ने विपत्ति, दुर्घटना तथा आपत्कालीन अवस्थामा उद्धार कार्यमा आम युवालाई स्वयंसेवीका रूपमा परिचालन गरिनेछ ।

(ख) शैक्षिक बेरोजगार युवालाई लक्षित गरी न्यूनतम जीवन निर्वाहमुखी भत्ता दिई दक्ष स्वयंसेवीका रूपमा परिचालन गरिनेछ ।

(ग) नेपालको शान्ति प्रक्रिया, राज्यको पुनःसंरचना र संविधान निर्माण तथा त्यसपछिका राष्ट्रनिर्माणका कार्यमा युवाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गराई त्यसको कार्यान्वयनमा युवाको अग्रणी भूमिकालाई जोड दिइनेछ ।

(घ) अन्तर्राष्ट्रिय मञ्चहरूमा युवाको सहभागिता सुनिश्चित गर्ने प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(ङ) नीति तथा योजना निर्माण र कार्यान्वयनका प्रक्रियाहरूमा युवालाई अर्थपूर्ण रूपमा सहभागी गराइनेछ ।

(च) पूर्वाधार निर्माण, विद्यालय, वन लगायत विभिन्न सामुदायिक कार्यको व्यवस्थापनमा युवालाई संलग्न गराइनेछ ।

(झ) युवालाई समाजप्रति उत्तरदायी बनाई सामाजिक रूपान्तरणको वाहकका रूपमा परिचालन गर्न उत्तरदायित्व प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(ञ) युवालाई सामाजिक कार्यक्रममा हिस्सेदारका रूपमा सक्रिय सहभागी गराई सामाजिक जवाफदेही र उत्तरदायित्व वहन गर्ने वातावरण सिर्जना गरिनेछ ।

(ठ) छुवाछुत, झुमा, देउकी, बादी, बोक्सी, कमारा/कमारी, हलिया, हरूवा, कमैया/कम्लरी, दाइजो, छाउपडी प्रथा जस्ता कुरीति, अन्धविश्वास र कुसंस्कार विरूद्ध आम युवालाई परिचालन गरिनेछ ।

**(६) कला, साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन**

(क) नेपालमा रहेका विभिन्न कला र सांस्कृतिक धरोहरहरूको संरक्षण र संवर्द्धन गर्न युवा कला साहित्यको कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

(ख) युवालाई राष्ट्र र जनताका सेवामा अभिप्रेरित गर्न मानसिक र शारीरिक रूपमा तन्दुरुस्त राख्ने कुरालाई ध्यान दिँदै राष्ट्रको गौरव र प्रतिष्ठा बढाउने ढङ्गले खेलकुद क्षेत्रलाई संस्थागत रूपमा विकास गरिनेछ ।

(ग) स्वस्थ जीवनका लागि खेलकुदलाई अनिवार्य शिक्षाका रूपमा विकास गर्न खेलकुद विश्वविद्यालय स्थापना गरी सबै उच्च माध्यमिक विद्यालय र कलेजहरूमा छुट्टै सङ्काय खडा गरी पठनपाठन गराइने नीति लिइनेछ ।

(घ) खेलकुद, कला र साहित्यको विकासका लागि विद्यालयदेखि विश्वविद्यालयसम्म योजनाबद्ध ढङ्गले प्रशिक्षण गराउँदै स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी, कलाकार र साहित्यकार उत्पादन हुने वातावरण निर्माण गरिनेछ ।

(ङ) विभिन्न साहित्यिक संस्था, सांस्कृतिक समूह, नाट्य मण्डली, युवा तथा खेलकुद क्लबहरूलाई प्रोत्साहन गर्न आकर्षक पुरस्कार, सम्मान र आर्थिक तथा भौतिक सुविधा प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(च) युवामाझ खेलकुद, सिर्जनशीलता तथा अभिव्यक्ति कलाप्रति अभिरुचि बढाउन प्रशिक्षण, प्रतिस्पर्धा एवम् प्रोत्साहन गर्नुका साथै अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा प्रतिस्पर्धात्मक सहभागिता बढाई राष्ट्रको गौरव बढाइनेछ ।

(छ) टोल, गाउँ, नगर र जिल्ला तहमा सांस्कृतिक तथा खेलकुद केन्द्रहरू खोल्न प्रोत्साहन गरी संस्कृति, कला र खेलकुदको विकास गर्न स्थानीय निकायहरूलाई परिचालन गरिनेछ ।

(ज) खेलकुदमा महिला सहभागिता विस्तार गर्न विभिन्न प्रतियोगिता आयोजना गरिनेछ ।

(झ) अपाङ्गता भएका युवालाई लक्षित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मैत्रीपूर्ण, प्रतिस्पर्धात्मक र मनोरञ्जनात्मक खेलहरू सञ्चालन गरिनेछन् ।

(ञ) युवाको खाली समय सदुपयोग गर्न विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गरिनेछन् ।

**(७) लागू पदार्थको दुर्व्यसन नियन्त्रण**

(क) युवामा दुर्व्यसन र विकृतिलाई निरूत्साहित गर्न सरकारी, निजी क्षेत्र, राजनीतिक सङ्गठन र गैरसरकारी सङ्घसंस्थाहरूलाई व्यापक रूपमा परिचालन गरी निरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(ख) लागू औषध प्रयोग गरिरहेका युवाका लागि परामर्श तथा पुनःस्थापना केन्द्रहरू सञ्चालन गरी समाजमा पुनःस्थापना गरिनेछ ।

(घ) १८ वर्षभन्दा मुनिका युवालाई मदिराजन्य र सुर्तीजन्य पदार्थको खरिद बिक्रीमा पहुँच नहुने गरी कानुनी व्यवस्था गरिनेछ ।

**(८) मानव तस्करी तथा बेचबिखन नियन्त्रण**

(क) विभिन्न मुलुकमा भइरहेको नेपाली युवाको तस्करी रोक्न कडा कानुनी व्यवस्था गरी लागू गरिनेछ ।

(ख) अवैध एवं असुरक्षित गन्तव्यमा नेपाली युवालाई विदेशिन नदिन आवश्यक प्रबन्ध गरिनेछ ।

(ग) मुलुकभित्र र बाहिर हुने गरेको मानव बेचबिखन, विशेष गरी युवा महिला बेचबिखन रोक्न विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै यस्ता जोखिममा रहेका समुदायलाई शिक्षा र रोजगारीका लागि विशेष प्राथमिकता प्रदान गरिनेछ ।

(घ) बेचबिखनमा परेका तथा वैदेशिक रोजगारीका नाममा ठगिएका युवालाई नेपाल फर्काउन विशेष प्रबन्ध गर्दै तिनलाई नेपाली समाजमा सहज जीवनयापन गर्न सक्ने वातावरण सिर्जना गरिनेछ ।

(ङ) युवा महिलालाई सङ्गठित गरी अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा मानव ओसारपसार तथा बेचबिखन रोकथाम तथा नियन्त्रणमा परिचालन गरिनेछ ।

## (९) अपराध तथा हिंसामा संलग्न युवालाई मुक्त गर्ने

(क) विभिन्न प्रकारका हिंसामा देखिएको युवाको संलग्नता निरूत्साहित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(ख) आपराधिक, गैरकानुनी, तथा असामाजिक क्रियाकलापमा युवाको संलग्नतालाई निरूत्साहित गर्न विशेष प्रबन्ध मिलाइनेछ ।

(ग) अपराध, हिंसा, गैरकानुनी तथा गैरसामाजिक क्रियाकलापहरूमा संलग्न युवालाई सुधारपश्चात् पुनःस्थापन गर्ने र समाजमा सहज जीवनयापनको वातावरण बनाउन समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

## (१०) वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता

(क) जैविक विविधता, हिमाल, हिमताल, सिमसार क्षेत्र र जलाधार संरक्षण गर्न युवा परिचालन गरिनेछ। विश्वव्यापी जलवायु परिवर्तन, तापमानमा वृद्धि, जलवायु प्रदूषण, प्राकृतिक स्रोतको अति दोहन रोक्ने आवश्यक काममा युवा परिचालन गरिनेछ ।

(ख) दिगो विकास तथा वातावरण संरक्षणमा युवा समूहहरूको सहभागिता बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

## (११) विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँच

(क) विज्ञान तथा प्रविधि क्षेत्रका विशिष्ट युवा प्रतिभालाई प्रोत्साहन गर्ने तथा उनीहरूलाई विदेशमा अध्ययन तथा तालिमको व्यवस्था गरी स्वदेशमा सम्मानित स्थान दिने वातावरण तयार गरिनेछ ।

(ख) साधनस्रोतहरूको उपयोग, कृषि, पशुपालन, जडीबुटी उत्पादन तथा प्रशोधन, जलविद्युत् लगायतका क्षेत्रमा आधुनिक प्रविधिको विकासमा मेधावी युवालाई आकर्षित गर्न विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

(ग) सूचना तथा सञ्चार प्रविधिमा ग्रामीण क्षेत्रका युवाको पहुँच कायम गर्न समन्वयात्मक ढङ्गले कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) विशेष प्राथमिकताको समूहमा परेका युवाका लागि सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

(ङ) विश्वव्यापीकरणको युगमा सूचना र सञ्चार प्रविधिमा दक्ष बनाउँदै नेपाली युवालाई विश्व बजारमा प्रतिस्पर्धी बनाइनेछ ।

## (१२) दिगो शान्ति स्थापना र द्वन्द्व समाधानमा युवा सहभागिता

(क) शान्ति स्थापना, सत्य निरूपण र मेलमिलापका प्रक्रियाहरूमा युवाको सार्थक सहभागिता सुनिश्चित गरिनेछ ।

(ख) युवा सङ्घ/सङ्गठन तथा संस्थाहरूलाई शान्ति स्थापना तथा द्वन्द्व रूपान्तरणमा सहभागी बनाइनेछ ।

(ग) वर्ग, जाति, भाषा, क्षेत्र र लिङ्गका आधारमा देखिएका विभाजन कम गर्न युवालाई प्रशिक्षित र परिचालन गर्ने कार्यक्रमहरूलाई बढावा दिइनेछ ।

(घ) विविधताको सम्मान गर्दै राष्ट्रिय एकता कायम गर्न युवालाई प्रोत्साहन एवं परिचालन गरिनेछ ।

### (१३) समविकास

(क) सामाजिक समावेशीकरणको नीति कार्यान्वयन गर्न विशेष प्राथमिकताको समूहमा रहेका युवालाई दृष्टिगत गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) प्राथमिकता तथा विशेष प्राथमिकताको समूहमा रहेका र गरिबीको रेखामुनि रहेका युवाको प्रतिभा पहिचान गरी सकारात्मक विभेदका कार्यक्रम मार्फत उनीहरूको विकासमा सहयोग गरिनेछ ।

### (१४) विशेष समूहगत प्राथमिकता

(क) अपाङ्गता भएका युवाले सहज ढङ्गले शिक्षा ग्रहण गर्न सक्ने विशेष शिक्षण पद्धति अपनाउँदै सुविधायुक्त विद्यालय र शैक्षिक केन्द्रहरू स्थापना गरिनेछन् । क्षमता अनुसारको सीपमूलक र व्यावसायिक शिक्षा प्रदान गर्दै अपाङ्गता भएका व्यक्तिहरूले कार्यसम्पादन गर्न सक्ने रोजगारी पहिचान गरी आवश्यक व्यवस्था मिलाइनेछ । सार्वजनिक यातायात, भवन, शौचालय लगायतका स्थानलाई अपाङ्गतामैत्री बनाउने व्यवस्था मिलाइनेछ । साथै अपाङ्गता भएका युवालाई आवश्यक पर्ने सहयोगी सामग्री सहज र सुलभ रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

(ख) जोखिममा रहेका युवाको उपचार एवं पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्दै सीपमूलक र व्यावसायिक शिक्षाका साथै उचित रोजगारीको व्यवस्था गरी समाजमा पुनःस्थापन गराउने नीति अवलम्बन गरिनेछ ।

(ग) द्वन्द्वपीडित युवालाई शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा विशेष प्राथमिकता प्रदान गर्ने व्यवस्था मिलाई पुनःस्थापना गर्ने कार्यक्रमहरू अघि बढाइनेछन् । साथै सीपमूलक तालिमको व्यवस्था गरी रोजगारीको उचित प्रबन्ध गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(घ) अल्पसङ्ख्यक र सीमान्तकृत युवाको प्राकृतिक, सामाजिक, सांस्कृतिक एवं परम्परागत स्रोतमाथि पहुँच कायम गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् । साथै परम्परागत पेसा र सीपको संरक्षण, संवर्द्धन र आधुनिकीकरणमा विशेष जोड दिइनेछ । शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा यस समूहका युवालाई विशेष प्राथमिकता प्रदान गरी सशक्तीकरण र अभिमुखीकरण गर्दै राष्ट्रिय विकासको मूलधारमा समाहित गरिनेछ ।

(ङ) दलित, मुस्लिम समुदाय र कर्णाली तथा पिछडिएको क्षेत्रका युवाका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच बढाउन राज्यले विशेष प्राथमिकता दिनेछ ।

### (१५) साझेदारी

(क) युवाको विकास गर्न सरकार, स्थानीय निकाय, राजनीतिक युवा सङ्घ–सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र दातृ निकायको साझेदारीमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(ख) युवाले नेतृत्व गरेका वा युवा विकासमा कार्यरत सङ्घसंस्था, सञ्जाल, युवा क्लब, रेडक्रस, स्काउट र युवा उद्यमी संस्थाहरूको साझेदारीमा सहकार्य गरी यो नीति कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्न उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

(ग) गैरआवासीय नेपाली युवाको साझेदारीमा आर्थिक उत्पादन र विकास निर्माणका परियोजना सञ्चालन गरिनेछन्।

(घ) सरकारी तथा गैरसरकारी निकायहरूसँगको सहभागितामा शान्ति र विकासका क्षेत्रमा युवासँग साझेदारी गर्ने र युवा सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसार कोष स्थापना गरिनेछ।

(ङ) स्थानीय निकायबाट सञ्चालन हुने कार्यक्रमहरूमा निश्चित बजेट छुट्याई युवा विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

(च) सार्क लगायत अन्य मित्र राष्ट्रका युवासँग काम गर्ने सङ्घसंस्थाको साझेदारीमा युवा विकास सम्बन्धी विभिन्न परियोजना र कार्यक्रम सञ्चालन गरिनेछन्।

## ८. संस्थागत व्यवस्था

(१) सरकारी क्षेत्र : यो युवा नीति कार्यान्वयनका लागि छुट्टै ऐनको व्यवस्था गरी स्वशासित एवं कार्यकारी राष्ट्रिय युवा परिषद् गठन गरिनेछ। यसमा सम्बन्धित निकायका प्रतिनिधि, राजनीतिक दलका युवा सङ्गठनका प्रतिनिधि लगायत नेपाल सरकारबाट नियुक्त पदाधिकारीहरू रहनेछन्। परिषद्को केन्द्रदेखि स्थानीय तहसम्म संरचनात्मक व्यवस्था मिलाइनेछ। परिषद्मा नेपाल सरकारबाट पदाधिकारीको नियुक्ति तथा मनोनयन गर्दा मधेसी, आदिवासी जनजाति, दलित, पिछडिएको क्षेत्र, अपाङ्गता भएका, अल्पसङ्ख्यक समुदायको समानपातिक समावेशी प्रतिनिधित्व गराउने व्यवस्था गरिनेछ। साथै सबै तहमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनेछ। परिषद्ले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूको संयोजन, समन्वय तथा सहजीकरण गर्नेछ। परिषद् तथा मातहतका निकायहरूको कार्य सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बनाई आर्थिक तथा प्रशासनिक व्यवस्था मिलाइनेछ। यस नीति बमोजिम स्थानीय तहमा युवाका आवश्यकता अनुसार युवाको नेतृत्व, सीप र उद्यमशीलता विकासका लागि हालको युवा सूचना केन्द्रलाई राष्ट्रिय युवा परिषद् अन्तर्गत ल्याई स्तरोन्नति गर्नुका साथै आवश्यकतानुसार संरचना विस्तार गरिनेछ।

यस नीतिको कार्यान्वयन विभिन्न मन्त्रालय मार्फत हुने भएकाले अन्तर मन्त्रालय समन्वयका लागि युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा अन्तर मन्त्रालय समन्वय समिति बनाइनेछ। त्यसैगरी यो नीति कार्यान्वयनको प्रभावकारिता अनुगमन एवं मूल्याङ्कन गरी सहजीकरण गर्न युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा अन्तर मन्त्रालय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ।

(२) गैरसरकारी क्षेत्र : युवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न युवा सङ्घ/सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र, सहकारी, नागरिक समाज र स्थानीय निकायहरूलाई प्रोत्साहन तथा परिचालन गरी उपयुक्त वातावरण सिर्जना गरिनेछ। यस्ता सङ्घसंस्थाको स्रोतलाई

युवा सम्बन्धी कार्यक्रममा परिचालन गर्न साझेदारका रूपमा लिइनेछ। यस कार्यको निर्देशन तथा समन्वय राष्ट्रिय युवा परिषद्ले गर्नेछ।

## ९. अनुगमन र मूल्याङ्कन

यो राष्ट्रिय युवा नीति कार्यान्वयन गर्दा यसले प्राप्त गर्ने प्रतिफल र उद्देश्यहरू पूर्ण वा आंशिक रूपमा पूरा भए/भएनन् भनेर अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रका रूपमा नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय रहनेछ। त्यसका लागि आवश्यकता अनुसार मन्त्रालयको संस्थागत क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाइनेछ। अनुगमन तथा मूल्याङ्कनका लागि सहभागिता मूलक अनुगमन प्रणाली अवलम्बन गर्ने नीति अख्तियार गरिनेछ। यो नीति कार्यान्वयनको प्रत्येक दुई वर्षमा समीक्षा गरिनेछ र पाँच वर्षमा पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन र सुधार गरिनेछ।

# राष्ट्रिय खेलकुद नीति, २०६७

## १. प्रस्तावना

नेपालको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यता अनुसार विकास तथा विस्तार गर्न; खेलकुदको सङ्गठनिक ढाँचामा समय सापेक्ष सुधार गर्न; सरकारी, गैरसरकारी एवं निजी क्षेत्रका खेलकुद संस्थाबिच समन्वय, सहकार्य एवं साझेदारीको वातावरण सिर्जना गरी खेलकुदलाई जनजीवनको अभिन्न अङ्ग बनाउन; शारीरिक, मानसिक, बौद्धिक र नैतिक क्षमतायुक्त मानव संसाधनको विकास गरी खेलकुदलाई रोजगारीमूलक व्यवसायका रूपमा स्थापित गर्न; अनुशासित र मर्यादित समाज बनाउन तथा खेलकुद कार्यक्रमलाई स्थानीय तहदेखि नै सञ्चालन गरी "सबैका लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न वाञ्छनीय भएकाले यो राष्ट्रिय खेलकुद नीति, २०६७ जारी गरिएको छ ।

## २. दीर्घकालीन सोच र लक्ष्य

(१) दीर्घकालीन सोच

सबैका लागि खेलकुदका माध्यमबाट स्वस्थ र तन्दुरुस्त, अनुशासित जनशक्ति तयार गर्नु तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक हासिल गरेर मुलुकको प्रतिष्ठा अभिवृद्धि गरी खेलकुद क्षेत्रमा नेपाललाई सशक्त राष्ट्रका रूपमा स्थापित गर्नु यस राष्ट्रिय खेलकुद नीतिको दीर्घकालीन सोच हुनेछ ।

(२) लक्ष्य

(क) सुस्वास्थ्य र तन्दुरुस्तीका लागि सबै उमेर समूहका व्यक्तिलाई खेलकुदमा व्यापक सहभागिताका निमित्त प्रोत्साहित गर्ने,

(ख) खेलाडीहरूलाई पर्याप्त अनुभव र अवसर प्रदान गर्न स्थानीय स्तरदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म खेलकुदका कार्यक्रमहरू व्यापक रूपमा आयोजना गर्ने,

(ग) अन्तर्राष्ट्रिय खेलहरूमा नेपालले उत्कृष्ट नतिजा तथा उपलब्धि हासिल गर्ने अभियानमा खेलप्रेमी लगायत सबैको सहभागिता अभिवृद्धि गर्ने ।

## ३. उद्देश्य

(१) राष्ट्र निर्माण एवं राष्ट्रिय विकासमा खेलाडीहरूको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,

(२) खेलकुदका माध्यमबाट अनुशासित तथा स्वस्थ, सक्षम जनशक्ति तयार गरी राष्ट्र निर्माणमा बल पुऱ्याउने,

(३) विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूबाट सफलता हासिल गरी अन्तर्राष्ट्रिय जगत्मा राष्ट्र र नेपालीको गौरव बढाउने,

(४) खेलकुदलाई नेपाली जनजीवनको अभिन्न अङ्ग बनाउने,

(५) खेलकुद विकासका लागि प्रारम्भिक थलोका रूपमा रहेका विद्यालयहरूलाई केन्द्रविन्दु बनाई प्रतिभाको खोजी, पहिचान र संरक्षण गर्ने,

(६) मनोरञ्जनात्मक, परम्परागत, साहसिक तथा खेलकुद पर्यटन उद्योगको विकास गरी राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउने,

(७) खेलकुदमा शिक्षा, रोजगारी र वृत्तिविकासको अवसर उपलब्ध गराउने,

(८) राष्ट्रको खेलकुद क्षेत्रको व्यापक विकास तथा विस्तार गर्न खेलकुदमा निजी क्षेत्रको सहभागिता र लगानीका अवसरहरूमा वृद्धि गर्ने ।

**४. नीतिहरू**

राष्ट्रिय खेलकुद नीतिले लिएका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका नीतिहरू अख्तियार गरिनेछः

(१) सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रलाई अनुशासित, मर्यादित एवं सुव्यवस्थित बनाउँदै राष्ट्रिय विकासको महत्वपूर्ण पक्षका रूपमा स्थापित गरिनेछ ।

(२) मुलुकमा भइरहेको खेलकुदका भौतिक पूर्वाधारको संरक्षण, संवर्द्धन तथा विकास गरी नयाँ पूर्वाधारको निर्माण एवं ग्रामीण भौतिक पूर्वाधारको विकास र विस्तारमा दातृ निकाय तथा स्थानीय निकायका स्रोत परिचालन गरिनेछ ।

(३) खेलकुदका भौतिक संरचना तथा पूर्वाधारहरूलाई अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा विधिबमोजिम परिमार्जन गरिनेछ ।

(४) प्रतिभाशाली खेलाडीहरूको खोजी गर्नुका साथै खेलाडीहरूको विकासका लागि स्थानीय र राष्ट्रिय स्तरमा खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरू आयोजना गरिनेछ ।

(५) खेल क्षेत्रमा महिलाहरूको सहभागितालाई सुनिश्चित र मर्यादित बनाउन महिलाहरूको सहभागिता रहने खेलहरूलाई व्यवस्थित तथा व्यावहारिक बनाइनेछ ।

(६) खेलकुद क्षेत्रलाई जनजीवनको अभिन्न अङ्गका रूपमा विकास र विस्तार गर्न विद्यालय तथा विश्वविद्यालय, परम्परागत तथा ग्रामीण, साहसिक तथा पर्यटकीय, स्थानीय तथा प्रादेशिक, सार्वजनिक संस्था, सरकारी विभागीय निकाय तथा कर्मचारी लगायतका क्षेत्र र स्तरमा खेलकुदका कार्यक्रम तथा प्रतियोगिताहरू सञ्चालन गर्न प्रेरित गरिनेछ ।

(७) राष्ट्रको खेलक्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने राष्ट्रिय खेलाडी, प्रशिक्षक, खेलकर्मी तथा खेलकुदसँग सम्बन्धित व्यक्तित्वहरूलाई निश्चित मापदण्डका आधारमा सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।

(८) विशेष तथा पारा खेलकुदहरूको विकास र विस्तारमा जोड दिइनुका साथै असक्त तथा अपाङ्गहरूको आवश्यकता र रुचि अनुसारका खेलकुदहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहित गरिनेछ ।

(९) व्यावसायिक सीप र दक्षता हासिल गर्न सक्ने गरी खेलाडी तथा प्रशिक्षकहरूका लागि रोजगारीको सुनिश्चितता दिने कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(१०) खेलकुदका क्षेत्रमा प्रतिबन्धित औषधि सेवन विरुद्धको चेतना अभिवृद्धि गराई प्रतिबन्धित औषधिमुक्त स्वच्छ खेल वातावरणको निर्माण गरिनेछ ।

(११) विभिन्न खेलको प्रकृति र प्रगति, लोकप्रियता, सम्भाव्यता, सफलताका सम्भावनाहरूका आधारमा खेलहरूको वर्गीकरण र प्राथमिकीकरण गरी उपलब्ध स्रोत र साधनको परिचालन प्रतिफलमूलक बनाइनेछ ।

(१२) बाह्रै महिना खेलकुदका लागि मौसम अनुकूल रहने हाम्रो भौगोलिक अवस्थाको लाभ लिन सकिने गरी नेपाललाई खेलकुदको थलोका रूपमा विकास गर्ने नीति लिइनेछ ।

(१३) खेलकुदको विकास र विस्तारका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरूको एकीकृत समन्वय र सहकार्य गर्ने दृष्टिकोणले खेलकुदको संस्थागत संरचनामा समय सापेक्ष परिमार्जन गरिनेछ ।

(१४) अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको आयोजना तथा सहभागिताको उपयुक्त मापदण्ड तयार गरी निश्चित कार्यविधिका आधारमा आयोजना तथा सहभागिताको व्यवस्था मिलाइनेछ ।

(१५) खेलकुदमा प्राप्त हुने राष्ट्रिय, अन्तर्राष्ट्रिय सहयोग तथा त्यसको उपयोग सम्बन्धी सबै काम कारवाहीलाई पारदर्शी बनाइनेछ ।

(१६) खेलकुदसँग सम्बद्ध विभिन्न निकायहरूका बिच समन्वय कायम गरी खेलकुद सम्बन्धी कार्यहरूमा तत् निकायहरूको काम कारवाहीलाई परिभाषित गरिनेछ ।

### (५) प्रमुख कार्यनीतिहरू

#### (१) सबैका लागि खेलकुद

(क) खेल विधाहरूमा गुणात्मक परिणाम हासिल गर्न आवश्यक संस्थागत संयन्त्र निर्माण गरी शिक्षण संस्था, अध्ययन संस्थानहरू, स्थानीय निकाय, सार्वजनिक संस्था र निजी क्षेत्रमा समेत खेलाडीहरूको सहभागिता वृद्धि गर्ने,

(ख) सरकारी विभागीय निकायहरूमा खेलकुदको संस्थागत विकास गरी उत्कृष्ट खेलाडी उत्पादन गर्न आवश्यक वातावरणको सिर्जना गर्न सम्बन्धित निकायलाई प्रोत्साहित गर्ने,

(ग) खेलकुदमा व्यापक जनसहभागिता तथा सबै नागरिकका लागि खेल क्षेत्रको विकास र विस्तार गर्न प्रोत्साहन गर्ने,

(घ) राष्ट्रको आर्थिक विकासमा सहयोग पुऱ्याउन विभिन्न साहसिक, पर्यटकीय र मनोरञ्जनात्मक खेलकुद प्रतियोगिताहरूको आयोजना गर्नुका साथै ती खेलहरूको संस्थागत विकासका लागि प्रोत्साहित गर्ने,

(ङ) लैङ्गिक समानता र खेलकुदका माध्यमबाट राष्ट्रको प्रतिष्ठा हासिल गर्न महिलाहरूको सहभागितामा वृद्धि गर्न प्रोत्साहित गर्ने,

(च) राष्ट्र विकासमा अपाङ्ग तथा सुस्तमनस्थितिका व्यक्तिहरू समेतको सिर्जनशीलतालाई ध्यानमा राख्दै उनीहरूको मनोबल वृद्धि गर्न पारा तथा विशेष खेलकुदका प्रतियोगिताहरूको आयोजना गर्ने,

(छ) निजी तथा राष्ट्रिय खेलकुद सङ्घहरूको सक्रिय सहभागिताबाट आइस स्किइङ, आइस स्केटिङ, पारा ग्लाइडिङ, रक क्लाइम्बिङ, क्रसकन्ट्री दौड, राफ्टिङ, सरोबर नौकायन, हात्तीपोलो, गल्फ, हाई अल्टिच्युड म्याराथन जस्ता साहसिक तथा पर्यटकीय खेलहरू र

धनुकाँड, चङ्गा, छेलो र घुँयत्रोजस्ता परम्परागत तथा मनोरञ्जनात्मक खेलहरूको विकास तथा विस्तार गर्ने,

(ज) सहर तथा नगरका सार्वजनिक स्थल वा मैदानहरूमा सर्वसाधारण जनताका लागि सरल र उपयोगी किसिमका सामान्य शारीरिक व्यायाम, साधारण हिँडडुल (मर्निङ वाक) तथा सामान्य दौडका लागि संरचनाहरूको व्यवस्था गरी शारीरिक स्वास्थ्यप्रति जनचेतना जगाउने र सोका लागि स्थानीय क्लब, गा.वि.स., नगरपालिका तथा निजी क्षेत्रलाई परिचालन र प्रोत्साहित गर्ने,

(झ) खेलकुद मेला र ग्रामीण खेलहरूको आयोजना र सञ्चालन गर्न खेलकुद सम्बन्धी सबै संस्थाहरूलाई प्रोत्साहित गराउने,

(ञ) उद्योग, कलकारखाना र सरकारी, गैरसरकारी कार्यालयहरूमा ३० देखि ४५ मिनेटको खेल समय (Sports Hour) को व्यवस्था गर्न प्रेरित गर्ने,

(ट) वर्षको एक निश्चित दिनलाई खेलकुद दिवस तोकी विभिन्न खेलकुदका कार्यक्रमहरूको आयोजना गरी देशभरि खेलकुद चाडका रूपमा मनाउने ।

**(२) भौतिक पूर्वाधारको विकास र विस्तार**

(क) हाल भइरहेका भौतिक पूर्वाधारको संरक्षण, संवर्द्धन तथा विकास र विस्तार

(अ) हाल विभिन्न जिल्लाहरूमा भएका खेलकुदका भौतिक पूर्वाधारहरूलाई संरक्षण र संवर्द्धन गर्नुका साथै ती पूर्वाधारहरूलाई आधुनिक खेलस्थलका रूपमा परिणत र विकास गर्दै लाने,

(आ) देशको लोकप्रिय तथा ख्याति आर्जन गर्न सक्ने सम्भावित खेलहरूको विकासलाई मध्यनजर गरी राष्ट्रिय वा स्थानीय स्तरमा खेलकुदका भौतिक पूर्वाधारहरूको योजनाबद्ध रूपले निर्माण र विकास गर्ने,

(इ) खेलकुदका भौतिक पूर्वाधारहरूको विकास तथा निर्माण Build, Operate Own and Transfer (BOOT) को अवधारणा अनुसार अघि बढाउने ।

(ख) नयाँ पूर्वाधारको निर्माण

(अ) आवश्यकता अनुसार अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका सुविधायुक्त भौतिक पूर्वाधार निर्माण गर्दै जाने नीति अवलम्बन गर्ने,

(आ) जिल्लाहरूमा भौतिक पूर्वाधार सुविधा निर्माणका लागि लोकप्रिय कार्यक्रम ल्याई निजी क्षेत्रलाई प्रोत्साहित गर्ने,

(इ) गा.वि.स., नगरपालिका क्षेत्र तथा विद्यालयहरूमा खेलकुदका भौतिक पूर्वाधारहरूको व्यवस्थित विकास तथा निर्माणका लागि स्थानीय निकायहरूले गुरु योजना निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

(ग) ग्रामीण भौतिक पूर्वाधारको विकास

(अ) विभिन्न गाउँहरूलाई सरकारी वा पर्ती जग्गाहरू उपलब्ध गराई खेल मैदान तथा अन्य भौतिक निर्माण गरी खेलकुदका गतिविधिहरू सञ्चालन गर्ने,

(आ) गा.वि.स. लाई उपलब्ध गराइएको खेल मैदानलाई मिनी स्टेडियमका रूपमा ( चार/पाँचवटा खेलकुद विधाहरू खेल्न र सञ्चालन गर्न सकिने किसिमबाट) विकास निर्माण गर्ने र सोका लागि सरकारले आवश्यक सहयोग उपलब्ध गराउने,

(इ) दश हजार जनसङ्ख्या भएका गाउँहरूमा खेलकुदको भौतिक सुविधा निर्माणका लागि प्राथमिकता दिने ।

(घ) विभिन्न दातृ निकाय र मित्रराष्ट्रहरूबाट अन्तर्राष्ट्रिय मापदण्डको भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक सहयोग जुटाउने,

(ङ) गा.वि.स., नगरपालिका र स्थानीय टोलहरूका लागि आवश्यक न्यूनतम खेल मैदानका लागि चाहिने जग्गा व्यवस्था गरी त्यस्ता खेल मैदानहरूलाई संरक्षण गर्ने,

(च) नगर विकास समिति, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकाको मान्यता प्रदानका लागि आवश्यक मापदण्डभित्र खेलकुदको न्यूनतम भौतिक पूर्वाधारहरूलाई समेत समावेश गर्न कानुनी व्यवस्था गर्ने,

(छ) शिक्षण संस्था, कलेज, विद्यालय तथा विश्वविद्यालय स्थापनाका लागि न्यूनतम खेलकुदको भौतिक पूर्वाधार अनिवार्य हुनैपर्ने कानुनी व्यवस्था गर्ने ।

**(३) खेलकुद प्रशिक्षण तथा प्रतियोगिता**

(क) विद्यालय स्तरमा खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरूको आयोजना तथा सञ्चालन नियमित रूपमा गर्ने व्यवस्था मिलाउने,

(ख) विकेन्द्रीकरणको सिद्धान्त अनुसार खेलकुदको प्रशिक्षण र प्रतियोगिताहरूलाई स्थानीय र राष्ट्रिय स्तरमा सञ्चालन र आयोजना गर्ने व्यवस्था मिलाउने,

(ग) विभिन्न बृहत् खेलकुद प्रतियोगिता विद्यालय स्तर र राष्ट्रिय स्तरमा आयोजना गर्ने,

(घ) प्रशासनिक तथा प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गर्न खेलकुद प्रशिक्षण प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने,

(ङ) सबैका लागि खेलकुद तथा व्यापक सहभागिता सम्बन्धी कार्यक्रम (प्रशिक्षण र प्रतियोगिता) नियमित सञ्चालन गर्न स्थानीय निकाय, क्लब, निजी, सरकारी तथा गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने,

(च) उदीयमान र नवप्रतिभाशाली खेलाडीहरूको खोजी, पहिचान र विकासका लागि स्थानीय र केन्द्रीय स्तरमा प्रशिक्षणको व्यवस्था मिलाउन राष्ट्रिय खेलकुद सङ्घहरूलाई विशेष परियोजना बनाउन लगाई कार्यान्वयन गर्ने/गराउने,

(छ) अपाङ्ग तथा सुस्तमनस्थिति भएका खेलाडीहरूका लागि प्रशिक्षण, तालिम तथा प्रतियोगिताहरू सञ्चालन र आयोजना गर्ने/गराउने,

(ज) साहसिक, पर्यटकीय तथा मनोरञ्जनात्मक खेलकुद प्रतियोगिता, प्रशिक्षण र तालिमको सञ्चालन र आयोजना गर्ने/गराउने,

(झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बृहत् खेलकुदका लागि नियमित प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने/गराउने,

(ञ) उमेरको हद, विभिन्न खेलका प्रकृति र प्रगति, क्षेत्रीय संरचना र प्रतियोगिताको स्तरका आधारमा खेलकुद प्रशिक्षण र प्रतियोगितालाई वर्गीकरण गर्ने,

(ट) अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने उच्च सम्भावना भएका खेल विधाहरूलाई प्राथमिकता दिई नियमित प्रशिक्षण सञ्चालन गर्ने,

(ठ) खेलकुद प्रतिभाहरूको खोजी, पहिचान र विकासका लागि स्थानीय र केन्द्रीय स्तरमा व्यवस्थित प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ड) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्यालेन्डरका आधारमा प्रशिक्षण तथा प्रतियोगिताको स्वरूप निर्धारण गरी सञ्चालन र सहभागिता गर्ने,

(ढ) प्रत्येक दुई वर्षमा अन्तर विद्यालय राष्ट्रिय बृहत् खेलकुद प्रतियोगिताको आयोजना गरी प्रतिभावान् युवा खेलाडीहरू पहिचान गर्ने,

(ण) अन्तर्राष्ट्रिय स्तरका पारा तथा विशेष ओलम्पिक अन्तर्गत हुने प्रशिक्षण तथा प्रतियोगिताहरूमा सहभागिता जनाउने,

(त) विद्यालयहरूमा व्यवस्थित र नियमित रूपमा खेलकुद गतिविधि सञ्चालन गर्ने, गराउने व्यवस्था गर्ने,

(थ) अन्तर्राष्ट्रिय खेलको मूल्य, मान्यता अनुसार बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिता, दक्षिण एसियाली खेलकुद, एसियाली खेल तथा ओलम्पिक खेलको आयोजना र सञ्चालन तथा सहभागिताको व्यवस्था गर्ने,

(द) प्रत्येक दुई-दुई वर्षमा "बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिता" आयोजना गर्ने,

(ध) बृहत् राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रतिनिधित्व गर्ने खेलाडीहरूको जिल्ला एवं क्षेत्रीय छनौट प्रतियोगिता तथा विशेष तयारी प्रशिक्षण सम्बन्धित खेलका राष्ट्रिय सङ्घहरूले राष्ट्रिय खेलकुद परिषद् तथा अन्तर्गतका निकायहरूको समन्वयमा गर्ने व्यवस्था मिलाउने ।

**(४) खेलकुदमा महिला सहभागिता**

(क) अन्तर्राष्ट्रिय आधिकारिक खेलकुद प्रतियोगिताहरूबाट पदक हासिल गरी मुलुक र नेपालीको इज्जत अभिवृद्धि गर्ने महिला खेलाडीहरूलाई रोजगारीका लागि आवश्यक पहल गर्ने,

(ख) उत्कृष्ट, उदीयमान तथा प्रतिभाशाली महिला खेलाडीहरूका लागि विभिन्न चरणका स्वदेश तथा वैदेशिक प्रशिक्षणका अवसरहरू प्रदान गरी महिला खेलाडीहरूको खेल स्तरको विकासमा सहयोग गर्ने,

(ग) खेलकुदका विभिन्न सङ्घसंस्थाहरू र निकायहरूमा महिलाहरूको सहभागितालाई प्रोत्साहित गर्ने,

(घ) खेल क्षेत्रमा महिला सहभागिताका लागि प्रशिक्षण, चिकित्सा, मनोविज्ञान आदि क्षेत्रका जनशक्तिहरू तयार गर्ने,

(ङ) महिला खेलकुद तथा महिला खेल विधाहरूको विस्तार गर्न विद्यालय तहदेखि नै विशेष पहल गरी सङ्ख्यात्मक एवं गुणात्मक सहभागिताको विकास गर्ने,

(च) विगतका वर्षहरूमा महिलाहरूले अन्तर्राष्ट्रिय जगत्मा हासिल गरेका सफलताहरूलाई मध्यनजर राखी प्रत्येक २/२ वर्षमा महिला खेल महोत्सव आयोजना गर्ने,

(छ) महिलाहरूका लागि आवासीय खेलकुद सुविधाहरू स्थानीय स्तरमा स्थापना गर्न विशेष कदम चाल्ने,

(ज) विद्यालय/महाविद्यालय/विश्वविद्यालयमा महिला खेलाडीहरूको पठनपाठनका लागि निश्चित छात्रवृत्तिको कोटा छुट्ट्याइने व्यवस्था गर्ने ।

**(५) प्रतिभावान् खेलाडीको खोजी, पहिचान र विकास**

(क) प्रतिभावान् खेलाडीहरूको खोजी कार्यका लागि केन्द्रीय तहदेखि स्थानीय तहसम्म विशेष परियोजना र कार्यक्रमहरू सञ्चालन गर्ने,

(ख) स्थानीय तहमा सञ्चालित प्रतिभा विकास परियोजनाका लागि स्रोत साधन स्थानीय खेलकुद निकायबाट जुटाउने,

(ग) प्रतिभावान् खेलाडीहरूका लागि विशेष खेलकुद विद्यालयको व्यवस्था गर्ने ,

(घ) प्रतिभा विकास परियोजनाका लागि सरकार लगायत स्थानीय निकायले आर्थिक र प्राविधिक सहयोग पुऱ्याउने,

(ङ) क्षेत्रीय विशेषता र मौलिकता भएका खेल विधाको परियोजना सञ्चालन गर्ने,

(च) बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिताबाट आएका प्रतिभावान् खेलाडीलाई केन्द्र स्तरको प्रतिभा विकास परियोजनामा समावेश गर्ने ।

**(६) परम्परागत तथा ग्रामीण खेलकुद**

(क) उपयुक्त संयन्त्र निर्माण गरी परम्परागत खेलहरूका नियमहरू बनाई प्रतियोगिता आयोजना गरी विकास र विस्तार गर्ने,

(ख) राष्ट्रिय एवं स्थानीय स्तरमा गोष्ठी, सेमिनार, अन्तर्क्रियाहरू आयोजना गरी खेलको प्रवर्द्धन गर्ने,

(ग) परम्परागत खेलका प्रतियोगिताहरू नियमित रूपमा आयोजना र सञ्चालन गर्ने जनजाति, सम्प्रदायहरूलाई सम्मान एवं पुरस्कारको व्यवस्था गर्ने,

(घ) नेपालमा खेलिने परम्परागत खेलहरूको अध्ययन एवं अनुसन्धान गर्न परम्परागत खेल स्रोत केन्द्र (Resource Center) को स्थापना गर्ने,

(ङ) राष्ट्रिय परम्परागत खेल महोत्सव आयोजना गर्ने ।

**(७) ग्रामीण खेलकुद**

(क) प्रत्येक गाउँ विकास समितिलाई आफ्नो गाउँमा ग्रामीण खेलहरूको उचित संरक्षण र विकासका लागि विशेष ध्यान दिन र ती खेलहरूका खेल नियमहरूको विकास गरी विभिन्न स्तरका प्रतियोगिताहरूको आयोजना गर्न प्रेरित गर्ने,

(ख) गाउँ विकास समितिलाई सरकारबाट प्राप्त हुने अनुदान रकमबाट केही निश्चित प्रतिशत रकम ग्रामीण खेलकुद विकासका लागि खर्च गर्न उत्प्रेरित गर्ने,

(ग) नेपालको ग्रामीण तथा परम्परागत खेलहरूमा सर्वसाधारणको सहभागिता वृद्धि गर्न यस्ता खेलका नियमहरूलाई पुनः परिमार्जन तथा आवश्यकता अनुसार संशोधन गर्ने र यसका लागि नियमित प्रशिक्षण तथा सञ्चालन गर्न स्थानीय स्तरबाट आर्थिक स्रोत जुटाउने ।

(घ) प्रत्येक तिन वर्षमा राष्ट्रिय ग्रामीण खेलकुद आयोजना गर्ने,

(ङ) ग्रामीण तथा परम्परागत खेल विकासका लागि खेलकुदका क्लबहरूलाई प्रोत्साहित गर्ने र ती खेलहरूमा सबैलाई सहभागी गराई खेल्न अभिप्रेरित गर्ने,

(च) प्रत्येक वडा-वडामा खेलकुद आयोजना गर्न वडा समिति एवं क्लबहरूलाई प्रोत्साहित गर्ने,

(छ) स्थानीय र केन्द्र स्तरीय ग्रामीण खेलकुद प्रतियोगिताहरूको व्यवस्था गर्ने,

(ज) गाउँहरूमा पहिचान गरिएका खेलका प्रतिभावान् खेलाडीहरूलाई विशेष प्रशिक्षणको व्यवस्था स्थानीय निकायहरूबाट गर्ने तर्फ पहल गर्ने,

**(८) जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समितिमा खेलकुद**

(क) फिटनेस फर अल जस्ता जनचासोका खेलकुद कार्यक्रमलाई वडा-वडासम्म विस्तार गर्ने,

(ख) जिल्ला विकास समिति, नगरपालिका एवं गाउँ विकास समिति बिच खेलकुद प्रतियोगिताहरूको नियमित आयोजना गर्न प्रोत्साहित गर्ने,

(ग) जिविस, नगरपालिका एवं गाविसहरूले खेलकुद सम्बन्धी संस्था तथा क्लबहरू खोल्ने व्यवस्था मिलाउने,

(घ) प्रतिभाशाली राष्ट्रिय खेलाडीहरूको संरक्षणका लागि स्थानीय स्तरमा नै रोजगारीको व्यवस्था मिलाउन विशेष पहल गर्ने,

(ङ) खेलकुदका भौतिक पूर्वाधारहरूको निर्माण र विकासका लागि जिल्ला, नगर र गाउँ विकास समितिहरूलाई सरकारले विशेष सहयोग र प्रोत्साहन गर्ने ।

**(९) हाई अल्टिच्युड ट्रेनिङ**

(क) विदेशमा रहेका हाई अल्टिच्युड ट्रेनिङ सेन्टरहरूसँग समन्वय र सहकार्य गरी देशमा हाई अल्टिच्युड ट्रेनिङ सेन्टरको स्थापना गरी यसको समयानुसार उचित विकास तथा विस्तार गर्ने,

(ख) हाई अल्टिच्युड ट्रेनिङबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न विभिन्न तालिम, सेमिनार, गोष्ठी तथा अन्तर्क्रियाको आयोजना गर्ने,

(ग) हाई अल्टिच्युड ट्रेनिङ सेन्टरहरूको विकास तथा प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सेमिनार तथा गोष्ठीहरू सञ्चालन गर्ने ।

**(१०) खेलकुद र पर्यटन**

(क) उपयुक्त संयन्त्र निर्माण गरी साहसिक तथा पर्यटकीय खेलको प्रशिक्षण र तालिमको व्यवस्था मिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतियोगिताहरूको आयोजना गरी पर्यटकहरूलाई मुलुकमा भित्र्याउने,

(ख) साहसिक तथा पर्यटकीय खेलकुदका आवश्यक खेल सामग्रीहरू न्यूनतम भन्सार शुल्कमा झिकाउन सक्ने व्यवस्था मिलाउने,

(ग) प्रत्येक ३/३ वर्षमा नेपालमा माउन्टेन स्पोर्टस् फेस्टिबल आयोजना गर्ने,

(घ) साहसिक तथा पर्यटकीय खेलहरूको दिगो विकासका लागि तत्कालीन, अल्पकालीन एवं दीर्घकालीन योजना बनाई आवश्यक पूर्वाधारहरूको निर्माण गर्न प्रोत्साहित गर्ने,

(ङ) साहसिक तथा पर्यटकीय खेलहरूको विकास र विस्तार गर्न विभिन्न नौलो विधाहरू समेत पहिचान गरी ती खेलहरूलाई समावेश गराउने क्रममा माउन्टेन रन, रक क्लाइम्बिङ र माउन्टेन क्लाइम्बिङलाई समेत पर्यटकीय खेलका रूपमा समावेश गर्ने,

(च) साहसिक पर्यटन खेलकुदको अनुसन्धान गर्न रिसोर्स सेन्टरको स्थापना गरी नेपाललाई विश्वकै साहसिक पर्यटन खेलकेन्द्रका रूपमा विकास गर्न पहल गर्ने ।

**(११) सरकारी विभागीय निकायहरूमा खेलकुद**

(क) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा अन्य सुरक्षा निकायमा खेलकुदको भौतिक पूर्वाधार विकास गर्न प्रोत्साहित गर्ने,

(ख) सरकारी विभागीय टोलीका लागि आ-आफ्नै दक्ष प्राविधिक जनशक्ति विकास गर्न अभिप्रेरित गर्ने,

(ग) विभागीय खेल टोलीका उत्कृष्ट खेलाडी तथा टिमलाई प्रोत्साहन गर्न विभिन्न पुरस्कार, सम्मान तथा वृत्ति विकासका योजनाहरूको व्यवस्था गर्नें,

(घ) सरकारी विभागीय निकायहरूमा खेलकुद प्रतियोगिताको वार्षिक कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) सरकारी विभागीय निकायका विभागीय खेल टोलीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न प्रतियोगिताहरूमा प्रतिनिधित्व गराउने,

(च) राष्ट्रिय स्तरमा देखा परेका उत्कृष्ट तथा प्रतिभाशाली उदीयमान खेलाडीहरूलाई सुरक्षा निकायमा रोजगारीको व्यवस्था गर्ने ।

**(१२) मजदुर/कर्मचारीका लागि खेलकुद**

(क) खेलकुदलाई मजदुर तथा कर्मचारीहरूको शारीरिक तन्दुरुस्ती कायम राख्ने माध्यमका रूपमा उपयोग गर्न उत्प्रेरित गर्ने,

(ख) दैनिक खेलकुद तथा शारीरिक क्रियाकलाप गर्ने वातावरण बनाउने,

(ग) वार्षिक रूपमा खेलकुद महोत्सवको आयोजना गर्ने, गराउने नीतिगत व्यवस्था गर्ने,

(घ) खेलकुदको विकास र विस्तारका लागि कारखानाहरूमा खेलकुद क्लब गठन गर्न प्ररित गर्ने,

(ङ) खेलकुद गतिविधि तथा कार्यक्रम सञ्चालनका लागि प्रत्येक उद्योग तथा कलकारखानाहरूले खेलकुद कोषको स्थापना गर्ने,

(च) प्रत्येक उद्योग तथा कलकारखानाहरूले शारीरिक तन्दुरुस्ती तथा स्वास्थ्यका लागि फिटनेसका सामग्रीहरूको व्यवस्था गर्ने ।

**(१३) सार्वजनिक संस्थानहरूमा खेलकुद**

(क) सार्वजनिक संस्थानहरूमा छुट्टै संयुक्त खेलकुद विकास कोष रहने व्यवस्था गर्ने,

(ख) सार्वजनिक संस्थानहरूले वार्षिक खेलकुद कार्यक्रमको सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ग) प्रतिष्ठित राष्ट्रिय खेलाडीहरूलाई रोजगारीको व्यवस्था गर्न सार्वजनिक संस्थानहरूमा निश्चित दरबन्दीको व्यवस्था गर्न पहल गर्ने,

(घ) सार्वजनिक संस्थाहरूलाई आफ्नै खेलकुदका प्राविधिक जनशक्ति तयार गर्न प्रोत्साहित गर्ने,

(ङ) खेलकुद गतिविधिमा सक्रिय रहने सार्वजनिक संस्थानहरूलाई उत्कृष्ट संस्थाका रूपमा घोषणा गरी सम्मान र पुरस्कृत गर्ने,

(च) सार्वजनिक संस्थाहरूलाई स्थानीय र केन्द्रमा खेलकुदका भौतिक पूर्वाधारहरूको निर्माण तथा व्यवस्था गर्नका लागि सरकारले विशेष प्रोत्साहन र सहयोग गर्ने ।

**(१४) ज्येष्ठ नागरिकका लागि खेलकुद**

(क) ज्येष्ठ नागरिकहरूका लागि खेलकुद र शारीरिक स्वास्थ्य सम्बन्धी विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

(ख) ज्येष्ठ नागरिकहरूलाई खेलकुद गतिविधिमा सक्रिय गर्ने,

(ग) विभिन्न स्थानहरूमा योग, ध्यान प्रशिक्षण केन्द्रहरू खोल्न प्रोत्साहित गर्ने,

(घ) समयस मयमा ज्येष्ठ नागरिकहरूका लागि उपयोगी खेलहरूका प्रतियोगिताहरू आयोजना गर्ने,

(ङ) ज्येष्ठ नागरिकहरूबाट आफ्नै खेलकुद संस्था तथा क्लबहरूको व्यवस्थापन र गठन गर्न प्रेरित गर्ने,

(च) ज्येष्ठ नागरिकहरूका निम्ति खेलकुदमय वातावरण बनाउन नगरपालिका, गाउँ विकास समितिहरूलाई विशेष रूपमा सक्रिय गराउने,

(ज) भेट्रान्स खेलाडीहरूलाई अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा सहयोगीका रूपमा सहभागी गराउन प्रोत्साहन गर्ने ।

**(१५) स्पेसल, पारा ओलम्पिक**

(क) अपाङ्ग खेलाडीहरूका लागि विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा अध्ययनका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,

(ख) पारा ओलम्पिकका खेलाडीहरूका लागि स्थानीय तथा राष्ट्रिय प्रतियोगिताहरू नियमित आयोजना गर्ने व्यवस्था मिलाउने,

(ग) पारा ओलम्पिकका खेलाडीहरूले अन्तर्राष्ट्रिय पदकहरू प्राप्त गरेमा अन्य साधारण खेलका खेलाडीहरू सरह सुविधाहरू प्रदान गर्ने व्यवस्था मिलाउने,

(घ) विशेष/पारा ओलम्पिक लगायतका खेलकुद विकासका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(ङ) पारा/विशेष खेलकुदका लागि विशेष प्राविधिक जनशक्ति उत्पादन गर्न जोड दिने,

(च) अपाङ्ताको प्रकृति अनुसार खेलहरूको चयन तथा खेल स्थलहरूको भौतिक संरचना निर्माण गर्ने,

(छ) अपाङ्ग खेलाडीहरूका लागि खेलस्थल तथा खेलकुद सम्बन्धी निकायहरूमा साङ्केतिक भाषा, ब्रेल लिपि तथा लार्ज प्रिन्टको प्रयोग गरी खेल नियमबारे जानकारी दिने व्यवस्था लागू गर्ने ।

**(१६) विद्यालयमा खेलकुद**

(क) देशको शैक्षिक पाठ्यक्रममा खेलकुद तथा शारीरिक शिक्षालाई अनिवार्य विषयका रूपमा समावेश गर्ने,

(ख) सबै विद्यालयहरूमा खेलकुदका न्यूनतम भौतिक पूर्वाधार तथा सुविधाहरूका लागि कानुनमा यथेष्ठ व्यवस्था गर्ने,

(ग) देशका साधारण तथा निजी स्तरमा सञ्चालित विद्यालयहरूमा न्यूनतम एक जना तालिमप्राप्त खेलकुद शिक्षकको दरबन्दी मिलाउने व्यवस्था गर्ने,

(घ) प्रत्येक विद्यालयमा प्रतियोगिताका लागि खेल विधाहरूका टिम तयार गर्ने,

(ङ) विद्यालयले कम्तीमा दिनको एक पिरियड खेलकुद कक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाउने,

(च) प्रतियोगितामा सहभागी हुँदा परीक्षा र प्रतियोगिताको समयमा तालमेल मिलाउने,

(छ) विद्यालयहरूमा रहेका खेल प्रतिभाहरूको विकास गर्न केन्द्रदेखि स्थानीय तहसम्म खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने/गराउने ।

**(१७) विश्वविद्यालय खेलकुद**

(क) प्रत्येक दुई-दुई वर्षमा अन्तर विश्वविद्यालय खेलकुद प्रतियोगिताको आयोजना गर्ने,

(ख) प्रत्येक विश्वविद्यालयलाई अनिवार्य रूपमा आफ्नो खेलकुद गतिविधिको वार्षिक कार्यक्रम प्रकाशित गरी लागू गर्न प्रोत्साहित गर्ने,

(ग) प्रत्येक विश्वविद्यालयलाई विभिन्न प्रतियोगिताका लागि खेलाडी वा टिम तयार गर्न अभिप्रेरित गर्ने,

(घ) विश्वविद्यालयहरूमा खेलकुदका न्यूनतम भौतिक पूर्वाधारहरू हुने व्यवस्था गर्ने,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विश्वविद्यालय खेलकुद प्रतियोगिताहरू आयोजना गर्न र सहभागिता जनाउन आवश्यक पहल गर्ने,

(च) विश्वविद्यालयहरू अन्तर्गतका आङ्गिक क्याम्पसहरू बिच वार्षिक रूपमा विभिन्न खेल विधामा अन्तर क्याम्पस प्रतियोगिताहरूको आयोजना गर्ने र उक्त प्रतियोगिताहरूमा प्रथम, द्वितीय र तृतीय हुने शिक्षण संस्थाहरूलाई सरकारले प्राविधिक र आर्थिक रूपमा पुरस्कार र सम्मान प्रदान गर्ने ।

**(१८) खेलाडीको भविष्य, मान, सम्मान र पुरस्कार**

(क) अन्तर्राष्ट्रिय स्तरमा देशको प्रतिष्ठा अभिवृद्धि गर्ने राष्ट्रिय खेलाडीहरूको भविष्य सुनिश्चित गर्न र उनीहरूलाई सामाजिक मान, सम्मान प्रदान गर्न विभिन्न कार्यक्रम तथा पुरस्कारको व्यवस्था गर्ने,

(ख) राष्ट्रको खेलकुद क्षेत्रमा योगदान पुऱ्याउने प्राविधिक तथा प्रशासनिक कर्मचारी (खेल प्रशिक्षक, खेल विज्ञ, खेल विशेषज्ञ, खेल चिकित्सक, खेल मनोविज्ञ तथा अन्य) हरूलाई सम्मान र प्रोत्साहन गर्ने,

(ग) खेलकुद क्षेत्रको विकासका लागि गरिने नीतिगत निर्णय गर्ने तहमा प्रतिनिधित्व गराउँदा राष्ट्रका प्रतिष्ठित खेलाडी तथा प्राविधिक र खेलकुद सम्बन्धी उच्च योग्यता हासिल गरेका विज्ञहरूको चयनलाई विशेष प्राथमिकता दिने,

(घ) राष्ट्रिय खेलाडीहरूको कल्याण र सहयोगका लागि कानुनले व्यवस्था गरेको एक "राष्ट्रिय खेलाडी कल्याणकारी कोष"को स्थापना गर्ने,

(ङ) राष्ट्रिय खेलाडीहरूको वर्गीकरण गरी ती खेलाडीहरूको स्तर अनुसारको बिमाको व्यवस्था गर्ने,

(च) एक निश्चित मापदण्डका आधारमा नेपालका लागि ओलम्पिक, एसियाली, दक्षिण एसियाली खेलकुद तथा सम्बन्धित खेलको विश्व स्तरीय र एसिया स्तरीय प्रतियोगिताहरूबाट पदक विजेता खेलाडीहरूलाई आजीवन भत्ताको व्यवस्था गर्ने,

(छ) राष्ट्रिय खेलाडीहरूले आफ्नो सक्रिय खेल जीवन पश्चात् रोजगारीमा विदेश जान चाहेमा प्राथमिकता दिने व्यवस्था गर्ने,

(ज) निश्चित मापदण्डका आधारमा देशका प्रतिष्ठित राष्ट्रिय खेलाडीहरूलाई सद्भावना राजदूतको मान्यता प्रदान गर्ने,

(झ) राष्ट्रिय खेलाडीहरूको जीविकोपार्जनका लागि व्यावसायिक सीप तथा दक्षता अभिवृद्धिका कार्यक्रमहरू अघि सार्ने,

(ञ) देशका सबै तहका विद्यालय तथा महाविद्यालयहरूमा गौरवशाली राष्ट्रिय खेलाडीहरूको अध्ययनका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्तिको व्यवस्था गर्ने,

(ट) प्रतिष्ठित राष्ट्रिय खेलाडीहरूले आफ्नो जीवनयापनका लागि रोजगारी प्राप्त गर्न नसकेका अवस्थामा निजहरूलाई राज्यबाट विशेष खेलाडी भत्ताको व्यवस्था गर्ने,

(ठ) कुनै पनि प्रतियोगिताहरूमा सहभागी खेलाडीहरूको प्रदर्शन क्षमता अभिवृद्धिका लागि सम्बन्धित खेलका प्रशिक्षकको सहभागिता अनिवार्य गराउने,

(ड) विभिन्न खेलकुदका कार्यक्रम तथा सभा समारोहहरूमा नेपाली ओलम्पियन खेलाडीहरूलाई उचित सम्मान र मर्यादित स्थान दिने,

(ढ) केन्द्रीय तथा स्थानीय स्तरमा प्रत्येक वर्ष “उत्कृष्ट वर्ष खेलाडी” चयन गरी उचित सम्मान तथा पुरस्कार प्रदान गर्ने व्यवस्था गर्ने ।

**(१९) खेलकुदको व्यवसायीकरण**

क) खेलकुदलाई व्यावसायिक रूपमा अघि बढाउनका लागि बढीभन्दा बढी खेलकुदका संस्था तथा क्लबहरू गठन गर्न प्रोत्साहित गर्ने,

(ख) स्थानीय खेलकुदका संस्था तथा क्लबहरूलाई सहयोग र समर्थन गर्ने विभिन्न उद्योग, कम्पनी, व्यक्तिहरूलाई प्रोत्साहित गर्ने,

(ग) विभिन्न व्यावसायिक खेलकुदका कार्यक्रम तथा प्रतियोगिताहरूको सञ्चालन गर्न जोड दिने,

(घ) अन्तर्राष्ट्रियस्तरमा उपलब्धि हासिल गरेका पूर्व खेलाडीहरूका अनुभव र क्षमताहरूलाई उपयोग गर्ने गरी खेलको व्यवसायीकरण गर्ने वातावरण बनाउने ।

**(२०) खेलकुद सामग्री उत्पादन**

(क) स्वदेशमै खेलकुद सामग्री उत्पादन गर्न सक्ने उत्पादकहरूलाई आवश्यक सहयोग एवं सहुलियत उपलब्ध गराउने व्यवस्था गर्ने,

(ख) स्थानीय कच्चा पदार्थको प्रयोग गरी आयात प्रतिस्थापन गर्ने खेल सामग्री अपनाउनमा जोड दिने,

(ग) खेलकुद उद्योग प्रवर्द्धन गर्नका लागि आवश्यक कच्चा पदार्थ आयात गर्दा भन्सार शुल्कमा छुटको व्यवस्था गर्न पहल गर्ने ।

**(२१) खेलकुद तथा वातावरण**

(क) खेलकुदका भौतिक पूर्वाधार वरपर हरियाली राखी वातावरण मैत्री बनाउने,

(ख) खेलकुद प्रशिक्षण एवं प्रतियोगिता स्थल वरपर सरसफाइ, खानेपानी तथा ढलको राम्रो व्यवस्था गर्ने,

(ग) केन्द्र र स्थानीय स्तरका खेलकुद इकाइहरूले खेलकुद तथा वातावरणलाई सामञ्जस्य गर्न छुट्टै समिति बनाई कार्य गर्ने ।

**(२२) खेलकुद चिकित्सा विज्ञान**

(क) खेलकुद चिकित्सा विज्ञानलाई संस्थागत रूपमा विकास गर्न आधुनिक प्रविधियुक्त स्पोर्टस् मेडिसिन एन्ड रिसर्च सेन्टर स्थापना गर्ने,

(ख) खेलाडीहरूको स्वास्थ्यको स्तरलाई तन्दुरूस्त राख्न नियमित स्वास्थ परीक्षणको व्यवस्था मिलाउने,

(ग) खेलकुदमा आवश्यक प्राविधिक जनशक्ति (डाक्टर, पोषण विशेषज्ञ, स्वास्थ सहायक, नर्स, फिजियोथेरापिस्ट, ल्याब असिस्टेन्ट आदि) को उचित व्यवस्था मिलाउने,

(घ) खेलाडी तथा सामान्य नागरिकका लागि लागूऔषध र एड्स सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ) खेलकुद चिकित्सा विज्ञान सम्बन्धी प्राविधिकहरू उत्पादन गर्ने,

(च) खेलाडीका लागि उपयुक्त पोषणयुक्त खुराकको व्यवस्था सम्बन्धी आवश्यक ज्ञान दिने व्यवस्था गर्ने,

(छ) चिकित्सा विज्ञान सम्बन्धी नयाँ ज्ञान र अनुभव आदान प्रदान गर्न विभिन्न सेमिनार, गोष्ठी आदि सञ्चालन गर्ने,

(ज) अन्तर्राष्ट्रिय अभिसन्धि अनुसार खेलकुदमा प्रतिबन्धित औषधिहरू बारे जनचेतना अभिवृद्धि गर्ने र यसको दुरुपयोगलाई नियन्त्रण गर्न यथेष्ठ प्रबन्ध मिलाउने ।

**(२३) खेल पत्रकारिता तथा सञ्चार माध्यम**

(क) खेलकुद पत्रकारितालाई विस्तार र विकास गर्न सहयोग पुऱ्याउने हेतुले केन्द्र तथा क्षेत्रमा “स्पोर्टस् मिडिया सेन्टर” को स्थापना गर्ने,

(ख) खेलकुद पत्रकारितामा सशक्त र प्रभावकारी भूमिका निर्वाह गर्ने यस क्षेत्रका व्यक्तित्वहरूलाई प्रोत्साहित गर्नका लागि उचित मापदण्ड बनाई विभिन्न अन्तर्राष्ट्रिय खेलकुदका गतिविधिहरूमा सहभागिताका लागि अवसर प्रदान गर्ने,

(ग) खेलकुद पत्रकारिता क्षेत्रमा सहभागी भई मुलुकको खेलकुद विकासमा योगदान दिने खेल पत्रकार, सञ्चार माध्यम तथा यस क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई हौसला प्रदान गर्नका लागि एक मापदण्ड बनाई प्रत्येक वर्ष नेपाल सरकारका तर्फबाट नगद पुरस्कार सहित सम्मानको व्यवस्था गर्ने,

(घ) खेलकुद पत्रकारहरूको वृत्ति विकासका लागि समय समयमा खेलकुद सम्बन्धी ज्ञानबर्धक कार्यक्रम तथा प्रशिक्षणहरूको आयोजना गर्ने,

(ङ) खेलकुद पत्रकारिता तथा सञ्चार माध्यममा कार्यरत पत्रकारहरूलाई विभिन्न स्तरका वैदेशिक तालिम, सभा, सेमिनार, तथा गोष्ठीहरूमा प्रतिनिधित्व गराउने व्यवस्था गर्ने,

(च) खेलकुद पत्रकारितामा उच्च शिक्षा हासिल गर्नका लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।

**(२४) खेलकुद शिक्षण संस्था तथा विद्यालयको व्यवस्था**

(क) स्थानीय स्तरमा खेलकुद विद्यालयहरूको स्थापना गर्न पहल गर्ने,

(ख) खेलकुद महाविद्यालय/कलेजमा प्रतिभावान् र उदीयमान विद्यार्थी खेलाडीहरूका लागि छात्रवृत्तिको व्यवस्था गर्ने,

(ग) खेलकुद विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई सुविधायुक्त छात्रावासको व्यवस्था गर्ने,

(घ) खेलकुद विद्यार्थीहरूलाई अध्ययनका दौरानमा विभिन्न राष्ट्रहरूको शैक्षिक एंव सामाजिक तथा सांस्कृतिक भ्रमण र अनुभव आदान प्रदानलाई नियमित गराउने ।

**(२५) खेल वर्गीकरण तथा प्राथमिकता निर्धारण**

(क) खेलकुदको विकास तथा विस्तारका लागि अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त गरेको सफलता, राष्ट्रिय स्तरमा खेलले गरेको विकास र विस्तार, खेलले प्राप्त गरेको लोकप्रियता, लगानीको सम्भावना, अन्तर्राष्ट्रिय स्तरमा पदक प्राप्तिको सम्भाव्यता,

खेलको विकास तथा विस्तारका लागि भौगोलिक सम्भाव्यता आदिका आधारमा खेलहरूको वर्गीकरण गरी प्राथमिकता तोक्ने,

(ख) खेलको वर्गीकरण प्राथमिकताका आधारमा बजेट विनियोजना गर्ने नीति अवलम्बन गर्ने,

(ग) बजेट विनियोजनका लागि खेलहरूको प्राथमिकीकरण गर्दा वार्षिक कार्यक्रमको नियमितता, कार्यक्रम सञ्चालनमा आन्तरिक साधन र स्रोतको परिचालन, खेल विकास र विस्तारको अग्रसरता आदिलाई पनि आधारका रूपमा लिने,

(घ) कार्यक्रमहरूको प्राथमिकीकरण गर्दा व्यावहारिकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिने सहकार्य, सञ्चालित कार्यक्रमहरूको उपलब्धि, खेल अनुशासन आदिलाई पनि ध्यानमा राख्ने ।

**(२६) आर्थिक स्रोत परिचालन र व्यवस्थाः**

(क) खेलकुदको विकास र विस्तारका लागि नेपाल सरकारबाट नियमित रूपमा बजेट तथा अनुदानको व्यवस्था मिलाउने,

(ख) देशका संस्थागत शिक्षण संस्थाहरूले विद्यार्थीहरूबाट खेलकुदका लागि सङ्कलन गर्ने रकमलाई खेलकुद विकासमा नै लगानी गर्ने व्यवस्था मिलाउने,

(ग) खेलकुद विकासका लागि विभिन्न दातृ राष्ट्र, विदेशी संस्था तथा दाताहरूबाट वैदेशिक सहयोग जुटाउन पहल गर्ने,

(घ) मुलुकका सबै गा.वि.स/जि.वि.स.ले खेलकुद विकासका लागि कम्तीमा ५ प्रतिशत रकम विनियोजित गर्नुपर्ने नीति अख्तियार गर्ने,

(ङ) स्थानीय स्तरमा सहयोग जुटाउन सकिने गरी विभिन्न कार्यक्रमहरूको आयोजना गर्न प्रेरित गर्ने ।

## ६. संस्थागत व्यवस्था तथा प्रकृयागत सुधार

### (१) संस्थागत व्यवस्था

(क) खेलकुद सञ्चालन तथा विकास कार्यलाई मार्ग दर्शन गर्न, खेलकुद सम्बन्धी कार्यनीति तर्जुमा गर्न, आवश्यक स्रोतको परिचालन गर्न र विभिन्न निकायहरू बिच समन्वय गर्ने उद्देश्यले केन्द्रीय स्तरमा सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा एक बहुपक्षीय खेलकुद समन्वय परिषद् गठन गरिनेछ । युवा तथा खेलकुद मन्त्री सहअध्यक्ष रहने यस परिषद्मा अर्थ, गृह, रक्षा, शिक्षा, स्थानीय विकास, पर्यटन तथा स्वास्थ्य मन्त्रीहरू, योजना आयोगका खेलकुद हेर्ने सदस्य लगायत सम्बन्धित मन्त्रालयका सचिवहरू रहनेछन् भने राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घ तथा खेलकुद कर्मचारी सङ्घ आदिलाई पनि परिषद्मा प्रतिनिधित्व गराइनेछ । यस परिषद्मा आवश्यकता अनुसार खेलकुद विज्ञ, प्रशिक्षक तथा खेलकुद प्राविधिकलाई समावेश गराइनेछ । समन्वय परिषद्ले सञ्चालित खेलकुद गतिविधिको आवधिक रूपमा समीक्षा गर्दै खेलकुद सम्बन्धी निकायहरूबाट प्रस्तुत कार्य योजनाहरुलाई स्वीकृति प्रदान गरी आवश्यक मार्ग दर्शन गर्नेछ ।

(ख) खेलकुद सम्बन्धी क्रियाकलापहरूलाई प्रभावकारी ढङ्गबाट व्यवस्थापन र अनुगमन गर्नका लागि खेलकुद निकाय बिच प्रभावकारी समन्वय गर्न, खेलकुद सञ्चालन र सहभागिताको मापदण्ड तथा कार्यविधि तय गर्न, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिताको आवश्यक व्यवस्था गर्ने आदि कार्यहरूको संयोजन गर्न नेपाल सरकारको क्षेत्रगत केन्द्रीय निकायका रूपमा युवा तथा खेलकुद मन्त्रालय रहनेछ।

(ग) मुलुकमा खेलकुदको पूर्वाधारको मर्मत सम्भार, सञ्चालन एवं विकास गर्न, बृहत् राष्ट्रिय प्रतियोगिताहरू सञ्चालन गर्न, खेल सङ्घहरूलाई आधिकारिकता प्रदान गरी लोकतान्त्रिक मूल्य र मान्यता अनुरुप सञ्चालन गर्न गराउन, अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिने राष्ट्रिय टोलीको तयारी एवं प्रशिक्षण गर्न, खेलकुद विकासमा सम्बन्धित सबैको सहयोग परिचालन गर्न युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत केन्द्रीय स्तरमा राष्ट्रिय खेलकुद परिषद् तथा प्रादेशिक र स्थानीय स्तरमा परिषद् अन्तर्गतका स्थानीय कार्यालयहरू रहनेछन् ।

(घ) आ-आफ्ना खेलहरूको विकास र विस्तार गरी खेलाडीहरूको तयारी एवं छनौट गर्न तथा नियमित प्रतियोगिताहरू सञ्चालन गर्न राष्ट्रिय खेलकुद परिषद्मा दर्ता हुने गरी प्रत्येक खेलका स्वतन्त्र तथा स्वायत्त राष्ट्रिय खेल सङ्घहरू रहनेछन् ।

(ङ) मुलुकमा ओलम्पिक अभियान सञ्चालन गर्न, मुलुकको खेलकुद विकासमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी र ओलम्पिक काउन्सिल अफ एसिया जस्ता संस्थाहरूबाट आवश्यक स्रोतको परिचालन गर्न, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको संरक्षकत्वमा सञ्चालन हुने खेलकुद प्रतियोगिताहरूमा मुलुकको सहभागिता सुनिश्चित गर्न युवा तथा खेलकुद मन्त्रालयको समन्वयमा प्रचलित कानुन अनुसार राष्ट्रिय खेलकुद परिषद्मा दर्ता हुने गरी एक स्वतन्त्र तथा स्वायत्त नेपाल ओलम्पिक कमिटीको व्यवस्था गरिनेछ।

**(२) प्रकृयागत सुधार**

(क) युवा तथा खेलकुद मन्त्रालयका काम, कर्तव्य र अधिकारलाई आवश्यकतानुसार परिमार्जन गरी मुलुकको खेलकुद सम्बन्धी निकायहरू बिच समन्वय गर्न देहाय अनुसारको कार्यक्षेत्र तोक्ने व्यवस्था मिलाइनेछः-

(अ) खेलकुद सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

(आ) खेलकुदको विकासका लागि आवश्यक पर्ने आर्थिक र प्राविधिक सहयोग जुटाउने,

(इ) खेलकुद सम्बन्धी विषयको अध्ययन, अनुसन्धान र सर्वेक्षण गर्ने गराउने,

(ई) खेलकुदका क्षेत्रमा अन्तर्राष्ट्रिय सम्बन्ध र सम्पर्क सम्बन्धी कार्य गर्ने,

(उ) अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुनका लागि आवश्यक मापदण्ड स्वीकृत गर्ने,

(ऊ) ओलम्पिक, एसियाली खेलकुद तथा दक्षिण एसियाली खेलकुदको आयोजना तथा सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाउने,

(ए) ओलम्पिक, एसियाली खेलकुद तथा दक्षिण एसियाली खेलकुद लगायत अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको संरक्षकत्वमा सञ्चालन हुने प्रतियोगितामा भाग लिने खेलाडी, प्रशिक्षक, व्यवस्थापक समेतको राष्ट्रिय टोलीको सहभागितालाई स्वीकृति प्रदान गर्ने,

(ऐ) खेलकुदको विकासमा सरकारी तथा गैरसरकारी संस्थाहरूलाई परिचालन गर्ने,

(ओ) निजी क्षेत्र तथा व्यापारिक प्रतिष्ठानहरूलाई खेलकुद विकासमा लगानी गर्न प्रोत्साहित गर्ने,

(औ) खेलाडी, प्रशिक्षक, राष्ट्रिय सङ्घहरुलाई प्रोत्साहित गर्न खेलकुद प्रतिभा पुरस्कारको व्यवस्था गर्ने र अन्तर्राष्ट्रिय तहमा पदक प्राप्त गर्ने खेलाडीहरूलाई सम्मान स्वरूप पुरस्कार आदिको व्यवस्था गर्ने ।

(ख) मुलुकमा खेलकुदको पूर्वाधारको मर्मत सम्भार, सञ्चालन एवं विकास गर्ने, अन्तर्राष्ट्रिय खेलहरूमा भाग लिने खेलाडीहरूको तयारी, प्रशिक्षण तथा सहभागिता आदिको व्यवस्था मिलाउन, नियमित रूपमा राष्ट्रिय प्रतियोगिताहरूको आयोजना एवं सञ्चालन गर्ने तथा यस कार्यमा सम्बन्धित सबैको सहयोग जुटाउन विद्यमान खेलकुद सम्बन्धी कानुनमा आवश्यक परिमार्जन गरी राष्ट्रिय खेलकुद परिषद्का काम कारवाहीलाई अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुरुप बनाई आवश्यक प्रक्रियागत एवं संस्थागत सुधार गरिनेछ भने यसका क्रियाकलापलाई थप प्रभावकारी बनाउन देहाय बमोजिम काम, कर्तव्य तथा अधिकार तोक्ने व्यवस्था मिलाइनेछः-

(अ) खेलकुद क्षेत्रको संस्थागत विकास र विस्तार गर्न प्रचलित नियम कानुन र तोकेको मापदण्ड भित्र रहेका खेलकुद सम्बन्धी सङ्घ, संस्थाहरूलाई दर्ता गरी सम्बन्धित खेल संस्थाको स्वीकृत विधान बमोजिम गठन तथा सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(आ) खेलकुद सम्बन्धी सङ्घहरूको काम कारवाहीमा एकरूपता ल्याउन अनुगमनको व्यवस्था गर्ने र सङ्घहरूको गतिविधि विधानको परिधि तथा प्रचलित खेल नीति निर्देशन विपरीत गएमा कारवाही गर्ने,

(इ) खेलकुद सम्बन्धी भौतिक संरचनाहरूरुको मर्मत सम्भार, सञ्चालन एवं व्यवस्थापन गर्ने,

(ई) वार्षिक रूपमा कार्यक्रम तयार गरी मन्त्रालयमा पेस गर्ने र प्राप्त बजेटलाई खेलको वर्गीकरण तथा प्राथमिकताका आधारमा विभिन्न खेलका राष्ट्रिय सङ्घहरूलाई विनियोजन गर्ने,

(उ) अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिताका लागि खेलाडीहरूको प्रशिक्षण लगायत सम्पूर्ण तयारी कार्यमा राष्ट्रिय सङ्घहरूलाई सहयोग पुऱ्याउने,

(ऊ) खेलकुदको गुणात्मक विकास गर्न आवश्यक दक्ष जनशक्तिको विकास गर्ने,

(ए) ओलम्पिक, एसियाली खेल तथा दक्षिण एसियाली खेल लगायत अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको संरक्षकत्वमा सञ्चालन हुने प्रतियोगिताहरूमा भाग लिने खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका राष्ट्रिय टोलीको तयारी, प्रशिक्षण तथा सहभागिताको आवश्यक व्यवस्था मिलाउने,

(ऐ) विभिन्न खेलका केन्द्रदेखि स्थानीय तहसम्म नवप्रतिभावान् तथा उदीयमान खेलाडीहरूको खोजी, पहिचान र संरक्षण तथा वृत्ति विकासका लागि परियोजनाहरू सञ्चालन गर्न सम्बन्धित सङ्घहरूलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(ओ) खेलकुदको राष्ट्रिय योजना तथा कार्यक्रमहरूलाई सफल बनाउन मातहतका कार्यालयहरूलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(औ) मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्ने प्रतिष्ठित राष्ट्रिय खेलाडीहरूको वृत्ति विकास तथा भविष्य सुनिश्चितताका लागि रोजगारीको व्यवस्था गर्न पहल गर्ने,

(अं) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध चेतना अभिवृद्धि गरी अन्तर्राष्ट्रिय अभिसन्धि अनुरुपको आवश्यक व्यवस्था मिलाउने,

(अः) केन्द्र र स्थानीय स्तरमा खेलकुद सम्बन्धी सङ्कलनहरू राख्ने केन्द्रीय र स्थानीयस्तरका सङ्ग्रहालयहरू स्थापना गर्ने ।

(ग) राष्ट्रिय खेलकुद सङ्घहरूको क्रियाकलापलाई व्यवस्थित गर्नका लागि देहाय बमोजिमका कार्यहरूमा सङ्घहरूलाई जिम्मेवार बनाइनेछः-

(अ) सम्बन्धित खेलको अन्तर्राष्ट्रिय महासङ्घको मान्यता प्राप्त गर्ने,

(आ) अन्तर्राष्ट्रिय खेलकुद महासङ्घको विधान अनुसार प्रतियोगिताहरू सञ्चालन गर्ने,

(इ) स्थानीय स्तरसम्म संरचनाहरू खडा गर्ने,

(ई) प्राविधिक जनशक्ति तयार गर्ने,

(उ) वार्षिक राष्ट्रिय क्यालेन्डर अनुसार कार्यक्रम सञ्चालन र आयोजना गर्ने,

(ऊ) आत्मनिर्भरताका लागि आर्थिक स्रोत जुटाउने,

(ए) वार्षिक साधारण सभा गरी अनिवार्य रूपमा वार्षिक प्रगति तथा लेखा परीक्षणको प्रतिवेदन पेस गर्ने,

(ऐ) ओलम्पिक/एसियाली खेल/दक्षिण एसियाली खेलकुदबाट मान्यता प्राप्त राष्ट्रिय सङ्घहरूले राष्ट्रिय खेलकुद परिषद्मा दर्ता भई परिषद्को अनिवार्य सिफारिसमा नेपाल ओलम्पिक कमिटीबाट मान्यता लिने,

(ओ) स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय टिम तथा खेलाडीहरूको छनौट र तयारी गर्ने,

(औ) मुलुकभर आफ्नो खेलको विकास र विस्तार गर्ने,

(अं) राष्ट्रिय टोली तथा राष्ट्रिय खेलाडीहरूको विवरण दुरुस्त राख्ने ।

(घ) राष्ट्रिय ओलम्पिक कमिटीलाई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी र ओलम्पिक काउन्सिल अफ एसियाबाट मान्यता प्राप्त एक स्वतन्त्र र स्वायत्त संस्थाका रूपमा नेपालको खेलकुद विकासमा सहभागी हुने संस्थाका रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ। साथै यस कमिटीलाई ओलम्पिक कमिटिको ओलम्पिक चार्टर अनुरुप राष्ट्रको खेलकुद विकासमा सहयोगी भूमिका निर्वाह गर्ने संस्थाका रूपमा विकास गरिनेछ। ओलम्पिक कमिटीमा नेपाल सरकारको

प्रतिनिधिलाई पर्यवेक्षकका रूपमा राखिने व्यवस्था मिलाइनेछ। साथै राष्ट्रिय ओलम्पिक कमिटीका क्रियाकलापलाई पारदर्शी बनाई मुलुकको खेलकुद विकासका कार्यमा यस संस्थालाई प्रभावकारी बनाउन देहाय बमोजिम गर्ने व्यवस्था मिलाइनेछः-

(अ) ओलम्पिक, एसियाली र दक्षिण एसियाली खेलकुद लगायत अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको संरक्षकत्वमा सञ्चालित खेलकुद प्रतियोगितामा सहभागी हुन प्रकृया बमोजिम सिफारिस भई आएका खेलाडी, प्रशिक्षक, व्यवस्थापकहरूलाई प्रमाणीकरण तथा अनुबन्धन गर्ने,

(आ) ओलम्पिक, एसियाली र दक्षिण एसियाली खेलकुद लगायत बृहत् राष्ट्रिय खेलकुदको सञ्चालन, आयोजना र सहभागितामा नेपाल सरकार लगायत खेलकुद सम्बन्धी निकायहरूलाई सघाउने,

(इ) नेपालको खेलकुद विकास र विस्तारका लागि खेलकुदका निकायहरूलाई तोकिएको प्रकृया अनुसार प्राविधिक, आर्थिक सहयोग जुटाउने र प्राप्त सहयोगको नियमित प्रतिवेदन मन्त्रालय तथा राष्ट्रिय खेलकुद परिषद्लाई उपलब्ध गराउने,

(ई) देशभित्र ओलम्पिक अभियानलाई व्यापकता दिन विभिन्न समितिहरू बनाई कार्यक्रमहरू अगाडि बढाउने,

(उ) खेलकुदमा दक्ष जनशक्ति निर्माण गर्न, प्रतिभावान् खेलाडीलाई स्वदेशी एवं विदेशी प्रशिक्षणमा संलग्न गराउन तथा खेलकुदका विकासका कार्यक्रमहरू सञ्चालन गर्न अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी, ओलम्पिक कमिटी अफ एसिया लगायतका अन्तर्राष्ट्रिय संस्थाहरू मार्फत सहयोग जुटाउने,

(ऊ) खेलकुदका माध्यमबाट विश्व-भातृत्वको विकास गर्ने,

(ए) राष्ट्रिय सङ्घहरूको अन्तर्राष्ट्रिय मान्यता, स्वायत्तता र प्रतिनिधित्वलाई सुनिश्चित गर्ने,

(ऐ) खेलकुदमा प्रतिबन्धित औषधिहरूको प्रयोग विरुद्ध अभियानबारे जनचेतना जगाउनुका साथै उक्त कार्यक्रमलाई सुनिश्चित गर्न आवश्यक कदम चाल्ने ।

(ङ) आ-आफ्नो क्षेत्रका खेलकुद गतिविधिको सञ्चालन गर्न तथा सम्बन्धित सङ्घ तथा बोर्डहरूलाई नियमित रूपमा खेलकुदका प्रतियोगिताहरू सञ्चालन गर्नका लागि स्थानीय तहमा कार्यालयहरूको व्यवस्था गरिनेछ। यी कार्यालयहरूका व्यवस्थापन एवं सञ्चालनलाई सहयोग पुऱ्याउन स्थानीय स्तरमा बहुपक्षीय समिति गठन गरिनेछ ।

(च) मुलुकमा खेलकुदको बृहत्तर विकास र विस्तारका लागि नेपाल सरकारले आवश्यकतानुसार विद्यालय, विश्वविद्यालय, स्थानीय निकाय, सार्वजनिक संस्थान, निजी क्षेत्र, पर्यटन खेलकुद, विशेष तथा पारा खेलकुद विकास बोर्डहरू गठन गर्ने नीति अवलम्बन गर्नेछ ।

(छ) खेलकुद सम्बन्धी निकायहरू बिच समन्वय अभिवृद्धि गर्न काम कारवाहीमा दोहोरोपन नहुने गरी प्रकृयागत कार्यहरूलाई सुनिश्चित गरिनेछ ।

(ज) राष्ट्रिय तहको प्रतियोगिता सञ्चालन, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको आयोजना तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि आवश्यक मापदण्ड तयार गरी निश्चित कार्यविधि तयार गरिनेछ ।

(झ) खेलकुदमा प्राप्त हुने राष्ट्रिय, अन्तर्राष्ट्रिय सहयोग तथा त्यसको उपयोग सम्बन्धी सबै काम कारवाहीलाई पारदर्शी बनाई त्यसलाई मुलुकको राष्ट्रिय खेलकुद गतिविधिसँग सामन्जस्यता ल्याउने गरी उपयुक्त प्रकृया निर्धारण गरिनेछ ।

(ञ) खेलकुदका निकायहरूलाई बढी प्रभावकारी बनाउन राष्ट्रिय ओलम्पिक कमिटी लगायत सबै सङ्घहरूले अनिवार्य रूपमा सरकारले तोकेको निकायमा आवधिक प्रतिवेदन दिने व्यवस्थालाई सुदृढ गराइनेछ ।

## ७. अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय खेलकुद नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सन्दर्भमा युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा “राष्ट्रिय अनुगमन समिति” गठन गरिनेछ। यस समितिमा राष्ट्रिय खेलकुद परिषद् तथा नेपाल ओलम्पिक कमिटीका पदाधिकारीहरू लगायत खेल विज्ञहरू, विश्व विद्यालयका प्रतिनिधिहरू, खेल प्राविधिकहरू आदिलाई समावेश गरिनेछ ।

## ८. नीति संशोधन

नेपाल सरकारले प्रत्येक दुई दुई वर्षमा यो नीतिको पुनरावलोकन गर्नेछ। तर खेलकुदको विकास र विस्तार गर्ने उद्देश्यले तोकिएको समय अगावै पनि नीति संशोधन गर्न भने बाधा पर्ने छैन ।

# खेलकुद मैदान निर्माण तथा मर्मत र खेलकुद सामग्री सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७

**प्रस्तावना**

विद्यालयहरूमा खेलमैत्री वातावरणको सृजना गरी विद्यालय तहदेखि नै खेलकुदको विकास एवं विस्तार गर्न विद्यालयहरूलाई प्रदान गरिँदै आएको खेलकुद सामग्री वितरण प्रक्रियालाई प्रभावकारी, पारदर्शी, निष्पक्ष र वस्तुनिष्ठ बनाउनुका साथै चालू आर्थिक वर्षमा खेलकुद प्रतिभाको पहिचान गर्न स्थानीय युवा खेलकुद क्लबहरू मार्फत समेत खेलकुद प्रतिभाहरूलाई समेटी विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न सकिने गरी खेलकुद मैदान निर्माण तथा स्थानीय स्तरमा भैरहेका खेलकुद मैदानहरूको मर्मत तथा स्तरोन्नति कार्यलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्ने र खेलप्रेमी युवा/विद्यार्थीहरूलाई खेलकुदप्रति अभिरुचि, हौसला एवं सक्रियता बढाउने अभिप्रायले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि २०६७ जारी गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भ**

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम “खेलकुद मैदान निर्माण तथा मर्मत र खेलकुद सामग्री सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७” रहेको छ ।
(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(१) “मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ ।

(२) “परिषद्” भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनु पर्दछ ।

(३) “क्षेत्रीय खेलकुद विकास समिति” भन्नाले परिषद् अन्तर्गतको क्षेत्रीय स्तरको निकायलाई सम्झनु पर्दछ ।

(४) “जिल्ला खेलकुद विकास समिति” भन्नाले परिषद् अन्तर्गतको जिल्ला स्तरीय निकायलाई सम्झनु पर्दछ ।

(५) “विद्यालय” भन्नाले सामुदायिक विद्यालयको हैसियतमा सञ्चालित प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक विद्यालयलाई सम्झनु पर्दछ ।

(६) “क्लब” भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई खेलकुद गतिविधि सञ्चालन गर्ने उद्देश्य निहित भएका युवा क्लबलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## खेलकुद मैदान निर्माण तथा मर्मत

### ३. खेलकुद मैदान निर्माण तथा मर्मतको छनौट प्रक्रिया

(१) मन्त्रालयले अनुसूची १ बमोजिमको कार्यतालिका अनुसार २१ दिनको म्याद राखी स्थानीय युवा क्लब/विद्यालयहरूले खेलकुद मैदान निर्माण तथा मर्मत सहयोग प्राप्त गर्न आवेदन पेस गर्ने गरी सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

(२) क्लब/विद्यालयहरूले अनुसूची २ बमोजिमको ढाँचामा तोकिएको म्याद भित्र जिल्ला खेलकुद विकास समितिमा निवेदन पेस गर्नु पर्नेछ ।

(३) क्लब/विद्यालय खेलकुद मैदान निर्माण तथा मर्मतका लागि जिल्लाको भौगोलिक अवस्था, खेलकुद प्रतियोगिता सञ्चालन र विद्यालय सङ्ख्याका आधारमा जिल्लागत कोटा निर्धारण गरिनेछ । कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षका लागि विद्यालयको सङ्ख्या लिँदा शिक्षा विभागको सबैभन्दा पछिल्लो अर्थात् विगतको रेकर्डलाई आधारका रूपमा लिइनेछ ।

(४) क्लब/विद्यालय छनौट गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ

| | |
|---|---|
| (क) अध्यक्ष, जिल्ला खेलकुद विकास समिति | - संयोजक |
| (ख) अधिकृत, प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (ग) अधिकृत, प्रतिनिधि, जिल्ला विकास समिति | - सदस्य |
| (घ) अधिकृत, प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय | - सदस्य |
| (ङ) सचिव, जिल्ला खेलकुद विकास समिति | - सदस्य सचिव |

(छनौट समितिले आवश्यकता अनुसार खेलकुद सञ्चालन गर्दै आएका प्रशिक्षक/शिक्षकहरूलाई समेत आमन्त्रण गर्न सक्नेछ ।)

(५) विद्यालय/क्लबहरू छनौट भएको मितिले १५ दिन भित्र निर्णयको प्रतिलिपि सहित जिल्ला खेलकुद विकास समितिले मन्त्रालयमा जानकारी पठाउनु पर्नेछ ।

### ४. क्लब/विद्यालय छनौटका आधारहरू

क्लब/विद्यालय छनौट गर्ने आधारहरू देहाय बमोजिम हुनेछन् :

(क) क्लब भए दर्ता भएको र विद्यालय भए स्वीकृत वा अनुमति प्राप्त हुनुपर्ने ।

(ख) आफ्नो नाममा जग्गाधनी प्रमाण पुर्जा वा भोगाधिकार वा स्थानीय निकायले जग्गा उपलब्ध गराएको भए प्रमाण हुनुपर्ने ।

(ग) जिल्ला तहमा हुने प्रतियोगितामा सहभागी भएको हुनुपर्ने ।

(घ) क्लब/विद्यालयको आर्थिक अवस्था ।

(ङ) सामूहिक प्रयोजनका लागि पनि प्रयोग गर्न दिने प्रतिबद्धता पत्र ।
(च) विगतमा यस कार्यक्रमबाट सहयोग प्राप्त नगरेको हुनुपर्ने ।

**५. छनौटको सूचना प्रकाशन**

प्रकरण (३) को खण्ड (४) बमोजिमको छनौट समितिले गरेको छनौटको सूचना जिल्ला खेलकुद विकास समितिले प्रकाशित गर्नेछ ।

## परिच्छेद - ३
## खेलकुद सामग्री वितरण

**६. खेलकुद सामग्री वितरणको छनौट प्रक्रिया**

(१) अनुसूची १ बमोजिम मन्त्रालयले कार्य तालिका अनुसार २१ दिनको म्याद राखी सम्बन्धित जिल्ला खेलकुद विकास समितिमा विद्यालय/क्लबहरूले खेल सामग्री प्राप्त गर्न आवेदन पेस गर्ने गरी सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

(२) विद्यालय/क्लबहरूले अनुसूची ३ बमोजिमको ढाँचामा तोकिएको म्यादभित्र जिल्ला खेलकुद विकास समितिमा निवेदन पेस गर्नु पर्नेछ ।

(३) विद्यालय खेलकुद सामग्री वितरण गर्न जिल्लामा अनुमति प्राप्त विद्यालयका आधारमा जिल्लालाई 'क' र 'ख' वर्गमा विभाजन गरी जिल्लागत कोटा निर्धारण गरिनेछ । यसरी कोटा निर्धारण गर्दा गत आर्थिक वर्षमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गरेका जिल्लाहरूलाई मात्र दिइनेछ । कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षका लागि विद्यालयको सङ्ख्या लिँदा शिक्षा विभागको सबैभन्दा पछिल्लो Flash Report का आधारमा गरिनेछ ।

(४) विद्यालय/क्लब छनौट गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ

| | |
|---|---|
| (क) अध्यक्ष, जिल्ला खेलकुद विकास समिति | - संयोजक |
| (ख) अधिकृत, प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (ग) अधिकृत, प्रतिनिधि, जिल्ला विकास समिति | - सदस्य |
| (घ) अधिकृत, प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय | - सदस्य |
| (ङ) सचिव, जिल्ला खेलकुद विकास समिति | -सदस्य सचिव |

(छनौट समितिले आवश्यकता अनुसार खेलकुद सञ्चालन गर्दै आएका प्रशिक्षक/शिक्षकहरूलाई समेत आमन्त्रण गर्न सक्नेछ ।)

(५) विद्यालय/क्बलहरू छनौट भएको मितिले १५ दिनभित्र निर्णयको प्रतिलिपि सहित जिल्ला खेलकुद विकास समितिले मन्त्रालयमा जानकारी पठाउनु पर्नेछ ।

**७. विद्यालय/क्लब छनौटका आधारहरू**

विद्यालय/क्लबहरू छनौट गर्ने आधारहरू देहाय बमोजिम हुनेछन् :

(क) क्बल भए दर्ता (नवीकरण समेत) भएको र विद्यालयका हकमा स्वीकृति वा अनुमति प्राप्त हुनुपर्ने ।
(ख) ग्रामीण क्षेत्रको विद्यालय/क्लब हुनुपर्ने ।

(ग) विगतमा यो कार्यक्रम प्राप्त नगरेको विद्यालयलाई प्राथमिकता दिइनेछ।

(घ) जिल्ला तहमा हुने प्रतियोगितामा सहभागी भएको हुनुपर्ने।

**८. छनौटको सूचना प्रकाशन**

प्रकरण ६ को खण्ड (४) बमोजिमको छनौट समितिले गरेको छनौट बमोजिमको विद्यालयहरूको नाम सहितको सूचना जिल्ला खेलकुद विकास समितिले प्रकाशित गर्नेछ।

**९. खेलकुद सामग्री वितरण**

छनौट भएका विद्यालय/क्लबहरूलाई जिल्ला खेलकुद विकास समितिले खेलकुद सामग्री उपलब्ध गराउनेछ।

## परिच्छेद - ४

## विविध

**(१०) आर्थिक पक्ष**

(१) चालू आर्थिक वर्षमा मन्त्रालयलाई विनियोजित बजेटको आधारमा बजेट विनियोजन गरिने छ।

(२) विनियोजित बजेट सम्बन्धित जिल्ला खेलकुद विकास समितिलाई उपलब्ध गराइने छ।

(३) यस कार्यविधिमा उल्लिखित कार्यक्रममा मन्त्रालयले उपलब्ध गराएको बजेट सोही शीर्षकमा मात्र प्रचलित आर्थिक नियमको परिधि भित्र रही खर्च गर्नुपर्ने दायित्व जिल्ला खेलकुद विकास समितिको हुनेछ। यस कार्यविधिले उल्लेख गरेको कार्यतालिका अनुसार कार्य सम्पन्न हुन नसकेमा जिल्ला खेलकुद विकास समितिले प्राप्त निकासालाई नियमानुसार बेरुजु खातामा फ्रिज गर्नु पर्नेछ।

(४) कार्यक्रम प्राप्त गर्ने विद्यालय/क्लबको लेखा परीक्षण प्रतिवेदन सम्बन्धित जिल्ला खेलकुद विकास समितिले मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

**(१०) निरीक्षण तथा अनुगमन**

(१) खेलकुद मैदान निर्माण तथा मर्मत र विद्यालय खेलकुद सामग्री वितरण सहयोग कार्यक्रमको निरीक्षण तथा अनुगमन सम्बन्धित क्षेत्रीय खेलकुद विकास समिति, परिषद् र मन्त्रालयबाट हुनेछ।

(२) खेलकुद मैदान निर्माण तथा मर्मत र विद्यालय खेलकुद सामग्री सहयोग कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्न जाँदा सोसँग सम्बन्धित विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(३) उपरोक्त बमोजिम निरीक्षण तथा अनुगमन गर्ने पदाधिकारीले सोको प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

**(११) प्रचलित ऐन तथा नियमावलीको पालन गर्नुपर्ने**

यस कार्यविधिको कुनै व्यवस्था विद्यमान ऐन नियम र कानुनी व्यवस्थासँग बाझिन गएमा त्यसरी बाझिएको हदसम्म सम्बन्धित ऐन नियम र कानुनी व्यवस्था अनुसार नै कार्यान्वयन गर्नु/गराउनु पर्नेछ।

**(१२) बाधा अड्काउ फुकाउने अधिकार**

यो कार्यविधि कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा भएमा मन्त्रालयले स्पष्ट पारी बाधा अड्काउ फुकुवा गरी निर्देशन जारी गर्न सक्नेछ। मन्त्रालयबाट यस अनुसार जारी भएको निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**(१३) कार्यविधिको संशोधन**

यो कार्यविधि आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

**अनुसूची-१**
**कार्य तालिका**

प्रकरण (३) को खण्ड (१) र प्रकरण (६) को खण्ड (१) सँग सम्बन्धित
खेलकुद मैदान निर्माण तथा मर्मत र विद्यालयमा खेलकुद सामग्री वितरण कार्यक्रम सम्पन्न गर्न देहाय बमोजिमको कार्य तालिका अपनाइनेछ ।

| महिना / क्रियाकलाप | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | बैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचना प्रकाशन | | | | | | | | | | | | |
| विवरण सङ्कलन | | | | | | | | | | | | |
| छनौट सम्बन्धी कार्य | | | | | | | | | | | | |
| सम्झौता तथा कार्य सम्पादन अवधि | | | | | | | | | | | | |
| मन्त्रालयमा प्रतिवेदन पेस | | | | | | | | | | | | |

**अनुसूची-२**
**निवेदनको ढाँचा**

प्रकरण (३) को खण्ड (२) सँग सम्बन्धित मिति :-
श्री जिल्ला खेलकुद विकास समिति
........................................ ।

**विषय : खेलकुद मैदान निर्माण तथा मर्मत सहयोग सम्बन्धमा ।**

....................................... प्रकाशित सूचना अनुसार देहाय बमोजिमको कागजात विवरण सहित खेलकुद मैदान निर्माण तथा मर्मत सहयोगका लागि निवेदन पेस गरेको छु ।

निवेदक
प्रधानाध्यापक/अध्यक्ष
नाम थर :

कागजात विवरण संलग्न गर्नुपर्ने कागजातहरू :
(विद्यालय/क्लबको छाप)

(१) विद्यालय अनुमति/क्लब दर्ता र नवीकरण प्रमाण पत्रको प्रतिलिपि ।
(२) विद्यालय/क्लबले खेलकुद मैदान निर्माण तथा मर्मत सहयोग माग गर्नुपर्ने कारण ।
(३) विद्यालय/क्लबले यस अघि उक्त सहयोग पाए/नपाएको ।
(४) विद्यालय/क्लब सञ्चालित रहेको ठाउँ ।

(५) विद्यालय/क्लबको खेलकुद मैदान निर्माण तथा मर्मत सम्बन्धी निर्णयको प्रतिलिपि ।
(६) खेलकुद मैदान निर्माण तथा मर्मत सम्बन्धी विस्तृत कार्य योजना सहितको लागत अनुमान ।
(७) खेलकुद गतिविधि सञ्चालन गर्दै आएको खुल्ने कागजात विवरण ।
(८) विद्यालय/क्लबको भौतिक र आर्थिक अवस्था ।
(९) विद्यालय/क्लबको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।

## अनुसूची-३
## निवेदनको ढाँचा

प्रकरण (६) को खण्ड (२) सँग सम्बन्धितः

श्री जिल्ला खेलकुद विकास समिति मिति :-

........................................... ।

**विषय : खेलकुद सामग्री सहयोग सम्बन्धमा ।**

................................................ प्रकाशित सूचना अनुसार देहाय बमोजिमको विवरण सहित खेलकुद सामग्री सहयोगका लागि निवेदन पेस गरेको छु ।

निवेदक

अध्यक्ष/प्रधानाध्यापक

नाम थर : -

(विद्यालय/क्लबको छाप)

विवरण :

(१) जिल्ला तहमा हुने प्रतियोगितामा भएको सहभागिता ।
(२) विद्यालयको हकमा विद्यार्थी सङ्ख्या ।
(३) विगतमा खेलकुद सामग्री सहयोग प्राप्त गरे नगरेको ।
(४) विद्यालय/क्लबको भौगोलिक अवस्थिति ।
(५) विद्यालय/क्लबले खेलकुद सामग्री सहयोग पाउनु पर्ने कारण ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

(१) क्लबको हकमा दर्ता प्रमाण पत्र र विद्यालयको हकमा स्वीकृत वा अनुमति प्राप्त पत्रको प्रतिलिपि ।
(२) विद्यालय/क्लबको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन ।
(३) विद्यालय/क्लब व्यवस्थापन समितिको खेलकुद सामग्री सम्बन्धी निर्णयको प्रतिलिपि ।
(४) खेलकुद सामग्री सम्बन्धी विस्तृत कार्य योजना सहितको लागत अनुमान ।

# पारा र स्पेसल खेलकुद सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७

**प्रस्तावना**

दष्टिविहीन, बहिरा, सुस्त श्रवण, बोल्न नसक्ने, शारीरिक रूपले अपाङ्ग र सुस्त मनस्थिति भएका व्यक्तिलाई लक्षित गरी सञ्चालन भइरहेका पारा र स्पेसल खेलकुद गतिविधिहरूलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्ने अभिप्रायले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि जारी गरेका छ ।

## परिच्छेद-१

## प्रारम्भ

### १. सङ्क्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "पारा र स्पेसल खेलकुद सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७" रहेको छ ।
(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-
(१) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ ।
(२) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनु पर्दछ ।
(३) "क्षेत्रीय खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गतका क्षेत्रीय स्तरका निकायलाई सम्झनु पर्दछ ।
(४)"जिल्ला खेलकुद विकास समिति" भन्नाले क्षेत्रीय खेलकुद विकास समिति अन्तर्गतका जिल्ला स्तरीय खेलकुद क्रियाकलाप सञ्चालन गर्ने निकायलाई सम्झनु पर्दछ ।
(५) "अपाङ्गता" भन्नाले शारीरिक, मानसिक, संवेगात्मक आदि विकृतिका कारण सामान्य व्यक्ति सरह दैनिक जीवनयापन गर्न असमर्थ भएको अवस्थालाई सम्झनु पर्दछ ।
(६) "शारीरिक अपाङ्ग" भन्नाले जन्मजात वा जन्म पश्चात् दुर्घटना वा रोगका कारणले गर्दा भएको शारीरिक अशक्तता वा अङ्गभङ्ग भई दैनिक जीवनयापन गर्न असमर्थ भएको अवस्थालाई सम्झनु पर्दछ ।
(७) "सुस्त मनस्थिति" भन्नाले बौद्धिक विकास नभएका वा सामान्य भन्दा कम बौद्धिक विकास भएका कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलापहरू गर्न नसक्ने अवस्थालाई सम्झनु पर्दछ ।
(८) "बहिरा" भन्नाले सुन्ने शक्ति नभएको वा ८० डेसिबलसम्मको आवाज सुन्न नसक्ने वा बोल्न नसक्ने र सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने अवस्थालाई सम्झनु पर्दछ ।
(९) "सुस्त श्रवण" भन्नाले ६५ डेसिबलदेखि ८० डेसिबलभन्दा कम भई श्रवण शक्तिमा ह्रास भएको, स्पष्टसँग बोल्न नसक्ने, सुन्नका लागि कानमा श्रवण यन्त्र राख्नु पर्ने अवस्थालाई सम्झनु पर्दछ ।

(१०) "दृष्टिविहीन" भन्नाले कुनै व्यक्तिको आँखा उपचार (औषधी, शल्य चिकित्सा तथा चस्मा प्रयोग) गरेर पनि दस फिटको दूरीबाट हातको औँला राम्रोसँग छुट्याउन नसक्ने अर्थात् Snellen तालिकाको पहिलो लाइनको अक्षर (३/६०) पढ्न नसक्ने अवस्थालाई सम्झनु पर्दछ ।

(११) “पारा खेलकुद” भन्नाले दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, बोल्न नसक्ने र शारीरिक रूपले अपाङ्गता भएका व्यक्तिहरूले खेल्ने खेलकुद कार्यक्रमलाई सम्झनु पर्दछ ।

(१२) “स्पेसल खेलकुद” भन्नाले सुस्त मनस्थिति भएका व्यक्तिहरूले खेल्ने खेलकुद कार्यक्रमलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## पारा खेलकुद कार्यक्रम

### ३.पारा खेलकुद कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन

पारा खेलकुद कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछ :

(१) पारा खेलकुद कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले राष्ट्रिय खेल सङ्घका रूपमा परिषद्मा आबद्ध भएको खेल सङ्घद्वारा पारा खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) प्रकरण ३ को देहाय (१) बमोजिमको खेल सङ्घले चालू आर्थिक वर्षमा सञ्चालन गरिने पारा खेलकुद कार्यक्रमको लागत अनुमान सहितको विस्तृत कार्य योजना/प्रस्ताव मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(३) प्रकरण ३ को देहाय (२) बमोजिम मन्त्रालयले प्राप्त प्रस्तावलाई आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्नेछ । स्वीकृत प्रस्ताव अनुसार सम्बन्धित खेल सङ्घले पारा खेलकुद कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(४) प्रकरण (३) बमोजिम सञ्चालन गरिने पारा खेलकुद कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन मन्त्रालय र परिषद्मा पेस गर्ने दायित्व तथा जिम्मेवारी सम्बन्धित खेल सङ्घको हुनेछ ।

## परिच्छेद-३
## स्पेसल खेलकुद कार्यक्रम

### ४.स्पेसल खेलकुद कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन

स्पेसल खेलकुद कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछः

(१) स्पेसल खेलकुद कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले राष्ट्रिय खेल सघङ्का रूपमा परिषद्मा आबद्ध भएको खेल सङ्घद्वारा स्पेसल खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) प्रकरण ४ को देहाय (१) बमोजिमको खेल सङ्घले चालू आर्थिक वर्षमा सञ्चालन गरिने स्पेसल खेलकुद कार्यक्रमको लागत अनमान सहितको विस्तृत कार्य योजना/प्रस्ताव मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(३) प्रकरण ४ को देहाय (२) बमोजिम मन्त्रालयले प्राप्त प्रस्तावलाई आवश्यकतानुसार परिमार्जन गरी स्वीकृत गर्नेछ । स्वीकृत प्रस्ताव अनुसार सम्बन्धित खेल सङ्घले स्पेसल खेलकुद कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(४) प्रकरण ४ को देहाय (१) बमोजिम स्पेसल खेलकुद कार्यक्रम सञ्चालन गर्ने गरी परिषद्मा कुनै पनि राष्ट्रिय खेल सङ्घ आबद्ध नभएका अवस्थामा मन्त्रालयले स्पेसल खेलकुद

कार्यक्रम सञ्चालन गर्ने उद्देश्यका साथ नेपालको प्रचलित कानुन बमोजिम दर्ता भई नेपालका तर्फबाट अन्तर्राष्ट्रिय ओलम्पिक प्रतियोगितामा प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय स्पेसल ओलम्पिक कमिटी र स्पेसल ओलम्पिक काउन्सिल अफ एसियाको मान्यता प्राप्त आधिकारिक खेल संस्था मार्फत स्पेसल खेलकुद कार्यक्रम सञ्चालन गर्नेछ।

(५) मन्त्रालयले प्रकरण ४ को देहाय (४) बमोजिमको खेल संस्था मार्फत स्पेसल खेलकुद कार्यक्रम सञ्चालन गर्न त्यस्तो खेल संस्थालाई चालू आर्थिक वर्षमा सञ्चालन गरिने स्पेसल खेलकुद कार्यक्रमको लागत अनुमान सहितको विस्तत कार्य योजना/प्रस्ताव मन्त्रालयमा पेस गर्न लगाउनेछ।

(६) प्रकरण ४ को देहाय (५) बमोजिम मन्त्रालयले प्राप्त प्रस्तावलाई आवश्यकतानुसार परिमार्जन गरी स्वीकृत गर्नेछ। स्वीकृत प्रस्ताव अनुसार सम्बन्धित खेल सङ्घले स्पेसल खेलकुद कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(७) प्रकरण (४) बमोजिम सञ्चालन गरिने स्पेसल खेलकुद कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन मन्त्रालय र परिषद्मा पेस गर्ने दायित्व तथा जिम्मेवारी सम्बन्धित खेल सङ्घको हुनेछ।

## परिच्छेद ४
## विविध

(५) आर्थिक पक्ष

(१) पारा र स्पेशल खेलकुद कार्यक्रम सञ्चालन गर्न चालू आर्थिक वर्षमा मन्त्रालयलाई विनियोजित बजेटका आधारमा उक्त कार्यक्रमहरूलाई बजेट विनियोजन गरिनेछ।

(२) विनियोजित बजेट परिषद्मा आबद्धता भएको सङ्घ भए परिषद् मार्फत र आबद्धता नभएको भए सीधै मन्त्रालयबाट बजेट उपलब्ध गराइनेछ।

(३) यस कार्यविधिमा उल्लिखित कार्यक्रममा मन्त्रालयले उपलब्ध गराएको बजेट स्वीकृत प्रस्तावका आधारमा प्रचलित आर्थिक नियमका परिधिभित्र रही खर्च गर्नुपर्ने दायित्व आयोजकको हुनेछ।

(४) मन्त्रालयबाट स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न हुन नसकेमा वा अनियमितता गरेमा सरकारी बाँकी सरह असल उपर गरिनेछ।

(५) पारा र स्पेसल खेलकुद कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित खेल संस्थाले पारा र स्पेसल खेलकुद कार्यक्रम सम्पन्न गरेको प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(६.) निरीक्षण तथा अनुगमन

(१) पारा र स्पेसल खेलकुद सहयोग कार्यक्रमको निरीक्षण तथा अनुगमन मन्त्रालय/परिषद्बाट हुनेछ ।

(२) निरीक्षण तथा अनुगमनका सिलसिलामा अनुगमन कर्ताले माग गरेका आवश्यक कागजातहरू उपलब्ध गराउने दायित्व सम्बन्धित खेल सङ्घ/संस्थाको हुनेछ ।

(३) निरीक्षण तथा अनुगमन कर्ताले निरीक्षण तथा अनुगमनका क्रममा देखिएका कमी कमजोरीलाई सुधार गर्न आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेल सङ्घ/संस्थाको कर्तव्य हुनेछ ।

(४) निरीक्षण तथा अनुगमन कर्ताले आफूले गरेको निरीक्षण तथा अनुगमनको प्रतिवेदन मन्त्रालय/परिषद्मा पेस गर्नु पर्नेछ ।

(७.) कार्यविधिमा संशोधन

यो कार्यविधि आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

# राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०६८

**संशोधन**

१. राष्ट्रिय युवा प्रतिभा सम्मान (पहिलो संशोधन) कार्यविधि, २०६९ मितिः २०६९।११।१३

२. राष्ट्रिय युवा प्रतिभा सम्मान (दोस्रो संशोधन) कार्यविधि, २०७१ मिति २०७१।६।१२

**प्रस्तावना :** राष्ट्रका प्रतिभावान् युवा र युवाको हक हितको संरक्षण र संवर्द्धन तथा विकासका क्षेत्रमा सक्रिय युवा संस्था वा समूहहरूलाई अभिप्रेरित गर्न, उनीहरूमा रहेको प्रतिभा एवम् सिर्जनशीलताको कदर गर्दै युवाहरूमा सकारात्मक सोच एवम् रचनात्मक क्षमताको विकास गर्न नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट प्रदान गर्दै आएको युवा प्रतिभा सम्मानलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी ढङ्गबाट सञ्चालन गर्न वाञ्छनीय भएकाले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०६८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "राष्ट्रिय युवा प्रतिभा सम्मान" भन्नाले युवा तथा खेलकुद मन्त्रालयबाट नियम ३ मा उल्लिखित क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका युवा, युवा समूह र युवा सङ्घसंस्थाहरूलाई प्रदान गरिने सम्मानलाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(ग) "प्राथमिकताको समूह" भन्नाले महिला, आदिवासी, जनजाति, दलीत, मधेसी तथा पिछडिएको क्षेत्रमा रहेका युवालाई सम्झनु पर्छ ।

(घ) "विशेष प्राथमिकताको समूह" भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका युवा, अपाङ्गता भएका युवा र सिमान्तकृत अल्पसङ्ख्यक समुदायका युवालाई सम्झनु पर्छ ।

(ङ) "युवा समूह" भन्नाले परिच्छेद -२ को नियम ३ मा उल्लिखित क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका दुई वा सोभन्दा बढी युवाको समूहलाई सम्झनु पर्छ ।

(च) "सङ्घसंस्था" भन्नाले प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई युवा विकासका क्षेत्रमा कार्यरत सङ्घसंस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद -२
## राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्र र छनौटका आधार

३. **राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्र :** मन्त्रालयले प्रत्येक वर्ष देहायका क्षेत्रहरूमा उत्कृष्ट कार्य गर्ने युवा, युवा समुह वा युवा सङ्घसंस्थालाई राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नेछ :-

*(क) कृषि/जडीबुटी/लघु वन पैदावार

(ख) रोजगारी (उद्योग/उद्यमशीलता/व्यवसाय),

*(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चार (समाज वा राष्ट्रलाई ठोस योगदान पुग्ने कुनै यन्त्र उपकरणको निर्माण, सुधार, परिमार्जन, प्रयोग, प्रविधिको अन्वेषण र आविष्कार आदि कार्य),

(घ) पर्यटन प्रवर्द्धन,

(ङ) वातावरण संरक्षण र दिगो विकास,

(च) स्वास्थ्य तथा परिवार कल्याण,

(छ) सामाजिक सेवा/सुरक्षा,

*(ज) शान्ति र द्वन्द्व समाधान तथा विकासमा सहभागिता,

(झ) कला, संस्कृति, साहित्य सिर्जना, गीत र सङ्गीत (रचना, गायन, वाद्य वादन आदि),

(ञ) साहसिक कार्य,

(ट) अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई चिनाउन गरेको उल्लेख्य योगदान वा कीर्तिमानी कार्य ,

*(ठ) अध्ययन, अनुसन्धान एवम् नवीनतम तथा सिर्जनशील कार्य

(ड) युवा परिचालन, युवा क्षमता विकास, सशक्तीकरण, सहभागिता, नेतृत्व विकासका क्षेत्रमा उल्लेख्य योगदान,

(ढ) मानव तस्करी तथा बेचबिखन नियन्त्रण,

(ण) लागू पदार्थ तथा दुर्व्यसन नियन्त्रण,

(त) अपराध तथा हिंसा नियन्त्रण,

(थ) समावेशी सहभागिता र अवसरको सिर्जना ।

*४. **छनौटका आधारहरू:** नियम ३ मा उल्लिखित क्षेत्रहरूमध्ये कुनै क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने युवा, युवा समूह वा संस्थालाई राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि छनौट गर्न देहायका आधारहरू हुनेछन्:- (* पहिलो संशोधनबाट संशोधन गरिएको)

### (१) युवा र युवा समूहका लागि न्यूनतम आधारहरू

(क) १६ देखि ४० वर्ष उमेर समूह भित्रको

(ख) नेपाली नागरिक

(ग) कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको

(घ) तोकिएको ढाँचामा निवेदन संलग्न गरेको (नियम ५ को उपनियम ६ मा उल्लिखित अवस्थामा बाहेक)

**(२) संस्थाका लागि न्यूनतम आधारहरू:**

(क) प्रचलित कानुन बमोजिम दर्ता भई अद्यावधिक नवीकरण भइरहेको

(ख) कम्तीमा २ वर्षदेखि सम्बन्धित क्षेत्रमा क्रियाशील रहेको

(ग) १६ देखि ४० वर्षको युवाद्वारा नेतृत्व गरिएको

(घ) कालो सूचीमा नपरेको

(ङ) तोकिएको ढाँचामा निवेदन संलग्न गरेको (नियम ५ को उपनियम ६ मा उल्लिखित अवस्थामा बाहेक)

**(३) युवा, युवा समूह तथा संस्थाका लागि थप आधारहरू**

(क) निवेदन दिएको क्षेत्रसँग सम्बन्धित सरकारी निकाय, आयोग, समिति, प्रतिष्ठान वा गैरसरकारी सङ्घसंस्थाबाट सिफारिस गरिएको

(ख) सोही कार्यका लागि यसअघि राष्ट्रिय पुरस्कार प्राप्त नगरेको ।

(४) उपनियम (१), (२) र (३) का आधारमा पूर्व छनौट भएका युवा, युवा समूह वा व्यक्तिहरूलाई देहायका आधारहरूमा मूल्याङ्कन गरिनेछ :-

| **क्र.स.** | **मूल्याङ्कनका आधारहरू** | **अङ्क** |
|---|---|---|
| १ | अनुकरणात्मकता | २० |
| २ | सृजनशीलता/मौलिकता | १५ |
| ३ | नवीनता | १५ |
| ४ | योगदानले पारेको सामाजिक प्रभाव | १० |
| ५ | योगदानले पारेको आर्थिक प्रभाव | १० |
| ६ | योगदानले भौगोलिक क्षेत्रमा पारेको प्रभाव | १० |
| ७ | योगदानका लागि लागेको लगानी (आर्थिक, भौतिक, समय आदि) | १० |
| ८ | प्राथमिकता वा विशेष प्राथमिकताको समूहमा पारेको प्रभाव | ५ |
| ९ | योगदानका सम्बन्धमा सञ्चारका विभिन्न माध्यमबाट भएको प्रचार प्रसार | ५ |
| | **जम्मा** | **१००** |

## परिच्छेद -३

## छनौटको प्रक्रिया

**५. छनौटका प्रक्रिया:-** (१) मन्त्रालयले राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नका लागि विभिन्न माध्यमबाट

(२) उपनियम (१) बमोजिम विवरण सङ्कलन गर्ने प्रयोजनका लागि मन्त्रालयले सम्बन्धित व्यक्ति, समूह वा सङ्घसंस्थाहरूको जानकारीका निमित्त अनुसूची- १ बमोजिमको कार्य तालिका अनुसार सार्वजनिक सूचना प्रकाशन गर्नेछ* र उक्त सूचना मन्त्रालयको website www.moys.gov.np मा समेत राखिनेछ ।

- (२ क) उपनियम (२) अनुसार प्रकाशित सार्वजनिक सूचना सबै क्षेत्रीय प्रशासन कार्यालयहरूमा पठाई सो मार्फत जिल्ला जिल्लासम्म प्रचार प्रसार गरिनेछ साथै युवा सूचना केन्द्रहरू मार्फत पनि सूचनाको प्रचार प्रसार गरिनेछ ।

(३) उपनियम (२) बमोजिम सूचना प्रकाशित भएपछि कुनै व्यक्ति, युवा समूह, युवा सङ्घसंस्थाले राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि निवेदन गर्न चाहेमा सोही सूचनामा उल्लिखित म्यादभित्र अनुसूची-२ बमोजिको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

*(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्रसँग सम्बद्ध मन्त्रालय, आयोग, समिति, प्रतिष्ठान, युवा सङ्घसंस्था लगायतका सरकारी निकाय एवं गैरसरकारी सङ्घसंस्थाबाट सो सम्मान प्राप्त गर्न योग्य व्यक्ति, सङ्घसंस्थाको सिफारिस सहितको विवरण प्राप्त भएमा उक्त विवरणलाई समेत समावेश गरिनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय आफैले पनि सार्वजनिक जानकारीमा आएका सूचना, आमसञ्चार माध्यममा प्रकाशित वा प्रसारित समाचार वा जानकारीका आधारमा राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि विवरण सङ्कलन गर्न सक्नेछ * र सङ्कलित विवरणको सम्बन्धित निकाय मार्फत थप जानकारी प्राप्त गर्न सक्नेछ ।

(६) × ................................

(७) ×................................

*** ६. प्राप्त विवरण राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिमा पठाउने**

(१) नियम ५ बमोजिम प्राप्त निवेदन, विवरण/जानकारी र सिफारिस सङ्कलन गरी मन्त्रालयले नियम ७ बमोजिमको समितिमा पठाउनेछ ।

(२) कुनै व्यक्ति, समूह वा युवा सङ्घसंस्थाका सम्बन्धमा नियम ४ को उपनियम (१), (२) र (३) मा उल्लिखित आधारहरूका सम्बन्धमा थप विवरण प्राप्त गर्न आवश्यक देखिएमा समितिले सोका लागि उपयुक्त तथा सम्बन्धित व्यक्ति वा निकाय मार्फत थप विवरण वा जानकारीका लागि अनुरोध गरी पठाउन सकिनेछ ।

- पहिलो संशोधनबाट संशोधन गरिएको

* पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट झिकिएको

(३) उपनियम (२) अनुसारको थप विवरण वा जानकारी प्राप्त भएमा सो समेतलाई मध्यनजर गरी समितिले राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि नियम ४ को उपनियम (४) का आधारमा मूल्याङ्कन गरी प्राप्ताङ्क सहितको विवरण तयार गर्नेछ ।

(४) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट गर्दा नियम ४ को उपनियम ४ मा उल्लिखित आधारहरूका अतिरिक्त समितिले उपयुक्त ठानेका अन्य आधारहरू समेत थप गरी मूल्याङ्कन गर्न सक्नेछ ।

**७. राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिको गठन :** (१) नियम ६ बमोजिम प्राप्त निवेदन, विवरण/जानकारी र सिफारिस आवश्यकतानुसार जाँचबुझ गरी राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्ने सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समिति रहनेछ :-

(क) मन्त्रालयको सचिव – संयोजक

* (ख) मन्त्रालयको युवा कार्यक्रम हेर्ने सह-सचिव – सदस्य

* (ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय – सदस्य

(घ) प्रतिनिधि, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय – सदस्य

(ङ) मन्त्रालयले तोकेको विधागत विशेषज्ञ – सदस्य

(च) मन्त्रालयले तोकेको युवासम्बन्धी गैरसरकारी सङ्घसंस्था मध्येबाट एक जना – सदस्य

♦ (छ) सम्बन्धित कार्यक्रम हेर्ने शाखाको प्रमुख – सदस्य सचिव

(२) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मान प्रदान गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएबाहेक अन्य कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(३) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ ।

(४) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिले आफ्नो बैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) ×................................

♦ (६) राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मानका लागि कुनै युवा, युवा समूह वा युवा सङ्घसंस्थाको नाम सिफारिस गर्दा हरेक वर्ष सात जनासम्म युवा वा युवा समूह र दुई वटा युवाका क्षेत्रमा कार्यरत सङ्घसंस्थालाई पुरस्कृत गर्ने गरी नाम सिफारिस गर्न सक्नेछ ।

* पहिलो संशोधनबाट संशोधन गरिएको ।

♦ दोस्रो संशोधनबाट संशोधन गरिएको ।

× पहिलो संशोधनबाट झिकिएको ।

८. **राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नेः** मन्त्रालयले नियम ७ बमोजिमको राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट समितिले सिफारिस गरेका व्यक्ति, युवा समूह वा युवा सङ्घसंस्थालाई प्रत्येक वर्ष राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नेछ ।

९. **प्रतिभाको सम्मान :** युवा प्रतिभा सम्मानबाट सम्मानित हुने प्रत्येक युवा, युवा समूह वा युवा सङ्घ संस्थाका लागि सम्मान पत्र सहित नगद रु. १,००,००० (एक लाख मात्र) उपलब्ध गराइनेछ ।

## परिच्छेद -४

## विविध

१०. **सहयोग गर्नुपर्ने :** यस कार्यविधि बमोजिम राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्ने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

*११. **कार्यविधि परिमार्जन गर्न सक्ने :** मन्त्रालयले आवश्यकतानुसार कार्यविधि परिमार्जन गर्न सक्नेछ ।

१२. **बचाउ :** यो कार्यविधि प्रारम्भ हुनु अघि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयबाट प्रदान गरिएको युवा प्रतिभा सम्मान यसै कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ ।

*पहिलो संशोधनबाट सशोधन गरिएको ।

## *अनुसूची-१

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

कार्य तालिका

मन्त्रालयले युवा प्रतिभा सम्मान कार्यक्रम सम्पन्न गर्न तपसिल बमोजिमको कार्य तालिका अपनाउनेछ ।

| क्रियाकलाप / महिना | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | बैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचना प्रकाशन र पत्राचार | | | | | | | ■ | ■ | | | | |
| विवरण सङ्कलन | | | | | | | ■ | ■ | ■ | ■ | | |
| प्रतिभाको छनौट सम्बन्धी छनौट समितिको आन्तरिक कार्य | | | | | | | | | ■ | ■ | ■ | |
| छनौट समितिले मन्त्रालयमा प्रतिभाको नाम सिफारिस | | | | | | | | | | | ■ | |
| मन्त्रालयले प्रतिभा छनौटको निर्णय | | | | | | | | | | | | ■ |
| प्रतिभाको नाम घोषणा र सम्मान कार्यक्रम | ■ | ■ | | | | | | | | | | |

नोट : अघिल्लो आ.व. मा छनौट भएका प्रतिभालाई पछिल्लो आ.व.को श्रावण/ भाद्रमा पुरस्कृत गरिनेछ ।

* पहिलो संशोधनबाट संशोधन गरिएको ।

*** अनुसूची-२**

**(नियम ५ को उपनियम (३) सँग सम्बन्धित)**

युवा प्रतिभा सम्मानका लागि निवेदनको ढाँचा

**फोटो**

श्री युवा तथा खेलकुद मन्त्रालय,
कमलपोखरी, काठमाडौँ ।

**विषयः- राष्ट्रिय युवा प्रतिभा सम्मानबाट सम्मानित गरी पाऊँ ।**

उपर्युक्त सम्बन्धमा मैले/हामीले/हाम्रो संस्थाले देहायको क्षेत्रमा देहाय बमोजिमको उत्कृष्ट कार्य/योगदान गरेको हुनाले त्यस मन्त्रालयबाट वार्षिक रूपमा प्रदान गरिने राष्ट्रिय युवा प्रतिभा सम्मानबाट सम्मानित गरी पाउन तपसिल अनुसारको विवरण तथा निम्न लिखित कागजातहरू संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं ।

**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| निवेदन पेस गरेको उत्कृष्ट कार्यको क्षेत्र ( कुनै एकमा √ चिह्न लगाउनु होस्) | (१) कृषि/जडीबुटी/लघु वन पैदावार | (१०) साहसिक कार्य |
| | (२) रोजगारी (उद्योग/ उद्यमशीलता/ व्यवसाय) | (११) अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई चिनाउन गरेको उल्लेख्य योगदान वा कीर्तिमानी कार्य |
| | (३) विज्ञान तथा सूचना प्रविधि र सञ्चार (समाज वा राष्ट्रलाई ठोस योगदान पुग्ने कुनै यन्त्र उपकरणको निर्माण, सुधार, परिमार्जन, प्रयोग, प्रविधिको अन्वेषण र आविष्कार आदि कार्य) | (१२) अध्ययन, अनुसन्धान एवम् नवीनतम तथा सिर्जनशील कार्य |
| | (४) पर्यटन प्रवर्द्धन | (१३) युवा परिचालन, युवा क्षमता विकास, सशक्तीकरण, सहभागिता, नेतृत्व विकासका क्षेत्रमा उल्लेख्य योगदान |
| | (५) वातावरण संरक्षण र दिगो विकास | |
| | (६) स्वास्थ्य तथा परिवार कल्याण | (१४) मानव तस्करी तथा बेचबिखन नियन्त्रण |
| | (७) सामाजिक सेवा/सुरक्षा | (१५) लागू पदार्थ तथा दुर्व्यसन नियन्त्रण |
| | (८) शान्ति र द्वन्द्व समाधान तथा विकासमा सहभागिता | (१६) अपराध तथा हिंसा नियन्त्रण |
| | (९) कला, संस्कृति, साहित्य | (१७) समावेशी सहभागिता र अवसरको सिर्जना |

| | | | |
|---|---|---|---|
| | | सिर्जना, गीत र सङ्गीत ( रचना, गायन, वाद्य वादन आदि) | |
| निवेदकको ठेगाना | स्थायी | जिल्ला ……………, गा.वि.स./नगरपालिका ………………, वडा नं …………, टोल ………………………… | |
| | अस्थायी | जिल्ला ……………, गा.वि.स./नगरपालिका ………………, वडा नं …………, टोल ………………………… | |
| सम्पर्क | | इमेल : | फोन नं. : |

**संस्थागत विवरण**

| | | | |
|---|---|---|---|
| संस्थाको नाम | | | |
| ठेगाना | | | |
| संस्थाको दर्ता नं./ दर्ता मिति | | दर्ता भएको जिल्ला | |
| नवीकरण अवधि | | फोन | |
| वेभसाइट | | | |
| इमेल | | स्थायी लेखा नं. (PAN) | |
| संस्थाको प्रकार | युवा सहभागितामा सञ्चालित संस्था | | |
| | युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने संस्था | | |
| | अन्य प्रकारको भए उल्लेख गर्ने : | | |
| अध्यक्षको नाम र | | सम्पर्क नं. | |
| सम्पर्क व्यक्तिको नाम | | सम्पर्क नं. | |
| संस्थाको सङ्क्षिप्त विवरण | संस्थाको लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरूको सङ्क्षिप्त विवरण | | |

**उत्कृष्ट योगदान/कार्यको विवरण**

| |
|---|
| आफूले गरेको योगदान वा उत्कृष्ट कार्यको विवरण विस्तृत रूपमा उल्लेख गर्ने |

**उत्कृष्ट योगदान/कार्य सम्बन्धी थप विवरण**

| |
|---|
| १. यस क्षेत्रमा तपाईको/संस्थाको अनुभवहरू के के छन् ? (कार्य अनुभव सम्बन्धी प्रमाणहरू भए संलग्न राख्नुहोस् ) |
| २. यो कार्य नवीन हो भन्ने आधार केही भए उल्लेख गर्नुहोस् । |
| ३. यस कार्यको सृजनशीलता/मौलिकता सम्बन्धमा खुलाउनु होस् । |

| |
|---|
| ४. यस कार्यलाई अनुकरण गरी लागू गर्न सकिन्छ भन्ने आधारहरू के कस्ता रहेका छन् ? |
| ५. यस कार्यले समाजमा के कस्तो सकारात्मक प्रभाव पार्न सक्छ ? आधारहरू सहित उल्लेख गर्नुहोस् । |
| ६. यस कार्यले के कस्तो आर्थिक प्रभाव पार्न सक्छ ? आधारहरू सहित उल्लेख गर्नुहोस् । |
| ७. यस कार्यले त्यस भौगोलिक क्षेत्रमा के कस्तो सकारात्मक प्रभाव पाऱ्यो र अन्य भौगोलिक क्षेत्रमा के कस्तो सकारात्मक प्रभाव पार्न सक्छ ? आधारहरु सहित उल्लेख गर्नुहोस् । |
| ८. यस कार्यले प्राथमिकता र विशेष प्राथमिकताका समूहलाई कसरी, के कस्तो योगदान पुऱ्याउन सक्छ ? उल्लेख गर्नुहोस् । |
| ९. यस कार्यका सम्बन्धमा कुनै सञ्चार माध्यमबाट समाचार/सूचना/जानकारी प्रसारण वा प्रकाशन भएको थियो ? थियो भने सो सम्बन्धी उल्लेख गरी प्रमाण संलग्न गर्नुहोस् । |
| १०.यस कार्यका लागि आर्थिक/प्राविधिक वा अन्य कुनै प्रकारको लगानी लागेको भए सो सम्बन्धमा स्पष्टताका साथ उल्लेख गर्नुहोस् साथै यस कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न लागेको समय समेत उल्लेख गर्नुहोस् । |
| ११. यो कार्य युवा लक्षित हो भन्ने आधारहरू के छन् ? स्पष्ट गर्नुहोस् । |
| १२. यहाँ/यहाँको संस्था नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित नभएको वा कालो सूचीमा नपरेको भन्ने दाबी गर्नुहुन्छ वा गर्नुहुन्न? |

निवेदक

नाम :-

ठेगाना :-

हस्ताक्षर :-

संस्थाका हकमा संस्थाको छाप :-

**व्यक्तिका हकमा पेस गर्नुपर्ने कागजातहरू**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२. हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो

३. उत्कृष्ट कार्य/योगदान गरेको पुष्टि हुने कागजातहरू

४. माथिको विवरणमा संलग्न भनी उल्लेख गरिएका उपयुक्त सामग्रीहरु (प्रमाणपत्र, सिफारिस पत्र, पत्रपत्रिकाका समाचार सम्बन्धी उतार, पुस्तक आदि)

**संस्थाका हकमा पेस गर्नुपर्ने कागजातहरू**

१. नवीकृत संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

२. पुरस्कार प्राप्त गर्नका लागि निवेदन दिने सम्बन्धमा संस्थाको निर्णयको प्रतिलिपि

३. उत्कृष्ट कार्य/योगदान गरेको पुष्टि हुने कागजातहरू

४. माथिको विवरणमा संलग्न भनी उल्लेख गरिएका उपयुक्त सामग्रीहरू (प्रमाणपत्र, सिफारिस पत्र, पत्रपत्रिकाका समाचार सम्बन्धी उतार, पुस्तक आदि)

## अनुसूची -३

× ................................

× पहिलो संशोधनबाट झिकिएको ।

# राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०६८

नेपाल सरकार (म.प) बाट २०६८/७/३
पहिलो संशोधन २०६९/११/ १३

प्रतावनाः देशमा खेलकुद क्षेत्रको विकासमा महत्त्वपूर्ण भमिका निर्वाह गरेको, खेलकुदका माध्यमबाट देशलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान गराउन विशेष योगदान पुऱ्याएका व्यक्ति तथा संस्थाहरूलाई अभिप्रेरित गर्न, उनीहरूमा रहेको प्रतिभा एवं सृजनशीलताको कदर गर्दै खेलसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरूमा अनुशासन कायम गर्न तथा त्यस्ता व्यक्ति र संस्थाहरूमा सकारात्मक सोच एवं क्षमताको विकास गर्नका लागि खेलकुद प्रतिभा सम्मानको व्यवस्था गर्न आवश्यक भएको र सो व्यवस्थालाई प्रभावकारी एवं व्यवस्थित रूपबाट सञ्चालन गर्ने अभिप्रायले नेपाल सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भ

**१.सङ्क्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि २०६८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

**२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "प्रतिभा सम्मान" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट खेलकुदका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्ति तथा संस्थालाई प्रदान गरिने राष्ट्रिय खेलकुद सम्मान सम्झनु पर्छ।

ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

ग) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्छ।

घ) "क्षेत्रीय खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गतको क्षेत्रीय खेलकुद विकास समिति सम्झनु पर्छ।

ङ) "जिल्ला खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गतको जिल्ला खेलकुद विकास समिति सम्झनु पर्छ।

## परिच्छेद–२

## प्रतिभा सम्मानको छनौटका क्षेत्र र आधार

३. प्रतिभा सम्मानको क्षेत्रः मन्त्रालयले देहायका व्यक्ति तथा संस्थाहरूलाई प्रतिभा सम्मान प्रदान गर्न सक्नेछ–

क) खेलाडी

ख) प्रशिक्षक

ग) निर्णायक (रेफ्री)

घ) खेल व्यवस्थापक

ङ) खेलसँग सम्बन्धित सङ्घ तथा संस्था

च) प्रायोजित गर्ने संस्था

४. छनौटका आधारः प्रतिभा सम्मान छनौटका आधारहरू देहाय बमोजिम हुनेछन् :–

क) खेलाडी छनौटका आधारहरू

१) विशेष प्रतिभावान् खेलाडी,

२) वर्षभरिमा प्राप्त गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान, तक्मा र पुरस्कार,

३) खेलप्रतिको जिम्मेवारी,

४) खेलाडी जीवनको समग्र उपलब्धि,

५) अनुशासन

६) सम्बन्धित खेल सङ्घको पुष्ट्याइँ सहितको सिफारिस,

७) विशिष्ट स्तरको उपाधि प्राप्त गरेका अवस्थामा बाहेक विगतका वर्षहरूमा प्रतिभा सम्मान पुरस्कार प्राप्त नगरेको,

८) व्यक्तिगत रूपमा पेस्की फछ्र्यौट गर्न बाँकी नरहेको ।

ख) प्रशिक्षक छनौटका आधारहरू

१) पारा तथा विशेष खेलकुदमा पुऱ्याएको योगदान,

२) प्रशिक्षण गरेका खेलाडीको उपलब्धि,

३) सम्बन्धित खेलको विकामा खेलको प्रभावकारी भूमिका,

४) सम्बन्धित खेल प्रशिक्षणमा संलग्न समयावधि,

५) प्रशिक्षित उत्कृष्ट खेलाडी सङ्ख्या,

६) प्रशिक्षण गरेबापत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफलता एवं उपलब्धि ।

७) सम्बन्धित खेल सङ्घको पुष्ट्याइँ सहितको सिफारिस,

८) विशिष्ट स्तरको उपाधि प्राप्त गरेका अवस्थामा बाहेक विगतका वर्षहरूमा प्रतिभा सम्मान पुरस्कार प्राप्त नगरेको,

९) व्यक्तिगत रूपमा पेस्की फछ्र्यौट गर्न बाँकी नरहेको ।

ग) निर्णायक छनौटका आधारहरू

१) निर्णायकको भूमिका निर्वाह गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको नाम र सङ्ख्या,

२) निर्णायकको स्तर र तह,

३) सम्बन्धित खेल सङ्घ वा संस्थाको सिफारिस, (प्रथम संशोधन)

४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त गरेका तक्मा, पुरस्कार, प्रशंसा पत्र आदि ।

५) विगतका वर्षमा प्रतिभा सम्मान पुरस्कार प्राप्त नगरेको,

६) व्यक्तिगत रूपमा पेस्की फछ्र्यौट गर्न बाँकी नरहेको ।

घ) खेल व्यवस्थापक छनौटका आधारहरू

१) खेल व्यवस्थापनमा संलग्नता,

२) खेल क्षेत्रमा पुऱ्याएको योगदान,

३) खेल व्यवस्थापन गरे बापत प्राप्त गरेको पुरस्कार,

४) खेलाडीमा कायम गराएको अनुशासन, समूह व्यवस्थापन

५) सम्बन्धित खेल सङ्घको पुष्ट्याइँ सहितको सिफारिस,

-प्रथम संशोधन

६) विशिष्ट स्तरको उपाधि प्राप्त गरेका अवस्थामा बाहेक विगतका वर्षहरूमा प्रतिभा सम्मान पुरस्कार प्राप्त नगरेको,

७) व्यक्तिगत रूपमा पेस्की फछ्र्यौट गर्न बाँकी नरहेको ।

ङ) खेल सङ्घसँग सम्बन्धित संस्था छनौटका आधारहरू

१) राष्ट्रिय स्तरमा आयोजना गरिएका प्रतियोगिताको सङ्ख्या,

२) अन्तर्राष्ट्रिय स्तरमा आयोजना गरिएका प्रतियोगिताको सङ्ख्या,

३) अन्तर्राष्ट्रिय प्रतियोगितामा गरेको सहभागिता र उपलब्धि,

४) प्राप्त पदक सङ्ख्या,

५) खेलको भौतिक पूर्वाधार विकासमा पुऱ्याएको योगदान,

६) -आन्तरिक स्रोत परिचालनको अवस्था,

७) प्रायोजक परिचालन क्षमता,

८) अन्तर्राष्ट्रिय खेल सङ्घ संस्थासँगको सम्बन्ध,

९) अन्तर्राष्ट्रिय सहयोग परिचालन,

१०) खेल सङ्घ संस्थाको अन्तर्राष्ट्रिय छवि,

११) अन्तर्राष्ट्रिय स्तरमा प्रतियोगिता आयोजना गर्न सक्ने नवीनतम क्षमता,

१२) कम्तीमा दश वर्षदेखि क्रियाशील भएको,

१३) महिला र पुरुषको सकभर समान प्रतिनिधित्व,

१४) स्थानीय (-)दुर्गम क्षेत्रमा खेलकुदमा पुऱ्याएको योगदान,

१५) पेस्की फछ्र्यौट गर्न बाँकी नरहेको,

१६) संस्था नवीकरण भएको,

१७) लेखा परीक्षण भएको,

१८) क्षेत्रीय र जिल्ला स्तरमा आयोजना गरिएका प्रतियोगिता सङ्ख्या ।

- पहिलो संशोधन

(-) पहिलो संशोधनबाट संशोधित ।

च) प्रायोजित गर्ने सङ्घसंस्था छनौटका आधारहरू

१) प्रायोजनको निरन्तरता,

२) प्राथमिकता प्राप्त राष्ट्रिय खेलहरूमा गरेका प्रायोजन सङ्ख्या,

३) प्रायोजनका कारण खेलमा भएको प्रगति,

४) रोजगार, तालिम, सहभागिता, सामग्री सहयोग,

५) प्रायोजन गरे वापत प्राप्त गरेका पुरस्कार, तक्मा, प्रशंसा पत्र आदि ।

## परिच्छेद–३
## छनौट प्रक्रिया

५. छनौट प्रक्रिया

१) मन्त्रालयले प्रतिभा सम्मान प्रदान गर्नका लागि विभिन्न तरिकाबाट विवरण सङ्कलन गर्नेछ। यसरी विवरण सङ्कलन गर्ने प्रयोजनका लागि मन्त्रालयको सम्बन्धित व्यक्ति तथा संस्थाहरूको जानकारीका निमित्त अनुसूची–१ बमोजिमको कार्यतालिका अनुसार सार्वजनिक सूचना समेत प्रकाशन गर्न सक्नेछ।

२) प्रतिभा सम्मान प्रदान गर्नका लागि व्यक्ति तथा संस्था छनौट गर्ने प्रयोजनका लागि मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद् तथा सो अन्तर्गत रहेका क्षेत्रीय र जिल्ला खेलकुद विकास समिति % तथा सम्बन्धित खेल सङ्घको सुझाव तथा सिफारिस लिन सक्नेछ।

३) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि कुनै व्यक्ति वा संस्थाले प्रतिभा सम्मान पुरस्कारका लागि निवेदन गर्न चाहेमा सोही सूचनामा उल्लिखित म्यादभित्र अनुसूची–२ मा उल्लिखित विवरणहरू खुलाई मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ।

४) सरोकारवाला बाहेक कुनै व्यक्ति वा संस्थाले खेलकुदका क्षेत्रमा उत्कृष्ट काम गरेको वा सो क्षेत्रमा सिर्जनशील, उद्यमी, आविष्कार, अन्वेषण, अनुसन्धान गरी तथा अन्य कसैले गरेको आविष्कार र अनुसन्धानबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई प्रयोग गरी समाज र राष्ट्रिय विकासमा अनुकरणीय योगदान दिन सक्षम व्यक्ति, सङ्घ वा संस्थालाई प्रतिभा सम्मानका लागि उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुसूची–३ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष सिफारिस सहित निवेदन गर्न सक्नेछ।

५) उपनियम (२) बमोजिम प्राप्त भएका सुझाव तथा उपनियम (३) र (४) बमोजिम प्राप्त भएका निवेदन तथा सिफारिसहरू सङ्कलन गरी प्रतिभा सम्मान पुरस्कार सम्बन्धमा सिफारिस गर्न मन्त्रालयले प्राप्त सुझाव, निवेदन तथा सिफारिसहरू नियम ६ बमोजिमको प्रतिभा सम्मान समितिमा पठाउनेछ।

 पहिलो संशोधनबाट थप।
- पहिलो संशोधनबाट संशोधित।

६. प्रतिभा सम्मान छनौट समितिको गठन

१) प्रतिभा सम्मान पुरस्कार प्रदान गर्ने सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रतिभा सम्मान छनौट समिति रहनेछ :–

क) सचिव, युवा तथा खेलकुद मन्त्रालय – संयोजक
ख) सहसचिव, खेलकुद महाशाखा, युवा तथा खेलकुद मन्त्रालय -सदस्य
ग) सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषद् -सदस्य
घ) अध्यक्ष, नेपाल ओलम्पिक कमिटी – सदस्य
ङ) मन्त्रालयले तोकेको खेलकुद विशेषज्ञ – सदस्य
च) राष्ट्रिय खेलकुद सङ्घ वा संस्थाहरूबाट मन्त्रालयले तोकेको एक जना महिला सहित २ जना –सदस्य
छ) प्रतिनिधि, नेपाल राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलाडी सङ्घ – सदस्य
ज) शाखा प्रमुख, खेलकुद शाखा, युवा तथा खेलकुद मन्त्रालय –सदस्य सचिव

२) प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मान प्रदान गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

३) प्रतिभा सम्मान छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गर्नेछ ।

४) प्रतिभा सम्मान समितिले आफ्नो बैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

५) प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मानका लागि कुनै व्यक्ति वा संस्थाको नाम सिफारिस गर्दा मन्त्रालयबाट सो प्रयोजनका लागि प्राप्त भएका निवेदन, सिफारिस तथा सुझावहरूमा उल्लेख भएका व्यक्ति तथा सङ्घ संस्था लगायत खेलकुदका क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने अन्य व्यक्ति वा संस्था भए त्यस्ता व्यक्ति वा संस्थाको नाम समेत सिफारिस गर्न सक्नेछ ।

६) प्रतिभा सम्मान छनौट समितिले प्रतिभा सम्मानका लागि कुनै व्यक्ति वा संस्थाको नाम सिफारिस गर्दा हरेक वर्ष कम्तीमा एक संस्था सहित + नौ जनासम्म पुरस्कृत हुने गरी व्यक्ति वा संस्थाको नाम सिफारिस गर्नु पर्नेछ ।

७. प्रतिभा सम्मान प्रदान गर्ने : मन्त्रालयले प्रतिभा सम्मान छनौट समितिले सिफारिस गरेका व्यक्ति वा संस्थालाई प्रत्येक वर्ष प्रतिभा सम्मान प्रदान गर्नेछ ।
पहिलो संशोधनबाट थप ।
- पहिलो संशोधनबाट संशोधित ।
+ दोस्रो संशोधन

८) प्रतिभा सम्मान पुरस्कारको राशी : प्रतिभा सम्मान पुरस्कारको राशी एक लाखको हुनेछ ।

## अनुसूची–१

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

(कार्य तालिका)

प्रतिभा सम्मान प्रदान गर्न देहाय बमोजिमको कार्य तालिका अपनाइने छ ।

| महिना / क्रियाकलाप | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचना प्रकाशन र पत्राचार | | | | | | ■ | | | | | | |
| विवरण सङ्कलन | | | | | | | ■ | ■ | | | | |
| प्रतिभा छनौट समितिको आन्तरिक कार्य | | | | | | | | ■ | ■ | | | |
| % छनौट समितिले मन्त्रालयमा प्रतिभाको नाम सिफारिस | | | | | | | | | | ■ | | |
| मन्त्रालयले प्रतिभाको छनौटको निर्णय | | | | | | | | | | | ■ | |
| प्रतिभाको नाम घोषणा र सम्मान कार्यक्रम | | | | | | | | | | | | ■ |

% प्रथम संशोधनबाट संशोधित

| रु. १० को टिकट | **अनुसूची–२**<br>(नियम ५ को उपनियम (३) सँग सम्बन्धित) | पासपोर्ट साइजको फोटो |
|---|---|---|

प्रतिभा सम्मानका लागि मन्त्रालयमा दिइने निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू,

युवा तथा खेलकुद मन्त्रालय, कमलपोखरी, काठमाडौं ।

विषयः प्रतिभा सम्मान............द्वारा सम्मानित गरी पाऊँ ।

महोदय,

युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति.......................... मा प्रकाशित सार्वजनिक सूचना अनुसार यस आर्थिक वर्षमा सम्मानित गरिने प्रतिभा सम्मानबाट सम्मानित गरी पाऊँ भनी तपसिल बमोजिमका विवरण र कागजातहरू संलग्न राखी यो निवेदन पेस गरेको छु ।

१. नाम, थरः–

२. ठेगानाः–

क) स्थायी ठेगाना : अञ्चल : ............................. जिल्ला : ...................................

गाविस/नपा : ................................वडा न. : .......................टोल : .............

मोबाइल : ............................... इमेल : ....................................................

३. लिङ्ग :– पुरुष/स्त्री/तेस्रो लिङ्गी

४. जन्म मिति (विक्रम संवत्मा) : ..................................

जन्म मिति (इस्वी संवत्मा) : ...................................

५. नेपाली नागरिकताको प्रमाण पत्रको नम्बर र नागरिकता जारी भएको मिति र जिल्ला : ...................................................

(नागरिकताको प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नुहोस्)

६. बाबुको नाम : ............................................

७. आमाको नाम : ..........................................

८. शैक्षिक योग्यता : ..................(प्रमाण पत्रका प्रतिलिपिहरू संलग्न गर्नु पर्नेछ)

९. अपाङ्गता भएमा सोको विवरण : ...................................(%पहिचान हुने प्रमाण पेस गर्नु पर्नेछ)

१०. प्रतिभा सम्मानद्वारा सम्मानित हुनका लागि गरिएका उल्लेखनीय कार्यहरूको विवरण : (उक्त उल्लेखनीय कार्यहरूलाई पुष्टि गर्ने कागजातहरूको प्रमाणित छायाँ प्रति संलग्न गर्नु पर्नेछ । )

११. नियुक्ति पत्रको छायाँ प्रति (प्रशिक्षकहरूका हकमा)

१२. सम्बन्धित निकाय वा संस्थाको सिफारिस

१३. सम्बन्धित राष्ट्रिय खेल सङ्घको सिफारिस (खेलाडीका हकमा)

१४. अन्य थप विवरण भएमा :......................................................

संस्थाका हकमा पेस गर्नु पर्ने कागजातहरू

१. सङ्घसंस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि

२. संस्थाको निर्णयको प्रतिलिपि

३. उत्कृट योगदान/कार्य गरेको पुष्टि हुने कागजातहरू

४. अन्य उपयुक्त सामग्रीहरू (प्रमाण पत्र, पत्र पत्रिका, पुस्तक आदि)

५. पेस्की फछ्र्यौटको स्थिति प्रतिवेदन

६. संस्थाका हकमा नवीकरण तथा लेखा परीक्षण प्रतिवेदन

७. राष्ट्रिय खेलकुद परिषद्को सिफारिस

निवेदक व्यक्ति तथा संस्थाको

हस्ताक्षरः–
नामः–
पदः–
मितिः–

संस्थाका हकमा संस्थाको छाप

% प्रथम संशोधनबाट संशोधित

## अनुसूची– ३
## (नियम ५ को उपनियम (४) सँग सम्बन्धित)
प्रतिभा सम्मानका लागि सिफारिसको ढाँचा

श्रीमान् सचिवज्यू

युवा तथा खेलकुद मन्त्रालय, कमलपोखरी, काठमाडौं ।

**विषयः प्रतिभा सम्मान .................... का लागि सिफारिस ।**

महोदय,

युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति ................................. मा प्रकाशित सूचना अनुसार प्रतिभा सम्मानबाट सम्मानित गर्नका लागि निम्न खेलकुद विकासका क्षेत्रमा सम्बद्ध व्यक्ति तथा सङ्घसंस्था योग्य देखिएकाले उक्त सम्मानद्वारा सम्मानित गर्नका लागि सिफारिस साथ अनुरोध छ ।

क) व्यक्तिका हकमा

१. सिफारिस हुने खेलकुद विकासका क्षेत्रमा सम्बद्ध व्यक्तिको नाम, थरः–

२. ठेगाना :

क) स्थायी ठेगाना : अञ्चल : ............................... जिल्ला : .............................

गाविस/नपा :...........................वडा न. .................... टोल : .....................

सम्पर्क फोन न. : कार्यालय : ......................... आवास : ..............................

मोबाइल : ...................................... इमेल : ..........................................

३. लिङ्ग :– पुरुष/स्त्री/तेस्रो लिङ्गी

४. जन्म मिति (विक्रम संवत्मा):–..................................

जन्म मिति (इस्वी संवत्मा):– ...................................

५. नेपाली नागरिकता प्रमाण पत्रको नम्बर र नागरिकता जारी भएको मिति र जिल्ला :

..................................................

(नागरिकताको प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नुहोस्)

६. शैक्षिक योग्यता : .......................................(प्रमाण पत्रका प्रतिलिपिहरू संलग्न गर्नु पर्नेछ)
७. अपाङ्गता भएमा सोकेको विवरण : ................................................ (%पहिचान हुने प्रमाण पेस गर्नु पर्नेछ)

८. प्रतिभा सम्मानद्धारा सम्मानित हुनका लागि गरेका उल्लेखनीय कार्यहरूको विवरण : (उक्त उल्लेखनीय कार्यहरूलाई पुष्टि गर्ने कागजातहरूको प्रमाणित छायाँ प्रति संलग्न गर्नु पर्नेछ)

९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कुनै पुरस्कार, सम्मान पदक पाएको भए सोको विवरण उल्लेख गर्नु पर्नेछ ।

(उक्त कार्यहरूलाई पुष्टि गर्ने कागजातहरूको % प्रमाणित छायाँ प्रति संलग्न गर्नु पर्नेछ)

ख) संस्थाका हकमा

१. सिफारिस हुने खेलकुद विकासका क्षेत्रमा सम्बद्ध सङ्घ संस्थाको नामः ....................................

२. ठेगाना : ........................................................

३. स्थापना मिति : ..............................................................

४. दर्ता न.. र दर्ता जिल्ला : ...................................................

५. नवीकरण तथा लेखा परीक्षण भए नभएको : ...........................................................

(म /हामी प्रस्तुत सिफारिस गरिएका व्यक्ति, सङ्घ वा संस्थासँग मेरो /हाम्रो कुनै प्रत्यक्ष वा अप्रत्यक्ष स्वार्थ नभएको बेहोरा घोषणा गर्दछु/गर्दछौं )

सिफारिस कर्ता
हस्ताक्षरः–
नाम, थर :–
पदः–
ठेगानाः
मितिः–
संस्थाका हकमा संस्थाको छापः–

-प्रथम संशोधन
% प्रथम संशोधनबाट संशोधित
+दोस्रो संशोधन

# कार्यस्थल प्रशिक्षण (worksite Training)

## कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०६८

(स्वीकृत मिति : २०६८ । १० । १३)

**प्रस्तावना**

बेरोजगार युवाहरूलाई रोजगारीका अवसरहरू सिर्जना गर्न सीप सिकाउँदै आत्म निर्भर बनाई राष्ट्रिय युवा नीति, २०६६ ले परिकल्पना गरेका रोजगार सम्बन्धी व्यवस्थाहरूलाई लागू गर्दै जाने सन्दर्भमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले बेरोजगार युवाहरूका लागि कार्यस्थल प्रशिक्षण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०६८ जारी गरेको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कार्यस्थल प्रशिक्षण (worksite Training) कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०६८" रहेको छ ।

**२.परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रशिक्षार्थी" भन्नाले कुनै पनि पेसा व्यवसाय तथा आय आर्जन सम्बन्धी कार्यमा संलग्न नरहेका र यस कार्यक्रम मार्फत विभिन्न प्रतिष्ठानहरूमा प्रशिक्षण लिइरहेका १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूलाई सम्झनु पर्छ ।

(ख) "सीप" भन्नाले कुनै कार्य गर्न आवश्यक सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, सीप, अनुभव र दक्षतालाई सम्झनु पर्छ ।

(ग) "कार्यस्थल प्रशिक्षण" भन्नाले खण्ड (ख) अनुसारको सीप सिक्ने/सिकाउने प्रयोजनका लागि विभिन्न प्रतिष्ठानहरूमा सञ्चालित स्थलगत प्रशिक्षणलाई सम्झनु पर्छ ।

(घ) "प्रतिष्ठान" भन्नाले युवाहरूलाई तालिमको अवसर उपलब्ध गराउने उद्योग, सेवा व्यवसाय, कलकारखाना, सार्वजनिक निकाय र निजी क्षेत्रका निकाय समेतलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) "समन्वय कर्ता संस्था" भन्नाले कार्यस्थल तालिम कार्यक्रम सञ्चालनका लागि विभिन्न प्रतिष्ठानहरू बिच समन्वय गर्ने निकाय (जस्तै : नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल होटल सङ्घ, नेपाल हस्तकला महासङ्घ लगायतका रोजगारदाता सङ्गठनहरू) लाई सम्झनु पर्छ ।

**३. उद्देश्यहरू**

राष्ट्रिय युवा नीति, २०६६ कार्यान्वयन गर्ने सन्दर्भमा यस कार्यक्रमका उद्देश्यहरू निम्नानुसार हुनेछन् :

(१) नेपाली श्रम बजारको आवश्यकता अनुसारको जनशक्ति तयार गर्नमा सहयोग पुऱ्याउनु ।

(२) युवाहरूलाई अतिरिक्त वृत्ति विकासको अवसर प्रदान गर्नु ।

(३) युवाहरूलाई तालिमका अवसरहरू सिर्जना गराई आत्म निर्भरतातर्फ अग्रसर हुन प्रेरित गर्नु ।

(४) देशमा बढ्दै गएको युवा बेरोजगार न्यूनीकरण गर्ने सरकारको लक्ष्य प्राप्तिमा सहयोग गर्नु ।

**४. कार्यस्थल प्रशिक्षणका सम्भावित क्षेत्रहरू:** कार्यस्थल प्रशिक्षणका क्षेत्रहरू देहाय बमोजिम हुनेछन् :

(१) उत्पादनमूलक व्यवसाय

(२) सेवामूलक व्यवसाय

( ३) निर्माण सम्बन्धी व्यवसाय

**५. तालिमका लागि माग सङ्कलन**

(१) समन्वय कर्ता संस्थाले सम्बन्धित उद्योग, प्रतिष्ठान तथा व्यवसायको प्रकृति अनुसार प्रशिक्षण प्रदान गर्न सकिने प्रशिक्षार्थीको सङ्ख्या सम्बन्धित प्रतिष्ठानबाट सङ्कलन गर्नेछ । यसरी सङ्कलित विवरण समन्वय कर्ता संस्थाले एकमुष्ठ रूपमा मन्त्रालयमा पेस गर्नेछ ।

(२) सम्बन्धित प्रतिष्ठानमा प्रशिक्षण प्रदान गर्न सकिने प्रशिक्षार्थीको सङ्ख्या उक्त प्रतिष्ठानले सीधै मन्त्रालयमा समेत पेस गर्न सक्नेछ ।

(३) प्रकारण (१) र (२) बमोजिम प्राप्त विवरणका आधारमा मन्त्रालय र समन्वय कर्ता संस्थाहरूको समन्वयमा प्रतिष्ठानगत रूपमा प्रशिक्षार्थीहरूको सङ्ख्या निर्धारण गरिनेछ ।

(४) प्रतिष्ठानगत रूपमा प्रशिक्षणका लागि छुट्याइएका सम्पूर्ण सिट सङ्ख्या मध्येको ४५ प्रतिशत सिट समावेशी तर्फबाट प्रशिक्षण प्रदान गर्ने गरी जिल्लागत रूपमा छुट्याउनु पर्नेछ । यसरी समावेशी तर्फ छुट्याइएको सङ्ख्यालाई अनुसूची (४) मा उल्लेख गरे अनुसार महिला, आदिवासी, जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका प्रशिक्षार्थी समावेश हुने गरी प्रशिक्षण दिने व्यवस्था गर्नु पर्नेछ । समावेशीतर्फ प्रतिशत निर्धारण गर्दा जिल्लागत कोटा सङ्ख्याका आधारमा गर्नु पर्नेछ ।

(५) प्रकारण (४) बमोजिम समावेशीतर्फ पर्याप्त दरखास्त नपरेमा उक्त कोटा खुल्लातर्फबाट पूर्ति गरिनेछ ।

**६. सूचना प्रकाशन तथा दरखास्त आह्वान:** (१) प्रकरण ५ को देहाय (१) र (२) बमोजिम उपलब्ध विवरण एकमुष्ठ रूपमा मन्त्रालयद्वारा २१ दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । उक्त विवरण मन्त्रालय लगायत अन्य सम्बन्धित निकायको website बाट पनि हेर्न सकिनेछ । कार्यस्थल प्रशिक्षण कार्यक्रममा सहभागी हुन चाहने उम्मेदवारले तोकिएको जिल्ला उद्योग वाणिज्य सङ्घ वा नेपाल उद्योग परिसङ्घको जिल्लास्थित कार्यालयमा अनुसूची (१) बमोजिमको ढाँचामा नि:शुल्क रूपमा दरखास्त दिन सक्नेछन् । दरखास्त फाराम सम्बन्धित जिल्ला उद्योग वाणिज्य सङ्घ वा नेपाल उद्योग परिसङ्घको जिल्लास्थित कार्यालयबाट उपलब्ध हुनेछ । साथै मन्त्रालयको website: www.moys.gov.np वा नेपाल उद्योग वाणिज्य महासङ्घको website : www.fncci.org वा नेपाल उद्योग परिसङघको website : www.cnind.org बाट download गरी भर्न सकिनेछ ।

(२) तालिमका लागि दरखास्त दिन सकिने केन्द्रहरू समन्वय कर्ता संस्थाले मन्त्रालयलाई उपलब्ध गराउनेछ ।

**७. तालिमका लागि चाहिने न्यूनतम योग्यता तथा उम्मेदवारले पेस गर्नुपर्ने आवश्यक कागजातहरू**

(१) प्रकारण ६ बमोजिम दरखास्त दिन चाहने उम्मेदवारले आफ्नो पासपोर्ट साइजको २ प्रति फोटो सहितको व्यक्तिगत विवरण (शैक्षिक योग्यताको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्र, पूर्व कार्य अनुभव, आफूसँग भएको सीप सम्बन्धी तालिमको प्रमाण पत्रको प्रतिलिपि आदि) सहित सम्बन्धित जिल्ला उद्योग वाणिज्य सङ्घ वा नेपाल उद्योग परिसङ्घमा आवेदन दिनु पर्नेछ ।

(२) उम्मेदवारको योग्यताका हकमा होटलतर्फ तालिम लिन चाहने प्रशिक्षार्थीले कम्तीमा १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(३) उम्मेदवारको योग्यताका हकमा हस्तकलातर्फ तालिम लिन चाहने प्रशिक्षार्थीहरूले कम्तीमा १० कक्षा (सेन्ट अप) वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ र अन्य क्षेत्रमा तालिम लिन चाहने प्रशिक्षार्थीहरूले कम्तीमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(४) तर कुनै पनि शिक्षण संस्थामा अध्ययनरत विद्यार्थी सम्बन्धित संस्थाको पाठ्यक्रम अनुसार इन्टर्नसिप कोर्सका सिलसिलामा कुनै प्रतिष्ठानमा खटिई आएमा निजलाई यस कार्यक्रम अन्तर्गत प्रशिक्षार्थीका रूपमा गणना गरिने छैन ।

**८. समन्वय समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकारः** (१) कार्यक्रम सम्बन्धमा आवश्यक संयोजन गर्न, सम्बन्धित प्रतिष्ठान र मन्त्रालयका बिचमा समन्वय गर्न तथा कार्यक्रमको अनुगमन गर्नका लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको कार्यक्रम समन्वय समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | मन्त्री वा राज्यमन्त्री, युवा तथा खेलकुद मन्त्रालय | - संयोजक |
| (ख) | सचिव, युवा तथा खेलकुद मन्त्रालय | - सदस्य |
| (ग) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ | - सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल उद्योग परिसङ्घ | - सदस्य |
| (ङ) | प्रतिनिधि, नेपाल हस्तकला सङ्घ | - सदस्य |
| (च) | प्रतिनिधि, नेपाल होटल सङ्घ | - सदस्य |
| (छ) | प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| (ज) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (झ) | सहसचिव, युवा तथा खेलकुद महाशाखा, युवा तथा खेलकुद मन्त्रालय | - सदस्य सचिव |

समन्वय समितिले सम्बन्धित क्षेत्रका प्रतिनिधिहरूलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) समन्वय समितिका काम, कर्तव्य र अधिकार : समन्वय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) समन्वय कर्ता संस्थाहरू मार्फत विभिन्न प्रतिष्ठानहरूसँग तालिमका लागि विवरण सङ्कलन गरी मन्त्रालय समक्ष पेस गर्ने ।

(ख) मन्त्रालय, समन्वय कर्ता संस्था र सम्बन्धित प्रतिष्ठानका बिचमा समन्वय कायम गर्ने ।

(ग) समन्वय कर्ता संस्थाहरू मार्फत प्रशिक्षार्थीहरूको अद्यावधिक विवरण सङ्कलन गरी एकीकृत विवरण तयार पार्ने ।

(घ) प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि आवश्यक उपायहरूको पहिचान गरी अवलम्बन गर्ने/गराउने ।

(ङ) कार्यक्रम अनुगमन गरी /गराई मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्ने/गराउने ।

(च) कार्यक्रम सम्बन्धमा देखिएका अस्पष्टता र विवादहरू समाधानका लागि उपायहरूको पहिचान गरी मन्त्रालय समक्ष पेस गर्ने ।

**९. प्रशिक्षार्थी छनौट प्रक्रियाः** (१) प्रशिक्षण कार्यक्रममा सहभागी हुनका लागि दरखास्त पेस गर्ने उम्मेदवारहरूको अन्तर्वार्ता लिई सम्बन्धित प्रतिष्ठान समक्ष सिफारिस गर्नका लागि जिल्ला स्तरमा देहाय बमोजिमको प्रशिक्षार्थी छनौट समिति रहनेछ :

(क) सम्बन्धित जिल्लाको जिल्ला उद्योग वाणिज्य सङ्घको अध्यक्ष वा निजले तोकेको उद्योग वाणिज्य सङ्घको प्रतिनिधि -अध्यक्ष

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य

(ग) रोजगारदाता सङ्गठनहरू मध्येबाट छनौट समितिका अध्यक्षले तोकेको प्रतिनिधि-सदस्य

(घ) मन्त्रालय वा मन्त्रालयले तोकेको जिल्लास्थित कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) छनौट समितिको अध्यक्षले तोकेको उद्योग वाणिज्य सङ्घ वा उद्योग परिसङ्घको पदाधिकारी वा प्रतिनिधि -सदस्य सचिव

माथि उल्लिखित सदस्यका अतिरिक्त छनौट समितिको अध्यक्षले सम्बन्धित क्षेत्रका विशेषज्ञलाई छनौट समितिमा आमन्त्रण गर्न सक्नेछ। प्रकरण ९ (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि निम्न जिल्लाहरूका हकमा भने देहाय बमोजिमका प्रतिष्ठानहरूले छनौट समितिको अध्यतक्षा ग्रहण गर्नेछन्: मकवानपुर, रूपन्देही, चितवन, बारा र पर्सा जिल्लाका हकमा छनौट समितिको अध्यक्षता नेपाल उद्योग परिसङ्घको सम्बन्धित च्याप्टरको अध्यक्ष वा निजले तोकेको उक्त च्याप्टरको प्रतिनिधिले गर्नेछ। मोरङ जिल्लाका हकमा छनौट समितिको अध्यक्षता मोरङ उद्योग सङ्गठनको अध्यक्ष वा निजले तोकेको उक्त सङ्गठनको प्रतिनिधिले गर्नेछ। काठमाडौँ जिल्लाका हकमा छनौट समितिको अध्यक्षता नेपाल च्याम्बर अफ कमर्सको अध्यक्ष वा निजले तोकेको प्रतिनिधिले गर्नेछ। एउटै जिल्लामा एकभन्दा बढी उद्योग वाणिज्य सङ्घको कार्यालय रहेको भएमा जिल्ला सदरमुकाम स्थित उद्योग वाणिज्य सङ्घले अध्यक्षता गर्नेछ।

(२) प्रकरण (१) बमोजिम छनौट समितिले उम्मेदवारहरूको छनौट गर्दा निम्न आधारमा गर्नु पर्नेछः

(क) सूचनामा तोकिएको अवधिभित्र दर्ता हुन आएका दरखास्तहरू मध्ये निम्न आधारमा अङ्क प्रदान गरी अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्ये ५(३) बमोजिम प्रतिष्ठानगत रूपमा निर्धारित सङ्ख्याको दोब्बर सङ्ख्यामा छनौट गर्ने। यस कार्यका लागि अनुसूची ५ बमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ।

- सम्बन्धित उम्मेदवारले दफा ७ मा उल्लिखित शैक्षिक योग्यताको लब्धाङ्क पत्रमा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यति नै अङ्क प्रदान गर्ने। तर अधिकतम ९० प्रतिशत अङ्क भन्दा बढी प्रदान नगर्ने।
- सम्बन्धित विषयमा १ महिना भन्दा बढीको तालिम लिएको भएमा एकमुष्ठ १० अङ्क र सोभन्दा कम अवधिको तालिम लिएको भए एकमुष्ठ ५ अङ्क प्रदान गर्ने।
- माथि उल्लिखित दुई वटै प्राप्ताङ्कको योगफल निकाली अधिकतम अङ्क हासिल गर्ने उम्मेदवारहरूलाई दफा ९.२ (क) बमोजिमको सङ्ख्यामा अन्तर्वार्ताका लागि छनौट गर्ने।

(ख) यसरी छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता लिँदा प्रशिक्षार्थी छनौट समितिले अनुसूची ६ मा उल्लिखित आधारमा अङ्क प्रदान गरी सम्पूर्ण सदस्यहरूले प्रदान गरेको अङ्कको योगफल अनुसूची ७ बमोजिमको ढाँचामा तयार पारी सोबाट योग्यता क्रम निर्धारण गरी निर्धारित सङ्ख्याको उम्मेदवारहरूलाई प्रशिक्षण कार्यक्रमका लागि छनौट गर्नु पर्नेछ।

(३) अन्तर्वार्ताद्वारा छनौट भएका उम्मेदवारहरूलाई छनौट समितिले सम्बन्धित जिल्ला उद्योग वाणिज्य सङ्घ वा उद्योग परिसङ्घ समक्ष तालिमका लागि सिफरिस गर्नेछ।

(४) प्रकरण (३) बमोजिम सिफारिस भएका उम्मेदवारहरूलाई जिल्ला उद्योग वाणिज्य सङ्घ वा उद्योग परिसङ्घले प्रशिक्षणका लागि सम्बन्धित प्रतिष्ठान समक्ष सिफारिस गरी पठाउनेछ।

(५) प्रकरण (४) बमोजिम सिफारिस भई आएका उम्मेदवारहरूलाई अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरी तालिम कार्यक्रममा सहभागी गराउने जिम्मेवारी सम्बन्धित प्रतिष्ठानको हुनेछ।

(६) छनौट समितिको अध्यक्षता गर्ने संस्थाले नै प्रशिक्षार्थी छनौट सम्बन्धी सचिवालयको काम गर्नेछ। सूचना बमोजिम उम्मेदवारहरूको दरखास्त दर्ता गर्ने, प्रकरण ९ (२) बमोजिम अङ्क टेबुलेसन गरी अन्तर्वार्ताका लागि उम्मेदवार छनौट गर्ने तथा अन्तर्वार्ता सम्बन्धी सम्पूर्ण कार्यहरू सचिवालयले गर्नेछ।

**१०. प्रशिक्षार्थी छनौट सम्बन्धी विशेष व्यवस्था**

(१) कुनै प्रतिष्ठानको कार्य प्रकृति अनुसार खास योग्यता भएका वा राष्ट्रिय युवा नीति, २०६६ ले विशेष प्राथमिकताको समूह (द्वन्द्व पीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत अल्पसङ्ख्यक समुदाय) का युवाहरूलाई प्रशिक्षण प्रदान गर्न इच्छुक प्रतिष्ठानले प्रशिक्षार्थीको सङ्ख्या उल्लेख गरी मन्त्रालयमा निवेदन दिन सक्नेछ।

(२) प्रकरण (१) बमोजिम परेका निवेदनहरू उपर मन्त्रालयले जाँचबुझ गरी उम्मेदवार छनौट तथा तालिम प्रदान गर्नका लागि सम्बन्धित प्रतिष्ठानलाई अनुमति प्रदान गर्न सक्नेछ।

(३) प्रकरण (२) बमोजिम अनुमति प्रदान गर्ने मन्त्रालयको वार्षिक कार्यक्रममा निर्धारित कोटालाई ध्यान दिनु पर्नेछ ।

(४) प्रकरण (२) बमोजिम उम्मेदवार छनौटका लागि देहाय बमोजिमको छनौट समिति रहनेछ :

(क) सम्बन्धित प्रतिष्ठानले तोकेको पदाधिकारी -अध्यक्ष

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य

(ग) मन्त्रालयले तोकेको प्रतिनिधि -सदस्य

(घ) प्रतिष्ठानसँग सम्बन्धित सङ्घ वा महासङ्घको प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित प्रतिष्ठानले तोकेको उक्त प्रतिष्ठानको कर्मचारी वा पदाधिकारी -सदस्य

(५) प्रशिक्षार्थी छनौट र प्रशिक्षकका सम्बन्धमा यसै कार्यविधिमा उल्लिखित प्रकरणहरूको सर्वमान्यतामा असर नपर्ने गरी सम्बन्धित प्रतिष्ठानले तोके बमोजिम हुनेछ ।

(६) सूचना प्रकाशन, दरखास्त सङ्कलन, छनौट सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि सम्बन्धित प्रतिष्ठानले नै सचिवालयका रूपमा काम गर्नेछ ।

**११. प्रशिक्षार्थीले पाउने सेवा सुविधा**

(१) छनौट भएका प्रशिक्षार्थीलाई सम्बन्धित प्रतिष्ठानमा प्रशिक्षण गरे वापत प्रोत्साहन खर्च स्वरूप मन्त्रालयले मासिक रु. २०००/- (दुई हजार) उपलब्ध गराउनेछ। अनुपस्थित भएका दिनको प्रोत्साहन खर्च पाउने छैन । यस्तो प्रोत्साहन खर्च बढीमा ५ महिनाका लागि उपलब्ध हुनेछ ।

(२) प्रकरण (१) बमोजिमको प्रोत्साहन खर्च बाहेक कार्यस्थल, तालिम सामग्री, प्रशिक्षक लगायत अन्य सुविधा सम्बन्धित प्रतिष्ठानले उपलब्ध गराए बमोजिम हुनेछ ।

**१२. कार्य समयः** सम्बन्धित प्रतिष्ठानले तोके बमोजिम प्रशिक्षार्थीले कार्यस्थलमा प्रशिक्षण लिनु पर्नेछ। प्रशिक्षार्थीको उपस्थिति अभिलेख सम्बन्धित प्रतिष्ठानले राख्नु पर्नेछ। उक्त हाजिरीको उतार गरी सम्बन्धित प्रतिष्ठानले प्रमाणित विवरण मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ। लगातार १५ दिनभन्दा बढी अवधि प्रशिक्षार्थी अनुपस्थित भएमा सम्बन्धित प्रतिष्ठानले निजलाई हटाउन सक्नेछ। यसरी हटाइएको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

**१३. विदा तथा अन्य सुविधाहरू**

(१) सम्बन्धित प्रशिक्षार्थीले यस कार्यविधि बमोजिमको सम्झौतामा तोकिएको प्रशिक्षण अवधिभर सार्वजनिक विदा बाहेक अन्य कुनै विदा पाउने छैन ।

(२) प्रशिक्षार्थीलाई सम्झौतामा उल्लेख भएको वा प्रकरण (११) बमोजिमको सुविधा बाहेक अतिरिक्त सुविधा उपलब्ध हुने छैन ।

**१४. प्रशिक्षार्थीले पालना गर्नुपर्ने आचार संहिताः** छनौट भएका प्रशिक्षार्थीहरूले सम्बन्धित प्रतिष्ठानको नीति नियम, निर्देशिका र आचार संहितालाई पूर्ण रूपले पालना गर्नु पर्नेछ। यस कार्यक्रम अन्तर्गत

रहेका प्रशिक्षार्थीहरूले ट्रेड युनियन लगायत अन्य किसिमका पेसागत सङ्घ सङ्गठन खोल्न तथा आबद्ध हुन पाइने छैन । प्रतिष्ठान र उम्मेदवार बिच भएको सम्झौताको पूर्ण रूपले पालना गर्नु पर्नेछ ।

**१५. सम्झौता गर्ने :**

(१) सम्बन्धित प्रतिष्ठानले प्रशिक्षार्थीसँग आवश्यक सर्त समेत उल्लेख गरी अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ । अनुसूची (२) मा उल्लिखित बुँदाहरू बाहेक दुवै पक्षको आपसी सहमतिमा सम्झौता पत्रमा थप बुँदाहरू राख्न सकिनेछ ।

(२) प्रशिक्षार्थीहरूसँग गरिएको सम्झौताको एक प्रति सम्बन्धित प्रतिष्ठानले समन्वय कर्ता संस्था मार्फत मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

(३) मन्त्रालय र समन्वय कर्ता संस्था बिच अनुसूची (३) बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

**१६. प्रतिष्ठानको भूमिका**

(१) प्रशिक्षार्थीका लागि मन्त्रालयबाट समन्वय कर्ता संस्था मार्फत निकासा भएको रकम सम्बन्धित व्यक्तिलाई बुझाई सोको भरपाई समन्वय कर्ता संस्था समक्ष पेस गर्नु पर्नेछ । प्रशिक्षार्थीको वैयक्तिक विवरण लगायत सम्पूर्ण अभिलेख व्यवस्थापनको कार्य सम्बन्धित प्रतिष्ठानले गर्नु पर्नेछ ।

(२) प्रकरण (१) बमोजिम प्रतिष्ठानहरूबाट प्राप्त भरपाई समन्वय कर्ता संस्थाले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित प्रतिष्ठानले कार्यक्रमको मासिक प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) कार्यक्रमसँग सम्बन्धित कागजातहरू सुरक्षित राख्ने जिम्मेवारी सम्बन्धित प्रतिष्ठानको हुनेछ ।

(५) कार्यस्थल प्रशिक्षण सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा समन्वय कर्ता संस्था मार्फत मन्त्रालय समक्ष आवश्यक निर्देशन माग गर्नु पर्नेछ ।

**१७. तालिमको अवधि र प्रमाण पत्र**

(१) कार्यस्थल प्रशिक्षणको अवधि बढीमा ५ महिनाको हुनेछ ।

(२) तालिम अवधिमा प्रशिक्षार्थीले सिकेको सीप उल्लेख गरी सम्बन्धित प्रतिष्ठानले प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रकरण (२) बमोजिमको प्रमाण पत्रको ढाँचा सम्बन्धित समन्वय कर्ता संस्थाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. अनुगमन**

(१) यस कार्यक्रमको अनुगमन समन्वय कर्ता संस्था र मन्त्रालयले खटाएको व्यक्ति वा निकायले गर्नेछ । अनुगमन प्रतिवेदन सम्बन्धित समन्वय कर्ता संस्था र मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ । प्रशिक्षण समाप्त भएपछि प्रशिक्षण अवधिको व्यक्तिगत मूल्याङ्कन विवरण सम्बन्धित प्रतिष्ठानले समन्वय कर्ता संस्था मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) अनुगमन कर्ताले अनुगमनका सिलसिलामा हेर्न चाहेको विवरण उपलब्ध गराउनु सम्बन्धित प्रतिष्ठानको कर्तव्य हुनेछ ।

**१९. विविध**

(१) यो कार्यविधि सम्बन्धमा कुनै अस्पष्टता देखिएमा सोलाई स्पष्ट पारी मन्त्रालयले कार्यक्रम सञ्चालनका सन्दर्भमा समन्वय कर्ता संस्था मार्फत निर्देशन जारी गर्न सक्नेछ ।

(२) प्रकरण (१) बमोजिम कार्यविधिको व्याख्या गर्ने सम्बन्धमा मन्त्रालयले समन्वय समितिको राय सुझाव लिन सक्नेछ ।

(३) प्रकरण (१) बमोजिम जारी निर्देशनको पालना गर्नु समन्वय कर्ता संस्था र सम्बन्धित प्रतिष्ठानको कर्तव्य हुनेछ ।

**हालसालै खिचेको पासपोर्ट साइजको फोटो**

**अनुसूची १**
**(प्रकरण ६ सँग सम्बन्धित)**

कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रममा सहभागी हुन चाहने उम्मेदवारले पेस गर्ने आवेदन फाराम

श्रीमान्.......................................... मितिः ............

...................................................................।

**विषय : कार्यस्थल तालिममा सहभागी हुन पाऊँ ।**

..............द्वारा मिति.............................................मा प्रकाशित सूचना अनुसार कार्यस्थल प्रशिक्षणमा सहभागी भई सीप हासिल गर्ने अभिलाषाले निम्न विवरण सहित यो निवेदन पेस गरेको छु ।

१. नाम थर :

२. ठेगााना :

(क) स्थायी ठेगाना : अञ्चल : ............................जिल्ला : ...................................

गाविस/नपा : ....................................वडा न. :......................टोल : ......................

(ख) अस्थायी ठेगाना : अञ्चल : ............................जिल्ला : ...................................

गाविस/नपा : ....................................वडा न. :......................टोल : ......................

सम्पर्क फोन न. :

इमेल : .......................................................

३. लिङ्ग :

४.जन्म मिति (विक्रम संवत्मा) :

५. उमेर :

६. वैवाहिक स्थिति : विवाहित/अविवाहित

७. विवाहित भए पति/पत्नीको नाम :

८. धर्म :

९. नेपाली नागरिकताको प्रमाण पत्रको नम्बर, जारी भएको मिति र जिल्ला :
(नागरिकताको प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नुहोस्)

१०. बाबुको नाम :

११. आमाको नाम :

१२. शैक्षिक योग्यता :

(लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रका प्रतिलिपिहरू संलग्न गर्नु पर्नेछ)

१३. अपाङ्गता भएमा सोको विवरण :

१४. विगतमा कुनै तालिम लिएको भए सोको विवरण :

(तालिम लिएको भए सोको प्रमाण पत्र पेस गर्नु पर्नेछ)

१५. तालिम लिन चाहेको क्षेत्र ( कुनै एकमा √ चिह्न लगाउनु होला)

(क) होटल (ख) उद्योग (ग) हस्तकला

(घ) मूर्तिकला

१६. आवेदन गर्न चाहेको समूहमा √ चिह्न लगाउनु होला

(क) खुल्ला (ख) महिला (ग) आदिवासी/जनजाति

(घ) मधेसी (ङ) दलित (च) अपाङ्ग

(छ) पिछडिएको क्षेत्र

माथि उल्लिखित विवरण ठिक/साँचो हो। झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

आवेदकको नाम, थर :

दस्तखत :

मिति :

**अनुसूची २**

**प्रकरण १५ (१) सँग सम्बन्धित**

**कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रम, २०६८**

**प्रतिष्ठान र प्रशिक्षार्थी बिचको सम्झौता पत्र**

................................(यसपछि "पहिलो पक्ष" भनिएको) र .....................जिल्ला ...........................
गाविस, वडा नम्बर ......................बस्ने वर्ष.................को श्री................................................
(यसपछि "दोस्रो पक्ष" भनिएको) बिचमा युवा तथा खेलकुद मन्त्रालयद्वारा सञ्चालित कार्यस्थल प्रशिक्षण ( Worksite Training) २०६८ कार्यान्वयनका सम्बन्धमा निम्न सर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्रमा सहीछाप गरी एक/एक प्रति लियौँ/दियौँ।

**तपसिल**

(१) पहिलो पक्षले प्रोत्साहन खर्च स्वरूप युवा तथा खेलकुद मन्त्रालयद्वारा उपलब्ध गराइएको मासिक रु. २०००/- (अक्षरेपि रु. दुई हजार मात्र) दोस्रो पक्षलाई उपलब्ध गराउनेछ। तर अनुपस्थित भएको दिनको प्रोत्साहन खर्च उपलब्ध हुने छैन।

(२) यस्तो प्रोत्साहन खर्च बढीमा ५ महिनाका लागि उपलब्ध हुनेछ।

(३) पहिलो पक्षले तोके बमोजिम दोस्रो पक्षले कार्यस्थलमा प्रशिक्षण लिनु पर्नेछ। प्रशिक्षार्थीको उपस्थिति अभिलेख पहिलो पक्षले राख्नेछ।

(४) लगातार १५ दिनभन्दा बढी अवधि प्रशिक्षार्थी अनुपस्थित भएमा पहिलो पक्षले निजलाई हटाउन सक्नेछ। यसरी हटाइएको जानकारी मन्त्रालयलाई दिइनेछ।

(५) दोस्रो पक्षले प्रशिक्षण अवधिभर सार्वजनिक विदा बाहेक अन्य कुनै विदाहरू पाउने छैन।

(६) पहिलो पक्षले दोस्रो पक्षलाई प्रोत्साहन खर्च बाहेक कार्यस्थल, तालिम सामग्री, प्रशिक्षक लगायत अन्य सुविधा उपलब्ध गराउनेछ।

(७) दोस्रो पक्षले सम्बन्धित प्रतिष्ठानका लागि नीति नियम, निर्देशिका र आचार संहितालाई पूर्ण रूपले पालना गर्नेछ।

(८) यस कार्यक्रम अन्तर्गतका प्रशिक्षार्थीहरूले ट्रेड युनियन लगायत अन्य किसिमका पेसागत सङ्घ सङ्गठन खोल्न तथा आबद्ध हुन पाइने छैन।

(९) यो सम्झौतामा उल्लिखित कुराहरूको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ।

| **पहिलो पक्षका तर्फबाट** | **दोस्रो पक्षका तर्फबाट** |
|---|---|
| दस्तखत :: | दस्तखत |
| पद : | पदः |
| कार्यालयको नाम : | कार्यालयको नाम : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

इति संवत् २०६८ साल............... महिना....................गते रोज...............शुभम्।

**अनुसूची ३**

**प्रकरण १५ (३) सँग सम्बन्धित**

**कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रम, २०६८**

**युवा तथा खेलकुद मन्त्रालय र समन्वय कर्ता संस्था बिचको**

**सम्झौता पत्र**

युवा तथा खेलकुद मन्त्रालय (यसपछि “पहिलो पक्ष” भनिएको) र .......................................... ..............................................यसपछि “दोस्रो पक्ष” भनिएको) बिचमा युवा तथा खेलकुद मन्त्रालयद्वारा सञ्चालित कार्यस्थल प्रशिक्षण (Worksite Training) २०६८ कार्यान्वयनका सम्बन्धमा निम्न सर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्रमा सहीछाप गरी एक/प्रति लियौँ/दियौँ।

**तपसिल**

(१) दोस्रो पक्षले प्रतिष्ठानहरूसँग समन्वय गरी प्रशिक्षार्थी सङ्ख्या विवरण सङ्कलन गर्ने र सङ्कलित विवरण पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

(२) दोस्रो पक्षबाट सङ्कलित विवरण प्राप्त भएपछि तोकिएको स्थानमा दरखास्त दिन सक्ने गरी पहिलो पक्षले राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गर्नेछ ।

(३) पहिलो पक्षद्वारा प्रकाशित सूचनाका आधारमा पर्न आएका दरखास्त मध्ये कार्यस्थल प्रशिक्षण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०६८ को प्रकरण (९) बमोजिम उम्मेदवार छनौट गरी छनौट भएका उम्मेदवारहरूको नामावली सहितको जानकारी पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) पहिलो पक्षले दोस्रो पक्षलाई कार्यस्थल प्रशिक्षण सञ्चालन गरे वापत प्रशिक्षार्थीहरूको प्रोत्साहन खर्च स्वरूप प्रति प्रशिक्षार्थी मासिक रु. २०००/-(दुई हजार) का दरले हुने ५ महिनाको जम्मा रकम रु. १०,०००/- दुई किस्तामा पेस्की स्वरूप उपलब्ध गराउनेछ । तर अनुपस्थित भएका दिनको प्रोत्साहन खर्च पाउने छैन । यसरी उपलब्ध गराइएको रकम दोस्रो पक्षले सम्बन्धित प्रतिष्ठानमा उपलब्ध गराउनु पर्नेछ । पहिलो पक्षले उपलब्ध गराएको प्रोत्साहन खर्च बाहेक प्रशिक्षार्थीलाई कार्यस्थल, तालिम सामग्री, प्रशिक्षक लगायतका अन्य सुविधा सम्बन्धित प्रतिष्ठानले उपलब्ध गराए बमोजिम हुनेछ ।

(५) उपर्युक्त बमोजिमको प्रोत्साहन खर्च वापतको रकम प्रशिक्षार्थीलाई बुझाएको विवरण दोस्रो पक्षले पहिलो पक्षलाई प्रशिक्षण समाप्त भएको १५ दिनभित्रमा उपलब्ध गराउनु पर्नेछ ।

(६) दोस्रो पक्षले कार्यस्थलमा प्रशिक्षण दिने निकायसँग समन्वय गरी प्रशिक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

(७) दोस्रो पक्षले सम्बन्धित प्रतिष्ठानमा सञ्चालित कार्यक्रमको अनुगमन निरीक्षण गरी मासिक तथा आवधिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नेछ ।

(८) कार्यक्रम सञ्चालनका सन्दर्भमा कुनै अस्पष्टता भएमा दुवै पक्षको सामूहिक छलफलबाट टुङ्ग्याइनेछ ।

(९) कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०६८ को पालना गर्नु गराउनु दुवै पक्षको दायित्व हुनेछ ।

(१०) यो सम्झौतामा उल्लिखित कुराहरूको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ ।

| **पहिलो पक्षका तर्फबाट** | **दोस्रो पक्षका तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको नाम : युवा तथा खेलकुद मन्त्रालय | कार्यालयको नाम : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

इति संवत् २०६८ साल ............महिना..................गते रोज .................शुभम् ।

## अनुसूची ४

प्रकरण ५ (४) सँग सम्बन्धित

कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रम, २०६..

## समावेशी तर्फ कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रमका लागि छुट्याइएको प्रतिशत विवरण

| खुल्ला पद मध्ये ४५% बाट हुन आउने पदहरू | महिला | | आदिवासी/जनजाति | | मधेसी | | दलित | | अपाङ्ग | | पिछडिएको क्षेत्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३३%ले हुन आउने भार अङ्क | पद सङ्ख्या | २७% ले हुन आउने भार अङ्क | पद सङ्ख्या | २२% ले हुन आउने भार अङ्क | पद सङ्ख्या | ९% ले हुन आउने भार अङ्क | पद सङ्ख्या | ५% ले हुन आउने भार अङ्क | पद सङ्ख्या | ४% ले हुन आउने भार अङ्क | पद सङ्ख्या |
| | ०.३३ | | ०.२७ | | ०.२२ | | ०.०९ | | ०.०५ | | ०.०४ | |
| १ | ०.३३ | १ | ०.२७ | | ०.२२ | | ०.०९ | | ०.०५ | | ०.०४ | |
| २ | ०.६६ | १ | ०.५४ | १ | ०.४४ | | ०.१८ | | ०.१० | | ०.०८ | |
| ३ | ०.९९ | १ | ०.८१ | १ | ०.६६ | १ | ०.२७ | | ०.१५ | | ०.१२ | |
| ४ | १.३२ | १ | १.०८ | १ | ०.८८ | १ | ०.३६ | १ | ०.२० | | ०.१६ | |
| ५ | १.६५ | २ | १.३५ | १ | १.१० | १ | ०.४५ | १ | ०.२५ | | ०.२० | |
| ६ | १.९८ | २ | १.६२ | २ | १.३२ | १ | ०.५४ | १ | ०.३० | | ०.२४ | |
| ७ | २.३१ | २ | १.८९ | २ | १.५४ | २ | ०.६३ | १ | ०.३५ | | ०.२८ | |
| ८ | २.६४ | ३ | २.१६ | २ | १.७६ | २ | ०.७२ | १ | ०.४० | | ०.३२ | |
| ९ | २.९७ | ३ | २.४३ | २ | १.९८ | २ | ०.८१ | १ | ०.४५ | १ | ०.३६ | |
| १० | ३.३० | ३ | २.७० | ३ | २.२० | २ | ०.९० | १ | ०.५० | १ | ०.४० | |
| ११ | ३.६३ | ४ | २.९७ | ३ | २.४२ | २ | ०.९९ | १ | ०.५५ | १ | ०.४४ | |
| १२ | ३.९६ | ४ | ३.२४ | ३ | २.६४ | ३ | १.०८ | १ | ०.६० | १ | ०.४८ | |
| १३ | ४.२९ | ४ | ३.५१ | ३ | २.८६ | ३ | १.१७ | १ | ०.६५ | १ | ०.५२ | १ |
| १४ | ४.६२ | ४ | ३.७८ | ४ | ३.०८ | ३ | १.२६ | १ | ०.७० | १ | ०.५६ | १ |
| १५ | ४.९५ | ५ | ४.०५ | ४ | ३.३० | ३ | १.३५ | १ | ०.७५ | १ | ०.६० | १ |
| १६ | ५.२८ | ५ | ४.३२ | ४ | ३.५२ | ४ | १.४४ | १ | ०.८० | १ | ०.६४ | १ |
| १७ | ५.६१ | ६ | ४.५९ | ४ | ३.७४ | ४ | १.५३ | १ | ०.८५ | १ | ०.६८ | १ |
| १८ | ५.९४ | ६ | ४.८४ | ५ | ३.९६ | ४ | १.६२ | १ | ०.९० | १ | ०.७२ | १ |
| १९ | ६.२७ | ६ | ५.१३ | ५ | ४.१८ | ४ | १.७१ | २ | ०.९५ | १ | ०.७६ | १ |
| २० | ६.६० | ७ | ५.४० | ५ | ४.४० | ४ | १.८० | २ | १.०० | १ | ०.८० | १ |

## अनुसूची ५

(प्रकरण ९.२ सँग सम्बन्धित)

### कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रम, २०६८ का लागि दरखास्त पेस गरेका उम्मेदवारहरूको सारांश विवरण फाराम :

प्रशिक्षण लिन चाहेको विषय क्षेत्र: होटल/उद्योग/हस्तकला/मूर्तिकला

समूह : खुल्ला/महिला/आदिवासी जनजाति/मधेसी/दलित/अपाङ्ग/पिछडिएको क्षेत्र

| क्र.स. | रोल नम्बर | उम्मेदवारको नाम, थर | ठेगाना | प्राप्ताङ्क | | | योग्यताक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | शैक्षिक | तालिम | जम्मा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | योग्यता (९०) | (१०) | प्राप्ताङ्क (१००) | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणित गर्नेको नाम, थर :

दस्तखत :

मिति :

## अनुसूची ६

(प्रकरण ९.२ ख सँग सम्बन्धित)

कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रम, २०६८ का लागि दरखास्त पेस गरेका उम्मेदवारहरूको अन्तर्वार्ता फाराम :

प्रशिक्षण लिन चाहेको विषय क्षेत्र : होटल/उद्योग/हस्तकला/मूर्तिकला

समूह : खुल्ला/महिला/आदिवासी जनजाति/मधेसी/दलित/अपाङ्ग/पिछडिएको क्षेत्र

| क.स. | रोल नम्बर | उम्मेदवारको नाम, थर | ठेगाना | प्राप्ताङ्क | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विषयगत ज्ञान सीप (५) | कामप्रतिको रुचि (५) | अभिव्यक्ति कला (५) | व्यक्तित्व (५) | जम्मा प्राप्ताङ्क (२०) | | |
| | | | | | | | | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अन्तर्वार्ता लिनेको नाम, थर :

दस्तखत :

मिति :

## अनुसूची ७

(प्रकरण ९.२ ख सँग सम्बन्धित)

कार्यस्थल प्रशिक्षण (Worksite Training) कार्यक्रम, २०६८ का लागि दरखास्त पेस गरेका उम्मेदवारहरूको अन्तर्वार्ताको सारांश फाराम :

प्रशिक्षण लिन चाहेको विषय क्षेत्र : होटल/उद्योग/हस्तकला/मूर्तिकला

समूह : खुल्ला/महिला/आदिवासी जनजाति/मधेसी/दलित/अपाङ्ग/पिछडिएको क्षेत्र

| क.स. | रोल नम्बर | उम्मेदवारको नाम, थर | ठेगाना | प्राप्ताङ्क | | | | | | | योग्यताक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सदस्यहरूबाट | | | | | जम्मा प्राप्ताङ्क | | | |
| | | | | १ | २ | ३ | ४ | ५ | अङ्कमा | अक्षरमा | | |
| | | | | | | | | | | | | |

प्रमाणित गर्ने :

दस्तखत :

मिति :

# स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, २०६९

( स्वीकृत मिति :– २०६९।०९।५)

प्रस्तावना : युवालाई आफ्नो मुलुक र समाजप्रति निर्वाह गर्नुपर्ने भूमिकाप्रति सकारात्मक र रचनात्मक सोच राख्नेतर्फ सजग गराउँदै राष्ट्रिय युवा नीति, २०६६ ले निर्दिष्ट गरे अनुसार उनीहरूको क्षमतामा वृद्धि गर्ने र युवालाई ग्रामीण क्षेत्रका योजना निर्माण एवम् कार्यान्वयन प्रक्रियामा संलग्न गराई विकास कार्यमा युवा सहभागितालाई साझेदारीका माध्यमबाट अभिवृद्धि गरेर राष्ट्र विकासमा युवालाई नेतृत्व तहमा स्थापित गर्दै जाने अभिप्रायले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भ

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, २०६९” रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) “स्थानीय युवा साझेदारी कार्यक्रम” भन्नाले युवाहरूको सहभागिता हुने गरी दफा ३ मा उल्लेख गरिएका कार्य क्षेत्रमा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको ६०% र कार्यक्रममा साझेदार हुने संस्था वा निकायको ४०% लागत साझेदारीमा सञ्चालन गरिने कार्यक्रमलाई सम्झनु पर्छ ।

(ख) “युवा” भन्नाले १६ देखि ४० वर्षको उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गी समेतलाई सम्झनु पर्छ ।

(ग) “मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(घ) “संस्था” भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई समाज कल्याण परिषद्मा आबद्ध रही युवाको संलग्नता वा सहभागितामा सञ्चालित वा युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ङ) “साझेदार संस्था” भन्नाले मन्त्रालयको ६०% र संस्थाको ४०% रकमबाट स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ ।

(च) “स्थानीय निकाय” भन्नाले जिल्ला विकास समिति, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँ विकास समितिलाई सम्झनु पर्छ ।

(छ) “तोकिएको निकाय” भन्नाले स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले तोकेको जिल्ला विकास समिति वा युवा सूचना केन्द्रलाई सम्झनु पर्छ ।

(ज) “युवा सूचना केन्द्र” भन्नाले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले स्थापना गरेको युवा सूचना केन्द्रलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## स्थानीय युवा साझेदारी कार्यक्रमको कार्यक्षेत्र, प्रस्ताव आह्वान र छनौट

**३. स्थानीय युवा साझेदारी कार्यक्रमका कार्यक्षेत्रहरू :** राष्ट्रिय युवा नीति, २०६६ ले निर्धारण गरेका प्रमुख कार्यनीति समेतलाई मध्यनजर गरी स्थानीय युवा साझेदारी कार्यक्रमका कार्यक्षेत्रहरू देहाय बमोजिम हुनेछन् :-

(क) कृषि
(ख) द्वन्द्वपीडित र अपाङ्गता भएका युवाहरूका लागि कार्यक्रम
(ग) सीपमूलक तालिम, उद्यमशीलता र रोजगारी
(घ) युवा जागरण, नेतृत्व, क्षमता विकास तथा परामर्श दिने कार्यक्रम
(ङ) लैङ्गिक हिंसा विरूद्ध जनचेतना कार्यक्रम
(च) स्वास्थ्य तथा परिवार कल्याण
(छ) सामाजिक कुरीति अन्त्य गर्ने कार्यक्रम
(ज) एकल महिला सम्बन्धी कार्यक्रम
(झ) कला, संस्कृतिको संरक्षण र विकास एवम् खेलकुद, मनोरञ्जन तथा पर्यटन प्रवर्द्धन कार्यक्रम
(ञ) मानव तस्करी तथा बेचबिखन नियन्त्रण कार्यक्रम
(ट) प्रकोप न्यूनीकरण, वातावरण संरक्षण र दिगो विकास
(ठ) विज्ञान तथा सूचना प्रविधि
(ड) सडक युवाहरू तथा जोखिममा परेका युवाहरूका लागि कार्यक्रम
(ढ) दिगो शान्ति स्थापना र द्वन्द्व समाधान
(ण) सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवाहरूका लागि कार्यक्रम
(त) परम्परागत प्रविधिको संरक्षण र विकास
(थ) कुलत तथा दुर्व्यसन विरूद्ध अभिमुखीकरण, चेतनामूलक एवम् पुनर्स्थापन कार्यक्रम
(द) HIV/AIDS विरुद्ध सचेतना अभिवृद्धि तथा पुनर्स्थापन कार्यक्रम

तर, प्राप्त बजेट र आवश्यकताका आधारमा जिल्लामा सञ्चालन हुने स्थानीय युवा साझेदारी कार्यक्रमका लागि दफा ५ अनुसार गठन हुने निर्देशक समितिको सिफारिसमा मन्त्रालयले कार्यक्षेत्रको सङ्ख्या तोक्न सक्नेछ। यसरी तोक्दा उल्लिखित कार्यक्षेत्रहरू मध्ये तोकिएको कुनै एक वा एकभन्दा बढी कार्यक्षेत्रहरूमा अनिवार्य रूपमा कार्यक्रम सञ्चालन गर्ने गरी मन्त्रालयले तोक्न सक्नेछ।

**४. स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन :-** मन्त्रालयले स्थानीय युवा साझेदारी कार्यक्रम तोकिएको निकाय मार्फत सञ्चालन गर्नेछ। सोका लागि मन्त्रालयले कार्यक्रम तथा आवश्यक बजेट उक्त निकायलाई उपलब्ध गराउनेछ।

**५. निर्देशक समिति :** (१) यस निर्देशिका बमोजिम सञ्चालन हुने कार्यक्रमहरूको कार्यान्वयन, समन्वय र निर्देशन लगायतका कार्यहरू गर्नका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ :-
क) सह सचिव (युवा कार्यक्रम शाखा हेर्ने), युवा तथा खेलकुद मन्त्रालय - संयोजक
ख) सम्बन्धित महाशाखा प्रमुख, राष्ट्रिय खेलकुद परिषद् - सदस्य

ग) शाखा प्रमुख, योजना शाखा, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

घ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, युवा तथा खेलकुद मन्त्रालय - सदस्य
ङ) अधिकृत प्रतिनिधि, स्थानीय विकास मन्त्रालय - सदस्य
च) शाखा प्रमुख, युवा कार्यक्रम शाखा, युवा तथा खेलकुद मन्त्रालय - सदस्य सचिव

**६. प्रस्ताव आह्वान :-** युवा लक्षित स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि मन्त्रालयबाट ३० दिनको समय तोकी राष्ट्रिय स्तरको पत्रपत्रिकामा सार्वजनिक रूपमा प्रस्ताव आह्वान गरिनेछ। उक्त सूचना मन्त्रालयको Website : www.moys.gov.np मा पनि राखिनेछ ।

**७. प्रस्ताव पेस गर्नुपर्ने :-** (१) प्रकाशित सूचना बमोजिम स्थानीय युवा साझेदारी कार्यक्रममा सहभागी हुन चाहने साझेदार संस्थाले अनुसूची - १ मा तोकिएको ढाँचामा कार्यक्रमको प्रस्ताव तोकिएको निकायमा पेस गर्नु पर्नेछ। यसरी प्रस्ताव पेस गर्ने संस्था प्रस्ताव पेस गर्ने अन्तिम मितिसम्ममा प्रचलित कानुन बमोजिम दर्ता भएको कम्तीमा एक वर्ष पूरा भएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्ने संस्थाले दफा ३ मा उल्लिखित कार्यक्षेत्रहरू मध्ये कुनै एक कार्यक्षेत्रमा मात्र प्रस्ताव पेस गर्नु पर्ने छ। एउटै संस्थाले एकभन्दा बढी कार्यक्षेत्रमा प्रस्ताव पेस गरेको पाइएमा उक्त संस्थाद्वारा पेस भएका सम्पूर्ण प्रस्तावहरू स्वतः रद्द हुनेछन्।

(३) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्ने संस्थाले आफ्नो प्रस्तावमा परियोजनाको कुल बजेटको कम्तीमा ४०% रकम संस्थाका तर्फबाट वा अन्य साझेदार संस्था भए सोबाट बेहोरिने रकम समेत उल्लेख गरी आर्थिक कार्य योजना पेस गर्नु पर्नेछ।

(४) साझेदार संस्थाद्वारा तोकिएको निकायमा पेस गरिने प्रस्तावहरूमा देहायका विवरण तथा कागजातहरू समावेश भएको हुनु पर्नेछ :-

(क) प्रचलित कानुन बमोजिमको संस्था दर्ता र नवीकरण प्रमाण पत्रको प्रतिलिपि।
(ख) संस्थाको विधानको प्रतिलिपि।
(ग) संस्थाको विधानको उद्देश्यसँग मेल खाने गरी अनुसूची १ बमोजिमको ढाँचामा तयार गरिएको सिलसिलेवार सहितको पूर्ण प्रस्ताव आवेदन।
(घ) संस्थाबाट प्रस्तुत हुने प्रस्तावित कार्यक्रममा अन्य संस्था पनि संलग्न हुने भए सोबाट हुने आर्थिक वा प्राविधिक योगदान समेत उल्लेख हुने गरी ती दुई साझेदार भएको सम्झौता वा समझदारी पत्र समेत प्रस्तावमा संलग्न गर्नु पर्नेछ।
(ङ) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि।
(च) विगतका वर्षहरूमा यस्तै प्रकृतिका कार्यक्रममा साझेदार भएको भए सम्बन्धित निकायबाट जारी गरिएको कागजातको प्रतिलिपि।
(छ) रू. १०।- को टिकट।
(ज) स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि।
(झ) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण वा कर छुटको प्रमाण वा कर कार्यालयमा विवरण बुझाएको पत्रको प्रतिलिपि।

उपरोक्त बमोजिमका कागजातहरू पूरा नभएका वा प्रस्तावको कुनै खण्ड वा सम्पूर्ण खण्ड हुबहु सारिएका प्रस्तावहरू स्वतः रद्द हुनेछन् ।

**८. स्थानीय युवा साझेदारी कार्यक्रम प्रस्ताव छनौट समितिको गठन :-** (१) स्थानीय युवा साझेदारी कार्यक्रम
प्रस्तावहरूको छनौट गर्न सम्बन्धित जिल्लामा देहाय बमोजिमका प्रतिनिधित्व हुने गरी समितिको गठन हुनेछ :-

(क) जिल्ला विकास समितिका सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्ति - संयोजक
(ख) जिल्ला खेलकुद विकास समितिका अध्यक्ष - सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य
(घ) महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि - सदस्य
(ङ) समितिले तोकेको युवा सम्बन्धी संस्थाको युवा प्रतिनिधि बढीमा २ जना - सदस्य
(च) युवा सूचना केन्द्रको कार्यालय प्रमुख - सदस्य-सचिव

समितिले आवश्यकता अनुसार आमन्त्रित सदस्यहरू बोलाउन सक्नेछ ।

तर, स्थानीय युवा साझेदारी कार्यक्रम युवा सूचना केन्द्र मार्फत सञ्चालन गर्ने गरी तोकिएको अवस्थामा अन्य सदस्यहरू यथावत् रहने गरी जिल्ला खेलकुद विकास समितिको अध्यक्ष छनौट समितिका संयोजक र जिल्ला विकास समितिका अधिकृत प्रतिनिधि सदस्यका रूपमा रहनेछन् ।

(२) छनौट समितिको कार्य देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयबाट प्राप्त बजेट, मन्त्रालयले प्राथमिकता क्रम तोकेका अवस्थामा सो सम्बन्धी निर्देशन र स्थानीय स्तरको आवश्यकता समेतका आधारमा जिल्लामा सञ्चालन हुने कार्यक्रमहरूका लागि दफा ३ बमोजिम उल्लिखित कार्यक्षेत्रहरू मध्ये जिल्लाको आवश्यकतालाई समेत ध्यानमा राखी प्राथमिकताका आधारमा कार्यक्षेत्रहरू निर्धारण गर्नु पर्नेछ ।

(ख) खण्ड (क) मा निर्धारण गरिएका कार्यक्षेत्रहरूमा दफा ७ बमोजिम पेस हुन आएका प्रस्तावहरू दफा ९ मा उल्लिखित आधारमा मूल्याङ्कन गर्नु पर्नेछ ।

(ग) तोकिएको निकायले खण्ड (क) बमोजिम तोकिएका कार्यक्षेत्रहरू मध्ये प्रत्येक कार्यक्षेत्रबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने एक/एक वटा प्रस्ताव कार्यान्वयनका लागि छनौट गर्नु पर्नेछ । तर तोकिएको सङ्ख्या भन्दा कम कार्यक्षेत्रमा प्रस्ताव परेमा एउटै कार्यक्षेत्रबाट एकभन्दा बढी प्रस्ताव छनौट गर्न बाधा पर्ने छैन ।

(घ) यसरी छनौट भएका प्रस्ताव पेस गर्ने संस्थाहरूको नामावली तोकिएको निकायले सार्वजनिक सूचनाका माध्यमबाट प्रकाशन गर्नेछ । यस्तो सूचना जनसम्पर्क हुने स्थानीय कार्यालयहरू (जिल्ला विकास समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, स्थानीय नगरपालिका वा गाउँ विकास समितिको कार्यालय, युवा सूचना केन्द्र आदि) मा टाँस गर्नु पर्नेछ ।

(ङ) स्थानीय युवा साझेदारी कार्यक्रम कार्यान्वयन गर्न प्रत्येक कार्यक्रमका लागि मन्त्रालयबाट तोकिएको रकम उपलब्ध हुनेछ ।

**९. प्रस्ताव मूल्याङ्कन गर्ने आधारहरू :** (१) स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन गर्न संस्थाहरूको छनौट गर्ने प्रयोजनका लागि प्रस्तावहरूको मूल्याङ्कन गर्दा संस्थाहरूले पेस गरेको लिखित प्रस्तावको मूल्याङ्कन तथा प्रस्तुतीकरण गरी दुई वटा आधारमा गरिनेछ ।

(२) लिखित प्रस्तावको मूल्याङ्कनका आधारहरू देहाय बमोजिम हुनेछन् :-

| आधार | अङ्कभार |
|---|---|
| (क) कार्य योजना | २० |
| (ख) कार्य अनुभव-२, दिगोपन-२ र कार्य कुशलता-१ | ५ |
| (ग) नवीनता, सृजनशीलता र अनुकरणात्मकता | ५ |
| (घ) जिल्लामा आवश्यक युवा लक्षित विकास कार्यक्रम | ५ |
| (ङ) प्राथमिकताको समूह (महिला, आदिवासी, जनजाति, मधेसी, दलित तथा पिछडिएको क्षेत्रमा रहेका युवा) लक्षित कार्यक्रम | ६ |
| (च) विशेष प्राथमिकताको समूह (द्वन्द्वपीडित, जोखिममा परेका युवा, अपाङ्गता भएका युवा र सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा) | ८ |
| (छ) कार्यक्रम सञ्चालन गर्ने स्थान (सदरमुकाम र नपाभित्र भए-२, सदरमुकाम र नपासँग जोडिएका गाविस भए-४, बाँकी गाविस भए-६) | ६ |
| (ज) कार्यक्रममा महिलाको सहभागिता (३३-% सम्म भए-२, ५०%सम्म भए-४ र सोभन्दा माथि भए ५ अङ्क प्रदान गर्ने) | ५ |
| (झ) पारदर्शिता र जवाफदेहिता | ५ |
| (ञ) भौतिक पूर्वाधार (भवन, कम्प्युटर, फर्निचर समेत) र कार्यरत जनशक्तिको अवस्था | ५ |
| (ट) आर्थिक प्रस्ताव (सरकारी खर्च गर्ने मापदण्ड अनुरुप भए/नभएको) | १० |
| (ठ) महिलाहरूद्वारा मात्र सञ्चालित संस्था भएमा | ५ |
| जम्मा पूर्णाङ्क | ८५ |

(३) उपदफा (२) अनुसारका आधारमा मूल्याङ्कन गरेपछि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने संस्थाहरू मध्येबाट क्रमशः कार्यक्रम सञ्चालन गर्ने कुल सङ्ख्याको २५% सङ्ख्या थप गरी हुन आउने सङ्ख्यामा संस्थाहरूलाई छनौट गरी प्रस्तुतीकरणका लागि बोलाउनु पर्नेछ । प्रस्तुतीकरणको अङ्कभार १५ हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्रस्तुतीकरण भइसकेपछि उपदफा (२) र (३) अनुसार प्राप्त गरेको अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने संस्थाहरू मध्ये तोकिएको सङ्ख्यामा संस्थाहरू छनौट गर्नु पर्नेछ ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रक्रिया

**१०. तोकिएको निकायको भूमिका :-** स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन गर्न तोकिएको निकायको भूमिका देहाय बमोजिम हुनेछ :

(क) स्थानीय युवा साझेदारी कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानका लागि प्रकाशित सूचनाको स्थानीय स्तरमा प्रचार प्रसार गर्ने ।

(ख) संस्थाहरूलाई आवश्यकता अनुसार प्रस्तावको ढाँचा उपलब्ध गराउने ।
(ग) तोकिएको म्यादभित्र रीतपूर्वक दर्ता हुन आएका प्रस्तावहरू दर्ता गर्ने ।
(घ) प्राप्त प्रस्तावहरू छनौट समिति मार्फत मूल्याङ्कन गराई निर्धारित सङ्ख्यामा संस्थाहरूको छनौट गर्ने ।

(ङ) खण्ड (घ) बमोजिम छनौट भएका संस्थाहरूको नामावली प्रकाशन गर्ने र ७ (सात) दिनको म्याद दिई उक्त संस्थाहरूलाई सम्झौताका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।
(च) खण्ड (ङ) बमोजिमका संस्थाहरूसँग कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्ने ।
(छ) सम्झौता पश्चात् पहिलो किस्ता वापत ५० (पचास) प्रतिशत रकम कार्यक्रम सञ्चालनका लागि सम्बन्धित संस्थाको नाममा निकासा गरिदिने ।
(ज) कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसार साझेदार संस्थाहरूलाई निर्देशन दिने ।
(झ) सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने ।
(ञ) साझेदार संस्थाहरूबाट अन्तिम प्रतिवेदन प्राप्त गर्ने ।
(ट) साझेदार संस्थाहरूद्वारा बिल भरपाई सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि प्राप्त कागजात रूजु गरी नियमानुसार बाँकी रकम भुक्तानी दिने ।
(ठ) स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन वापत प्राप्त रकमको नियमानुसार लेखा परीक्षण गराउने ।
(ड) स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन वापत पठाइएको रकम कुनै कारणवश खर्च हुन नसकेमा उक्त बाँकी रकम मन्त्रालयमा फिर्ता पठाउने ।
(ढ) कुनै काबुबाहिरको परिस्थिति परी साझेदार संस्थाले पूर्व निर्धारित समय र स्थान परिवर्तन गरी कार्यक्रम सञ्चालन गर्ने माग गरेमा स्वीकृत गरी यसरी स्वीकृति प्रदान गरेको ७ दिनभित्र मन्त्रालयलाई सोको जानकारी गराउने ।
(ण) कार्यक्रम सम्बन्धमा कुनै अस्पष्टता भएमा मन्त्रालयबाट आवश्यक निर्देशन प्राप्त गर्ने ।
(त) कार्यक्रम सञ्चालन गर्न सम्झौता गरिएका संस्थाहरूको विवरण र तिनको कार्यक्षेत्र तथा स्थानका बारेमा सम्झौता भएको १५ दिन भित्र मन्त्रालयलाई जानकारी गराउने ।

**११. युवा सूचना केन्द्रको दायित्व :-** स्थानीय युवा साझेदारी कार्यक्रमका सम्बन्धमा युवा सूचना केन्द्रको दायित्व देहाय बमोजिम हुनेछ :-
(क) स्थानीय युवा साझेदारी कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रवाह गर्ने ।
(ख) स्थानीय युवा साझेदारी कार्यक्रमको प्रस्तावको ढाँचा उपलब्ध गराउने ।
(ग) स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा तोकिएको निकायसँग आवश्यक समन्वय गर्ने ।
(घ) स्थानीय युवा साझेदारी कार्यक्रमको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन तोकिएको निकाय र मन्त्रालयमा पठाउने ।
(ङ) मन्त्रालयद्वारा समय समयमा दिइएका निर्देशनहरूको पालना गर्ने ।

**१२. सम्झौता गर्नु पर्ने :-** (१) तोकिएको निकायले स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालनका लागि छनौट भएका साझेदार संस्थासँग अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) तोकिएको समयभित्र सम्बन्धित संस्था सम्झौता गर्न नआएमा उक्त प्रस्ताव स्वतः रद्द हुनेछ ।
(३) सम्झौतामा उल्लिखित सर्तहरूको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ ।

**१३. साझेदार संस्थाको दायित्व :-** (१) सम्झौता गरिसकेपछि सम्बन्धित साझेदार संस्थाले स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन गर्दा तोकिएको निकाय, सम्बन्धित युवा सूचना केन्द्र, सम्बन्धित गा.वि.स./नगरपालिका तथा सरोकारवालाहरूको भेला गराई कार्यक्रम बारे अनिवार्य रूपमा जानकारी गराउनु पर्नेछ। यसरी भेला गराई कार्यक्रम बारे जानकारी गराएको कागज प्रमाण अन्तिम प्रतिवेदन साथ संलग्न गर्नु पर्नेछ।

(२) कार्यक्रम सम्झौताको बखत पेस गरेको समय तालिका अनुसार कार्यक्रम सञ्चालन गर्न नसक्ने साझेदार संस्थाले सोको स्पष्ट कारण सहित कार्यक्रम सञ्चालनको परिवर्तित समय तालिका समेत उल्लेख गरी तोकिएको निकाय समक्ष निवेदन दिनु पर्नेछ। तोकिएको निकायको स्वीकृति प्राप्त भएपछि उक्त संस्थाले सम्बन्धित गा.वि.स./नगरपालिका, जिल्ला विकास समिति, युवा सूचना केन्द्र तथा सम्बन्धित सरोकारवालाहरूलाई अग्रिम जानकारी गराई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) साझेदार संस्थाले प्रस्तावमा उल्लेख गरेको स्थानमा नै कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। प्रस्तावमा उल्लिखित स्थानमा कार्यक्रम सञ्चालन गर्न नसक्ने भए तोकिएको निकायले भएको सम्झौता रद्द गरी सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गर्न साझेदार संस्थालाई अग्रिम रकम भुक्तानी गरिसकेको भए सो समेत फिर्ता गर्नु पर्नेछ।

तर, काबु बाहिरको परिस्थिति आइ परेमा सोको स्पष्ट कारण सहित कार्यक्रम सञ्चालनको स्थानका बारेमा सम्बन्धित गा.वि.स./नगरपालिकाको सिफारिस साथ तोकिएको निकायमा निवेदन दिई स्वीकृति प्राप्त भएमा परिवर्तित स्थानमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**१४. कार्यक्रम सम्पन्न भएको अन्तिम प्रतिवेदन पेस गर्नु पर्नेः-** (१) कार्यक्रम सम्पन्न भइसकेपछि साझेदार संस्थाले अनुसूची-३ बमोजिम तोकिएको ढाँचामा अन्तिम प्रतिवेदन र खर्चको बिल भरपाई सहितको फाँटवारी अनिवार्य रूपमा तोकिएको निकायमा पेस गर्नु पर्नेछ। सोका आधारमा मात्र अन्तिम किस्ता भुक्तानी दिइनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनको एक प्रति साझेदार संस्थाले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र युवा सूचना केन्द्रलाई समेत बुझाउनु पर्नेछ।

(३) प्रतिवेदन साथ कार्यक्रम सञ्चालनका सम्बन्धमा खिचिएका फोटाहरू तथा प्रतिवेदनको विद्युतीय प्रति समेत पेस गर्नु पर्नेछ।

(४) तोकिएको निकायले स्थानीय युवा साझेदारी कार्यक्रम सम्पन्न भएको अन्तिम प्रतिवेदन कार्यक्रम समाप्त भएको ३० दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

**१५. निरीक्षण तथा अनुगमन :-** (क) स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालनको प्रभावकारिताका लागि मन्त्रालय, जिल्ला विकास समिति, युवा सूचना केन्द्र, नगरपालिका, गा.वि.स. वा ती निकायहरूबाट तोकिएका व्यक्तिहरूबाट निरीक्षण तथा अनुगमन गरिनेछ।

(ख) साझेदार संस्थाले कार्यक्रम स्थलमा अनुगमन पुस्तिका राखी अनुगमन कर्तालाई आफ्नो टिप्पणी उक्त पुस्तिकामा लेख्न लगाउनु पर्नेछ। सम्बन्धित अनुगमन कर्ताले आफ्नो प्रतिवेदन साथ उक्त टिप्पणी समेत संलग्न गर्नु पर्नेछ।

(ग) निरीक्षण तथा अनुगमन गर्ने निकाय/व्यक्तिले स्थलगत रूपमा निरीक्षण तथा अनुगमन गरेको प्रतिवेदन तोकिएको निकाय र युवा सूचना केन्द्रमा पेस गर्नु पर्नेछ। तर, मन्त्रालयबाट स्थानीय युवा साझेदारी कार्यक्रम अनुगमनका लागि खटाइएकामा भने स्थलगत अनुगमनको प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्ने र सोको एक प्रति युवा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(घ) आयोजना/परियोजना कार्यान्वयनका क्रममा निरीक्षण तथा अनुगमनबाट देखिएका कमी कमजोरीहरूलाई निराकरण गर्न अनुगमन कर्ताले दिएको सुझाव एवं निर्देशन सम्बन्धित संस्थाले कार्यान्वयन गर्नु पर्नेछ।

(ङ) अनुगमनका सिलसिलामा अनुगमन कर्ताले माग गरेको कार्यक्रम सम्बन्धी सम्पूर्ण विवरण/अभिलेख साझेदार संस्थाले उपलब्ध गराउनु पर्नेछ।

(च) कार्यक्रम सम्पन्न भएपछि साझेदार संस्थाले सरोकारवालाहरूको उपस्थितिमा कार्यक्रम सञ्चालन सम्बन्धी प्रक्रिया तथा उपलब्धि, आर्थिक विवरण, लाभान्वित जनसङ्ख्या, सबल पक्ष, सुधार गर्न आवश्यक देखिएका पक्ष आदिको विस्तृत विवरण प्रस्तुत गर्नु पर्नेछ।

(छ) कार्यक्रम सम्पन्न भएपछि साझेदार संस्थाले आफूले गरेको कार्य र सो कार्यका लागि भएको खर्च सहितको विवरण सार्वजनिक रूपमा प्रकाशन गर्नका लागि सम्बन्धित गा. वि.स./ न.पा. र जि. वि. स. तथा युवा सूचना केन्द्रमा पठाउनु पर्नेछ।

(ज) साझेदार संस्थालाई कार्यक्रमप्रति पारदर्शी र जवाफदेही बनाउनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम पनि सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद ४

## विविध

१६. लेखा परीक्षण सम्बन्धी व्यवस्था :- (१) साझेदार संस्थाले कार्यक्रमको लेखा परीक्षण प्रचलित कानुन बमोजिम लेखा परीक्षकबाट गराई सोको प्रतिवेदन तोकिएको निकायमा पेस गर्नु पर्नेछ।

(२) कार्यक्रम सञ्चालन वापत पठाइएको रकमको लेखा परीक्षण सम्बन्धित तोकिएको निकायले गराउनु पर्नेछ।

१७. प्रचलित ऐन तथा नियमावलीको पालना गर्नु पर्ने :- यस निर्देशिकाको कुनै व्यवस्था विद्यमान ऐन, नियम र कानुनी व्यवस्थासँग बाझिन गएमा त्यसरी बाझिएको हदसम्म सम्बन्धित ऐन, नियम र कानुनी व्यवस्था नै लागू हुनेछ।

१८. बाधा अड्काउ फुकाउने अधिकार :- यो निर्देशिका कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले स्पष्ट पारी बाधा अड्काउ फुकुवा गरी निर्देशन जारी गर्न सक्नेछ। मन्त्रालयबाट यस अनुसार जारी भएको निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१९. कार्यविधि बनाउन सक्ने :- यस निर्देशिकामा उल्लिखित विषयहरूका सम्बन्धमा मन्त्रालयले आवश्यकतानुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ।

२०. निर्देशिकाको संशोधन :- मन्त्रालयले यस निर्देशिकाको आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

२१. खारेजी र बचाउ :- युवा साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०६८, खारेज गरिएको छ । उक्त कार्यविधि बमोजिम भए गरेका काम कारवाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

**अनूसूची-१**

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

# स्थानीय युवा साझेदारी कार्यक्रमको

प्रस्ताव आवेदन ढाँचा

भाग १ : परियोजनाको सङ्क्षिप्त विवरण

| | | |
|---|---|---|
| परियोजनाको शीर्षक | | |
| परियोजनाको क्षेत्र (कुनै एकमा √ चिह्न लगाउनु होस्) | (१) कृषि | (१०) मानव तस्करी तथा बेचबिखन नियन्त्रण कार्यक्रम |
| | (२) द्वन्द्वपीडित र अपाङ्गता भएका युवाहरूका लागि कार्यक्रम | (११) प्रकोप न्यूनीकरण, वातावरण संरक्षण र दिगो विकास |
| | (३) सीपमूलक तालिम, उद्यमशीलता र रोजगारी | (१२) विज्ञान तथा सूचना प्रविधि |
| | (४) युवा जागरण, नेतृत्व, क्षमता विकास तथा परामर्श दिने कार्यक्रम | (१३) सडक युवाहरू तथा जोखिममा परेका युवाहरूका लागि कार्यक्रम |
| | (५) लैङ्गिक हिंसा विरुद्ध जनचेतना कार्यक्रम | (१४) दिगो शान्ति स्थापना र द्वन्द्व समाधान कार्यक्रम |
| | (६) स्वस्थ्य तथा परिवार कल्याण | (१५) सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवाहरूका लागि कार्यक्रम |
| | (७) सामाजिक कुरीति अन्त्य गर्ने कार्यक्रम | (१६) परम्परागत प्रविधिको संरक्षण र विकास |
| | (८) एकल महिला सम्बन्धी कार्यक्रम | (१७) कुलत तथा दुर्व्यसन विरुद्ध अभिमुखीकरण, चेतनामूलक एवम् पुनर्स्थापना कार्यक्रम |
| | (९) कला, संस्कृतिको संरक्षण र विकास एवम् खेलकुद, मनोरञ्जन तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | (१८) HIV/AIDS विरुद्ध सचेतना अभिवृद्धि तथा पुनर्स्थापन कार्यक्रम |
| परियोजना/कार्यक्रम सञ्चालन स्थल (स्पष्ट खुल्ने गरी) | जिल्ला............, गाविस/नगरपालिका..............., वडा न.........,टोल......(नगरपालिका र सदरमुकामसँग जोडिएको | |

| | | | |
|---|---|---|---|
| | गाविस भए उल्लेख गर्ने) | | |
| कुल परियोजना खर्च : | साझेदार संस्था मार्फत बेहोरिने रकम | माग गरिएको रकम | |
| परियोजनाको सङ्क्षिप्त विवरण | परियोजनाको सङ्क्षिप्त विवरण दिनुहोस् (बढीमा ३०० शब्द) | | |

भाग २ : संस्थागत विवरण

क) सामान्य जानकारी

| | | | |
|---|---|---|---|
| संस्थाको नाम | | | |
| ठेगाना | | | |
| संस्थाको दर्ता न. दर्ता मिति | | दर्ता भएको जिल्ला | |
| नवीकरण अवधि | | फोन | |
| वेभसाइट | | | |
| इमेल | स्थायी लेखा न. (PAN) | | |
| संस्थाको प्रकार | युवाको संलग्नता वा सहभागितामा सञ्चालित संस्था | | |
| | युवा लक्षित कार्यक्रम | | |
| | अन्य प्रकारको भए उल्लेख गर्ने : | | |
| अध्यक्षको नाम र ठेगााना | | सम्पर्क न. | |
| सम्पर्क व्यक्तिको नाम र ठेगाना | | सम्पर्क न. | |
| संस्थाको सङ्क्षिप्त विवरण | तपाईंको संस्थाको लक्ष्य, उद्देश्य तथा कार्यहरूको सङ्क्षिप्त विवरण दिनुहोस् | | |

(ख) भौतिक विवरण

| | | | |
|---|---|---|---|
| तपाईंको संस्थामा भएका भौतिक सामग्रीहरू (भवन, जग्गा, फर्निचर, कम्प्युटर, फोटोकपी, फ्याक्स आदि) को यथार्थ विवरण (सङ्ख्या तथा अवस्था समेत) स्पष्ट हुने गरी प्रस्तुत गर्नुहोस् । | | | |
| सि. न. | सामग्रीको विवरण | सङ्ख्या/ परिमाण | अवस्था |
| | | | |

(ग) संस्थाको कार्यकारिणी समितिका पदाधिकारीहरूको विवरण (पदाधिकारीहरूको नागरिकताको फोटोकपी संलग्न गर्नुपर्ने)

| क्र.सं | पदाधिकारीको नाम | पद | ठेगाना | शैक्षिक योग्यता | सम्पर्क न. | उमेर | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

(घ) जनशक्ति सम्बन्धी विवरण

| तपाईंको संस्थामा कार्यरत जनशक्तिको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.न. | पद | नाम थर | शैक्षिक योग्यता | सम्पर्क न. | तालिम | नियुक्ति विवरण | | | |
| | | | | | | करार | अस्थायी | स्थायी | अन्य |

जनशक्ति बायोडाटा संलग्न राख्नुहोस् ।

भाग ३ : परियोजनाको विस्तृत विवरण

| प्रश्न १ : परियोजनाको नाम र पृष्ठभूमि |
|---|
| |

| प्रश्न २ : परियोजनाको लक्ष्य र उद्देश्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रश्न ३ : परियोजनाको कार्य योजना, के के क्रियाकलाप गर्नुहुन्छ ? (लक्षित समूहमा प्राथमिकता र विशेष प्राथमिकताको समूहका व्यक्तिहरू भए समूहगत रूपमा सङ्ख्या सहित उल्लेख गर्ने) | | | | | | | |
| क्र. स. | मुख्य मुख्य क्रियाकलापहरू | कार्यक्रम सञ्चालन हुने स्थान | समयावधि (कहिलेदेखि कहिलेसम्म) | जिम्मेवार व्यक्ति र सम्पर्क न. | लक्षित समूह र सङ्ख्या | अपेक्षित उपलब्धि | अनुगमन सूचक |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| प्रश्न ४ : परियोजनाको उपलब्धि | | |
|---|---|---|
| तपाईंको परियोजनाका अपेक्षित उपलब्धि तथा नतिजाहरू के के हुन् ? यिनीहरूलाई कसरी मापन गर्न सकिन्छ ? | | |
| अपेक्षा गरिएका उपलब्धिहरू | सूचक | उपलब्धि मापन गर्ने आधारहरू |
| १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. |

अन्य विवरण

| १.परियोजनाका क्षेत्रमा तपाईंको संस्थाका अनुभवहरू के के छन् ? यो परियोजना कार्यान्वयन गर्न तपाईंको संस्था कसरी सक्षम छ ? (कार्य अनुभव सम्बन्धी प्रमाण संलग्न राख्नुहोस् ।) |
|---|

| |
|---|
| २.स्थानीय युवा साझेदारी कार्यक्रमको सहयोग समाप्ति पश्चात् तपाईंले परियोजनालाई कसरी दिगो रूपमा सञ्चालन गर्ने योजना बनाउनु भएको छ ? |
| ३.तपाईंको संस्था र संस्थाले सञ्चालन गर्ने कार्यक्रमहरूको नवीनता, सृजनशीलता र अनुकरणात्मकताका आधारहरू के के हुन् ? खुलाउनु होस् । |
| ४.तपाईंको परियोजनामा युवाको सहभागिता कस्तो रहनेछ तथा परियोजनाले युवाको विकासमा कसरी योगदान पुऱ्याउन सक्छ ? खुलाउनु होस् । |
| ५.तपाईंको परियोजनाबाट प्राथमिकताको समूह र विशेष प्राथमिकताको समूहका के कति युवाहरूलाई कसरी फाइदा पुग्ने देख्नु भएको छ ? उल्लेख गर्नुहोस् । |
| ६. तपाईंको कार्यक्रमबाट के कति महिलाहरूलाई कसरी लाभ पुऱ्याउने योजना बनाउनु भएको छ ? स्पष्ट गर्नुहोस् । |
| ७.तपाईंको परियोजनालाई पारदर्शी जवाफदेही बनाउन के कस्ता क्रियाकलापहरू सञ्चालन गर्नुहुन्छ ? कार्यक्रमलाई कसरी मितव्ययी ढङ्गले सञ्चालन गर्नुहुन्छ ? |

**भाग ४ : परियोजना बजेट**

तपाईंको परियोजनाको विस्तृत खर्च विवरण (सरकारी खर्च गर्ने मापदण्ड सहित) तल उल्लेख गरे अनुसार दिनुहोला । (संस्थाका कर्मचारीलाई तलब वापत रकम प्रस्ताव गर्न पाइने छैन साथै प्रशासनिक खर्च वापत कुल परियोजना बजेटको १५% भन्दा बढी रकम प्रस्ताव गर्न पाइने छैन)

| क्र.स. | विवरण (विस्तृत) | सङ्ख्या | दर | कुल रकम | अन्य साझेदारी | माग रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| अन्य सहयोग वा सहकार्य बारे विस्तृत विवरण दिनुहोस् र प्रमाण संलग्न राख्नुहोस् । | | | | | | |

माथि उल्लिखित सबै विवरण ठिक साँचो हो । यस प्रस्तावमा हस्ताक्षर गरी युवा साझेदारी कार्यक्रममा आफ्नो संस्थाको सहभागिता जनाउँदछु । परियोजनाको बजेटको............% रकम संस्थाका तर्फबाट लगानी गरी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

संस्थाको नाम : फोन न. :

प्रस्ताव पेस गर्ने व्यक्तिको नाम : हस्ताक्षर :

पदः मिति :

संस्थाको छाप : मोबाइल न. :

**अनुसूची-२**

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

स्थानीय युवा साझेदारी कार्यक्रम, २०.....

## सम्झौता पत्र

............................................ (यस पछि "पहिलो पक्ष" भनिएको) र ..............................................(यस पछि "दोस्रो पक्ष" भनिएको) बिचमा स्थानीय युवा साझेदारी कार्यक्रम, २०....... को प्रस्ताव ( प्रस्ताव यसै साथ संलग्न गरिएको) कार्यान्वयनका सम्बन्धमा निम्न सर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्रमा सही छाप गरी एक/एक प्रति लियौँ/दियौँ ।

## तपसिल

(१) प्रस्तावमा उल्लेख भए बमोजिम..........................................................कार्यक्षेत्रमा दोस्रो पक्षले कार्यक्रम गर्नु पर्नेछ ।

(२) दोस्रो पक्षले कार्यक्रम सुरु भएको जानकारी सार्वजनिक रूपमा गराई सोको जानकारी पहिलो पक्ष समेतलाई दिनु पर्नेछ । यस्तो जानकारी जिल्ला विकास समिति/युवा सूचना केन्द्र तथा सम्बन्धित गा.वि.स./नगरपालिका समेतलाई अनिवार्य दिनु पर्नेछ ।

(३) दोस्रो पक्षले . . . . . . . . . . . . . . . जिल्ला . . . . . . . . . . . . . . नगरपालिका/गा.वि.स. वडा नम्बर . . . . . स्थित .
. . . . . . . . . . . .. टोलमा स्वीकृत प्रस्ताव अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(४) दोस्रो पक्षले प्रस्तावमा उल्लेख गरेको स्थानमा नै कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयनको जाँचबुझ गर्ने, निरीक्षण, अनुगमन गर्ने काम पहिलो पक्ष वा पहिलो पक्षले तोकेको व्यक्ति वा निकायले समेत गर्नेछ । दोस्रो पक्षले कार्यक्रम स्थलमा अनुगमन पुस्तिका राखी अनुगमन कर्तालाई आफ्नो टिप्पणी उक्त पुस्तिकामा लेख्न लगाउनु पर्नेछ । कार्यक्रम सञ्चालनका सम्बन्धमा अनुगमनका क्रममा निरीक्षकले दोस्रो पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन दोस्रो पक्षले कार्यान्वयन गर्नु पर्नेछ । निरीक्षणका समयमा आवश्यक सूचना एवं कागजात उपलब्ध गराउनु पर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

(६) पहिलो पक्षले प्रथम किस्ता वापत ५०% प्रतिशत रकम दोस्रो पक्षलाई उपलब्ध गराउनेछ । बाँकी रकम प्रगति प्रतिवेदनका आधारमा उपलब्ध गराइनेछ । बाँकी किस्ता माग गर्दा पहिलो पक्षले खर्च भएको सम्पूर्ण रकमको बिल भरपाई र सोको कार्य सम्पन्न प्रतिवेदन सहित माग गर्नु पर्नेछ ।

(७) कुल कार्यक्रम खर्च रु.......................................।- अक्षरेपि (.............................................) मध्ये पहिलो पक्षले रु..... ...............अक्षरेपि (...................................................... ) मात्र A/C Payee चेक आदिबाट उपलब्ध गराउनेछ । बाँकी रकम संस्थाले नै बेहोर्नु पर्नेछ ।

(८) सम्झौता अनुसार दोस्रो पक्षले गरेका काम तथा खर्च सम्बन्धी विवरण माग गरेको समयमा उपलब्ध गराउनु पर्नेछ । कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक रूपमा सोको विस्तृत विवरण जानकारी गराउने (सार्वजनिक सुनुवाइ पनि हुन सक्नेछ) र यस्तो विवरण कार्यक्रम सम्पन्न भएको प्रतिवेदनमा पनि समावेश गराउने एवम् लेखा परीक्षण गराउने दायित्व दोस्रो पक्षको हुनेछ । बिल भरपाई सहित कार्य सम्पन्न प्रतिवेदनका सक्कल र नक्कल गरी दुई/दुई प्रति पहिलो पक्षलाई बुझाउनु पर्नेछ । अन्तिम प्रतिवेदनको एक विद्युतीय प्रति समेत उपलब्ध गराउनु पर्नेछ ।

(९) सम्झौतानुसार उपलब्ध रकम जुन प्रयोजन र उद्देश्यका लागि प्राप्त भएको हो सोही कार्यमा मात्र खर्च गर्नु पर्नेछ । दोस्रो पक्षले सम्झौताको पालना नगरेमा पहिलो पक्षले सम्झौता भङ्ग गर्न सक्नेछ । सम्झौता भङ्ग भएपछि सम्पूर्ण रकम पहिलो पक्षलाई फिर्ता गर्नु पर्नेछ । प्रतिवेदन साथ पेस भएका बिल भरपाईलाई पुष्टि गर्ने कागजात (जस्तैः- सहभागी हाजिरी, प्रशिक्षक हाजिरी, विभिन्न परीक्षणका रिपोर्टहरू आदि) अनिवार्य रूपमा पेस गर्नु पर्नेछ । दोस्रो पक्षद्वारा पेस भएका बिल भरपाईलाई पुष्टि गर्ने कागजात पहिलो पक्षले माग गरेका अवस्थामा तत्काल उक्त कागजातहरू उपलब्ध गराउनु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

(१०) अन्तिम प्रतिवेदन पेस गर्दा कुल परियोजना बजेटको शत प्रतिशत रकमको बिल भरपाई पेस गर्नु पर्नेछ, जसमध्ये पहिलो पक्षबाट उपलब्ध गराइएको रकमको सक्कलै बिल भरपाई र दोस्रो पक्षबाट खर्च भएको रकमको बिल भरपाईको प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ ।

(११) कार्यक्रम सञ्चालन वापत सामान खरिदको बिल भरपाई पेस गर्दा रु. पाँच हजारसम्मका हकमा PAN बिल र सोभन्दा माथिका हकमा अनिवार्य रूपमा VAT बिल पेस गर्नु पर्नेछ । कुनै जिल्लामा VAT मा दर्ता भएका व्यवसायीहरू नभएमा सोको प्रमाणित विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लिई पेस गर्नु पर्नेछ । दोस्रो पक्षले पेस गर्ने सक्कल बिल भरपाईमा पारिश्रमिक वितरण गर्दा १५% पारिश्रमिक कर, नगद पुरस्कार वितरणमा २५% कर र हल भाडा लगायतका भाडा भुक्तानीमा १०% भाडा कर कट्टी गरी राजस्व खातामा जम्मा गरेको सक्कल भौचर पेस गर्नु पर्नेछ । अन्यथा नियमानुसारको करकट्टी गरेर मात्र बाँकी रकम भुक्तानी गर्नेछ ।

(१२) अन्तिम प्रतिवेदनका साथमा सम्बन्धित गा.वि.स./न.पा. को सिफारिस तथा पहिलो पक्षले खटाएको अनुगमन कर्ताले पेस गरेको स्थलगत अनुगमन प्रतिवेदनको प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ । अन्यथा अन्तिम किस्ता रकम भुक्तानी गर्न पहिलो पक्ष बाध्य हुने छैन ।

(१३) सम्झौता अनुसार खर्च नभई रकम बाँकी रहेमा यसरी बाँकी रहेको रकम पहिलो पक्षलाई फिर्ता गर्नु पर्नेछ र खर्च बढी भयो भनी थप रकम माग गर्न पाइने छैन ।

(१४) प्रस्ताव कार्यान्वयन अवधि २० . . . जेष्ठ मसान्तसम्म मात्र रहनेछ ।

(१५) सम्पूर्ण हिसाब किताब फरफारक गर्न २०......असार १० गतेभित्र अन्तिम प्रतिवेदन पेस गर्नु पर्नेछ । सो म्याद नाघी अन्तिम प्रतिवेदन पेस गरेमा दाबी गरिएको रकम भुक्तानी हुने छैन ।

(१६) प्रस्ताव अनुसारको कार्य गर्ने, प्राप्त रकमको सदुपयोग गर्ने र लेखा राख्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(१७) दोस्रो पक्षले कार्यक्रम सञ्चालन सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यका हकमा नेपाल सरकारको प्रचलित नियम अनुसार गर्नु पर्नेछ ।

(१८) माथि सम्झौता पत्रमा उल्लिखित प्रस्तावहरू कार्यान्वयनका सम्बन्धमा कुनै समस्या तथा विवाद उत्पन्न भएमा सम्झौता गर्ने दुवै पक्षको छलफलबाट विवादको टुङ्गो लगाइनेछ ।

| पहिलो पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
|---|---|
| कार्यालयको छाप | कार्यालयको छाप |

दस्तखत :
नाम :

पद :

कार्यालयको नाम :-

दस्तखत :
नाम :

पद :

संस्थाको नाम :-

इति संवत् २०.......साल..................................महिना................गते रोज.......... शुभम् ।

## अनुसूची -३

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

<u>स्थानीय युवा साझेदारी कार्यक्रमको अन्तिम प्रतिवेदन ढाँचा</u>

१. कार्यक्रमको परिचय
२. कार्यक्रमको उद्देश्य
३. कार्यक्रम सञ्चालनको विधि/प्रक्रिया
४. लक्षित समूहको सहभागिता (जातिगत/लिङ्गगत) र लाभान्वितहरूको सङ्ख्या
५. कार्यक्रम सञ्चालन स्थान/मिति
६. कार्यक्रम सञ्चालन अवधि
७. अनुगमन गर्ने निकाय र अनुगमन पटक
८. अनुगमनबाट प्राप्त सुझाव र कार्यान्वयनका लागि गरिएका प्रयासहरू
९. उपलब्धि
१०. निष्कर्ष
११. सुझाव
१२. अनुसूची

क) संस्थाको बैठकको निर्णय उतार प्रति
ख) कार्यक्रमबारे सरोकारवालाहरूलाई जानकारी गराएका कागज/प्रमाणका प्रतिलिपिहरू
ग) कार्यक्रम सुरु भएको जानकारी पत्र (विभिन्न निकायहरूलाई लेखिएका पत्रका प्रतिलिपिहरू)
घ) कार्यक्रम अनुगमनका लागि विभिन्न निकायहरूलाई लेखिएका पत्रका प्रतिलिपिहरू
ङ) सहभागी/प्रशिक्षकको उपस्थिति
च) अनुगमन कर्ताले निरीक्षण/अनुगमनका सिलसिलामा लेखेको मन्तव्यको प्रति
छ) कार्यतालिका
ज) कार्यक्रमसँग सम्बन्धित फोटो र प्रतिवेदनको विद्युतीय प्रति
झ) सम्बन्धित गा.वि.स./न.पा., युवा सूचना केन्द्रको सिफारिस
ञ सञ्चालित कार्यक्रमसँग सम्बन्धित (हाजिरी विवरण, रक्त परीक्षण/HIV परीक्षण, आदिको रिपोर्ट) अन्य केही भए उल्लेख गर्ने ।
ट) अन्तिम प्रतिवेदनको एक प्रति विद्युतीय प्रति समेत उपलब्ध गराउने ।

# प्राथमिकता र विशेष प्राथमिकताको समूहका युवाका लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन निर्देशिका, २०६९

**(स्वीकृत मिति :-२०६९।०९।०२)**

**प्रस्तावना :-** राष्ट्रिय युवा नीति, २०६६ ले तोके बमोजिम "प्राथमिकताको समूह" र "विशेष प्राथमिकताको समूह" मा पर्ने युवाको क्षमता विकास गरी उनीहरूलाई व्यावसायिक रूपमा दक्ष, स्वरोजगार तथा नेतृत्व विकास गरी आर्थिक, सामाजिक एवं राजनैतिक क्षेत्रका नेतृत्व तहमा स्थापित गराउन आवश्यक पर्ने प्रतिस्पर्धी क्षमताको अभिवृद्धि गर्न सहयोग पुऱ्याउने प्रकृतिका सीप सिक्ने/सिकाउने प्रयोजनका लागि आवश्यक प्रशिक्षण/तालिम प्रदान गर्न वाञ्छनीय भएकाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "प्राथमिकता र विशेष प्राथमिकताको समूहका युवाका लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन निर्देशिका, २०६९" रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "युवा" भन्नाले १६ – ४० वर्षको उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गीहरूलाई सम्झनु पर्छ ।

(ख) "प्राथमिकताको समूह" भन्नाले महिला, आदिवासी, जनजाति, दलित, मधेसी तथा पिछडिएको क्षेत्रमा रहेका युवालाई सम्झनु पर्छ ।

(ग) "विशेष प्राथमिकताको समूह " भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका युवा, अपाङ्गता भएका युवा र सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवालाई सम्झनु पर्छ ।

(घ) "द्वन्द्व पीडित युवा" भन्नाले २०५२ सालदेखि २०६३ मङ्सिर ५ गतेसम्म नेपालमा भएको सशस्त्र द्वन्द्व र पछिल्ला समयका द्वन्द्वमा परी मृत्यु भएका पीडित परिवारका, अङ्गभङ्ग बनाइएका तथा विस्थापित भएका युवालाई सम्झनु पर्छ ।

(ङ) "जोखिममा रहेका युवा" भन्नाले एच.आई.भी./एड्स सङ्क्रमित, बेचबिखनमा परेका, लागू औषधको प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकहरूमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनु पर्छ ।

(च) "अपाङ्गता भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता भएका युवालाई सम्झनु पर्छ ।

(छ) "सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट

वञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनु पर्छ ।

(ज) "प्रशिक्षार्थी" भन्नाले यस निर्देशिका बमोजिम सञ्चालन हुने कार्यक्रम मार्फत प्रशिक्षण लिइरहेका प्राथमिकता र विशेष प्राथमिकताको समूहका युवालाई सम्झनु पर्छ ।

(झ) "सीप" भन्नाले कुनै कार्य गर्न आवश्यक पर्ने सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, अनुभव र दक्षतालाई सम्झनु पर्छ ।

(ञ) "क्षमता विकास तालिम" भन्नाले प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई स्वरोजगार सृजना, व्यावसायिक दक्षता एवं क्षमता अभिवृद्धि र सीप सिक्ने/सिकाउने प्रयोजनका लागि मन्त्रालयले आफैं सञ्चालन गर्ने वा अन्य सरकारी/गैरसरकारी संस्था बिच हुने सहकार्य/साझेदारी/समन्वयबाट सञ्चालन हुने वा अन्य तालिम प्रदायक संस्था/निकाय मार्फत सञ्चालन हुने प्रशिक्षणलाई सम्झनु पर्छ ।

(ट) "तालिम प्रदायक संस्था" भन्नाले युवाहरूलाई तालिम/प्रशिक्षण/सीप विकास जस्ता कार्यक्रम सञ्चालन गर्ने सार्वजनिक र निजी क्षेत्रका तालिम प्रदायक संस्था वा निकायहरू समेतलाई सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(ड) "केन्द्र" भन्नाले नेपालको राजधानी सम्झनु पर्छ ।

(ढ) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस निर्देशिका बमोजिम सञ्चालन गरिने तालिम कार्यक्रमका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :-

(क) प्राथमिकता र विशेष प्राथमिकताको समूहमा रहेका युवालाई स्वरोजगार सृजना गर्न सहयोग पुऱ्याउने प्रकृतिको तालिमका अवसरहरूको व्यवस्था गरी आत्मनिर्भरतातर्फ अग्रसर हुन प्रेरित गर्नु ।

(ख) प्राथमिकता र विशेष प्राथमिकताको समूहमा रहेका युवालाई अतिरिक्त वृत्ति विकासको अवसर जुटाई देशमा बढ्दै गएको युवा बेरोजगार न्यूनीकरण गर्ने सरकारको लक्ष्य प्राप्तिमा सहयोग गर्नु ।

(घ) युवा शक्तिलाई अनुशासित र नैतिकवान् बनाई सक्षम र क्षमतावान् बनाउन मदत गर्नु ।

(ङ) स्वदेशी र वैदेशिक श्रम बजारको आवश्यकता अनुसारको जनशक्ति तयार गरी उनीहरूको आय आर्जनमा अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउनु ।

४. **निर्देशक समितिः** मन्त्रालयबाट सञ्चालन हुने तालिम/प्रशिक्षण कार्यक्रमका सम्बन्धमा आवश्यक समन्वय र निर्देशन लगायतका कार्यका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

| | |
|---|---|
| क) सह सचिव (युवा कार्यक्रम शाखा हेर्ने), युवा तथा खेलकुद मन्त्रालय | संयोजक |
| ख) निर्देशक, घरेलु तथा साना उद्योग विभाग | सदस्य |
| ग) प्रतिनिधि, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | सदस्य |
| घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| ङ) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, तालिम महाशाखा | सदस्य |
| च) मन्त्रालयले तोकेको प्रशिक्षणको क्षेत्रका विशेषज्ञ | सदस्य |
| छ) शाखा प्रमुख, युवा कार्यक्रम शाखा, युवा तथा खेलकुद मन्त्रालय | सदस्य-सचिव |

५. **तालिम/प्रशिक्षणका सम्भावित क्षेत्रहरू:-** तालिम/प्रशिक्षणका सम्भावित क्षेत्रहरू देहाय बमोजिम हुनेछन् :-

(क) क्षमता विकास सम्बन्धी तालिम/प्रशिक्षण

(ख) जीविकोपार्जन सम्बन्धी तालिम/प्रशिक्षण

(ग) व्यावसायिक तालिम/प्रशिक्षण

६. **तालिम प्रदान गर्ने निकाय:-** दफा ५ बमोजिमका तालिम र प्रशिक्षणहरू मन्त्रालय आफैंले वा मन्त्रालयले छनौट गरेका तालिम प्रदायक संस्था/निकायबाट वा मन्त्रालय तथा अन्य सरकारी/गैरसरकारी संस्था बिच हुने सहकार्य/साझेदारी/समन्वयमा सञ्चालन गर्न सकिनेछ।

७. **प्रस्ताव माग गर्न सक्ने:-** मन्त्रालय आफैंले तालिम सञ्चालन गरेका अवस्थामा बाहेक अन्य सरकारी तथा निजी क्षेत्रका संस्था मार्फत तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक संस्था छनौट गर्न मन्त्रालयले कम्तीमा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्नेछ। यसका अतिरिक्त मन्त्रालयले प्रचलित कानुनका अधीनमा रही सरकारी स्वामित्वका तालिम प्रदायक संस्थासँग वार्ता एवं सम्झौता गरी सोझै तालिम सञ्चालन गराउन पनि सक्नेछ।

८. **तालिम प्रदायक संस्थाको योग्यता:-** यस निर्देशिका बमोजिमका तालिमहरू सञ्चालन गर्ने निजी क्षेत्रका तालिम प्रदायक संस्थाले देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ :-

(क) प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्ष व्यावसायिक रूपमा कार्य सञ्चालन गरेको।

(ख) तालिम प्रदायक संस्थाले सम्बन्धित विषयको तालिम सञ्चालन गर्नका लागि सरकारी वा सरकारी स्वामित्व भएको कुनै निकायबाट सम्बन्धन, स्वीकृति वा आबद्धता प्राप्त गरेको।

(ग) स्थायी लेखा नम्बर (PAN) /मू. अ. क. (VAT) मा दर्ता भएको, अघिल्लो आ.व. को लेखा परीक्षण गराएको र नियमित रूपमा कानुन बमोजिम लाग्ने कर चुक्ता गरेको।

(घ) संस्थाको विधान वा प्रबन्ध पत्रको उद्देश्यमा यस्ता प्रकृतिका तालिम सञ्चालन गर्ने भनी स्पष्ट उल्लेख गरेको।

(ङ) संस्थाले तालिम सञ्चालन गर्ने स्थान पूर्वाधारयुक्त र तालिम सञ्चालन हुन सक्ने उपयुक्त वातावरण भएको ।

(च) प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।

९. **तालिम प्रदायक संस्था छनौटका आधारः-** यस निर्देशिका बमोजिमको तालिम सञ्चालन गर्ने संस्था छनौटका लागि प्रकाशित सूचना बमोजिम पर्न आएका प्रस्तावहरूको मूल्याङ्कनको कार्य निर्देशक समितिले गर्नेछ । उक्त समितिले सिफारिस गर्ने आधारहरू देहाय बमोजिम हुनेछन् :-

(क) भौतिक पूर्वाधार (प्रयोगशाला, भवन, आवास, पुस्तकालय, तालिम सामग्री आदि )

(ख) पूर्व अनुभव

(ग) प्रशिक्षकको सङ्ख्या, योग्यता, अनुभव

(घ) प्रति प्रशिक्षार्थी लागत

(ङ) प्रशिक्षार्थीलाइ दिइने सेवा, सुविधा

(च) तालिम प्राप्त गरेका प्रशिक्षार्थीको आन्तरिक सीप परीक्षण गर्ने/गराउने प्रावधान

(छ) कार्यक्रम सञ्चालन गर्ने स्थान

(ज) प्रदान गरिने तालिमको समय र अवधि

१०. **प्रशिक्षार्थीको सङ्ख्या निर्धारणः-** तालिम सञ्चालन गर्दा कुनै भौगोलिक क्षेत्रमा प्राथमिकता र विशेष प्राथमिकताको समूहमा परेका युवामध्ये कुनै एक वा एकभन्दा बढी समूहका युवालाई समेट्ने गरी तालिम सञ्चालन गर्न सकिनेछ । तालिम सञ्चालन गर्न प्रशिक्षार्थी छनौट गर्दा छनौट हुने प्रशिक्षार्थी मध्ये कम्तीमा ५० प्रतिशत महिला हुनु पर्नेछ र बाँकीका हकमा उपलब्ध भएसम्म प्राथमिकता र विशेष प्राथमिकता भित्र पर्ने सबै समूहका युवाको प्रतिनिधित्व हुनु पर्नेछ ।

तर यसरी छनौट गर्दा प्राथमिकता र विशेष प्राथमिकता समूहका युवाको आवश्यक सङ्ख्यामा आवेदन पर्न नआएका अवस्थामा प्राथमिकता र विशेष प्राथमिकता प्राप्त समूहभित्र नपरेका अन्य युवालाई तालिममा समावेश गर्न बाधा पर्ने छैन । साथै, प्रशिक्षार्थीको सङ्ख्या निर्धारण गर्दा पाठ्यक्रमले धान्ने सङ्ख्यामा उपलब्ध साधन स्रोत र तालिम सम्बन्धी पूर्वाधार बमोजिम अधिकतम सङ्ख्याको समूह बनाई तालिम सञ्चालन गरिनेछ ।

११. **सूचना प्रकाशन र दरखास्त आह्वानः-** (१) प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई क्षमता विकास तालिममा सहभागी हुनका लागि अवसर प्रदान गर्न सो समूहका इच्छुक उम्मेदवारहरूले कम्तीमा ३० दिनभित्र आवेदन दिन पाउने गरी सम्बन्धित तालिम प्रदायक संस्थामा आवेदन गर्न मन्त्रालयले वा तालिम प्रदायक संस्थाले सार्वजनिक रूपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) दफा १० मा उल्लेख भए अनुसार प्राथमिकता र विशेष प्राथमिकताको समूह भित्र नपरेका अन्य युवालाई तालिममा समावेश गराउनु पर्ने अवस्थामा त्यस्ता इच्छुक युवा उम्मेदवारहरूले कम्तीमा १५

दिनभित्र आवेदन दिन पाउने गरी सम्बन्धित तालिम प्रदायक संस्थामा आवेदन गर्न मन्त्रालय वा सम्बन्धित तालिम प्रदायक संस्था/निकायले सार्वजनिक रूपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

१२. **तालिमका लागि चाहिने न्यूनतम योग्यता तथा सोका लागि इच्छुक उम्मेदवारले आवेदन साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू:-** (१) तालिमका लागि इच्छुक उम्मेदवारले आफ्नो पासपोर्ट साइजको २ प्रति फोटो सहितको व्यक्तिगत विवरण (शैक्षिक योग्यताको लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, पूर्वकार्य अनुभव, आफूसँग भएको सीप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि, आदि) संलग्न गरी अनुसूची-१ मा तोकिएको ढाँचामा  सूचनामा उल्लेख भए बमोजिम आवेदन दिनु पर्नेछ ।

(२) आवेदन दिँदा निज इच्छुक उम्मेदवार प्राथमिकता तथा विशेष प्राथमिकता भित्रको कुन समूहमा पर्ने हो सो समूह खुल्ने गरी सम्बन्धित निकायले प्रमाणित/सिफारिस गरिदिएका कागजातहरू समेत पेस गर्नु पर्नेछ ।

(३) जीविकोपार्जन सम्बन्धी तालिमका लागि सामान्यतया साधारण लेखपढ गर्न सक्ने हुनु पर्नेछ । अन्य तालिमका हकमा सूचनामा उल्लेख भए अनुसारको न्यूनतम योग्यता भएको हुनु पर्नेछ ।

१३. **प्रशिक्षार्थी छनौट प्रक्रिया:** (१) मन्त्रालय आफैंले सञ्चालन गर्ने बाहेक केन्द्रमा सञ्चालन हुने/स्थानीय स्तरमा सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा सहभागी हुनका लागि दरखास्त पेस गर्ने उम्मेदवारको छनौट गर्नका लागि तालिम सञ्चालन हुने जिल्लामा देहाय बमोजिमको प्रशिक्षार्थी छनौट समिति रहनेछ :-

(क) तालिम प्रदायक संस्था/निकायको प्रमुख वा निजले तोकेको वरिष्ठ पदाधिकारी - अध्यक्ष

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित महिला विकास कार्यालयको प्रतिनिधि - सदस्य

(घ) तालिम सञ्चालन हुने नगरपालिकाको अधिकृत स्तरको प्रतिनिधि
वा सम्बन्धित गाउँ विकास समितिको सचिव - सदस्य

(ङ) मन्त्रालयको प्रतिनिधि वा सम्बन्धित जिल्लाको युवा सूचना केन्द्रको प्रमुख - सदस्य सचिव

प्रशिक्षार्थी छनौट समितिको अध्यक्षले सम्बन्धित विषय वा क्षेत्रका विशेषज्ञलाई आवश्यकतानुसार छनौट समितिमा आमन्त्रण गर्न सक्नेछ ।

(२) मन्त्रालय आफैले केन्द्रमा सञ्चालन गर्ने तालिमका हकमा प्रशिक्षार्थी छनौटको कार्य निर्देशक समितिले गर्नेछ । सो कार्यका लागि निर्देशक समितिले आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

१४. **प्रशिक्षार्थी छनौटका आधार:-** छनौट समितिले प्राथमिकता तथा विशेष प्राथमिकताको समूहमा पर्ने वा दफा १० मा भएको प्रावधान अनुरुप त्यस्ता समूहमा नपर्ने युवा मध्ये प्रशिक्षार्थीहरूको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-

(क) आर्थिक र सामाजिक रूपमा विपन्न ।

(ख) सम्बन्धित जिल्ला वा क्षेत्रका दुर्गम क्षेत्र वा स्थानको र केन्द्रमा सञ्चालन हुने प्रशिक्षणका हकमा पनि दुर्गम जिल्लाको ।

(ग) बेरोजगार रहेको ।

(घ) तालिमका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको ।

(ङ) कुनै पूर्व प्रशिक्षण विना नै तालिमसँग सम्बन्धित पेसा गरिरहेको वा गर्न इच्छुक वा सम्बन्धित पेसाको पूर्व अनुभव भई पुनः सो पेसा अपनाउन तत्पर रहेको ।

तर कुनै निश्चित स्थान, जिल्ला, अञ्चल वा विकास क्षेत्रका युवालाई लक्षित गरी सञ्चालन हुने प्रशिक्षणका हकमा प्राथमिकता तथा विशेष प्राथमिकताको समूहमा पर्ने उम्मेदवारबाट तोकिएको समयभित्र आवश्यक सङ्ख्यामा दरखास्त पर्न नआएमा त्यस्ता समूहमा नपर्ने युवाका लागि समेत छनौटका आधार उपरोक्त बमोजिम नै हुने छन् ।

**१५. प्रशिक्षार्थीले पाउने सेवा सुविधाहरू:-** (१) छनौट भएका प्रशिक्षार्थीहरूलाई निःशुल्क तालिम प्रदान गरिनेछ र प्रशिक्षणमा सहभागी भए वापत तालिम प्रदायक संस्थाबाट प्रोत्साहन स्वरूप देहाय बमोजिमको निर्वाह खर्च उपलब्ध गराइनेछ :

(क) तालिम सञ्चालन हुने स्थानदेखि चार कोसभित्रबाट (चार कोसभित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी बसोबास भएका) प्रशिक्षणमा सहभागी भएमा प्रतिसहभागी प्रतिदिन रु. १००।-

(ख) तालिम सञ्चालन हुने स्थानदेखि चार कोसभन्दा बाहिरबाट (चार कोसभित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी बसोबास नभएका) प्रशिक्षणमा सहभागी हुन आएको अवस्थामा प्रतिसहभागी प्रतिदिन रु. ३००।-

(ग) सबै प्रशिक्षार्थीहरूलाई एक पटकका लागि नेपाल सरकारले तोकेको न्यूनतम द्वितर्फी (आतेजाते) बस भाडा ।

(२) कुनै प्रशिक्षार्थी तालिम सञ्चालन हुने दिन अनुपस्थित भएमा यस्तो अनुपस्थित भएको अवधिको प्रोत्साहन खर्च र निर्वाह खर्च पाउने छैन । साथै २५ प्रतिशत भन्दा बढी अवधि कुनै प्रशिक्षार्थी तालिममा अनुपस्थित भएमा सम्बन्धित तालिम प्रदायक संस्था/निकायले निजलाई तालिमबाट हटाई मन्त्रालयलाई जानकारी दिनु पर्नेछ । यसरी हटाइएको प्रशिक्षार्थीलाई बस भाडा, प्रोत्साहन खर्च र निर्वाह खर्च उपलब्ध गराइने छैन ।

तर काबु बाहिरको परिस्थितिका कारणले कुनै प्रशिक्षार्थीले प्रशिक्षण पूरा गर्न नसकेका अवस्थामा यस दफा बमोजिमको सुविधा प्रदान गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिमको प्रोत्साहन खर्च बाहेक तालिम सामग्री, प्रशिक्षक लगायत अन्य सुविधा सम्बन्धित तालिम प्रदायक संस्थाले उपलब्ध गराए बमोजिम हुनेछ ।

(४)प्रशिक्षार्थीलाई सम्झौतामा उल्लेख भएको वा यस निर्देशिकामा तोकिए भन्दा बाहेक मन्त्रालयबाट अतिरिक्त सुविधा उपलब्ध हुने छैन। यस सम्बन्धमा तालिम प्रदायक संस्थाले प्रशिक्षार्थीलाई पूर्व जानकारी दिनु पर्नेछ। साथै माथि उल्लेख गरिए बाहेक तालिम प्रदायक संस्थाले आफ्नो स्रोतबाट थप सुविधा उपलब्ध गराउन बाधा पुगेको मानिने छैन।

१६. **प्रशिक्षणको समय र प्रशिक्षार्थीको उपस्थिति:-** तालिम प्रदायक संस्था/निकायले निर्धारण गरेको समयमा र सम्बन्धित तालिम पाठ्यक्रमले तोके बमोजिम प्रशिक्षार्थीले कार्यस्थलमा प्रशिक्षण लिनु पर्नेछ। प्रशिक्षार्थीको उपस्थिति अभिलेख तालिम प्रदायक संस्था/निकायले राख्नु पर्नेछ।

१७. **सम्झौता गर्नु पर्नेः** (१) तालिम सञ्चालन गर्ने कार्यका लागि मन्त्रालय र तालिम प्रदायक संस्था/निकाय बिच अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) सम्बन्धित तालिम प्रदायक संस्थाले प्रशिक्षार्थीसँग तालिम कार्यक्रम सञ्चालन हुनु अगावै तालिममा सहभागी हुँदा प्रशिक्षार्थीले पाउने सुविधा र तालिमको अवधिमा निजले पालना गर्नुपर्ने कर्तव्य तथा आचरण सम्बन्धी  सर्तहरू समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेछ। सम्झौताको ढाँचा अनुसूची-३ मा तोकिए बमोजिम हुनेछ। सोका अतिरिक्त दुवै पक्षको आपसी सहमतिमा सम्झौता पत्रमा थप बुँदाहरू समावेश गर्न सकिनेछ।

१८. **तालिम प्रदायक संस्थाको भूमिका:-** (१) प्रशिक्षार्थीको वैयक्तिक विवरण लगायत सम्पूर्ण अभिलेख व्यवस्थापनको कार्य  तालिम प्रदायक संस्था/निकायले गर्नु पर्नेछ। प्रशिक्षार्थीहरूलाई प्रोत्साहन खर्च स्वरूप उपलब्ध गराइने रकम तालिम प्रदायक संस्था/निकायले सम्बन्धित प्रशिक्षार्थीलाई बुझाई सोको भरपाई राख्नु पर्नेछ।

(२) तालिम प्रदायक संस्था/निकायले तालिम कार्यक्रमको आवधिक प्रगति प्रतिवेदन, सहभागीहरूको हाजिरी, प्रशिक्षार्थीहरूसँग गरिएको सम्झौताको प्रति, रकम बुझाएको भरपाई र अन्य आवश्यक कागजातहरू मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(३) कार्यक्रमसँग सम्बन्धित कागजातहरू सुरक्षित राख्ने जिम्मेवारी सम्बन्धित तालिम प्रदायक संस्था/निकायको हुनेछ।

(४) तालिम/प्रशिक्षण सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालय समक्ष आवश्यक निर्देशन माग गर्नु पर्नेछ। यस सम्बन्धमा निर्देशक समितिले आवश्यक निर्देशन दिन सक्नेछ।

(५) तालिम/प्रशिक्षण समाप्त भएपश्चात् सहभागी प्रशिक्षार्थीहरूबाट सङ्कलित व्यक्तिगत मूल्याङ्कन विवरण फारामहरू र प्रगति विवरण सहितको अन्तिम प्रतिवेदन सम्बन्धित संस्थाले मन्त्रालयमा पठाउनु पर्नेछ।

१९. **तालिमको अवधि र प्रमाणपत्र:-** (१) व्यावसायिक र जीविकोपार्जन सम्बन्धी तालिम ३५ दिनभन्दा बढी अवधि भएको अवस्थामा सहभागी प्रशिक्षार्थीहरूमा तालिम पश्चात् भएको क्षमता अभिवृद्धिको स्तर मूल्याङ्कन गर्नका लागि तालिम प्रदायक संस्थाले नेपाल सरकारले मान्यता दिएको संस्था/निकायबाट सीप परीक्षण गराउनु पर्नेछ।

(२) ३५ दिनभन्दा बढी अवधिको सीप परीक्षण गराउनु पर्ने प्रकृतिको तालिमका सम्बन्धमा प्रशिक्षार्थीले सिकेको विषय र सोको स्तर उल्लेख गरी सम्बन्धित तालिम प्रदायक संस्था/निकायले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

२०. **अनुगमनः-** (१) तालिम कार्यक्रमको अनुगमन मन्त्रालयले खटाएको व्यक्ति वा निकायले गर्नेछ। अनुगमन कर्ताले अनुगमन प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(२) अनुगमन कर्ताले अनुगमनका सिलसिलामा हेर्न चाहेको विवरण उपलब्ध गराउनु सम्बन्धित तालिम प्रदायक संस्था/निकायको कर्तव्य हुनेछ। तालिम प्रदायक संस्था/निकायले अनिवार्य रूपमा कार्यक्रम स्थलमा अनुगमन पुस्तिका राख्नु पर्नेछ र अनुगमन कर्तालाई आफ्नो टिप्पणी उक्त पुस्तिकामा लेख्न लगाउनु पर्नेछ ।

(३) अनुगमन कर्ताले अनुगमनका सिलसिलामा तालिम प्रदायक संस्था/निकायलाई आवश्यक निर्देशन दिन सक्ने र सोको पालना सम्बन्धित तालिम प्रदायक संस्था/निकायले गर्नु पर्नेछ। तर, यसरी निर्देशन दिनुपर्ने कुनै गम्भीर विषय भए अनुगमन कर्ताले निर्देशन दिनु अगावै निर्देशक समितिका संयोजकलाई सोको जानकारी गराउनु पर्नेछ ।

२१. **तालिम पाठ्यक्रमः-** क्षमता विकास तालिम अन्तर्गत पर्ने विविध प्रकृतिका तालिमहरू यस प्रकृतिको तालिम प्रदान गर्ने सरकारी स्वामित्वका निकायको स्वीकृत पाठ्यक्रम अनुसार सञ्चालन गरिनेछ। त्यस्तो पाठ्यक्रम उपलब्ध नभएमा वा स्वीकृत पाठ्यक्रममा परेका विषयहरू बाहेक अन्य विषयवस्तुहरू समेत यस प्रकृतिको तालिममा समावेश गर्न आवश्यक देखिएमा मन्त्रालय आफैं वा यस प्रकृतिको तालिम सञ्चालन गर्ने सरकारी स्वामित्वका निकायहरूसँगको परामर्शमा पाठ्यक्रम तयार गरी/गराई लागू गर्न सक्नेछ ।

२२. **आर्थिक व्यवस्थापनः**

(१) १५ दिनसम्मको तालिमका लागि कुल रकमको ७५ प्रतिशत रकम पेस्कीका रूपमा तालिम प्रदायक संस्था/निकायलाई उपलब्ध गराउन सकिनेछ ।

(२) १५ दिनभन्दा बढी अवधिको तालिमका हकमा ५० प्रतिशत रकम पेस्कीका रूपमा तालिम प्रदायक संस्था/निकायलाई उपलब्ध गराउन सकिनेछ र बाँकी रकम सम्पूर्ण विवरण/कागजात सहितको अन्तिम प्रतिवेदन प्राप्त भएपछि भुक्तानी गरिनेछ।

तर काबु बाहिरको परिस्थिति उत्पन्न भई मन्त्रालयको निर्देशनमा यस्तो तालिम कार्यक्रम केही समयका लागि पर सार्नु वा रद्द गर्नु परेमा यस्तो भुक्तानी वा आर्थिक व्यवस्थापन सम्बन्धी विषय आपसी सहमतिबाट निर्धारण गर्न सकिनेछ। यस विषयमा आपसी सहमतिबाट निर्धारण गर्न नसकिएमा वा सम्झौताका पक्षहरू मध्ये एक पक्षले यस्तो आपसी सहमति गर्न अस्वीकार गरेमा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

(३) तालिममा सहभागी प्रशिक्षार्थीहरूको सीप परीक्षण गर्दा परीक्षणमा ५० देखि ७५ प्रतिशतसम्म अनुत्तीर्ण भएमा ५ प्रतिशत र सोभन्दा माथि अनुत्तीर्ण भएमा १० प्रतिशत रकम घटाएर मात्र तालिम प्रदायक संस्थालाई भुक्तानी दिइनेछ ।

**२३. विविधः**

(१) यस निर्देशिकाको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यकता अनुसार  कार्यविधि बनाई लागू गर्न सक्नेछ र निर्देशिकामा उल्लेख गरिए बाहेकका अन्य कुराहरूका हकमा कार्यविधिले तोके बमोजिम हुनेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै अस्पष्टता भएमा मन्त्रालयले स्पष्ट पारी आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्देशनको पालना गर्नु तालिम प्रदायक संस्था एवं प्रशिक्षार्थी सबैको कर्तव्य हुनेछ ।

**अनुसूची- १**

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>दरखास्तको ढाँचा</u>**

आवेदकको पासपोर्ट साइजको फोटो

श्री ............................

त्यस मन्त्रालय/निकाय/संस्थाबाट सञ्चालन गरिने प्राथमिकता तथा विशेष प्राथमिकताका समूहका युवाहरूका लागि क्षमता विकास कार्यक्रम अर्न्तगत ....................................... तालिममा सहभागी हुन इच्छा भएकाले मेरो निम्न व्यक्तिगत विवरण र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लगायतका कागजातहरू यसैसाथ संलग्न गरी यो निवेदन पेस गरेको/गरेकी छु ।

**व्यक्तिगत विवरण**

१) निवेदकको नाम, थरः-

२) ठेगानाः-

(क) स्थायी :-

(ख) अस्थायी :-

(ग) सम्पर्क नम्बरः-

३) शैक्षिक योग्यताः-

४) उमेरः-

५) लिङ्गः-

६) विवाहित/अविवाहित/एकल :-

७) पेसाः-

८) परिवार सङ्ख्याः-

९) परिवारको पेसाः-

१०) तालिमपछि व्यवसायमा लगानी गर्न सक्ने/नसक्नेः-

११) यसअघि कुनै तालिम लिए/नलिएकोः-

लिएको भए

११.१ तालिम दिने संस्था/कार्यालयको नामः-

११.२ तालिम विना कुनै सीप जानेको भए उल्लेख गर्नेः-

११.३ तालिमको अवधिः-

११.४ तालिम प्राप्त सीपको सदुपयोग भए/नभएकोः-

१२. यो तालिम आवश्यक पर्नुको कारणः-

१३. प्राथमिकता/विशेष प्राथमिकताको समूह अन्तर्गत कुन समूहका लागि आवेदन दिएको हो खुलाउनेः-

तालिम पश्चात् तालिम लिएको विषय अनुसारको व्यवसाय सञ्चालन गर्ने दृढ निश्चय गरेको छु। उल्लिखित विवरण ठिक दुरुस्त छन्।

संरक्षकको नाम, थरः-

................................

नाताः-

आवेदकको दस्तखत

मितिः-

## अनुसूची-२

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

युवा तथा खेलकुद मन्त्रालय र तालिम प्रदायक संस्था बिचको सम्झौता पत्र

युवा तथा खेलकुद मन्त्रालय (यसपछि “पहिलो पक्ष” भनिएको) र ..................................... ........................................... ...(यस पछि “दोस्रो पक्ष” भनिएको) बिचमा युवा तथा खेलकुद मन्त्रालयद्वारा सञ्चालन हुने...................................तालिम कार्यान्वयनका सम्बन्धमा निम्न सर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्रमा सहीछाप गरी एक/एक प्रति लियौँ/दियौँ।

**तपसिल**

(१) दोस्रो पक्षले तोकिएको स्थानमा दरखास्त दिन सक्ने गरी पहिलो पक्ष/दोस्रो पक्षले राष्ट्रिय स्तर/स्थानीय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गर्नेछ।

(२) प्रकाशित सूचनाका आधारमा पर्न आएका दरखास्त मध्ये क्षमता विकास तालिम कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका,२०६९ को दफा १३ बमोजिम उम्मेदवार छनौट गरी छनौट भएका उम्मेदवारहरूको नामावली सहितको जानकारी दोस्रो पक्षले पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

(३) पहिलो पक्षले दोस्रो पक्षलाई प्रशिक्षण सञ्चालन गरे वापत प्रशिक्षार्थीहरूको प्रोत्साहन खर्च, प्रशिक्षार्थीलाई कार्यस्थल, तालिम सामग्री, प्रशिक्षक खर्च लगायतका अन्य सुविधा आदिका लागि प्रदान गरिने रकमको ७५/५० प्रतिशत रकम पेस्की स्वरूप उपलब्ध गराउनेछ। बाँकी रकम अन्तिम प्रतिवेदन पेस भएपछि सोका आधारमा भुक्तानी दिइनेछ।

(४) उपर्युक्त बमोजिमको प्रोत्साहन खर्च वापतको रकम प्रशिक्षार्थीलाई बुझाएको विवरण दोस्रो पक्षले पहिलो पक्षलाई प्रशिक्षण समाप्त भएको १५ दिनभित्रमा उपलब्ध गराउनु पर्नेछ र सीप परिक्षण गराउनु पर्ने भए सीप परीक्षणमा सहभागी भए पश्चात् मात्र प्रोत्साहन खर्च प्रदान गर्नु पर्नेछ।

(५) तालिम सञ्चालनका क्रममा आवश्यक पर्ने तालिम सामग्री, प्रशिक्षण खर्च लगायत अन्य खर्चहरू दोस्रो पक्षले व्यवस्था गर्नु पर्नेछ।

(६) कार्यक्रम सञ्चालनका सन्दर्भमा कुनै अस्पष्टता भएमा दुवै पक्षको सामूहिक छलफलबाट टुङ्ग्याइनेछ।

(७) क्षमता विकास तालिम कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिकाको पालना गर्नु गराउनु दुवै पक्षको दायित्व हुनेछ।

(८) यो सम्झौतामा उल्लिखित कुराहरूको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ।

(९) सीप परीक्षणमा प्रशिक्षार्थी सहभागीहरूमध्ये ५० देखि ७५ प्रतिशतसम्म अनुत्तीर्ण भएमा ५ प्रतिशत र सोभन्दा माथि अनुत्तीर्ण भएमा १० प्रतिशत रकम कट्टा गरी बाँकी रकम दोस्रो पक्षलाई उपलब्ध गराइनेछ।

सहभागी सङ्ख्याः- .........

कुल रकमः- ..............................................................

| **पहिलो पक्षका तर्फबाट** | **दोस्रो पक्षका तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको नाम :- युवा तथा खेलकुद मन्त्रालय | कार्यालयको नाम :- |
| कार्यालयको छाप :- | कार्यालयको छाप :- |

इति संवत् ......... साल ................महिना .............गते रोज...... शुभम्।

## अनुसूची-३

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

<u>तालिम प्रदायक संस्था र प्रशिक्षार्थी बिचको सम्झौता पत्रको नमूना</u>

.................................................................................................................. (यसपछि "पहिलो पक्ष" भनिएको) र ........................................................ जिल्ला ..............................न.पा./गा.वि.स, वडा नं. ...................... बस्ने वर्ष .......को श्री ...................................... .....................(यस पछि "दोस्रो पक्ष" भनिएको) बीचमा युवा तथा खेलकुद मन्त्रालयद्वारा सञ्चालन हुने ............................................. तालिम...........कार्यान्वयनका सम्बन्धमा निम्न सर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्रमा सहीछाप गरी एक/एक प्रति लियौं/दियौं ।

**<u>तपसिल</u>**

(१) पहिलो पक्षले प्रोत्साहन खर्च स्वरुप युवा तथा खेलकुद मन्त्रालयद्वारा तोकिएको रू. /- (अक्षरेपी रू. मात्र) एक पटकका लागि द्वितर्फी न्यूनतम बस भाडा दोस्रो पक्षलाई उपलब्ध गराउनेछ। तर अनुपस्थित भएका दिनको प्रोत्साहन खर्च उपलब्ध हुने छैन ।

(२) पहिलो पक्षले तोके बमोजिम दोस्रो पक्षले प्रशिक्षण लिनु पर्नेछ। प्रशिक्षार्थीको उपस्थिति अभिलेख पहिलो पक्षले राख्नेछ ।

(३) २५ प्रतिशतभन्दा बढी अवधि प्रशिक्षार्थी अनुपस्थित भएमा पहिलो पक्षले दोस्रो पक्षलाई हटाउन सक्नेछ। यसरी हटाइएको जानकारी पहिलो पक्षले मन्त्रालय र सम्बन्धित प्रशिक्षार्थीलाई दिनेछ।

(४) दोस्रो पक्षले प्रशिक्षण अवधिभर सार्वजनिक विदाबाहेक अन्य कुनै विदाहरु पाउने छैन ।

(५) पहिलो पक्षले दोस्रो पक्षलाई प्रोत्साहन खर्चका अतिरिक्त तालिम सामग्री, प्रशिक्षक लगायत अन्य सुविधा उपलब्ध गराउनेछ ।

(६) दोस्रो पक्षले तालिम प्रदायक संस्थाको नीति नियम, निर्देशिका र आचार संहितालाई पूर्ण रूपले पालना गर्नु पर्नेछ ।

(७) यो सम्झौतामा उल्लिखित कुराहरुको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ ।

| <u>पहिलो पक्षका तर्फबाट</u> | <u>दोस्रो पक्षका तर्फबाट</u> |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | ठेगानाः- |
| कार्यालयको नाम :- | नागरिकता प्रमाणपत्र नं.:- |

**इति संवत् ........ साल ...............महिना............गते रोज ......... शुभम् ।**

# युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका–२०७०

## (नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट मिति २०७०।०१।२९ मा स्वीकृत)

**प्रस्तावना :** युवाहरूको ज्ञान, सीप र क्षमता विकासका लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध उपयोगी सूचनाहरू युवा सूचना केन्द्र मार्फत प्रभावकारी रूपमा सङ्कलन, व्यवस्थापन तथा प्रवाह गर्ने एवं त्यस्ता सूचना सामग्रीहरूको अधिकतम उपयोग गर्न युवाहरूलाई अभिप्रेरित गरी उनीहरूको सर्वाङ्गीण विकासमा सघाउ पुऱ्याउने उद्देश्यले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम 'युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका- २०७०' रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, –

(क) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ख) "युवा सूचना केन्द्र" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयद्वारा जिल्लाहरूमा स्थापना गरिएको युवा सूचना केन्द्र सम्झनु पर्छ र यो शब्दले नमुना युवा सूचना केन्द्रलाई समेत जनाउनेछ ।

(ग) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ विकास समिति सम्झनु पर्छ ।

(घ) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका सरकारी वा गैर-सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था सम्झनु पर्छ ।

### परिच्छेद-२

### युवा सूचना केन्द्र तथा नमुना युवा सूचना केन्द्र सम्बन्धी व्यवस्था

३. **युवा सूचना केन्द्रको व्यवस्था :** मन्त्रालयले प्रत्येक जिल्लामा युवा सूचना केन्द्र स्थापना गर्न सक्नेछ ।

४. **युवा सूचना केन्द्रमा रहने पूर्वाधार :** जिल्लामा स्थापित युवा सूचना केन्द्रमा स्रोत साधनको उपलब्धताका आधारमा देहाय अनुसारका पूर्वाधारहरूको व्यवस्था गर्न सकिनेछ :

(क) कार्यकक्ष ।

(ख) कम्प्युटर, टेलिफोन, फोटोकपी, फ्याक्स ।

(ग) कम्तीमा दुई वटा राष्ट्रिय स्तरका दैनिक पत्रिका नियमित रूपमा उपलब्ध हुने व्यवस्था ।

(घ) पुस्तकालय ।

५. **नमुना युवा सूचना केन्द्रको व्यवस्थाः** (१) मन्त्रालयले जिल्लामा स्थापना गरेका युवा सूचना केन्द्रहरू मध्येबाट देहायका पूर्वाधार पूरा गरेका युवा सूचना केन्द्रलाई नमुना युवा सूचना केन्द्र तोक्न सक्नेछ

(क) इन्टरनेट सेवा ।

(ख) २ वा सोभन्दा बढी राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकाहरू नियमित रूपमा उपलब्ध हुने व्यवस्था

(ग) युवाहरूका लागि शारीरिक तन्दुरुस्ती र सङ्गीतका साधन एवं खेल सामग्री ।

(घ) सूचना अपलोड र डाउनलोड गर्न सक्ने सफ्टवेयरको व्यवस्था ।

(२) नमुना युवा सूचना केन्द्रका लागि मन्त्रालयले आवश्यकतानुसार स्वयंसेवक एवम् अन्य जनशक्तिको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-३

## निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **निर्देशक समितिः** (१) युवा सूचना केन्द्रको व्यवस्थापन, समन्वय तथा निर्देशन समेतका लागि देहायका सदस्यहरू रहेको एक युवा सूचना केन्द्र निर्देशक समिति रहनेछ :–

| | |
|---|---|
| क) महाशाखा प्रमुख, युवा तथा प्रशासन महाशाखा, युवा तथा खेलकुद मन्त्रालय | अध्यक्ष |
| ख) प्रतिनिधि,सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| घ) विभागीय प्रमुख स्तरको प्रतिनिधि, राष्ट्रिय खेलकुद परिषद् | सदस्य |
| ङ) युवासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्संस्था मध्येबाट मन्त्रालयले तोकेका ३ जना प्रतिनिधि | सदस्य |
| च) शाखा प्रमुख, युवा कार्यक्रम शाखा, युवा तथा खेलकुद मन्त्रालय | सदस्य-सचिव |

२) युवा सूचना केन्द्रको निर्देशक समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

३) निर्देशक समितिले आवश्यकतानुसार सम्बन्धित व्यक्ति वा संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४) युवा सूचना केन्द्र निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **निर्देशक समितिका काम, कर्तव्य र अधिकारः** युवा सूचना केन्द्र निर्देशक समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :–

क) युवा सूचना केन्द्रको सञ्चालन तथा व्यवस्थापन बारे मन्त्रालयलाई राय सुझाव उपलब्ध गराउने ।

ख) युवा सूचना केन्द्रलाई आवश्यक पर्ने सूचना प्राप्ति र आदान-प्रदान गर्न सरकारी निकाय एवम् अन्य सङ्घ/संस्थाहरूसँग समन्वय गर्ने ।

ग) युवा सूचना केन्द्रबाट कस्तो प्रकृतिको सूचना सङ्कलन तथा प्रवाह गराउने भन्ने सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने ।

घ) युवा सूचना केन्द्रमा कार्य गर्ने जनशक्ति तथा स्वयंसेवकको नियुक्ति र परिचालनका लागि मन्त्रालयलाई सुझाव दिने ।

ङ) युवा सूचना केन्द्रलाई युवाका लागि उपयोगी सूचनाहरू निरन्तर उपलब्ध गराउन सहयोग गर्ने ।

च) युवा सूचना केन्द्रको सबलीकरण गर्न वैदेशिक तथा स्थानीय स्रोत साधन एवं प्राविधिक सहयोगको प्राप्ति तथा परिचालनका लागि आवश्यक समन्वय गर्ने ।

छ) युवा सूचना केन्द्रको बजेट तथा कार्यक्रम तयार गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।

ज) युवा सूचना केन्द्रहरूमा आइपरेका समस्याहरू समाधानका लागि मन्त्रालयलाई आवश्यक सुझाव दिने ।

झ) मन्त्रालयबाट तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद ४

## व्यवस्थापन समिति

८. **व्यवस्थापन समिति :** (१) युवा सूचना केन्द्रको व्यवस्थापन गर्न जिल्ला स्तरमा देहाय बमोजिमका सदस्यहरू रहने गरी एक व्यवस्थापन समिति रहनेछ :-

| | |
|---|---|
| क) जिल्ला खेलकुद विकास समितिका अध्यक्ष | अध्यक्ष |
| ख) जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि | सदस्य |
| ग) जिल्ला विकास समितिको कार्यालयका प्रतिनिधि | सदस्य |

घ) जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि सदस्य

ङ) युवा सूचना केन्द्र रहेको स्थानको नगरपालिका वा गा.वि.स. को प्रतिनिधि सदस्य

च) युवासँग सम्बन्धित गैर-सरकारी सङ्घसंस्थाहरू मध्येबाट कम्तीमा एक जना महिला समेत पर्ने गरी समितिले तोकेका ३ जना युवा प्रतिनिधि सदस्य

छ) स्थानीय तहमा सरकारी स्तरमा सञ्चालित अन्य सूचना केन्द्रहरू भए सो केन्द्रहरू मध्येबाट समितिले तोकेका बढीमा २ जना प्रतिनिधि सदस्य

ज) युवा सूचना केन्द्रको कार्यालय प्रमुख सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम युवा प्रतिनिधि छनौट गर्दा युवा सूचना केन्द्र सञ्चालनका लागि मन्त्रालयसँग सहकार्य गर्ने सम्बन्धित संस्थाका एक जना प्रतिनिधिलाई व्यवस्थापन समितिमा प्रतिनिधित्व गराउनु पर्नेछ ।

(३) युवा सूचना केन्द्र व्यवस्थापन समितिको बैठकमा आवश्यकतानुसार जिल्लामा कार्यरत युवासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) युवा सूचना केन्द्र व्यवस्थापन समितिको सचिवालय सम्बन्धित युवा सूचना केन्द्रमा रहनेछ ।

(५) युवा सूचना केन्द्र व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार** : युवा सूचना केन्द्र व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :–

(क) युवा सूचना केन्द्रको सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

(ख) विभिन्न मन्त्रालय एवं निकायबाट प्राप्त युवासँग सम्बन्धित सूचनाको सङ्कलन, व्यवस्थापन तथा स्थानीय स्तरमा उपलब्ध हुने युवासँग सम्बन्धित सूचनाहरू सङ्कलन तथा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

(ग) स्थानीय स्तरका सरकारी निकायहरू एवं गैरसरकारी संस्थाहरूको सहयोगमा युवा सूचना केन्द्रको सबलीकरण गर्ने कार्यमा सहयोग गर्ने ।

(घ) युवा सूचना केन्द्रलाई सुदृढीकरण गरी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि मन्त्रालय तथा स्थानीय स्तरका सम्बन्धित निकायहरूलाई आवश्यक राय, सुझाव उपलब्ध गराउने ।

(ङ) स्थानीय स्तरमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्था एवम् निकायहरू बिच समन्वय गरी युवा सूचना केन्द्रलाई आवश्यक पर्ने सूचना, स्रोत, साधन र स्वयंसेवक लगायतका जनशक्ति जुटाउन पहल गर्ने ।

(च) मन्त्रालयबाट तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**१०. सल्लाहकार समिति** (१) युवा सूचना केन्द्रको सञ्चालनका लागि आवश्यक मार्गदर्शन गर्न तथा सुझाव, सल्लाह, समन्वय एवं सहयोग पु्र्याउन सम्बन्धित जिल्लामा देहाय बमोजिमका सदस्यहरू रहने गरी एक सल्लाहकार समिति रहनेछ :-

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| ख) स्थानीय विकास अधिकारी | सदस्य |
| ग) जिल्ला शिक्षा अधिकारी | सदस्य |
| घ) कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय | सदस्य |
| ङ ) युवा सूचना केन्द्र रहेको नगरपालिकाका कार्यकारी अधिकृत | सदस्य |
| च) कार्यालय प्रमुख, महिला तथा बालबालिका कार्यालय | सदस्य |
| छ) नेपाल पत्रकार महासङ्घको जिल्लास्थित कार्यालयका प्रतिनिधि | सदस्य |
| ज) सम्बन्धित जिल्ला उद्योग वाणिज्य सङ्घका प्रतिनिधि | सदस्य |

(२) युवा सूचना केन्द्रको कार्यालय प्रमुखले सल्लाहकार समितिको सचिवको कार्य गर्नेछ ।

(३) समितिको बैठक आवश्यकतानुसार अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(४) सल्लाहकार समितिको सचिवालय युवा सूचना केन्द्रमा रहनेछ ।

## परिच्छेद ५

## मन्त्रालय, युवा सूचना केन्द्र एवं अन्य निकायहरूका काम, कर्तव्य र अधिकार

**११. युवा तथा खेलकुद मन्त्रालयका काम, कर्तव्य र अधिकारः** युवा सूचना केन्द्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालयका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

क) युवा सूचना केन्द्रहरू सञ्चालनका लागि आवश्यक नीति, नियम, निर्देशिका तर्जुमा गर्ने ।

ख) युवा सूचना केन्द्रका लागि सहयोग गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरूसँग सहकार्यका लागि आवश्यक कार्य गर्ने ।

ग) युवा सूचना केन्द्रको सञ्चालनका लागि सहयोग गर्ने सङ्संस्था एवम् निकायहरू बिच समन्वय गरी आवश्यक स्रोत र जनशक्ति जुटाउने ।

घ) दफा ५ मा उल्लिखित पूर्वाधार भएका युवा सूचना केन्द्रलाई नमुना युवा सूचना केन्द्र तोक्ने ।

ङ) युवा सूचना केन्द्रहरूलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

च) युवा सूचना केन्द्र सञ्चालनका लागि अन्य मन्त्रालय तथा निकायहरूसँग समन्वय गर्ने ।

छ) युवा सूचना केन्द्रहरूको रेखदेख, अनुगमन र मूल्याङ्कन गर्ने ।

ज) मूल्याङ्कन सूचकाङ्कका आधारमा उत्कृष्ट युवा सूचना केन्द्र छनौट गरी पुरस्कृत गर्ने ।

झ) युवा सूचना केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्य गर्ने ।

१२. **राष्ट्रिय खेलकुद परिषद्का काम, कर्तव्य र अधिकार :** युवा सूचना केन्द्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा राष्ट्रिय खेलकुद परिषद्का काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

क) युवा सूचना केन्द्रमा समेत कार्य गर्ने गरी जिल्ला खेलकुद विकास समितिमा कर्मचारीहरूको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

ख) मन्त्रालयबाट सूचना केन्द्रहरूलाई पठाइएको कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय एवं सहयोग गर्ने ।

ग) मन्त्रालयले परिषद् मार्फत पठाएको रकम समयमै सम्बन्धित जिल्लाका युवा सूचना केन्द्रहरूमा पठाउने ।

घ) युवा सूचना केन्द्रमा युवाहरूका लागि आवश्यक पर्ने खेल सामग्रीहरू उपलब्ध गराउने ।

ङ) युवा सूचना केन्द्रहरूको सुसञ्चालनका लागि मन्त्रालयलाई राय सुझाव उपलब्ध गराउने ।

१३. **जिल्ला विकास समितिक काम, कर्तव्य र अधिकार :** युवा सूचना केन्द्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा जिल्ला विकास समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

क) यस निर्देशिका र अन्य प्रचलित कानुनका अधीनमा रही जिल्लामा युवा सूचना केन्द्र सञ्चालन एवं सबलीकरणका लागि सहयोग गर्ने ।

ख) जिल्लामा सञ्चालन हुने युवासम्बन्धी कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयनका लागि कार्यरत सरकारी निकाय एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने

ग) युवा सूचना केन्द्रका सञ्चालनका लागि युवाका सरोकारका विषयहरूमा जिल्ला स्तरीय सूचना उपलब्ध गराउन समन्वय गर्ने ।

घ) जिल्लामा रहेका युवाहरूको वस्तुगत विवरण (Youth Profile) तयार गर्न युवा सूचना केन्द्रलाई सहयोग गर्ने ।

ङ) युवा सूचना केन्द्रका लागि अन्य आवश्यक सहयोग उपलब्ध गराउने ।

**१४. युवा सूचना केन्द्रका काम, कर्तव्य र अधिकारः** युवा सूचना केन्द्रका कार्यहरू देहाय बमोजिम हुनेछन्:-

**१) सूचना, तथ्याङ्क एवं जानकारीहरू सङ्कलन र अद्यावधिक गर्ने**

क) जिल्लाभित्रका युवाहरूको शैक्षिक स्तर, स्वास्थ्य, आर्थिक अवस्था लगायतका युवासँग सम्बन्धित विविध पक्षहरू समावेश भएको युवा प्रोफाइल तयार गर्ने ।

ख) युवालाई उपयोगी हुने किसिमका पुस्तक, पत्रपत्रिका, बुलेटिन, जर्नल, प्रोफाइल आदि खरिद एवं सङ्कलन गर्ने ।

ग) इमेल/इन्टरनेट/वेभसाइट आदिका माध्यमबाट युवाहरूका लागि उपयोगी सूचनाहरू सङ्कलन गर्ने ।

घ) स्थानीय स्तरमा युवाहरूको रोजगारी र सीप विकास सम्बन्धी आवश्यकताहरूको तथ्याङ्क सङ्कलन एवं अद्यावधिक गर्ने ।

ङ) जिल्लास्थित सरकारी तथा अन्य सङ्घसंस्थाहरूबाट सञ्चालन हुने युवा लक्षित कार्यक्रमहरूको विवरण सङ्कलन गर्ने ।

च) युवाहरूको आवश्यकताको पहिचान गर्न सहयोग पुऱ्याउने ।

**२) सूचना, तथ्याङ्कमा युवाको पहुँच वृद्धि एवं प्रचार–प्रसार सम्बन्धी कार्य**

क) सङ्कलित सूचना, तथ्याङ्क एवं जानकारीहरू अध्ययनका लागि सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाउने ।

ख) युवाहरूले टेलिफोन, इमेल लगायतका माध्यमबाट माग गरेका जानकारी, सूचना एवं तथ्याङ्कहरू उपलब्ध भएसम्म निर्धारित प्रक्रिया बमोजिम उपलब्ध गराउने ।

ग) सूचनापाटीको व्यवस्था गर्ने ।

घ) वेभसाइट वा मन्त्रालयबाट निर्माण गरिएको युवा सूचना प्रणाली (Youth Information System) को उपयोग गर्ने ।

ङ) जिल्लास्थित वा नजिकका सञ्चार माध्यमहरू (रेडियो, एफ.एम., पत्रपत्रिका, स्थानीय टी. भी. आदि) सँग समन्वय गरी युवा सम्बन्धी सूचना एवं जानकारीहरू प्रवाह तथा प्रचार–प्रसार गर्ने व्यवस्था मिलाउने ।

च) नागरिकता, राहदानी, नाता प्रमाणित, व्यक्तिगत घटना दर्ता, जग्गा नामसारी, सवारी चालक अनुमति पत्र लिने लगायतका सरकारी निकायहरूबाट प्रवाह हुने सेवाहरूका बारेमा जानकारी प्रदान गर्ने ।

छ) शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, प्रशिक्षण, तालिम आदि विषयमा प्राप्त भएका सूचना एवं जानकारी उपलब्ध गराउने ।

ज) विभिन्न निकायहरूबाट सञ्चालन गरिने युवा लक्षित कार्यक्रम बारे जानकारी प्रवाह गर्ने ।

३) **तालिम प्रशिक्षण सम्बन्धी सेवा**

क) मन्त्रालयले तोके बमोजिमका तालिम, प्रशिक्षण कार्यक्रमहरूको सञ्चालन गर्ने वा सञ्चालनमा आवश्यक सहयोग गर्ने ।

ख) युवा स्वंयसेवकका लागि आवश्यक तालिमहरू प्रदान गरी उनीहरूलाई विभिन्न कार्यक्रममा सहभागी हुन उत्प्रेरित गर्ने ।

४) **सहभागिता र समन्वय**

क) मन्त्रालयबाट स्थानीय स्तरमा सञ्चालन हुने कार्यक्रमहरू (जस्तै स्थानीय युवा साझेदारी, युवा अनुभव आदानप्रदान आदि) सञ्चालनमा स्थानीय स्तरमा समन्वय र सहयोग पुऱ्याउने ।

ख) स्थानीय स्तरमा अन्तर्राष्ट्रिय युवा दिवस लगायतका युवा लक्षित कार्यक्रम सम्पन्न गर्नका लागि सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय गर्ने ।

ग) जिल्लास्थित सरकारी तथा अन्य सङ्घसंस्थाहरूबाट सम्पादन हुने युवा सम्बन्धी कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गर्न त्यस्ता कार्यक्रमहरूमा युवाहरूको सहभागिता वृद्धिको पहल गर्ने ।

५) **युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने**

क) आफूले सञ्चालन गर्ने कार्यको योजना, बजेट एवं सञ्चालन गर्ने कार्यक्रमको कार्य योजना समेत तयार गरी मन्त्रालयमा पेस गर्ने ।

ख) युवासँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्नका लागि प्रभावकारी कार्यक्रमहरू तयार पारी स्थानीय स्रोत, साधनको सङ्कलन तथा परिचालन गर्दै कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ग) मन्त्रालयबाट तोकिएका अवस्थामा स्थानीय युवा साझेदारीका साथै तोकिएका अन्य कार्यक्रमहरू सञ्चालन गर्ने ।

घ) युवा, युवा संस्था र सूचना केन्द्रको सञ्जाल (Network) बनाई युवा सम्बन्धी विषयमा अन्तर्क्रिया गर्ने गराउने ।

ङ) युवासँग सरोकार राख्ने विषयवस्तुहरूमा छलफल, सेमिनार, गोष्ठी, कार्यशाला, प्रवचन आदि कार्यक्रमहरू गर्ने/गराउने ।

६) **अन्य**

क) मन्त्रालय र सल्लाहकार समितिद्वारा दिइएको निर्देशन एवम् मार्गदर्शन अनुसार अन्य कार्यहरू गर्ने ।

ख) माथि उल्लिखित कार्यहरूका अतिरिक्त युवा सूचना केन्द्रहरूले स्थानीय स्तरमा परिच्छेद ७ मा तोकिए बमोजिम आय आर्जन र सो आयबाट प्राप्त रकम खर्च गर्न सक्नेछ ।

ग) युवा सूचना केन्द्रले केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्य गर्न सक्नेछ ।

घ) युवा सूचना केन्द्रमा कार्यरत जनशक्ति परिचालन सम्बन्धी कार्य युवा सूचना केन्द्रले गर्न सक्नेछ ।

उपर्युक्त काम, कर्तव्य र अधिकारहरूका अतिरिक्त नमुना युवा सूचना केन्द्रका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछन् :–

(क) सामाजिक, सांस्कृतिक, वातावरणीय, कृषि तथा प्रविधिको संरक्षण, संवर्द्धन तथा विकासका लागि युवाको भूमिका प्रवर्द्धन गर्ने ।

(ख) स्थानीय रूपमा युवा महोत्सवको आयोजना गर्ने ।

(ग) युवाका लागि सकारात्मक सोच, सृजनशीलता र जीवनोपयोगी सीप अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) युवाहरूका लागि शारीरिक तन्दुरुस्ती, सङ्गीतका साधन र खेल सामग्रीहरूको व्यवस्था गर्ने ।

(ङ) युवाका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएका प्रतिष्ठित विज्ञ तथा आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरेका सफल युवाहरूलाई समय समयमा आमन्त्रित गरी प्रवचन तथा छलफलका कार्यक्रमहरू आयोजना गर्ने ।

(च) दैवी प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धमा युवाहरूमा जागरण ल्याउने कार्यक्रमहरू सञ्चालन गर्ने ।

(छ) युवा सम्बन्धी उपलब्ध सूचनाहरू वेभसाइटमा राखी आफ्नो तथा जिल्ला विकास समितिको सूचना पाटीमा समेत नियमित रूपमा टाँस गर्ने ।

(ज) युवा सूचना केन्द्रप्रति युवाहरूको अपनत्व बढाउन युवा सूचना केन्द्र र युवासँग सम्बन्धित सङ्घ संस्थाहरू बिच सञ्जाल (नेटवर्किङ्ग) स्थापना गर्न सहयोग गरी यस्तो सञ्जालसँग आबद्ध संघ संस्थाहरूग कम्तीमा वर्षको एकपटक अन्तर्क्रिया गर्ने ।

(झ) पुस्तकालय तथा अध्ययन कक्षलाई युवाहरूका हितमा हुने गरी नियमित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ञ) अन्य सूचना केन्द्रसँग समन्वय गर्दै युवासँग सम्बन्धित सूचनाहरू सङ्कलन र अभिलेख तयार गर्ने ।

(ट) आफूले सञ्चालन गरेका कार्यक्रमको विवरण आवधिक रूपमा सार्वजनिकीकरण गर्ने ।

(ठ) मन्त्रालयले तोकेका अन्य कार्यहरू गर्ने ।

१५. **सङ्घ, संस्था एवं अन्य निकायहरूका काम, कर्तव्य**: युवा सूचना केन्द्रलाई सहयोग गर्ने गैरसरकारी सङ्घ, संस्थाहरूका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

क) युवा सूचना केन्द्रद्वारा सञ्चालित कार्यक्रमहरूमा सहभागी हुने ।

ख) युवा सूचना केन्द्रसँग समन्वय गरी युवासँग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि यस निर्देशिका र अन्य प्रचलित कानुनका अधीनमा रही साझेदार संस्थाका रूपमा काम गर्ने ।

ग) उपलब्ध र परिचालन भएका आर्थिक लगायत अन्य स्रोत, सामग्री तथा जनशक्तिलाई नेपाल सरकारका निकायहरूसँग समन्वय गरी युवा सूचना केन्द्रको विकास र विस्तारमा उपयोग गर्ने ।

घ) युवा सूचना केन्द्रबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिताका बारेमा अध्ययन तथा अनुसन्धान गरी सुझाव दिने ।

ङ) युवा सूचना केन्द्रद्वारा सञ्चालित कार्यक्रमहरूका बारेमा प्रचार-प्रसार गर्ने ।

च) युवा सूचना केन्द्र र अन्य निकायहरूसँग समन्वय गरी युवा-लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्ने ।

छ) आफूले सञ्चालन गर्ने वा गरेका युवा-लक्षित कार्यक्रमहरूका बारेमा युवा सूचना केन्द्रलाई जानकारी दिने ।

## परिच्छेद ६

## युवा सूचना केन्द्रको जनशक्ति सम्बन्धी व्यवस्था

१६. **जनशक्ति** : युवा सूचना केन्द्रको जनशक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) अन्य व्यवस्था नभएसम्मका लागि राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत सम्बन्धित जिल्लामा रहेको जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखले युवा सूचना केन्द्रको प्रमुखका रूपमा समेत कार्य गर्नेछन् ।

ख) युवा सूचना केन्द्र सञ्चालनका लागि आवश्यकतानुसार स्वयंसेवकको व्यवस्था गर्न सकिनेछ ।

ग) युवा सूचना केन्द्रको जनशक्ति सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ७

## आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. **आर्थिक व्यवस्थापन** : (१) मन्त्रालयले युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि अर्को व्यवस्था नभएसम्म जिल्ला खेलकुद विकास समितिलाई वार्षिक बजेट उपलब्ध गराउन सक्नेछ। यस्तो बजेट युवा सूचना केन्द्रका लागि तोकिएको कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

(२) युवा सूचना केन्द्रले आफूले प्रदान गर्ने सेवाहरू जस्तै फ्याक्स, फोटोकपी, प्रिन्टिङ वा यस्तै प्रकृतिका सेवाहरूमा व्यवस्थापन समितिले तोकेको दरमा सेवा शुल्क लगाउनुका साथै स्थानीय स्तरमा उपलब्ध आफ्नो स्रोत साधन परिचालन मार्फत आय आर्जन गर्न र सोबाट प्राप्त आय सूचना केन्द्रको स्वीकृत कार्यक्रममा खर्च गर्न सक्नेछ ।

तर युवा सूचना केन्द्रले अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट सहयोग लिनु पर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) प्राप्त रकमको प्रचलित कानुन बमोजिम लेखा राख्ने र सो सम्बन्धी विवरण सम्बन्धित निकायहरूमा पठाउने दायित्व युवा सूचना केन्द्रका प्रमुखको हुनेछ ।

१८. **लेखा परीक्षण** : युवा सूचना केन्द्रले आफूले प्राप्त गरेको आन्तरिक र बाह्य स्रोतबाट प्राप्त आय एवं व्ययको प्रचलित कानुन बमोजिम दर्तावाला लेखा परीक्षकबाट नियमित रूपमा लेखा परीक्षण गराई सोको प्रतिवेदन मन्त्रालय एवं अन्य सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

## परिच्छेद ८

## निरीक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१९. **निरीक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था** : युवा सूचना केन्द्रको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय स्तरमा मन्त्रालयले युवा सूचना केन्द्रहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कनको कार्य गर्नेछ ।

(ख) राष्ट्रिय खेलकुद परिषद्ले युवा सूचना केन्द्रहरूको अनुगमन गर्न सक्नेछ ।

(ग) जिल्ला विकास समितिले आफ्नो जिल्लाको युवा सूचना केन्द्रबाट सञ्चालित कार्यक्रमहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

(घ) युवा सूचना केन्द्रको व्यवस्थापन समितिले नियमित रूपमा युवा सूचना केन्द्रबाट सञ्चालित कार्यक्रमहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(ङ) दातृ निकाय एवम् सङ्घसंस्थाहरूले आआफ्नो सहयोगमा सञ्चालन भएका कार्यक्रमहरूको निरीक्षण तथा अुनगमन गर्न सक्नेछन् ।

(च) अनुगमनमा खटिई जाने व्यक्ति एवं निकायहरूले निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन युवा तथा खेलकुद मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

## परिच्छेद ९

## विविध

२०. **प्रतिवेदन पेस गर्नुपर्ने** : युवा सूचना केन्द्रले आफूद्वारा सञ्चालित कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन सम्बन्धित जिल्ला विकास समिति र मन्त्रालयमा पठाउनु पर्नेछ ।

२१. प्रतिनिधि सदस्यको पदावधि : युवा सूचना केन्द्रहरूका लागि यस निर्देशिका बमोजिमका विभिन्न समितिहरूमा रहने पदेन सदस्य बाहेक विभिन्न सङ्घसंस्था आदिबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिको पदावधि बढीमा २ वर्षको हुनेछ ।

२२. **बाधा अड्काउ फुकाउने अधिकार** : यो निर्देशिका कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले स्पष्ट पारी बाधा अड्काउ फुकाउने गरी निर्देशन जारी गर्न सक्नेछ। मन्त्रालयबाट यसरी जारी भएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२३. **निर्देशिकाको संशोधन** : मन्त्रालयले यस निर्देशिकाको आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

२४. **खारेजी र बचाउ** : युवा सूचना केन्द्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०६५ खारेज गरिएको छ । उक्त निर्देशिका बमोजिम भए गरेका काम कारवाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

# राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०

प्रस्तावना : राष्ट्रिय खेलकुद नीति २०६७ को मर्म र भावना अनुरूप खेलकुदको विकासका लागि प्रारम्भिक थलोका रूपमा रहेका विद्यालयहरूलाई केन्द्रबिन्दु बनाई खेलकुद प्रतिभाको खोजी, पहिचान र संरक्षण गर्ने, राष्ट्र निर्माण एवम् राष्ट्रको विकासमा खेलाडीहरूको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने, स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने, विद्यालयहरूमा उत्कृष्ट, अनुशासित र सक्षम खेलाडीहरू तयार गर्ने, विद्यालयहरूमा स्वस्थ प्रतिस्पर्धात्मक विद्यार्थी मैत्री खेलकुद वातावरणको सिर्जना गरी विद्यालय तहमा सञ्चालन हुने खेलकुदका प्रतियोगिताहरूलाई अनुशासित, मर्यादित र व्यवस्थित रूपले सञ्चालन गर्ने उद्देश्यले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले "राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०" जारी गरेको छ ।

## परिच्छेद- १

### प्रारम्भः

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०" रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(ख) "परिषद् " भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनु पर्छ ।

(ग) "क्षेत्रीय खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गतको क्षेत्रीय स्तरको निकायलाई सम्झनु पर्छ ।

(घ) "जिल्ला शिक्षा समिति " भन्नाले जिल्लामा रहेको जिल्ला स्तरीय शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ङ) "जिल्ला खेलकुद विकास समिति " भन्नाले परिषद् अन्तर्गतको जिल्ला स्तरीय निकायलाई सम्झनु पर्छ ।

(च) "राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता" भन्नाले त्यस शैक्षिक सत्रमा कक्षा १० सम्म नियमित अध्ययनरत छात्र/छात्राहरू बिच आ-आफ्नो समूहमा हुने एथ्लेटिक्स, भलिबल, कराँते, तेक्वान्दो र उसु प्रतियोगितालाई सम्झनु पर्छ । जुन प्रतियोगिता जिल्ला, क्षेत्र र केन्द्र स्तरमा सञ्चालन हुनेछ ।

(छ) "निर्वाचन क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता" भन्नाले त्यस शैक्षिक सत्रमा कक्षा १० सम्म नियमित अध्ययनरत छात्र/छात्राहरू बिच आ-आफ्नो समूहमा सम्बन्धित निर्वाचन क्षेत्र स्तरमा हुने अन्तर विद्यालय खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ ।

(ज) "जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता" भन्नाले त्यस शैक्षिक सत्रमा कक्षा १० सम्म नियमित अध्ययनरत छात्र/छात्राहरू बिच आ-आफ्नो समूहमा जिल्ला स्तरमा हुने अन्तर विद्यालय खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ।

(झ) "क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता" भन्नाले जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी भई उत्कृष्ट स्थान हासिल गरी सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरू बिच हुने खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ।

(ञ) "केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता" भन्नाले क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी भई उत्कृष्ट स्थान हासिल गरी सम्बन्धित क्षेत्रीय खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरू बिच हुने खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ।

(ट) "विद्यालय स्तरीय फुटबल र क्रिकेट प्रतियोगिता" भन्नाले कक्षा १० सम्म नियमित अध्ययनरत छात्र/छात्राहरू बिच प्रतियोगिता हुने गरी राष्ट्रिय खेलकुद परिषद्ले सम्बन्धित खेल सङ्घ मार्फत आयोजना गर्ने माध्यमिक विद्यालय स्तरीय फुटबल र क्रिकेट प्रतियोगितालाई सम्झनु पर्छ।

(ठ) "मार्सल आर्ट खेल" भन्नाले कराँते, तेक्वान्दो र उसु खेलहरूलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता

### ३. प्रतियोगिताको आयोजना तथा व्यवस्थापन

(१) जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गर्न जिल्ला शिक्षा समितिका अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरू रहेको जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ। यस समितिको निर्देशन अनुसार जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको आयोजना तथा सञ्चालन जिल्ला खेलकुद विकास समितिबाट हुनेछ। आयोजक समितिमा सम्बन्धित खेलका जिल्ला सङ्घका १/१ जना प्रतिनिधि समेत समावेश गराइनेछ।

(क) जिल्ला शिक्षा समितिका अध्यक्ष - संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी - सदस्य

(ग) जिल्ला शिक्षा अधिकारी - सदस्य

(घ) जिल्ला प्रहरी कार्यालयका प्रमुख - सदस्य

(ङ) जिल्ला खेलकुद विकास समितिका अध्यक्ष - सदस्य

(च) प्रतियोगिता आयोजना गर्ने विद्यालयका प्रधानाध्यापक - सदस्य

(छ) जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरू मध्येबाट जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले मनोनयन गरेका १/१ जना प्रधानाध्यापक - सदस्य

(ज) सम्बन्धित जिल्लामा खेलकुदमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट जिल्ला खेलकुद विकास समितिले मनोनीत गरेका कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

(झ) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख -सदस्य सचिव

### (२) जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिका काम, कर्तव्य र अधिकारहरू

(क) जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन तथा अनुगमन गर्ने।

(ख) निर्वाचन क्षेत्र स्तरीय तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता पूर्वाधारको विकास र व्यवस्था गर्ने ।

(ग) निर्वाचन क्षेत्र स्तरीय तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गर्न उपयुक्त स्थान र समयको छनौट गर्ने ।

(घ) सम्पूर्ण विद्यालयहरूलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने ।

(ङ) राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजना सम्बन्धमा जिल्ला खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिने तथा सो सम्बन्धमा विवाद उत्पन्न भएका अवस्थामा समाधान गर्ने ।

(च) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गर्नेछ ।

(छ) प्रतियोगिता आयोजनामा आवश्यक व्यक्ति र संस्थासँग समन्वय गर्ने ।

**(३) आयोजकका काम, कर्तव्य र अधिकारहरू**

(क) निर्वाचन क्षेत्र तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थित एवं मर्यादित रूपमा सञ्चालन गर्ने ।

(ख) प्रतियोगिताका लागि आवश्यक स्रोत साधन तथा सामग्रीहरू व्यवस्थापन गर्ने ।

(ग) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरू गठन गर्ने ।

(घ) प्रतियोगिताका लागि आवश्यकता अनुसार अन्य निकायहरू तथा व्यक्तिहरूसँग समन्वय गर्ने ।

(ङ) अधिकतम विद्यालयहरू सहभागी गराई सफलता पूर्वक कार्यक्रम सम्पन्न गर्ने ।

(च) निर्वाचन क्षेत्र तथा जिल्ला स्तरीय कार्यक्रम सम्पन्न गरी विजयी खेलाडीहरूलाई क्षेत्र स्तरीय प्रतियोगितामा सहभागी गराउने ।

(छ) जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले दिएका निर्देशनहरू पालन गर्ने ।

**(४) निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिता व्यवस्थापन :-**

४.१ एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लाहरूमा भने सीधै जिल्ला स्तरीय प्रतियोगिता गर्न सकिनेछ भने दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाहरूका हकमा देहायका सदस्यहरू रहने गरी जिल्ला खेलकुद विकास समितिले आफ्ना सदस्यको संयोजकत्वमा प्रत्येक निर्वाचन क्षेत्रमा एक एक वटा आयोजक समिति गठन गरिनेछ ।

(क) जिल्ला खेलकुद विकास समितिले तोकेको समितिको पदाधिकारी वा सदस्य - संयोजक

(ख) सम्बन्धित क्षेत्रमा कार्यरत विद्यालय निरीक्षक - सदस्य

(ग सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्ति - सदस्य

(घ) सम्बन्धित क्षेत्रमा नेपाल प्रहरीको इलाका प्रहरी कार्यालय भएमा सो कार्यालयका प्रमुख/प्रतिनिधि- सदस्य

(ङ) सहभागी हुने विद्यालयहरू मध्येबाट समितिले मनोनयन गरेका २ महिला सहित ६ जना शिक्षक - सदस्य

(च) प्रतियोगिता आयोजना गर्ने विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

४.२ जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताका आयोजकले निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिताहरू सञ्चालन गरी देहाय बमोजिमका खेलाडी तथा टोलीलाई जिल्ला स्तरीय प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

**देहाय**

२ निर्वाचन क्षेत्र भएका जिल्लाबाट प्रथम, द्वितीय र तृतीय

३ वा ४ निर्वाचन क्षेत्र भएका जिल्लाबाट प्रथम र द्वितीय

५ वा ५ भन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाबाट प्रथम

४.३ समूहगत खेलकुदका हकमा विजयी हुने टोलीका खेलाडीलाई परिवर्तन नगरी सोही टोलीलाई जिल्ला स्तरीय खेलकुद प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

## ४. प्रतियोगिता सञ्चालन प्रक्रिया

(१) निर्वाचन क्षेत्र स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले अनुसूची-१ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराई तोकिएको समयमा आयोजकलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) निर्वाचन क्षेत्र/जिल्ला स्तरीय प्रतियोगिताका विजयी खेलाडी र विद्यालयहरूलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा क्रमशः अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) निर्वाचन क्षेत्र स्तरीय प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्टहरू अनुसूची-४ मा उल्लेख गरेबमोजिम हुनेछन् ।

(४) आयोजकले निर्वाचन क्षेत्र स्तरीय लगायत सबै जिल्ला स्तरीय प्रतियोगिता मौसमको अनुकूलता समेत हेरी चालू आर्थिक वर्षको चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ। जिल्ला स्तरीय प्रतियोगिता सम्पन्न नगरी क्षेत्र स्तरीय प्रतियोगितामा सहभागी हुन पाइने छैन ।

(५) निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिता आयोजकले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी कम्तीमा ३० दिन अगावै विद्यालयहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) जिल्ला स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले/निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिता आयोजकले अनुसूची-१ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराई तोकिएको समयमा आयोजकलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिता आयोजकले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिनभित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची-५ बमोजिमको ढाँचामा जिल्ला खेलकुद विकास समितिमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(८) आयोजकले जिल्ला स्तरीय प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिनभित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची-६ बमोजिमको ढाँचामा मन्त्रालय, परिषद् र क्षेत्रीय खेलकुद विकास समितिमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(९) प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकाले अघिल्लो वर्षको सिल्ड नै विजयी विद्यालयलाई रनिङ सिल्डका रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ, तर एउटै विद्यालयले निरन्तर रूपमा तिन पटकसम्म रनिङ सिल्ड जितेमा सो सिल्ड उक्त विद्यालयले सधैंका लागि राख्न पाउनेछ। आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ सिल्ड बनाउनु पर्नेछ। रनिङ सिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिमकै रनिङ सिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(१०) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले प्रत्येक इभेन्टमा बढीमा २ खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ। प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउनेछ। रिले खेलका हकमा भने माथिको नियम लागू हुने छैन र एउटा विद्यालयले महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा १/१ टिम मात्र सहभागी गराउन सक्नेछ ।

(११) प्रत्येक विद्यालयले भलिबल खेलतर्फ अतिरिक्त खेलाडी सहित बढीमा ९/९ जनासम्म छात्र/छात्राहरू पठाउन सक्नेछन् ।

(१२) आयोजकले प्रतियोगिताको टाइसिट सकेसम्म कम्तीमा ५ सहभागी विद्यालयका प्रतिनिधिहरूको रोहवरमा निर्माण गर्नु पर्नेछ ।

(१३) जिल्ला स्तरीय प्रतियोगिताका आयोजकले प्रत्येक इभेन्टका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ। मार्सल आर्ट र भलिबल तर्फ (छात्र/छात्रा) छुट्टा छुट्टै प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरूलाई ट्रफीको व्यवस्था गर्नु पर्नेछ। मार्सल आर्टका खेल बाहेक एथ्लेटिक्स र भलिबल खेलमा विजयी भए वापत पाएको अङ्क जोड्दा सर्वाधिक अङ्क हासिल गरी प्रथम हुने विद्यालयलाई सिल्ड सहित नगद रू. १५,०००।– र प्रमाण पत्र प्रदान गर्नु पर्नेछ। द्वितीय र तृतीय हुने विद्यालयहरूलाई क्रमशः रु. १२,०००।– र रु. ९,०००।– का दरले नगद पुरस्कार र प्रमाण पत्र प्रदान गर्नु पर्नेछ ।

(१४) जिल्ला खेलकुद विकास समितिले क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी हुन पठाउँदा सम्बन्धित खेलाडीलाई पोसाक र जिल्लाको झन्डाको व्यवस्था गर्नु पर्नेछ। उक्त प्रतियोगितामा सहभागी हुने खेलाडीको आतेजाते खर्च सम्बन्धित खेलकुद विकास समितिले बेहोर्नु पर्नेछ ।

(१५) आयोजकले प्रतियोगिता सञ्चालन गर्न स्थानीय स्तरमा पनि थप स्रोत जुटाउन सक्नेछ ।

(१६) जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको एथ्लेटिक्स प्रतियोगितामा विजयी खेलाडीहरूलाई नै क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ र भलिबल खेलमा सहभागी हुने खेलाडीहरूको छनौट भने उत्कृष्ट खेलाडीहरू मध्येबाट प्राविधिकहरूको परामर्शमा जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजक समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

(१७) काबुबाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नु परेमा सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने बेहोरा समेतको लिखित जानकारी क्षेत्रीय खेलकुद विकास समिति, परिषद् र मन्त्रालयलाई आयोजकले गराउनु पर्नेछ ।

(१८) पूर्वाधार र बसोबासको व्यवस्थालाई समेत विचार गरी इच्छुक विद्यालयहरूका बिच वर्षैपिच्छे अलग-अलग स्थानमा आपसी समझदारीमा झन्डा हस्तान्तरण गरिने प्रक्रियाद्वारा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

(१९) आयोजकले विनियोजित रकमको खर्चको विवरण लेखा परीक्षण गराई सोको प्रतिवेदन सो आ.व. समाप्त भएको एक महिनाभित्र क्षेत्रीय खेलकुद विकास समिति, परिषद् र मन्त्रालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

## परिच्छेद-३

## क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता

### ५. प्रतियोगिताको आयोजना तथा व्यवस्थापन

(१) क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन एवं व्यवस्थापन परिच्छेद ३ को नियम ५ को उपनियम २ बमोजिमको सल्लाहकार समितिको सल्लाहमा क्षेत्रीय खेलकुद विकास समितिबाट हुनेछ ।

(२) प्रतियोगिताको सञ्चालनमा समन्वय र सहयोग गर्न निम्नानुसारको सल्लाहकार समिति रहनेछ। यस समितिको बैठकको आयोजना क्षेत्रीय खेलकुद विकास समितिले गर्नेछ।

(क) क्षेत्रीय प्रशासक - संयोजक
(ख) क्षेत्रीय शिक्षा निर्देशक - सदस्य
(ग) नेपाली सेनाको क्षेत्रीय प्रमुख - सदस्य
(घ) सशस्त्र प्रहरीको क्षेत्रीय प्रमुख - सदस्य
(ङ) नेपाल प्रहरीको क्षेत्रीय प्रमुख - सदस्य
(च) खेल सञ्चालन हुने जिल्लाका प्रमुख जिल्ला अधिकारी - सदस्य
(छ) खेल सञ्चालन हुने जिल्लाका स्थानीय विकास अधिकारी - सदस्य
(ज) अध्यक्ष, क्षेत्रीय खेलकुद विकास समिति - सदस्य
(झ) कार्यालय प्रमुख, क्षेत्रीय खेलकुद विकास समिति - सदस्य सचिव

(३) क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सल्लाहकार समितिका काम, कर्तव्य र अधिकारहरू निम्नानुसार हुनेछन् :

(क) क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालनका लागि सहजीकरण गर्ने।
(ख) क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता पूर्वाधारको विकास र व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने।
(ग) क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गर्न उपयुक्त स्थान र समयको छनौट गर्ने।
(घ) सम्पूर्ण जिल्लाहरूलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने।
(ङ) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गर्नेछ।

**६. प्रतियोगिता सञ्चालन प्रक्रिया**

(१) यस प्रतियोगितामा सहभागी हुन छनौट भएका विद्यार्थीहरूलाई अनुसूची-१ बमोजिमको फाराम भराई सम्बन्धित जिल्ला खेलकुद विकास समितिले आयोजकलाई तोकिएको समयभित्र उपलब्ध गराउनु पर्नेछ।

(२) प्रतियोगिताका विजयी खेलाडी र जिल्लाहरूलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा क्रमशः अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्टहरू अनुसूची-४ मा उल्लेख गरे बमोजिम हुनेछन्।

(४) प्रतियोगिता चालू आर्थिक वर्षको वैशाख महिनाको १५ गतेभित्र सम्पन्न गर्नु पर्नेछ।

(५) आयोजकले प्रतियोगिता सञ्चालन गर्नुभन्दा १५ दिन अगावै प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलको विवरण सहितको जानकारी सबै जिल्ला खेलकुद विकास समितिहरूलाई पठाउनु पर्नेछ।

(६) प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिनभित्र आयोजकले खेल नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालय र परिषद्मा अनिवार्य रूपमा पठाउनु पर्नेछ।

(७) प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकाले अघिल्लो वर्षको सिल्ड नै विजयी जिल्लालाई रनिङ सिल्डका रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ। तर एउटै जिल्लाले निरन्तर रूपमा तिन पटकसम्म रनिङ सिल्ड जितेमा सो सिल्ड उक्त जिल्लाले सधैँका लागि राख्न पाउनेछ। आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ सिल्ड बनाउनु पर्नेछ। रनिङ सिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिमकै रनिङ सिल्ड तयार गरी

सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ। प्रथम पटकका लागि भने रनिङ सिल्ड आयोजकले नै तयार गर्नु पर्नेछ।

(८) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक जिल्लाले प्रत्येक इभेन्टमा बढीमा २ जना खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ। प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउनेछ। रिले खेलका हकमा माथिको नियम लागू हुने छैन र एउटा जिल्लाले महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा १/१ टिम मात्र सहभागी गराउन सक्नेछ।

(९) प्रत्येक जिल्लाबाट भलिबलतर्फ बढीमा ९/९ जना छात्र/छात्रा खेलाडीहरू, १ जना प्रशिक्षक, एथ्लेटिक्सतर्फ बढीमा ९/९ जना छात्र/छात्रा खेलाडीहरू, १ जना प्रशिक्षक र मार्सल आर्ट खेलका प्रत्येक तौल समूहमा प्रथम हुने छात्र/छात्रा खेलाडी र प्रत्येक खेलका १/१ जना प्रशिक्षक यस प्रतियोगितामा सहभागी हुन सक्नेछन्। जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख वा निजले तोकेको १ जना कर्मचारी (टोली नेता) गरी बढीमा जम्मा ६० जनासम्मको टोली क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी हुन सक्नेछन्।

(१०) आयोजकले प्रतियोगिताको टाइसिट निर्माण गर्नु पर्नेछ।

(११) आयोजकले प्रत्येक इभेन्टका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ। मार्सल आर्ट, भलिबल र एथ्लेटिक्सतर्फ (छात्र/छात्रा) छुट्टाछुट्टै प्रथम, द्वितीय र तृतीय हुने जिल्लाहरूलाई ट्रफीको व्यवस्था गर्नु पर्नेछ। मार्सल आर्टका खेल बाहेक भलिबल र एथ्लेटिक्स खेलमा विजयी भए वापत पाएको अङ्क मिलाएर सर्वाधिक अङ्क हासिल गरी प्रथम हुने जिल्लालाई सिल्ड सहित नगद रू. २०,०००।– र प्रमाण पत्र प्रदान गरिनेछ भने द्वितीय र तृतीय हुने क्षेत्रलाई क्रमशः रु. १५,०००।– र रु. १०,०००।– नगद पुरस्कार सहित प्रमाण पत्रको व्यवस्था गराउनु पर्नेछ।

(१२) केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी हुन जाँदा सम्बन्धित क्षेत्रीय खेलकुद विकास समितिले खेलाडीहरूलाई पोसाक र क्षेत्रको झन्डाको व्यवस्था गर्नु पर्नेछ।

(१३) आयोजकले प्रतियोगिता सञ्चालन गर्न स्थानीय स्तरमा पनि थप स्रोत जुटाउन सक्नेछ।

(१४) एथ्लेटिक्स र मार्सल आर्ट खेलका प्रतियोगितामा विजयी खेलाडीहरूलाई नै केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ र भलिबल खेलमा सहभागी हुने खेलाडीहरूको छनौट भने क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताका उत्कृष्ट खेलाडीहरू मध्येबाट क्षेत्रीय खेलकुद विकास समितिले सिफारिस गरे बमोजिम हुनेछ।

(१५) काबुबाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नु परेमा सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने बेहोरा समेतको लिखित जानकारी परिषद् र मन्त्रालयलाई आयोजकले गराउनु पर्नेछ।

(१६) आयोजकले क्षेत्र स्तरीय प्रतियोगितामा सहभागी हुन आउने टोली नेता तथा प्रत्येक खेलका १/१ जना प्रशिक्षक र खेलाडीहरूलाई ४ दिनको होटलबास र खानाको व्यवस्था गर्नु पर्नेछ।

(१७) आयोजकले विनियोजित रकमबाट भएको खर्चको लेखा परीक्षण गराई सोको प्रतिवेदन आ.व. समाप्त भएको एक महिनाभित्र राष्ट्रिय खेलकुद परिषद् र युवा तथा खेलकुद मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-४
## केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता

### ७. प्रतियोगिताको आयोजना तथा व्यवस्थापन

(१) केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन एवं व्यवस्थापन राष्ट्रिय खेलकुद परिषद्बाट सम्बन्धित खेल सङ्घलाई समेत परिचालन गरी गर्नु पर्नेछ। यो प्रतियोगिता प्रत्येक वर्ष केन्द्रीय स्तरमा सञ्चालन गरिनेछ।

(२) केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको आयोजना, व्यवस्थापन, सञ्चालन र समन्वय गर्न निम्नानुसारको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

(क) सदस्य-सचिव, वा निजले तोकेको विभागीय प्रमुख, राष्ट्रिय खेलकुद परिषद् - संयोजक
(ख) उपसचिव, युवा तथा खेलकुद मन्त्रालय - सदस्य
(ग) उपसचिव, विद्यालय शिक्षा शाखा, शिक्षा मन्त्रालय - सदस्य
(घ) आयोजित खेलहरूका सम्बन्धित राष्ट्रिय खेल सङ्घका १/१ जना प्रतिनिधि - सदस्य
(ङ) आयोजित खेलका प्रमुख प्रशिक्षक १/१ जना प्रतिनिधि - सदस्य
(च) राष्ट्रिय खेलकुद परिषद्, खेलकुद प्रतियोगिता विभागका विभागीय प्रमुख - सदस्य-सचिव

### ८. प्रतियोगिता सञ्चालन प्रक्रिया

(१) प्रतियोगितामा सहभागी हुन छनौट भएका विद्यार्थीहरूलाई अनुसूची-१ बमोजिमको फाराम भराई सो समेतको विवरण सम्बन्धित क्षेत्रीय खेलकुद विकास समितिको कार्यालय प्रमुखले सिफारिसका साथ आयोजकलाई तोकिएको समयभित्र उपलब्ध गराउनु पर्नेछ।
(२) प्रतियोगिताका विजयी खेलाडी र क्षेत्रहरूलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा क्रमशः अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ।
(३) प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्टहरू अनुसूची-४ मा उल्लेख गरे बमोजिम हुनेछन्।
(४) प्रतियोगिता चालू आर्थिक वर्षको वैशाख महिनाको २१ गतेभित्र सम्पन्न गर्नु पर्नेछ।
(५) आयोजकले प्रतियोगिता सञ्चालन गर्नुभन्दा ३० दिन अगावै प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी सबै क्षेत्रीय खेलकुद विकास समितिहरूलाई पठाउनु पर्नेछ।
(६) प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिनभित्र आयोजकले खेल नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ।
(७) प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकाले अघिल्लो वर्षको सिल्ड नै विजयी क्षेत्रलाई रनिङ सिल्डका रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ, तर एउटै क्षेत्रले निरन्तर रूपमा तिन पटकसम्म रनिङ सिल्ड जितेमा सो सिल्ड उक्त क्षेत्रले सधैँका लागि राख्न पाउनेछ। आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ सिल्ड बनाउनु पर्नेछ। रनिङ सिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिमकै रनिङ सिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ। प्रथम पटकको रनिङ सिल्ड आयोजकले नै तयार गर्नु पर्नेछ।

(८) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक क्षेत्रले प्रत्येक इभेन्टमा बढीमा २ जना खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ। प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउनेछ। रिले खेलका हकमा माथिको नियम लागू हुने छैन र एउटा क्षेत्रले महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा १/१ टिममात्र सहभागी गराउन सक्नेछ।

(९) प्रत्येक क्षेत्रबाट भलिबलतर्फ बढीमा ९/९ जना छात्र/छात्रा खेलाडीहरू, १/१ जना प्रशिक्षक, एथ्लेटिक्सतर्फ बढीमा ९/९ जना छात्र/छात्रा खेलाडीहरू, १/१ जना प्रशिक्षक र मार्सल आर्ट खेलका प्रत्येक तौल समूहका २/२ जना छात्र/छात्रा खेलाडीहरू र ३ जना प्रशिक्षक यस प्रतियोगितामा सहभागी हुन सक्नेछन्। यसरी केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी हुन प्रत्येक क्षेत्रबाट ७२ खेलाडी, ७ जना प्रशिक्षक र क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख वा निजले तोकेको १ जना कर्मचारी (टोली नेता) गरी जम्मा ८० जना सम्मको टोली आउन सक्नेछन्।

(१०) आयोजकले प्रतियोगिताको टाइसिट निर्माण गर्नु पर्नेछ।

(११) मार्सल आर्ट, भलिबल र एथ्लेटिक्सतर्फ (छात्र/छात्रा) छुट्टाछुट्टै प्रथम, द्वितीय र तृतीय हुने क्षेत्रहरूलाई ट्रफीको व्यवस्था गरिनेछ। मार्सल आर्टका खेल बाहेक भलिबल र एथ्लेटिक्स खेलमा विजयी भए वापत पाएको अङ्क मिलाएर सर्वाधिक अङ्क हासिल गरी प्रथम हुने क्षेत्रलाई सिल्ड सहित नगद रु. २५,०००।– र प्रमाण पत्र प्रदान गरिनेछ भने द्वितीय र तृतीय हुने क्षेत्रलाई क्रमशः रु. २०,०००।– र रु. १५,०००।– नगद पुरस्कार सहित प्रमाण पत्रको व्यवस्था गरिनेछ।

(१२) यस प्रतियोगिताको व्यक्तिगत इभेन्टमा प्रथम हुने खेलाडीलाई रु. ३,०००।–, द्वितीय हुनेलाई रु. २,०००।- र तृतीय हुनेलाई रु. १,०००।– नगद पुरस्कार सहित प्रमाण पत्रको व्यवस्था आयोजकले गर्नु पर्नेछ। टिम इभेन्टका हकमा भने प्रथम हुने टिमका प्रत्येक खेलाडीलाई रु. १,५००।–, द्वितीय हुने प्रत्येक टिमका खेलाडीलाई रु. १,०००।– र तृतीय हुने टिमका प्रत्येक खेलाडीलाई रु. ५००।– नगद पुरस्कार सहित प्रमाण पत्रको व्यवस्था गर्नु पर्नेछ।

(१३) आयोजकले केन्द्र स्तरीय प्रतियोगितामा सहभागी हुन आउने क्षेत्रीय खेलकुद विकास समितिका टोलीलाई रा.प.अ. प्रथम श्रेणीको कर्मचारी सरहको सुविधाको व्यवस्था गर्नु पर्नेछ। सुविधा दिँदा मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका टोलीलाई ४ दिनको र अन्य टोलीलाई ५ दिनको होटलबास र दैनिक भ्रमण भत्ता दिइनेछ। यातायातका हकमा क्षेत्रीय सदरमुकामसम्मका स्थल मार्गको आतेजाते यातायात खर्च उपलब्ध गराउनु पर्नेछ। बाटो म्यादको होटलबास खर्च उपलब्ध गराइने छैन।

(१४) आयोजकले प्रतियोगिता सञ्चालन गर्न थप स्रोत जुटाउन सक्नेछ।

(१५) एथ्लेटिक्सतर्फको केन्द्र स्तरीय प्रतियोगितामा राष्ट्रिय रेकर्ड तोड्ने प्रत्येक छात्र/छात्रालाई जनही रु. १०,०००।- का दरले उत्कृष्ट खेलाडी पुरस्कार प्रदान गरिनेछ।

(१६) काबुबाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नु परेमा सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने बेहोरा समेतको जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ।

(१७) आयोजकले विनियोजित रकमको खर्चको विवरण लेखा परीक्षण गराई सोको प्रतिवेदन आ.व. समाप्त भएको एक महिनाभित्र युवा तथा खेलकुद मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-५
## मार्सल आर्ट प्रतियोगिताको खेल सम्बन्धी थप व्यवस्था

### ९. प्रतियोगिताका लागि थप व्यवस्था

(१) मार्सल आर्ट खेलका हकमा भने निर्वाचन क्षेत्र स्तरीय नभई सोझै जिल्ला स्तरीय प्रतियोगितामा सहभागी गराउन सकिनेछ ।

(२) प्रत्येक विद्यालयले मार्सल आर्ट खेलका प्रत्येक तौल समूहमा १/१ जना खेलाडी सहभागी गराउन सक्नेछन् ।

(३) मार्सल आर्ट खेलमा विजयी भई पाएको अङ्कलाई सिल्ड र नगद पुरस्कार प्राप्त गर्ने प्रयोजनका लागि गणना गरिने छैन ।

(४) मार्सल आर्ट खेल प्रतियोगितामा विजयी खेलाडीहरूलाई नै क्षेत्र/केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

(५) क्षेत्रीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा मार्सल आर्ट खेलका प्रत्येक तौल समूहमा प्रथम हुने छात्र/छात्रा खेलाडी र प्रत्येक खेलका १/१ जना प्रशिक्षक सहभागी हुन सक्नेछन् । त्यसै गरी केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा प्रत्येक तौल समूहमा प्रथम र द्वितीय हुने छात्र/छात्रा खेलाडी र प्रत्येक खेलका १/१ जना प्रशिक्षक सहभागी हुन सक्नेछ ।

## परिच्छेद-६
## विद्यालय स्तरीय (छात्र/छात्रा) फुटबल र क्रिकेट प्रतियोगिता

### १०. कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन

(१) माध्यमिक विद्यालय स्तरीय (छात्र/छात्रा) फुटबल र क्रिकेट प्रतियोगिताको व्यवस्थापन र सञ्चालन राष्ट्रिय खेलकुद परिषद्ले सम्बन्धित सङ्घहरू परिचालन गरी गर्नु पर्नेछ । यस्ता सङ्घहरू परिषद्मा आबद्धता कायम रहेका सम्बन्धित खेलका राष्ट्रिय सङ्घहरू मात्र हुनु पर्नेछ ।

(२) प्रतियोगिताका विजयी खेलाडीहरूलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची-२ र विद्यालयलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) क्रिकेट प्रतियोगिता चालू आर्थिक वर्षको फागुन मसान्तसम्ममा र फुटबल प्रतियोगिता चालू आर्थिक वर्षको वैशाख मसान्तसम्ममा सम्पन्न गर्नु पर्नेछ ।

(४) प्रतियोगिता सञ्चालन हुने स्थान, मिति, तालिका र विधि सहितको जानकारी खेल सङ्घहरूले कम्तीमा १ महिना अगावै परिषद्, मन्त्रालय र सम्बन्धित जिल्ला खेलकुद विकास समिति मार्फत विद्यालयहरूलाई उपलब्ध गराउनु पर्नेछ । साथै, प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिनभित्र प्रतियोगिताको नतिजा सहितको प्रगति प्रतिवेदन आयोजकले अनुसूची ९ बमोजिम परिषद् र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) प्रतियोगितामा प्रदान गरिने पुरस्कार, पदक, प्रमाण पत्र र सिल्डको व्यवस्था आयोजकले गर्नु पर्नेछ । प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकाले अघिल्लो वर्षको सिल्ड नै विजयीलाई रनिङ सिल्डका रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ । तर एउटै क्षेत्रले निरन्तर रूपमा तिन पटकसम्म रनिङ सिल्ड जितेमा सो सिल्ड उक्त क्षेत्रले सधैँका लागि राख्न पाउने छ । आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ सिल्ड बनाउनु पर्नेछ । रनिङ सिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिमकै रनिङ सिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ । प्रथम पटकका लागि भने रनिङ सिल्ड आयोजकले नै तयार गर्नु पर्नेछ ।

(६) सम्बन्धित सङ्घले प्रतियोगितामा विजयी हुने टिमलाई प्रदान गर्ने नगद पुरस्कार प्रतियोगिता प्रारम्भ हुनु अघि सार्वजनिक गर्नु पर्नेछ ।

(७) प्रतियोगितामा सहभागी खेलाडीहरू र प्रशिक्षकलाई आतेजाते र निर्वाह खर्चको व्यवस्था आयोजकले मिलाउनु पर्नेछ ।

(८) आयोजकले प्रतियोगिता सञ्चालन गर्न थप स्रोत जुटाउन सक्नेछ ।

(९) आयोजकले विनियोजित रकमको लेखा परीक्षण गराई सोको प्रतिवेदन सो आ.व. समाप्त भएको एक महिनाभित्र परिषद् र युवा तथा खेलकुद मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-७
## विविध

### ११. मूल्याङ्कनका आधारहरू

(१) एथ्लेटिक्सतर्फ प्रत्येक इभेन्टमा प्रथम हुनेलाई स्वर्ण, द्वितीय हुनेलाई रजत र तृतीय हुनेलाई कास्य पदक र प्रमाण पत्र सहित क्रमशः ७, ५, ४ र चौथौं, पाँचौं र छैटौं हुनेलाई क्रमशः ३, २ र १ अङ्क मात्र दिइनेछ । त्यस्तै रिलेमा प्रथम हुनेलाई स्वर्ण, द्वितीय हुनेलाई रजत र तृतीय हुनेलाई कास्य पदक र प्रमाण पत्र सहित क्रमशः १४, १०, ८ र चौथौं, पाँचौं र छैटौं हुनेलाई क्रमशः ६, ४ र २ अङ्क मात्र दिइनेछ ।

(२) भलिबलतर्फ प्रथम हुनेलाई स्वर्ण र द्वितीय हुनेलाई रजत पदक सहित प्रमाण पत्र तथा क्रमशः ३५ र २१ अङ्क दिइनेछ भने सेमीफाइनलमा सहभागी भएका बाँकी दुई टिमलाई १४/१४ अङ्क र प्रमाण पत्र दिइनेछ ।

(३) भलिबल र एथ्लेटिक्समा प्राप्त (छात्र र छात्रा दुवै समूहको) जम्मा अङ्कका आधारमा विद्यालयको स्थान छुट्याई विजयी विद्यालय घोषणा गरिनेछ । यदि दुई वा सो भन्दा बढी विद्यालयहरूका बिच अङ्क समान भएमा स्वर्ण, रजत र कास्य पदक सङ्ख्याका आधारमा क्रमशः स्थान निर्धारण गरिनेछ ।

(४) जिल्ला, क्षेत्रीय र केन्द्रीय प्रतियोगितामा सिल्ड प्रदान गर्न अङ्क जोड्दा मार्सल आर्ट खेलका नतिजालाई गणना गरिने छैन ।

### १२. खेलकुद प्रतियोगितामा सहभागी हुने विद्यार्थी सम्बन्धी विशेष व्यवस्था

यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस शैक्षिक सत्रको माध्यमिक विद्यालयको कक्षा १० सम्म नियमित रूपमा अध्ययनरत रही एस.एल.सी. परीक्षाको नतिजा प्रकाशन नहुँदासम्मका विद्यार्थीहरू मात्र यस निर्देशिका बमोजिम सञ्चालन हुने खेलकुद प्रतियोगिताहरूमा सहभागी हुन सक्नेछन् ।

### १३. आर्थिक पक्ष

(१) रकम विनियोजनका आधारहरू:

(क) जिल्ला स्तरीय प्रतियोगिताका लागि प्रत्येक जिल्लालाई रु.२ लाखमा नघटाई बजेट विनियोजन हुनेछ । मार्सल आर्टका खेल आयोजना हुने जिल्लाहरूलाई थप १ खेल बराबर ६५ हजारका दरले बजेट विनियोजन हुनेछ ।

(ख) निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिताका लागि १ निर्वाचन क्षेत्र बराबर रु. ५० हजारमा नघटाई बजेट विनियोजन हुनेछ ।

(२) विद्यालय स्तरीय फुटबल र क्रिकेट प्रतियोगिता सञ्चालन गर्न परिषद्मा आबद्ध भएका सम्बन्धित खेलका राष्ट्रिय सङ्घहरूलाई उक्त शीर्षकमा विनियोजित बजेट परिषद् मार्फत उपलब्ध गराइनेछ ।

(३) यस निर्देशिकाले समेटेका खेलकुद प्रतियोगिताका लागि मन्त्रालयले उपलब्ध गराएको बजेट सोही शीर्षकमा मात्र प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नुपर्ने दायित्व आयोजकको हुनेछ। प्रतियोगिता सञ्चालन गर्न नसक्ने आयोजकले प्राप्त निकासा रकमलाई नियमानुसार फ्रिज गर्नु पर्नेछ।

(४) खेलकुद आयोजक समिति लगायत अन्य सहयोगी कर्मचारी तथा प्राविधिकहरूलाई नेपाल सरकारको प्रचलित ऐन, नियमानुसार आयोजक समितिले निर्धारण गरे अनुसार प्रस्तुत कार्यक्रमका लागि विनियोजित रकमको बढीमा १०% सम्म सुविधा वापत प्रदान गर्न सकिनेछ। तर, बैठक भत्तामा रकम खर्च गर्न पाइने छैन।

(५) प्रतियोगिता सञ्चालन गर्ने आयोजक सङ्घहरू (फुटबल/क्रिकेट) ले प्राप्त बजेट खर्चको विवरण लेखा परीक्षण गराई चालू आ.व. समाप्त भएको एक महिनाभित्र सोको प्रतिवेदन परिषद् र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता एवम् विद्यालय स्तरीय फुटबल र क्रिकेट प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विजयी टिमका खेलाडीहरूलाई मन्त्रालयले वार्षिक रूपमा निर्धारण गरे बमोजिम थप नगद पुरस्कार प्रदान गर्न सक्नेछ।

## १४. विनियोजित रकमको खर्चका आधारहरू

(१) खेल प्रतियोगिता सञ्चालनका लागि विनियोजित बजेट खर्च गर्दा आयोजकले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमका परिधिभित्र रही खर्च गर्नु पर्ने छ। साथै, खेल प्रतियोगिता सञ्चालनका लागि विनियोजित बजेट अन्य प्रयोजनका लागि वा यो निर्देशिकामा भएको व्यवस्था बाहिर गएर खर्च गर्न पाइने छैन।

(२) प्रतियोगिताका लागि विनियोजित बजेट कार्यक्रम सम्बन्धी बैठक खाजा, प्रचार प्रसार खेल सामग्री, खेल मैदान मर्मत/निर्माण, प्रमाण पत्र, नगद पुरस्कार तथा पदक, प्रतियोगिता उद्घाटन, सञ्चालन, समापन तथा क्षेत्र/केन्द्र स्तरीय प्रतियोगितामा सहभागी हुन जाँदा उपयोग गर्न सकिनेछ। प्रतियोगिताको उद्घाटन, समापन जस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता अपनाउनु पर्नेछ।

(३) निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिता आयोजकले विनियोजित रकमको खर्चको विवरण प्रतियोगिता सम्पन्न भए लगत्तै प्रगति विवरण साथ संलग्न गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजक समितिलाई पेस गर्नु पर्नेछ। जिल्ला खेलकुद विकास समितिले यस कार्यक्रमका लागि विनियोजित रकमको लेखा परीक्षण प्रतिवेदन आ.व. को अन्तमा क्षेत्रीय खेलकुद विकास समिति, राष्ट्रिय खेलकुद परिषद् र युवा तथा खेलकुद मन्त्रालयमा पठाउनु पर्नेछ।

## १५. प्रस्ताव पेस गर्नुपर्ने

१. यस निर्देशिका अनुसार कार्यक्रम आयोजना र सञ्चालन गर्न आयोजकले आयोजनाको मिति, स्थान, शीर्षकगत अनुमानित बजेट, सञ्चालन विधि, समावेश गरिने खेल तथा सम्भावित सहभागी विद्यालयको सङ्ख्या खुलाई देहायका कागजात सहित कार्तिक मसान्तभित्र राष्ट्रिय खेलकुद परिषद् र मन्त्रालयमा प्रस्ताव पेस गर्नु पर्नेछ।

क. व्यवस्थापन तथा निर्देशन समितिको निर्णयको छायाँप्रति
ख. जिल्ला खेलकुद विकास समितिको निर्णय
ग. गत आ.व.को लेखा परीक्षण प्रतिवेदनको छायाँप्रति

**१६. निरीक्षण तथा अनुगमन**

(१) निर्वाचन क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन सम्बन्धित जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति र जिल्ला खेलकुद विकास समितिबाट हुनेछ ।

(२) जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन सम्बन्धित क्षेत्रीय खेलकुद विकास समिति, परिषद् र मन्त्रालयबाट हुनेछ ।

(३) क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन परिषद् र मन्त्रालयबाट हुनेछ ।

(४) केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन मन्त्रालयबाट हुनेछ ।

(५) विद्यालय स्तरीय फुटबल र क्रिकेट प्रतियोगिताको अनुगमन तथा निरीक्षण परिषद् र मन्त्रालयबाट हुनेछ ।

**१७. बाधा अड्काउ फुकाउने :** यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आइ परेमा राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा सो सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार मन्त्रालयमा रहनेछ ।

**१८. खारेजी र बचाउः** “राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०६८” खारेज गरिएको छ । उक्त निर्देशिका बमोजिम भए गरेका काम कारवाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

### सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

नियम ४ को उपनियम (१) र उपनियम (६), ६ को उपनियम (१) र ८ को उपनियम (१) सँग सम्बन्धित

प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमुना

(१) सहभागी विद्यार्थीको नाम :

(२) विद्यालयको नाम/ठेगाना :

(३) अध्ययनरत कक्षा :

(४) जन्म मिति :

(५) सहभागी हुने खेलहरू :

(६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

**सहभागीको फोटो**

उल्लिखित बेहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | निर्वाचन क्षेत्रबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | क्षेत्रबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानध्यापकको | आयोजक विद्यालयका प्र.अ.को | जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख | क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : |
| विद्यालयको छापः | विद्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः |

## अनुसूची - २

### विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

नियम ४ को उपनियम (२), ६ को उपनियम (२), ८ को उपनियम (२) र १० को उपनियम (३) सँग सम्बन्धित

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्त्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा अखिल नेपाल फुटवल सङ्घ/नेपाल क्रिकेट सङ्घ/क्षेत्रीय खेलकुद विकास समिति/जिल्ला खेलकुद विकास समिति...................द्वारा आयोजित अन्तर विद्यालय निर्वाचन क्षेत्र स्तरीय/जिल्ला स्तरीय/क्षेत्र स्तरीय/केन्द्रीय.... ... प्रतियोगिताको ... ... विधामा .................स्थान हासिल गर्नु भएकोमा श्री..................................विद्यालय ................ जिल्लाका श्री ... ... ... ...लाई सधन्यवाद यो प्रमाण पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| दस्तखत | दस्तखत | दस्तखत |

## अनुसूची - ३

### विजयी विद्यालय/जिल्ला/क्षेत्रलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

नियम ४ को उपनियम (२), ६ को उपनियम (२), ८ को उपनियम (२) र १० को उपनियम (३) सँग सम्बन्धित

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्त्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा अखिल नेपाल फुटबल सङ्घ/ नेपाल क्रिकेट सङ्घ/ क्षेत्रीय खेलकुद विकास समिति/ जिल्ला खेलकुद विकास समिति................... द्वारा आयोजित अन्तर विद्यालय निर्वाचन क्षेत्र/जिल्ला स्तरीय/अन्तर जिल्ला क्षेत्र स्तरीय/अन्तर क्षेत्र राष्ट्रव्यापी ...................................... प्रतियोगितामा ...............................स्थान हासिल गर्नु भएकोमा श्री........................................ विद्यालय/जिल्ला/क्षेत्र .................................. लाई सधन्यवाद यो प्रमाण पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| दस्तखत | दस्तखत | दस्तखत |

(पुनश्चः प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाण पत्रमा आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका महानुभावहरूको मात्र दस्तखत हुनेछ ।)

## अनुसूची - ४

## राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा संलग्न हुने खेलहरूको विवरण

नियम ४ को उपनियम (३), ६ को उपनियम (३) र ८ को उपनियम (३) सँग सम्बन्धित

**१. एथ्लेटिक्स**

क) दौड (ट्र्याक)

छात्र : १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ५००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

छात्रा : १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ५००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

ख) उफ्रने र फ्याँक्ने (फिल्ड)

छात्र : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड ।

छात्रा : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड ।

**२. भलिबल**

छात्र र छात्रा दुवै समूह भलिबल (केन्द्रीय स्तरको भलिबल प्रतियोगितामा मात्र लिग कम नकआउट (League cum Knockout) र अन्यका हकमा नकआउट विधिबाट मात्र प्रतियोगिता सञ्चालन गरिनेछ ।

**३. मार्सल आर्ट**

कराँते (सितेरिया)
छात्र : ग ४२ केजी, ग ४७ केजी, ग ५२ केजी र काता एकल
छात्रा : ग ४० केजी, ग ४५ केजी, ग ५० केजी र काता एकल

क) तेक्वान्दो
छात्र : ग ४५ केजी, ग ४८ केजी, र ग ५१ केजी
छात्रा : ग ४२ केजी, ग ४४ केजी, र ग ४६ केजी

ख) उसु
छात्रः Change Quan, Nan Quan, and Taiji Quan
छात्राः Change Quan, Nan Quan, and Taiji Quan

## अनुसूची - ५
## प्रगति प्रतिवेदन ढाँचा

नियम ४ को उपनियम (७) सँग सम्बन्धित मितिः :

श्री ..........................................।

विषय : प्रगति प्रतिवेदन पेस गरिएको ।

निर्वाचन क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा ....... जिल्लाको निर्वाचन क्षेत्र नं....... मा सञ्चालित निर्वाचन क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको बेहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : ......................... देखि ................. सम्म

स्थान : ............... जिल्ला ............... न.पा./गा.वि.स. ................. वडा नं. ..........

प्रमुख अतिथि :

क. सम्बन्धित निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिताका सहभागीहरूको विवरण

| निर्वाचन क्षेत्र नं | जम्मा विद्यालय सङ्ख्या | सहभागी विद्यालय सङ्ख्या | सहभागी विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण

| खेल विधा | सहभागी वा टोली सङ्ख्या | विजयी विद्यालयको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| एथ्लेटिक्स र भलिबल खेलका आधारमा प्रथम हुने विद्यालयको नामः ठेगानाः प्राप्ताङ्क | | | |
| एथ्लेटिक्स र भलिबल खेलका आधारमा द्वितीय हुने विद्यालयको नामः ठेगानाः प्राप्ताङ्क | | | |

## अनुसूची - ६

## प्रगति प्रतिवेदन ढाँचा

नियम ४ को उपनियम (८) सँग सम्बन्धित मिति :

श्री .......................................।

विषय : प्रगति प्रतिवेदन पेस गरिएको ।

जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा ......... जिल्लामा सञ्चालित जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको बेहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : .......................... देखि .................. सम्म

स्थान : ............... जिल्ला ............... न.पा./गा.वि.स. .................. वडा नं. ..........

प्रमुख अतिथि :

क. सम्बन्धित जिल्ला स्तरीय प्रतियोगिताका सहभागीहरूको विवरण

| निर्वाचन क्षेत्र | जम्मा विद्यालय सङ्ख्या | निर्वाचन क्षेत्र स्तरमा सहभागी विद्यालयको सङ्ख्या | निर्वाचन क्षेत्र स्तरमा सहभागी विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण

| खेल विध | सहभागी वा टोली सङ्ख्या | विजयी विद्यालयको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| एथ्लेटिक्स र भलिबल खेलका आधारमा प्रथम हुने विद्यालयको नामः ठेगानाः प्राप्ताङ्क | | | |
| एथ्लेटिक्स र भलिबल खेलका आधारमा द्वितीय हुने विद्यालयको नामः ठेगानाः प्राप्ताङ्क | | | |

## अनुसूची - ७
## प्रगति प्रतिवेदन ढाँचा

नियम ६ को उपनियम (६) सँग सम्बन्धित मिति :

श्री .......................................।

**विषय : प्रगति प्रतिवेदन पेस गरिएको ।**

क्षेत्रीय खेलकुद विकास समितिद्वारा सञ्चालित ........... क्षेत्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको बेहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : ........................... देखि .................. सम्म

स्थान : ................ जिल्ला ................ न.पा./गा.वि.स. .................. वडा नं. ...........

प्रमुख अतिथि :

क. सम्बन्धित क्षेत्र स्तरीय प्रतियोगिताका सहभागीहरूको विवरण

| क.स. | सहभागी जिल्लाको नाम | प्रतिनिधि सङ्ख्या | सहभागी विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा | | | | | |

ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा जिल्लाको विवरण

| खेल विधा | सहभागी वा टोली सङ्ख्या | विजयी जिल्लाको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| एथ्लेटिक्स र भलिबल खेलका आधारमा प्रथम हुने जिल्लाको नामः ठेगानाः प्राप्ताङ्क | | | |
| एथ्लेटिक्स र भलिबल खेलका आधारमा द्वितीय हुने जिल्लाको नामः ठेगानाः प्राप्ताङ्क | | | |

## अनुसूची - ८

## प्रगति प्रतिवेदन ढाँचा

नियम ८ को उपनियम (६) सँग सम्बन्धित मिति :
श्री युवा तथा खेलकुद मन्त्रालय
काठमाडौँ ।

**विषय : प्रगति प्रतिवेदन पेस गरिएको ।**

राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको बेहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : ........................... देखि .................. सम्म

स्थान : ................ जिल्ला ................ न.पा./गा.वि.स. .................. वडा नं. ...........

प्रमुख अतिथि :

क. केन्द्रीय प्रतियोगिताका सहभागीहरूको विवरण

| क.स. | सहभागी क्षेत्रको नाम | प्रतिनिधि सङ्ख्या | सहभागी विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा | | | | | |

ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा क्षेत्रको विवरण

| खेल विधा | सहभागी वा टोली सङ्ख्या | विजयी क्षेत्रको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| एथ्लेटिक्स र भलिबल खेलका आधारमा प्रथम हुने क्षेत्रको नामः ठेगानाः प्राप्ताङ्क | | | |
| एथ्लेटिक्स र भलिबल खेलका आधारमा द्वितीय हुने क्षेत्रको नामः ठेगानाः प्राप्ताङ्क | | | |

ग. राष्ट्रिय रेकर्ड कायम भएको भए सोको विवरण

| क.स. | नाम, थर | खेलको नाम | विद्यालयको नाम र ठेगाना | जिल्ला | नयाँ रेकर्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## अनुसूची - ९

## प्रगति प्रतिवेदन ढाँचा

नियम १० को उपनियम (५) सँग सम्बन्धित मिति :

श्री ..........................................।

विषय : प्रगति प्रतिवेदन पेस गरिएको ।

..... .... ... द्वारा सञ्चालित ... ... ... विद्यालय स्तरीय फुटबल/ क्रिकेट प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको बेहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : .......................... देखि .................. सम्म

स्थान : ................ जिल्ला ................ न.पा. ⁄ गा.वि.स. .................. वडा नं. ...........

१. सहभागी विद्यालय सङ्ख्या

२. सहभागी विद्यार्थी सङ्ख्या

क) छात्र

ख) छात्रा

३. विजयी विद्यालयहरूको विवरण

नाम :

ठेगाना :

स्थान : प्रथम ⁄ द्वितीय ⁄ तृतीय

(नोटः यो निर्देशिका www.moys.gov.np मा समेत हेर्न सकिनेछ, प्रगति प्रतिवेदन लगायत खेलकुद सम्बन्धी कागजात पठाउँदा इमेल ठेगाना *sc@moys.np* मा पनि पठाउन सकिनेछ ।)

# रोजगार तथा स्वरोजगार लक्षित तालिम कार्यक्रम

## सञ्चालन निर्देशिका, २०७०

### (नेपाल सरकारबाट स्वीकृत मितिः- २०७०।०९।२९)

**प्रस्तावनाः** राष्ट्रिय युवा नीति, २०६६ को भावना बमोजिम युवाको क्षमता विकास गरी उनीहरूलाई स्वदेशी र विदेशी श्रम बजारमा दक्ष कामदारका रूपमा स्थापित गराउन एवं स्वदेशमा उपलब्ध स्वरोजगारका अवसर अनुसारका सीप र उद्यमशीलता सम्बन्धी तालिम प्रदान गरी सफल व्यवसायीका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउने प्रकृतिका प्रशिक्षण/तालिम प्रदान गर्न वाञ्छनीय भएकाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भ (१) यस निर्देशिकाको नाम "रोजगार तथा स्वरोजगार लक्षित तालिम सञ्चालन निर्देशिका, २०७०" रहेको छ।

(क) या निर्देशिका स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "युवा" भन्नाले १६-४० वर्षको उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गीहरूलाई सम्झनु पर्छ।

(ख) "प्रशिक्षार्थी" भन्नाले यस निर्देशिका बमोजिम सञ्चालन हुने कार्यक्रम मार्फत प्रशिक्षण लिइरहेका युवालाई सम्झनु पर्छ।

(ग) "सीप" भन्नाले कुनै कार्य वा व्यवसाय गर्न आवश्यक पर्ने सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, अनभव र दक्षतालाई सम्झनु पर्छ।

(घ) "उद्यमशीलता" भन्नाले कुनै सीप प्राप्त गरिसकेका युवाले स्वरोजगारमा संलग्न हुन प्राप्त गरेको व्यावसायिक ज्ञानलाई सम्झनु पर्छ।

(ङ) "सीप वा उद्यमशीलता विकास तालिम" भन्नाले युवालाई श्रम बजारका लागि वा स्वरोजगार सृजनाका लागि सीप तथा व्यावसायिक दक्षता एव क्षमता अभिवृद्धि गर्ने प्रयोजनका लागि मन्त्रालयले आफै सञ्चालन गर्ने वा अन्य सरकारी/गैरसरकारी संस्था बिच हुने सहकार्य/साझेदारी/ समन्वयबाट सञ्चालन हुने वा अन्य तालिम प्रदायक संस्था/निकाय मार्फत सञ्चालन हुने प्रशिक्षणलाई सम्झनु पर्छ।

(च) "तालिम प्रदायक संस्था" भन्नाले युवाहरूलाई तालिम वा प्रशिक्षण वा प्राविधिक परामर्श प्रदान गर्ने सार्वजनिक र निजी क्षेत्रका तालिम प्रदायक संस्था वा निकायहरू समेतलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) "केन्द्र" भन्नाले नेपालको राजधानी सम्झनु पर्छ।

(झ) "छोटो अवधिको तालिम" भन्नाले ३५ कार्यदिनसम्मको तालिमलाई सम्झनु पर्छ।

(ञ) "स्थानीय स्तर" भन्नाले केन्द्र बाहेकका स्थानमा सञ्चालन हुने प्रशिक्षणलाई सम्झनु पर्दछ।

३. उद्देश्य: यस निर्देशिका बमोजिम सञ्चालन गरिने तालिम कार्यक्रमका उद्देश्यहरू देहाय बमोजिम हुनेछन्:-

(क) युवालाई स्वरोजगार सृजना गर्न सहयोग पुऱ्याउने प्रकृतिका तालिमका अवसरहरूको व्यवस्था गरी आत्मनिर्भरतातर्फ अग्रसर हुन परित गर्नु।

(ख) युवालाई अतिरिक्त वृत्ति विकासको अवसर जुटाई देशमा बढ्दै गएको युवा बेराजगारी न्यूनीकरण गर्न सरकारको लक्ष्य प्राप्तिमा सहयोग गर्नु।

(ग) युवाशक्तिलाई अनुशासित, नैतिकवान् र क्षमतावान् बनाउन मदत गर्नु।

(घ) स्वदेशी र वैदेशिक श्रम बजारको आवश्यकता अनुसार जनशक्ति तयार गरी उनीहरूको आय आर्जनमा अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउनु।

४. निर्देशक समिति: मन्त्रालयबाट सञ्चालन हुने तालिम/प्रशिक्षण कार्यक्रमको समन्वय र निर्देशन लगायतका कार्य कार्य गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

(क) सह सचिव (युवा विकास तथा परिचालन शाखा हेर्ने), युवा तथा खेलकुद मन्त्रालय संयोजक

(ख) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय सदस्य

(ग) प्रतिनिधि, घरेलु तथा साना उद्योग विभाग सदस्य

(घ) प्रतिनिधि, व्यावसायिक तथा सीप विकास
तालिम केन्द्र सदस्य

(ङ) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक
तालिम परिषद्, तालिम महाशाखा सदस्य

(च) प्रतिनिधि, कृषि तालिम केन्द्र, कृषि विभाग सदस्य

(छ) प्रतिनिधि, पशु सेवा तालिम तथा प्रसार
निर्देशनालय, पशु सेवा विभाग सदस्य

(ज) मन्त्रालयले तोकेको प्रशिक्षण क्षेत्रका विशेषज्ञ सदस्य

(झ) शाखा प्रमुख, युवा विकास तथा परिचालन

शाखा, युवा तथा खेलकुद मन्त्रालय सदस्य-सचिव

समितिमा आवश्यकता अनुसार आमन्त्रित सदस्यहरू राख्न सकिनेछ ।

५. तालिम/प्रशिक्षणका सम्भावित क्षेत्रहरूः- तालिम/प्रशिक्षणका सम्भावित क्षेत्रहरू देहाय बमोजिम हुनेछन् :-

(क) छोटो अवधिको जीविकोपार्जन सम्बन्धी तालिम/प्रशिक्षण

(ख) सीप विकास तालिम/प्रशिक्षण

(ग) उद्यमशीलता विकास तालिम

६. तालिम प्रदान गर्ने निकाय :- (१) दफा (५) बमोजिमका तालिम/प्रशिक्षण निम्न तरिकाबाट वा निकाय मार्फत सञ्चालन गर्न सकिनेछः

१. मन्त्रालय आफै

२. मन्त्रालयले छनौट गरेका तालिम प्रदायक संस्थाहरू ।

३. मन्त्रालय तथा तालिम प्रदायक संस्थाहरूबिच हुने सहकार्य/साझदारी/समन्वयबाट ।

(२) उपदफा (१) ३. बमोजिम सञ्चालन हुने तालिमका सम्बन्धमा तालिम प्रदायक साझेदार संस्थाको योगदान कुल तालिम लागतको कम्तीमा २५ प्रतिशत हुनु पर्नेछ ।

७. प्रस्ताव माग गर्न सक्ने :- मन्त्रालय आफैले तालिम सञ्चालन गरेको वा सार्वजनिक तालिम प्रदायक संस्थासँगको सहकार्य/साझेदारी/समन्वयमा तालिम सञ्चालन गरेको अवस्थामा बाहेक निजी क्षेत्रमा तालिम प्रदायक संस्था मार्फत तालिम सञ्चालन गर्नका लागि संस्था छनौट गर्दा प्रचलित कानुनका अधीनमा रही सार्वजनिक सूचना प्रकाशन गर्न सकिनेछ ।

८. तालिम प्रदायक संस्थाको योग्यता :- यस निर्देशिका बमोजिमका तालिमहरू सञ्चालन गर्ने निजी क्षेत्रका तालिम प्रदायक संस्थाले देहायका योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्ष व्यावसायिक रूपमा कार्य सञ्चालन गरेको ।

(ख) तालिम प्रदायक संस्थाले सम्बन्धित विषयको तालिम सञ्चालन गर्नका लागि सरकारी वा सरकारी स्वामित्व भएको कुनै निकायबाट सम्बन्धन, स्वीकृति वा आबद्धता प्राप्त गरेको ।

(ग) स्थायी लेखा नम्बर (PAN), मल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको, कानुन बमोजिम लेखा परीक्षण गराएको र नियमित रूपमा लाग्ने कर चुक्ता गरेको ।

(घ) संस्थाको विधान वा प्रबन्ध पत्रको उद्देश्यमा यस्ता प्रकृतिका तालिम सञ्चालन गर्ने भनी स्पष्ट उल्लेख गरेको ।

(ङ) संस्थाले तालिम सञ्चालन गर्ने स्थान पूर्वाधारयुक्त र सोका परिसरमा तालिम सञ्चालन हुन सक्ने उपयुक्त वातावरण भएको ।

(च) प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।

९ तालिम प्रदायक संस्था छनौटका आधार :-(१) यस निर्देशिका बमोजिमको तालिम सञ्चालन गर्ने संस्था छनौटका लागि प्रकाशित सूचना बमोजिम पर्न आएका प्रस्तावहरूको मल्याङ्कनको कार्य निर्देशक समितिले गर्नेछ। उक्त समितिले सिफारिस गर्ने आधारहरू देहाय बमोजिम हुनेछन् :-

(क) भौतिक पूर्वाधार (प्रयोगशाला, भवन, आवास, पुस्तकालय, तालिम सामग्री आदि ।)

(ख) पूर्व अनुभव

(ग) प्रशिक्षकको सङ्ख्या, योग्यता, अनुभव

(घ) प्रति प्रशिक्षार्थी लागत

(ङ) प्रशिक्षार्थीलाई दिइने सेवा, सुविधा र अनुगमन प्रणाली

(च) तालिम प्राप्त गरेका प्रशिक्षार्थीको आन्तरिक सीप परीक्षण गर्ने/गराउने प्रावधान

(छ) कार्यक्रम सञ्चालन गर्ने स्थान

(ज) प्रदान गरिने तालिमको समय र अवधि

(२) तालिम प्रदायक संस्थाको छनौट गर्दा दफा ८ र ९ मा उल्लिखित आधारमा गर्नु पर्नेछ ।

१०. प्रशिक्षार्थीको सङ्ख्या निर्धारणः- तालिम सञ्चालन गर्न प्रशिक्षार्थी हुने प्रशिक्षार्थी मध्ये सम्भव भएसम्म ५० प्रतिशत १६-२५ उमेर समूहका व्यक्ति हुनु पर्नेछ। बाँकीका हकमा उपलब्ध भएसम्म सबै समूहका युवाको प्रतिनिधित्व हुनु पर्नेछ। साथै प्रशिक्षार्थीको सङ्ख्या निर्धारण गर्दा प्रशिक्षणको पाठ्यक्रम एवं उपलब्ध साधन स्रोत र तालिम सम्बन्धी पूर्वाधारका आधारमा अधिकतम सङ्ख्याको समूह बनाई तालिम सञ्चालन गराइनेछ ।

११. सूचना प्रकाशन र दरखास्त आह्वान :- तालिममा सहभागी हुन इच्छुक युवा उम्मेदवारहरूले कम्तीमा १५ दिनभित्र आवेदन दिन पाउने गरी सम्बन्धित तालिम प्रदायक संस्थामा आवेदन गर्न मन्त्रालयले वा तालिम प्रदायक संस्थाले सार्वजनिक रूपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

१२. तालिमका लागि चाहिने न्यूनतम योग्यता तथा सोका लागि इच्छुक उम्मेदवारले आवेदन साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू :- (१) तालिमका लागि इच्छुक उम्मेदवारले आफ्नो पासपोर्ट साइजको २ प्रति फोटो सहितको व्यक्तिगत विवरण (शैक्षिक योग्यताको लब्धाङ्क पत्र, असल चरित्रको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, पूर्व कार्य अनुभव, पहिले सीप सम्बन्धी तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि आदि) संलग्न गरी अनसूची-१ मा तोकिएको ढाँचामा सूचनामा उल्लेख भए बमोजिम आवेदन दिनु पर्नेछ ।

१. तालिममा सहभागी हुन इच्छुक उम्मेदवारको न्यूनतम शैक्षिक योग्यता तालिम सम्बन्धी सूचनामा तोकिनेछ ।

१३. प्रशिक्षार्थी छनौट प्रक्रिया : (१) मन्त्रालय आफैले सञ्चालन गर्ने बाहेक केन्द्रमा/स्थानीय स्तरमा सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा सहभागी हुनका लागि दरखास्त पेस गर्ने उम्मेदवारको छनौट गर्नका लागि तालिम सञ्चालन हुने जिल्लामा देहाय बमोजिमको प्रशिक्षार्थी समिति रहनेछ:-

(क) तालिम प्रदायक संस्था/निकायका प्रमख वा
निजले तोकेका वरिष्ठ पदाधिकारी - अध्यक्ष

(ख) सम्बन्धित जिल्ला विकास समितिको
कार्यालयका अधिकृत प्रतिनिधि, -सदस्य

(ग) मन्त्रालयको प्रतिनिधि वा सम्बन्धित जिल्लाका
युवा सूचना केन्द्रका प्रमुख - सदस्य सचिव

प्रशिक्षार्थी छनौट समतिको अध्यक्षले सम्बन्धित विषय वा क्षेत्रका विशषज्ञलाई आवश्यकतानुसार आमन्त्रण गर्न सक्नेछ ।

(२) मन्त्रालय आफैले केन्द्रमा सञ्चालन गर्ने तालिमका हकमा प्रशिक्षार्थी छनौटको कार्य निर्देशक समितिले गर्नेछ । सो कार्यका लागि निर्देशक समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(३) मन्त्रालय आफैले स्थानीय स्तरमा सञ्चालन गर्ने तालिम/ प्रशिक्षणका हकमा प्रशिक्षार्थी समितिको अध्यक्षता मन्त्रालयबाट तोकिएको कर्मचारीले गर्नेछ ।

**१४. प्रशिक्षार्थी आधार :- (१) छनौट समितिले प्रशिक्षार्थीहरूका छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-**

(क) सम्बन्धित जिल्ला वा क्षेत्रका दुर्गम स्थानको ।

(ख) बेरोजगार रहेको ।

(ग) सम्बन्धित विषयमा यसअघि कुनै तालिम नलिएको (विशिष्ट तालिम (Advance Training का हकमा बाहेक)

(घ) तालिमका लागि तोकिएका न्यूनतम शैक्षिक योग्यता पूरा गरेको ।

(ङ) कुनै पूर्व प्रशिक्षण विना नै तालिमसँग सम्बन्धित पेसा गरिरहेको वा गर्न इच्छुक वा सम्बन्धित पेसाको पूर्व अनुभव भई पुनः सो पेसा अपनाउन तत्पर रहको ।

उपदफा (१) मा उल्लेख भए बमोजिम प्रशिक्षार्थी छनौट गर्दा सम्भव भएसम्म आर्थिक र सामाजिक रूपमा विपन्न वर्गका युवालाई प्राथमिकता दिनु पर्नेछ ।

२. कुनै निश्चित स्थान, जिल्ला, अञ्चल वा विकास क्षेत्रका युवालाई लक्षित गरी सञ्चालन हुने प्रशिक्षणका हकमा ती स्थानका उम्मेदवारबाट तोकिएको समयभित्र आवश्यक सङ्ख्यामा दरखास्त पर्न नआएमा सो स्थान बाहिरका युवालाई उक्त तलिममा सहभागी गराउन छोटो अवधिको सूचना जारी गरेर छनौट गर्न सकिनेछ । त्यसरी दोस्रो चरणमा छनौट हुने युवाका लागि समेत छनौटका आधार उपरोक्त बमोजिम ने हुनेछन् ।

१५. प्रशिक्षार्थीले पाउने सेवा सुविधाहरूः- (१) छनौट भएका प्रशिक्षार्थीहरूलाई निःशुल्क तालिम प्रदान गरिनेछ र प्रशिक्षणमा सहभागी भए वापत प्रशिक्षण अवधिभरका लागि तालिम प्रदायक संस्थाबाट प्रोत्साहन स्वरूप प्रतिदिन रु. १००।- का दरले खाजा खर्च उपलब्ध गराइनेछ ।

(२) कुनै प्रशिक्षार्थी तालिम सञ्चालन भएको दिन अनुपस्थित भएमा यस्तो अनुपस्थित भएको अवधिको खाजा खर्च पाउने छैन । साथै २५ प्रतिशत भन्दा बढी अवधि कुनै प्रशिक्षार्थी तालिममा अनुपस्थित भएमा सम्बन्धित तालिम प्रदायक संस्था/निकायले निजलाई तालिमबाट हटाई मन्त्रालयलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खाजा खर्च बाहेक तालिम सामग्री, प्रशिक्षक लगायत अन्य सुविधा सम्बन्धित तालिम प्रदायक संस्थाले उपलब्ध गराए बमोजिम हुनेछ ।

(४) प्रशिक्षार्थीलाई सम्झौतामा उल्लेख भएका वा यस निर्देशिकामा तोकिए भन्दा बाहेक मन्त्रालयबाट अतिरिक्त सुविधा उपलब्ध हुने छैन । यस सम्बन्धमा तालिम प्रदायक संस्थाले प्रशिक्षार्थीलाई पूर्व जानकारी दिनु पर्नेछ । साथै माथि उल्लेख गरिए बाहेक तालिम प्रदायक संस्थाले आफ्नो स्रोतबाट थप सुविधा उपलब्ध गराउन बाधा पुगेको मानिने छैन ।

१६. प्रशिक्षणको समय र प्रशिक्षार्थीको उपस्थिति :- तालिम प्रदायक संस्थाले निर्धारण गरेको समयमा र सम्बन्धित तालिम पाठयक्रमले तोके बमोजिम प्रशिक्षार्थीले कार्यस्थलमा प्रशिक्षण लिनु पर्नेछ । प्रशिक्षार्थीको उपस्थिति अभिलेख तालिम प्रदायक संस्थाले राख्नु पर्नेछ ।

१७. सम्झौता गर्नु पर्ने :- (१) तालिम सञ्चालन गर्ने कार्यका लागि मन्त्रालय र तालिम प्रदायक संस्था/निकाय बिच अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) सम्बन्धित तालिम प्रदायक संस्थाले प्रशिक्षार्थीसँग तालिम कार्यक्रम सञ्चालन हुनु अगावै तालिममा सहभागी हुँदा प्रशिक्षार्थीले पाउने सुविधा र तालिमको अवधिमा निजले पालना गर्नुपर्ने सर्तहरू तथा आचरण सम्बन्धी बेहोराहरू समेत उल्लेख गरी लिखित जानकारी गराउनु पर्नेछ ।

१८. तालिम प्रदायक संस्थाको भूमिका : (१) प्रशिक्षार्थीको वैयक्तिक विवरण लगायत सम्पूर्ण अभिलेख व्यवस्थापनको कार्य तालिम प्रदायक संस्थाले गर्नु पर्नेछ। प्रशिक्षार्थीहरूलाई खाजा खर्च स्वरूप उपलब्ध गराइने रकम तालिम प्रदायक संस्थाले सम्बन्धित प्रशिक्षार्थीलाई बुझाई सोका भरपाई राख्नु पर्नेछ ।

(२) तालिम प्रदायक संस्थाले तालिम कार्यक्रमको सम्झौता पत्रमा उल्लेख भए अनुसारको आवधिक प्रगति प्रतिवेदन, हाजिरी, प्रशिक्षार्थीहरूसँग गरिएको सम्झौताको प्रति, रकम बुझाएको भरपाई र अन्य आवश्यक कागजातहरू मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ ।

(३) कार्यक्रमसँग सम्बन्धित कागजातहरू सुरक्षित राख्ने जिम्मेवारी सम्बन्धित तालिम प्रदायक संस्था/निकायको हुनेछ ।

(४) तालिम/प्रशिक्षण सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालय समक्ष आवश्यक निर्देशन माग गर्नु पर्नेछ । यस सम्बन्धमा निर्देशक समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) तालिम/प्रशिक्षण पश्चात् सहभागी प्रशिक्षार्थीहरूबाट सङ्कलित व्यक्तिगत मूल्याङ्कन विवरण फारामहरू र प्रगति विवरण सहितको अन्तिम प्रतिवेदन सम्बन्धित संस्थाले मन्त्रालयमा पठाउनु पर्नेछ ।

१९. तालिमको प्रमाण पत्र र सीप परीक्षण :- (१) प्रशिक्षार्थीले सिकेका विषय र सोका स्तर उल्लेख गरी सम्बन्धित तालिम प्रदायक संस्थाले प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(२) व्यावसायिक र जीविकोपार्जन सम्बन्धी तालिम ३५ दिनभन्दा बढी अवधि भएका अवस्थामा सहभागी प्रशिक्षार्थीहरूमा तालिम पश्चात् भएको क्षमता अभिवृद्धिको स्तर मूल्याङ्कन गर्नका लागि तालिम प्रदायक संस्थाले नेपाल सरकारले मान्यता दिएको संस्थाबाट सीप परीक्षण गराउनु पर्नेछ ।

तर सरकारी निकायबाट तालिम प्रदान गर्ने अवस्थामा यो व्यवस्था बाध्यकारी हुने छैन । त्यस सम्बन्धमा मन्त्रालय र तालिम प्रदायक निकाय बिच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२०. अनुगमनः-(१) तालिम कार्यक्रमको अनुगमन मन्त्रालयले खटाएको व्यक्ति वा निकायले गर्नेछ । अनुगमन कर्ताले अनुगमन प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(२) अनुगमन कर्ताले अनुगमनका सिलसिलामा हेर्न चाहेको विवरण उपलब्ध गराउनु सम्बन्धित तालिम प्रदायक संस्थाको कर्तव्य हुनेछ। तालिम प्रदायक संस्थाले अनिवार्य रूपमा कार्यक्रम स्थलमा अनुगमन पुस्तिका राख्नु पर्नेछ र अनुगमन कर्तालाई आफ्नो टिप्पणी उक्त पुस्तिकामा लेख्न लगाउनु पर्नेछ।

(३) अनुगमन कर्ताले अनुगमनका सिलसिलामा तालिम प्रदायक संस्थालाई प्रशिक्षण कार्यक्रमका सम्बन्धमा आवश्यक निर्देशन/सुझाव दिन सक्नेछ र सोको पालना सम्बन्धित तालिम प्रदायक संस्थाले गर्नु पर्नेछ। तर, यसरी निर्देशन दिनुपर्ने कुनै गम्भीर विषय भए अनुगमन कर्ताले निर्देशन दिनु अगावै निर्देशक समितिका संयोजकलाई सोको जानकारी गराउनु पर्नेछ।

२१. तालिम पाठ्यक्रम :- क्षमता विकास तालिम अन्तर्गत पर्ने तालिमहरू यस प्रकृतिको तालिम प्रदान गर्ने सरकारी स्वामित्वका निकायको स्वीकृत पाठ्यक्रम अनुसार सञ्चालन गरिनेछ। त्यस्तो पाठयक्रम उपलब्ध नभएमा वा स्वीकृत पाठ्यक्रममा परेका विषयहरू बाहेक अन्य विषयवस्तुहरू समेत यस प्रकृतिका तालिममा समावेश गर्न आवश्यक देखिएमा मन्त्रालय आफै वा यस प्रकृतिको तालिम सञ्चालन गर्ने सरकारी स्वामित्वका निकायहरूसँगको परामर्शमा वा सम्बन्धित विषय विज्ञको सिफारिसमा पाठ्यक्रम तयार गरी/गराई लागू गर्न सकिनेछ।

२२. आर्थिक व्यवस्थापनः- (१) तालिम सञ्चालन गर्न सम्झौता भए पश्चात् तालिम प्रदायक संस्थालाई तालिम वापत लाग्ने कुल रकमको ५० प्रतिशत रकम पेस्कीका रूपमा उपलब्ध गराउन सकिनेछ र बाँकी रकम प्रगति विवरण र बिल भरपाई लगायतका कागजात सहितको अन्तिम प्रतिवेदन प्राप्त भएपछि भुक्तानी गरिनेछ।

तर, उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि तालिम प्रदायक संस्था सरकारी निकाय वा सरकारी स्वामित्वको निकाय भएका अवस्थामा तालिम सञ्चालनका वापत लाग्ने कुल रकमको ८० प्रतिशतसम्म रकम पेस्कीका रूपमा उपलब्ध गराउन सकिनेछ। बाँकी रकम सम्पूर्ण विवरण/कागजात सहितको अन्तिम प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी गरिनेछ।

(३) काबु बाहिरको परिस्थिति उत्पन्न भई मन्त्रालयको निर्देशनमा यस्ता तालिम कार्यक्रम केही समयका लागि पर सार्नु वा रद्द गर्नु परेमा यस्तो भुक्तानी वा आर्थिक व्यवस्थापन सम्बन्धी विषय आपसी सहमतिबाट निर्धारण गर्न सकिनेछ। यस विषयमा आपसी सहमतिबाट निर्धारण गर्न नसकिएमा वा सम्झौताका पक्षहरू मध्ये एक पक्षले यस्तो आपसी सहमति गर्न अस्वीकार गरेमा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

(४) सीप परिक्षण गराउने पर्ने तालिमका हकमा तालिममा सहभागी प्रशिक्षार्थीहरूको सीप परीक्षण गर्दा परीक्षणमा ५० देखि ७५ प्रतिशतसम्म प्रशिक्षार्थीहरू अनुत्तीर्ण भएमा तालिम प्रदायक संस्थालाई मन्त्रालयबाट उपलब्ध गराउने कुल रकमको ५ प्रतिशत र

सोभन्दा बढी सङ्ख्यामा प्रशिक्षार्थी अनुत्तीर्ण भएमा १० प्रतिशत रकम घटाएर मात्र तालिम प्रदायक संस्थालाई भुक्तानी दिइनेछ ।

२३. विविधः- (१) ३५ दिनभन्दा बढी अवधिको तालिम लिई सीप परीक्षणमा उत्तीर्ण भएका प्रशिक्षार्थीलाई व्यवसाय सुरु गर्न उद्यमी विकास, लघु उद्यमी/व्यावसायिक सहयोगका लागि सो प्रकृतिको कार्य गर्ने सरकारी तथा गैरसरकारी निकायहरूसँग मन्त्रालयले समन्वय एव सहकार्य गर्न गराउन सक्नेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा मन्त्रालयले स्पष्ट पारी आवश्यक निर्देशन दिन सक्नेछ । र निर्देशिकामा उल्लेख गरिए बाहेकका अन्य कुराहरूका हकमा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

## अनुसूची-१

(दफा १२ का उपदफा (१) सँग सम्बन्धित)

दरखास्तको ढाँचा

| आवदकको पासपोर्ट साइजको फोटो |
|---|

श्री ........................

.............................

त्यस मन्त्रालय/निकाय/संस्थाबाट सञ्चालन गरिने सीप/क्षमता विकास कार्यक्रम अन्तर्गत

.................................. तालिममा सहभागी हुने इच्छा भएकाले मेरो निम्न व्यक्तिगत विवरण र नागरिकताको प्रमाण पत्रका प्रतिलिपि लगायतका कागजातहरू यसैसाथ संलग्न गरी यो निवदेन पेस गरेको/गरेकी छु ।

व्यक्तिगत विवरण

१) निवेदकको नाम, थर :-

२) ठेगानाः-

(क) स्थायीः-

(ख) अस्थायीः-

(ग) सम्पर्क न.:-

३) शैक्षिक योग्यताः-

४) उमेरः-

५) लिङ्गः-

६) विवाहित/अविवाहित/एकलः-

७) पेसाः-

८) परिवार सङ्ख्याः-

९) परिवारको पेसाः-

१०) तालिमपछि व्यवसायमा लगानी गर्न सक्ने/नसक्नेः-

११) यसअघि कुनै तालिम लिए/नलिएकोः-

लिएको भएः-

११.१ तालिम दिने संस्था/कार्यालयको नामः-

११.२ तालिम विना कुनै सीप जानेको भए उल्लेख गर्नेः-

११.३ तालिमको अवधिः-

११.४ तालिम प्राप्त सीपको सदुपयोग भए/नभएकोः-

१२) यो तालिम आवश्यक पर्नुको कारणः-

तालिम पश्चात् तालिम लिएको विषय अनुसारको व्यवसाय सञ्चालन गर्न दृढ निश्चय गरेको छु। उल्लिखित विवरण ठिक दुरुस्त छन्।

............................

संरक्षकको नाम, थरः-

नाताः-

आवेदकको दस्तखतः-

मितिः

# युवा प्रतिभाको खोजी तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७१

## (स्वीकृत मिति २०७१।०३।१०)

**प्रस्तावना**

राष्ट्रिय युवा नीति, २०६६ ले परिकल्पना गरे बमोजिम युवाको सर्वाङ्गीण विकासका लागि युवाहरू स्वयंले देशको आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रमा उल्लेखनीय कार्य गरी ख्याति प्राप्त गरेका र गर्न क्षमता भएका उदीयमान युवा प्रतिभाहरूको खोजी गरी उनीहरूको प्रतिभालाई प्रोत्साहन गरी सघाउ पुर्‍याउने उद्देश्यले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम “युवा प्रतिभाको खोजी तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७१” रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “युवा प्रतिभा” भन्नाले यसै कार्यविधिको नियम ३ मा उल्लिखित क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएका १६ वर्षदेखि ४० वर्ष उमेर समूहका युवा, युवा समूहहरूको प्रतिभालाई सम्झनु पर्दछ।

(ख) “मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ।

(ग) “खोजी” भन्नाले यस कार्यविधिको नियम ३ मा उल्लिखित क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएका युवा प्रतिभाहरूका सम्बन्धमा जानकारी लिनका लागि गरिने कार्यलाई सम्झनु पर्दछ।

(घ) “प्रोत्साहन” भन्नाले युवाहरू स्वयंले गरेको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, सीप, अनुभव, क्षमता र दक्षतालाई थप हौसला प्रदान गर्नका लागि गरिने कार्यलाई सम्झनु पर्दछ।

(ङ) “युवा समूह” भन्नाले नियम ३ मा उल्लिखित क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने गरी कार्यरत युवाहरूको समूहलाई सम्झनु पर्दछ।

**३. युवा प्रतिभा प्रोत्साहनको क्षेत्र र छनौटका आधार**

मन्त्रालयले प्रत्येक वर्ष देहायका क्षेत्रहरूमा महत्वपूर्ण वा उत्कृष्ट कार्य गरेका वा उत्कृष्ट कार्य गर्न क्षमता प्रदर्शन गरेका युवा, युवा समूहलाई छनौट गरी प्रोत्साहन गर्ने छः

(क) रोजगारी (उद्योग/उद्यमशीलता/व्यवसाय/रोजगारमूलक तालिम)

(ख) कृषि, जडीबुटी खेती, वृक्षरोपण, वनजङ्गल र वातावरण संरक्षण

(ग) विज्ञान प्रविधि, सूचना तथा सञ्चार एवं अध्ययन, अनुसन्धान तथा नयाँ औजार, यन्त्र, उपकरणको निर्माण, खोज, सुधार, आविष्कार

(घ) पर्यटन प्रवर्द्धन

(ङ) सामाजिक सेवा

(च) साहित्य, कला संस्कृतिको संरक्षण र संवर्द्धन

(छ) खेलकुद तथा साहसिक कार्य

(ज) अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई चिनाउन गरेका उल्लेखनीय एवं कीर्तिमानी कार्य

(झ) युवा क्षमता विकास, सशक्तीकरण, युवा परिचालन र नेतृत्व विकासका क्षेत्रमा गरेको उल्लेख्य योगदान

(ञ) परम्परागत प्रविधिको संरक्षण र विकास

**४. छनौटका आधार**

युवा, युवा समूहको प्रतिभालाई प्रोत्साहन गर्ने छनौटका आधारहरू देहाय बमोजिम हुनेछन् :

(१) युवा प्रतिभा प्रोत्साहनमा सहभागी हुने वा प्रोत्साहित गर्ने युवा १६-४० वर्ष उमेर भित्रको नेपाली नागरिक हुनु पर्नेछ ।

(२) युवा वा युवा समूहले युवाको हकहितको संरक्षण र संवर्द्धन तथा विकासका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको हुनु पर्नेछ ।

(३) खण्ड (२) बमोजिमको योगदान स्पष्ट देखिने र महसुस गर्न सकिने हुनुपर्ने र त्यस्तो योगदानबाट युवामा उत्साह र हौसला जागेको, समाजमा सकारात्मक प्रभाव परेको तथा अन्य व्यक्ति निकायले पनि त्यस्तो कार्यको अनुकरण गरेको अनुकरणयोग्य कार्य हुनु पर्नेछ ।

(४) युवा, युवा समूहले गरेको योगदान मौलिक र गुणात्मक हुनुपर्ने ।

(५) नवीन सृजना भए सोमा गरिएको लगानी र लगानीको स्रोत खुलेको हुनुपर्ने ।

(६) कम्तीमा २ वर्षभन्दा बढी देखि सो क्षेत्रमा क्रियाशील भएको हुनुपर्ने ।

(७) स्थानीय स्रोत साधन प्रयोग गरी स्वरोजगारी सृजनामा योगदान पुऱ्याएको हुनुपर्ने ।

**५. छनौट प्रक्रिया**

(१) युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यका लागि त्यस्ता युवाहरूको विवरण सङ्कलन कार्य उपयुक्त विभिन्न तौर तरिका तथा माध्यमबाट गरिनेछ ।

(२) विवरण सङ्कलन गर्न सार्वजनिक रूपमा सूचना प्रकाशन गरिनेछ साथै विभिन्न सञ्चार माध्यमबाट प्रकाशन भएका विवरणलाई समेत समावेश गर्न सक्नेछ ।

(३) सूचना प्रकाशन गरिएकामा प्रकाशित सूचना बमोजिम म्यादभित्र प्राप्त भएका विवरण र अन्य क्षेत्रसँग सम्बन्धित विवरणका हकमा मन्त्रालय आफैले उक्त सूचनालाई समावेश गर्न सक्नेछ ।

(४) सरोकारवाला बाहेक कुनै युवा, युवा समूहले युवाका क्षेत्रमा उत्कृष्ट काम गरेको वा सो क्षेत्रमा सिर्जनशील, उद्यमशीलता, रोजगारी, अविष्कार, अन्वेषण, अनुसन्धान गरी तथा अन्य कसैले गरेको आविष्कार र अनुसन्धानबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई प्रयोग गरी समाज र राष्ट्र विकासमा अनुकरणीय योगदान दिएका सक्षम युवा, युवा समूहलाई युवा प्रोत्साहनका लागि

सम्बन्धित निकायले सिफारिस गर्न सक्नेछ। निवेदक युवाले त्यस्तो सिफारिस पेस गर्न सक्नेछ।

(५) यस कार्यविधिले समेट्न नसकेको विषयमा युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यको छनौट गर्दा समितिले अन्य उपयुक्त प्रक्रिया समेत अपनाउन सक्नेछ।

(६) छनौटका लागि गठन भएको समितिले छनौट सम्बन्धी कार्य गर्नेछ।

(७) देशका १४ अञ्चल र ७५ जिल्लाबाट विवरण प्राप्त गर्ने पद्धति अपनाई विवरण सङ्कलन गर्नु पर्नेछ।

**६. युवा प्रतिभा प्रोत्साहन छनौट समितिमा विवरण पठाउने**

यस कार्यविधिको नियम ५ बमोजिम प्राप्त निवेदन, सुझाव, विवरण, सिफारिस लगायतका सङ्कलित विवरण नियम ७ बमोजिम गठित समितिमा पठाउनेछ।

**७. युवा प्रतिभा प्रोत्साहन छनौट समितिको गठन**

(१) नियम ६ बमोजिम प्राप्त निवेदन, सुझाव, विवरण, सिफारिस आदि सम्बन्धी प्राप्त विवरण जाँचबुझ गरी युवा प्रतिभाको खोजी र प्रोत्साहन गर्ने सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

| | |
|---|---|
| (क) मन्त्रालयका सचिव | -संयोजक |
| (ख) युवा तथा प्रशासन महाशाखाका सहसचिव | -सदस्य |
| (ग) नेपाल उद्योग वाणिज्य महासङ्घका प्रतिनिधि | -सदस्य |
| (घ) युवाका क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधित्व हुने गरी मन्त्रालयले तोकेको १ जना युवा प्रतिनिधि | -सदस्य |
| (ङ) मन्त्रालयको तथ्याङ्क तथा सूचना शाखाका प्रमुख | -सदस्य सचिव |

(२) छनौट समितिमा विधागत विशेषज्ञलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ।

(३) छनौट समितिले युवा प्रतिभाको खोजी र प्रोत्साहन गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कार्यविधि आफै व्यवस्थित गर्नेछ। साथै छनौट समितिको बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गर्नेछ।

**८. युवा प्रतिभाको खोजी र प्रोत्साहन**

(१) मन्त्रालयले नियम ७ बमोजिमको छनौट समितिले सिफारिस गरेका युवा, युवा समूहलाई प्रत्येक वर्ष युवा प्रोत्साहन स्वरूप सहयोग प्रदान गर्नेछ।

(२) प्रत्येक युवा, युवा समूहलाई उनीहरूको प्रतिभाको कदर गर्दै प्रोत्साहन स्वरूप रु. ५०,०००।- (पचास हजार) उपलब्ध गराइनेछ।

# भूकम्प प्रभावित क्षेत्रमा युवा स्वयंसेवक परिचालन कार्यविधि, २०७२

**नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत मितिः**
**२०७२/०२/०८**

१. **पृष्ठभूमि** : मिति २०७२ साल वैशाख १२ गते र त्यसपछिका विभिन्न मिति एवं समयमा गएका भूकम्प सहित विनाशकारी प्रकोपबाट प्रभावित भएका जिल्लाहरूमा राहत वितरण, पुनर्वास एवं पुनर्स्थापना लगायतका कार्यहरू गर्न समन्वयात्मक रूपमा युवा स्वयंसेवकहरू परिचालन गर्नु आवश्यक भएकाले युवाहरूलाई राष्ट्रिय विपद् एवं पुनर्निर्माण स्वयंसेवकका रूपमा काममा लगाउन राष्ट्रिय स्वयंसेवा अभियान निर्देशिका, २०६९ को दफा (४) को खण्ड (ढ) र दफा ६ को खण्ड (ञ) बमोजिम "भूकम्प प्रभावित क्षेत्रमा युवा स्वयंसेवक परिचालन कार्यविधि, २०७२" बनाइएको छ ।

२. **युवा स्वयंसेवक परिचालनका उद्देश्य** : युवा स्वयंसेवक परिचालनका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

(क) मूल्यवान् वस्तु, अन्नपात तथा अन्य उपभोग्य घरायसी सामग्री सङ्कलन गरी सुरक्षित स्थानमा राख्न सहयोग गर्ने,

(ख) आंशिक तथा पूर्ण रूपमा क्षतिग्रस्त भौतिक संरचनाहरूको व्यवस्थित रूपमा भग्नावशेष हटाउने कार्यमा सहयोग गर्ने,

(ग) भूकम्पबाट पीडित सर्वसाधारण नागरिकहरूका लागि स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गरी अस्थायी बसोबास, अस्थायी विद्यालय भवन, अस्थायी स्वास्थ्य चौकीको व्यवस्था मिलाउन सहयोग गर्ने,

(घ) सरसफाइ, स्वास्थ्य र वातावरण सम्बन्धी चेतनामूलक कार्य गर्ने ।

३. **युवा स्वयंसेवक समन्वय तथा परिचालन संयन्त्र** : (१) केन्द्र स्तरबाट युवा स्वयंसेवक परिचालन एवं समन्वय गर्नका लागि देहाय बमोजिमको एक केन्द्रीय युवा स्वयंसेवक समन्वय तथा परिचालन संयन्त्र रहनेछ :-

| | | |
|---|---|---|
| (क) | युवा तथा खेलकुद मन्त्री | - संयोजक |
| (ख) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| (ग) | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, शिक्षा मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | - सदस्य |
| (च) | सचिव, युवा तथा खेलकुद मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, श्रम तथा रोजगार मन्त्रालय | - सदस्य |

(ज) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय - सदस्य

(झ) सचिव, सूचना तथा सञ्चार मन्त्रालय - सदस्य

(ञ) सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - सदस्य

(ट) सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(ठ) क्रियाशील राजनैतिक दलका प्रतिनिधिहरू मध्येबाट एक/एक जना - सदस्य

(ड) सदस्य-सचिव, राष्ट्रिय खेलकुद परिषद् - सदस्य

(ढ) खेल सङ्घहरू मध्येबाट एक जना प्रतिनिधि - सदस्य

(ण) प्रमुख आयुक्त, नेपाल स्काउट - सदस्य

(त) युवा क्षेत्रमा कार्य गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरू मध्येबाट एक जना - सदस्य

(थ) युवा सम्बद्ध गैरसरकारी सङ्घसंस्था मध्येबाट एक जना - सदस्य

(द) निजी विद्यालय छाता सङ्घसंस्थाहरू मध्येबाट एक जना प्रतिनिधि - सदस्य

(ध) सह-सचिव, युवा तथा खेलकुद मन्त्रालय -सदस्य सचिव

यस संयन्त्रमा राजनीतिक युवा सङ्घसंस्था लगायत अन्य युवा संस्थाका थप प्रतिनिधिहरूलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको संयन्त्रको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) यस कार्यविधि बमोजिम केन्द्रीय युवा स्वयंसेवक समन्वय तथा परिचालन संयन्त्रको निर्णय कार्यान्वयन गर्न युवा तथा खेलकुद मन्त्रालयमा देहाय बमोजिम सदस्य रहने एक सचिवालय रहनेछ :-

(क) सह-सचिव, युवा तथा खेलकुद मन्त्रालय - संयोजक

(ख) उप-सचिव, गृह मन्त्रालय - सदस्य

(ग) उप-सचिव, शिक्षा मन्त्रालय - सदस्य

(घ) उप-सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य

(ङ) उप-सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - सदस्य

(च) निर्देशक, नेपाल स्काउट - सदस्य

(छ) उप-सचिव, युवा तथा खेलकुद मन्त्रालय -सदस्य सचिव

(४) सङ्कटग्रस्त जिल्लामा केन्द्रबाट परिचालित एवं सोझै जिल्ला स्तरमा परिचालित स्वयंसेवकहरूको परिचालन एवं समन्वय गर्नका लागि देहाय बमोजिमको एक जिल्ला स्तरीय स्वयंसेवक समन्वय तथा परिचालन संयन्त्र रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) स्थानीय विकास अधिकारी - सदस्य

(ग) जिल्ला शिक्षा अधिकारी - सदस्य

(घ) जिल्ला जन स्वास्थ्य अधिकृत - सदस्य

(ङ) महिला विकास अधिकृत - सदस्य

(च) जिल्लामा क्रियाशील राजनैतिक दलका प्रतिनिधिहरू मध्येबाट एक/एक जना - सदस्य

(छ) जिल्ला आयुक्त, नेपाल स्काउट - सदस्य

(ज) युवा परिचालन गर्ने युवा सम्बद्ध सङ्घसंस्थाहरू मध्येबाट एक जना - सदस्य

(झ) कार्यालय प्रमुख, जिल्ला खेलकुद विकास समितिको कार्यालय - सदस्य सचिव

(५) उपदफा (४) बमोजिमको संयन्त्रको बैठक आवश्यकता अनुसार बस्नेछ।

## ४. युवा स्वयंसेवक परिचालनको व्यवस्था

(१) युवा स्वयंसेवक परिचालन गर्दा विभिन्न राजनीतिक दल सम्बद्ध युवा सङ्घसंस्था, विभिन्न खेलकुद सम्बद्ध सङ्घसंस्था, नेपाल स्काउट लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था, गैरआवासीय नेपाली सङ्घसंस्थाहरूमा आबद्ध नेपाली, विदेशी तथा युवाहरू केन्द्र स्तरबाट वा सोझै जिल्ला स्तरमा परिचालन गरिनेछ।

(२) यस कार्यविधि बमोजिम केन्द्र स्तरबाट युवा स्वयंसेवक परिचालन गर्न चाहने सङ्घसंस्थाले परिचालन गरिने युवाहरूको सूची सहित युवा तथा खेलकुद मन्त्रालयले तोकेको ढाँचा बमोजिमको समझदारी पत्रमा मन्त्रालयसँग सम्झौता गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम जिल्ला स्तरबाट युवा स्वयंसेवक परिचालन गर्न चाहने सङ्घसंस्थाले परिचालन गरिने युवाहरूको सूची सहित युवा तथा खेलकुद मन्त्रालयले तोकेको ढाँचा बमोजिमको समझदारी पत्रमा जिल्ला स्तरीय स्वयंसेवक समन्वय तथा परिचालन संयन्त्रसँग सम्झौता गर्नु पर्नेछ।

(४) परिचालित हुने युवा स्वयंसेवकहरूको विवरण सङ्कलन तथा एकीकृत गरी युवा तथा खेलकुद मन्त्रालयले अभिलेख राख्नेछ र सो अभिलेख प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम परिचालित हुने युवा स्वयंसेवकहरूको कार्य अवधि सामान्यतया एक महिनाको हुनेछ र आवश्यकता देखिएमा पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि थप कार्य विवरण सहित तिन महिनाका लागि परिचालन गर्न सकिनेछ ।

(६) जिल्ला स्तरीय संयन्त्र मार्फत स्थानीय तहमा रहेका युवाहरूको स्वयंसेवक समूह गठन गरी परिचालन गर्न सकिनेछ ।

(७) जिल्ला स्तरीय संयन्त्रलाई युवा स्वयंसेवक परिचालनको अभिलेख राख्ने, प्रतिवेदन तयार पार्ने लगायतका कार्यमा सहयोग पुऱ्याउन एक जना प्रशासनिक र एक जना कम्प्युटर अपरेटर गरी दुई जना स्वयंसेवक खटाइनेछ ।

(८) युवा स्वयंसेवकको परिचालन र समन्वयमा सहयोग पुऱ्याउन तथा युवा स्वयंसेवकलाई उत्प्रेरित गर्न युवा तथा खेलकुद मन्त्रालयले भूकम्पबाट सङ्कटग्रस्त जिल्लामा एक एक जना युवा दूत (Youth Envoy) नियुक्त गरी पठाउन सक्नेछ ।

(९) जिल्लामा खटिने युवा स्वयंसेवकहरूको सुरक्षाको व्यवस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गर्नेछ ।

५. **युवा स्वयंसेवकका काम र कर्तव्य :** भूकम्प प्रभावित क्षेत्रमा खटिने युवा स्वयंसेवकहरूका काम र कर्तव्य निम्न अनुसार हुनेछन् :

(क) भूकम्प प्रभावित स्थानबाट भग्नावशेष हटाउने,

(ख) भूकम्प पीडित व्यक्तिहरूका सम्पत्ति सुरक्षित रूपमा राख्न सहयोग पुऱ्याउने,

(ग) अस्थायी टहरा बनाउन सहयोग गर्ने,

(घ) अस्थायी घर बनेको भए त्यसलाई व्यवस्थित गर्न सहयोग गर्ने,

(ङ) भूकम्प पीडित व्यक्तिहरूको जनजीवन सामान्य पार्न कुलो खन्ने, खेतीपाती लगाउने जस्ता कार्यमा सहयोग गर्ने,

(च) विद्यालयमा अस्थायी कक्षा कोठा, भवन तथा अस्थायी स्वास्थ्य चौकी निर्माणमा सहयोग गर्ने,

(छ) स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम गर्ने,

(ज) एकीकृत ग्राम विकास र व्यवस्थापनका लागि आवश्यक जनमत बनाउने ।

६. **युवा स्वयंसेवकहरूको आचार संहिता :** (१) भूकम्प प्रभावित क्षेत्रमा खटिने युवा स्वयंसेवकहरूले निम्न अनुसारको आचार संहिताको पालना गर्नु पर्नेछ :-

(क) स्वयंसेवकले राजनैतिक क्रियाकलापमा संलग्न नहुने र कार्य सम्पादन गर्दा आफ्नो राजनैतिक आस्थाको प्रभाव पर्न नदिने,

(ख) स्वयंसेवा अवधिभर मादक पदार्थ सेवन नगर्ने,

(ग) सरोकारवाला पक्षहरूसँग शिष्ट, सामाजिक रूपले मर्यादित र नैतिक व्यवहार गर्ने,

(घ) आफूलाई सुम्पिएको जिम्मेवारी स्वयंसेवाको भावना, विश्वव्यापी मान्यता र मर्म अनुरुप इमान्दारीपूर्वक पूरा गर्नुपर्ने,

(ङ) स्वयंसेवक आबद्ध सङ्घसंस्थाबाट कुनै सुविधा उपलब्ध गराउने निर्णय भएको भए सो अवस्थामा बाहेक कुनै संस्था वा व्यक्तिबाट कुनै सुविधा लिन नपाइने,

(च) अनुशासित भई शिष्ट र विधिसम्मत व्यवहार गर्दै आफूलाई आदर्शवान् र नमुना पात्रका रूपमा प्रस्तुत गर्नुपर्ने,

(छ) अन्य निकाय र पदाधिकारीको काममा हस्तक्षेप नगर्ने,

(ज) धर्ना, घेराउ र जुलुस जस्ता कार्यक्रममा संलग्न नहुने,

(झ) कुनै सुविधाका लागि सम्बन्धित संस्थालाई कुनै दबाब दिने वा माग राख्ने कार्य गर्न नहुने,

(ञ) सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल पुऱ्याउने कार्य नगर्ने,

(ट) राष्ट्र र जनताको बृहत्तर हितमा आघात पुग्ने कुनै पनि कार्य गर्न नपाइने ।

(२) स्वयंसेवकहरूले पालना गर्नुपर्ने आचर संहिता विपरीत कार्य गरेमा जिल्ला स्तरीय स्वयंसेवक समन्वय तथा परिचालन संयन्त्रले स्वयंसेवक सेवाबाट यस्ता स्वयंसेवकहरूलाई फिर्ता पठाउन सक्नेछ ।

## ७. युवा स्वयंसेवकहरूको अनुगमन तथा प्रतिवेदन

(१) परिचालन गरिएका स्वयंसेवकहरूले गरेका कार्यहरूको सघन अनुगमन स्वयंसेवक परिचालन गर्ने सङ्घ/संस्थाहरूबाट गरिनेछ । यस्ता सङ्घ संस्थाहरूले युवा तथा खेलकुद मन्त्रालयबाट तोकिएको ढाँचामा मासिक प्रगति प्रतिवेदन तयार पारी जिल्ला स्तरीय स्वयंसेवक समन्वय तथा परिचालन संयन्त्रमा पेस गर्नु पर्नेछ ।

(२) जिल्ला स्तरीय संयन्त्रले यसरी विभिन्न सङ्घसंस्थाबाट प्राप्त मासिक प्रतिवेदन एकीकृत गरी युवा तथा खेलकुद मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) स्वयंसेवकहरूले गरेका कार्यको सघन अनुगमन भए/नभएको विषयमा युवा तथा खेलकुद मन्त्रालयबाट आवश्यकता अनुरुप अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा युवा तथा खेलकुद मन्त्रालयले स्वयंसेवक परिचालनको अवस्था झल्किने गरी कुनै समस्या भए त्यसको समाधानको उपाय सहितको समष्टिगत प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनेछ ।

## ८. विविध

(१) यस कार्यविधि बमोजिम परिचालन हुने युवा स्वयंसेवकहरूलाई युवा तथा खेलकुद मन्त्रालयले तोके बमोजिमको परिचय पत्र जिल्ला स्तरीय स्वयंसेवक समन्वय तथा परिचालन संयन्त्रले उपलब्ध गराउनेछ ।

(२) यस कार्यविधि बमोजिम परिचालन हुने युवा स्वयंसेवकहरू कार्यस्थलमा कार्यरत रहँदा दुर्घटनामा परेमा नेपाल सरकारले सरकारी स्वास्थ्य संस्था मार्फत निशुल्क उपचारको व्यवस्था गर्नेछ ।

(३) स्वयंसेवामा संलग्न युवाहरूलाई आबद्ध युवा सङ्घसंस्थाको सिफारिसमा प्रशंसापत्र प्रदान गरिनेछ ।

(४) उत्कृष्ट कार्य सम्पादन गर्ने युवा स्वयंसेवकहरूलाई युवा तथा खेलकुद मन्त्रालयबाट वार्षिक रूपमा प्रदान गरिँदै आएको राष्ट्रिय युवा प्रतिभा सम्मान र युवा प्रतिभा तथा उद्यमीको पहिचान र प्रोत्साहन पुरस्कारमा प्राथमिकता दिइनेछ ।

(५) सबै क्षेत्रको सहयोग प्राप्त गरी आफूलाई सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरी भूकम्पबाट प्रभावित समुदायलाई सहयोग पुऱ्याउनु युवा स्वयंसेवकहरूको कर्तव्य एवं जिम्मेवारी हुनेछ । यसरी परिचालन हुने युवा स्वयंसेवकहरूलाई सहयोग पुऱ्याउनु सबै सरोकारवाला निकायहरू तथा पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) यो कार्यविधि जारी भएको मितिले तिन महिनासम्म लागू हुनेछ र आवश्यक परेमा नेपाल सरकारले समयावधि थप गर्न सक्नेछ ।

९. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा युवा तथा खेलकुद मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# राष्ट्रिय खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२

स्वीकृति प्राप्त मिति : २०७२/३/२३

**प्रस्तावना** : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा ट्रफी वा पदक सहित महत्त्वपूर्ण स्थान प्राप्त गरी नेपाल र नेपालीको गौरव बढाउन योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षक तथा सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई पुरस्कार तथा सम्मान प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउन वाञ्छनीय भएकाले नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ओलम्पिक प्रतियोगिता" भन्नाले विश्वका विभिन्न देशहरूको सहभागिता रहने गरी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट आयोजना हुने खेलकुद प्रतियोगिता सम्झनु पर्छ र सो शब्दले पारा ओलम्पिक खेलकुद प्रतियोगितालाई समेत जनाउँछ ।

(ख) "एसियन खेलकुद प्रतियोगिता" भन्नाले एसियाली देशहरूको सहभागिता रहने गरी एसियन ओलम्पिक कमिटीबाट आयोजना गरिने खेलकुद प्रतियोगिता सम्झनु पर्छ र सो शब्दले पारा एसियन खेलकुद प्रतियोगितालाई समेत जनाउँछ ।

(ग) "च्याम्पियनसिप खेलकुद प्रतियोगिता" भन्नाले सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल सङ्घबाट आयोजना गरिने अन्तर्राष्ट्रिय वा महादेश स्तरको बृहत् खेलकुद प्रतियोगिता सम्झनु पर्छ ।

(घ) "क्रिकेट प्रतियोगिता" भन्नाले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् वा महादेशीय क्रिकेट परिषद्बाट आयोजना गरिने अन्तर्राष्ट्रिय स्तरको क्रिकेट खेलकुद प्रतियोगिता सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय क्रिकेट परिषद्ले आयोजना गर्ने छनौट चरणको क्रिकेट खेलकुद प्रतियोगितालाई समेत जनाउँछ ।

(ङ) "दक्षिण एसियाली खेलकुद प्रतियोगिता" भन्नाले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनबाट सो सङ्गठनका सदस्य राष्ट्रहरूको सहभागिता रहने गरी आयोजना गरिने खेलकुद प्रतियोगिता सम्झनु पर्छ ।

(च) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्छ ।

(छ) "पारा खेलकुद प्रतियोगिता" भन्नाले फरक तथा भिन्न शारिरीक, मानसिक, बौद्धिक तथा संवेगात्मक क्षमता र रुचि भएका खेलाडीहरुको मात्र सहभागिता रहने गरी आयोजना हुने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगिता सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(झ) "महत्त्वपूर्ण स्थान" भन्नाले खेलकुद प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, टिम च्याम्पियन, ट्रफी वा पदक हासिल गरेको अवस्था सम्झनु पर्छ ।

(ञ) "राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता" भन्नाले विद्यालय स्तरबाट खेल प्रतिभाको खोजी गर्न सञ्चालन गरिने केन्द्र स्तरको खेलकुद प्रतियोगिता सम्झनु पर्छ ।

(ट) "राष्ट्रिय खेलकुद प्रतियोगिता" भन्नाले नेपाल सरकार वा परिषद्ले राष्ट्रिय स्तरमा औपचारिक रूपमा आयोजना गरेको खेलकुद प्रतियोगिता सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले दफा ३ बमोजिमको खेलकुद पुरस्कार तथा सम्मान सिफारिस समिति सम्झनु पर्छ ।

३. **सिफारिस समिति सम्बन्धी व्यवस्था:** (१) महत्त्वपूर्ण स्थान हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक तथा सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई यस निर्देशिका बमोजिमको पुरस्कार तथा सम्मानका लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको खेलकुद पुरस्कार तथा सम्मान समिति रहनेछः-

(क) सचिव, युवा तथा खेलकुद मन्त्रालय - संयोजक
(ख) महाशाखा प्रमुख (खेलकुद हेर्ने), युवा तथा खेलकुद मन्त्रालय - सदस्य
(ग) सदस्य-सचिव, राष्ट्रिय खेलकुद परिषद् - सदस्य
(घ) शाखा प्रमुख, खेलकुद विकास शाखा, युवा तथा खेलकुद मन्त्रालय - सदस्य
(ङ) शाखा प्रमुख, खेलकुद प्रतियोगिता शाखा, युवा तथा खेलकुद मन्त्रालय - सदस्य-सचिव

(२) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(३) समितिको बैठक समितिको संयोजकको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(४) समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तथा पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्दा अपनाउने अन्य प्रक्रिया सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिको सचिवालयको काम मन्त्रालयको खेलकुद प्रतियोगिता शाखाले गर्नेछ ।

**४. पुरस्कार तथा सम्मान प्रदान गरिने**

(१) मन्त्रालयले ओलम्पिक प्रतियोगिता, एसियन खेलकुद प्रतियोगिता, दक्षिण एसियाली खेलकुद प्रतियोगिता वा क्रिकेट प्रतियोगितामा महत्त्वपूर्ण स्थान हासिल गर्ने खेलाडी तथा त्यस्तो खेलका प्रशिक्षक, सहायक प्रशिक्षक तथा फिजियोलाई अनुसूची -१ मा उल्लेख भए बमोजिमको नगद पुरस्कार र सम्मान पत्र प्रदान गर्नेछ ।

(२) मन्त्रालयले राष्ट्रिय खेलकुद प्रतियोगिता वा केन्द्रीय स्तरको राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सोही स्तरको खेलकुद प्रतियोगितामा पहिले कायम भएको राष्ट्रिय कीर्तिमान तोडी नयाँ कीर्तिमान सहित महत्त्वपूर्ण स्थान हासिल गर्ने खेलाडीलाई व्यक्तिगत स्पर्धातर्फको स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खेलाडीलाई क्रमशः एक लाख, पचहत्तर हजार र पचास हजार र सामूहिक स्पर्धातर्फ स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने प्रत्येक खेलाडीलाई क्रमशः पचास हजार, पैंतिस हजार, बिस हजार रुपियाँ नगद पुरस्कार र सम्मान पत्र प्रदान गर्नेछ ।

(३ ओलम्पिक प्रतियोगिता, एसियन खेलकुद प्रतियोगिता, दक्षिण एसियाली खेलकुद प्रतियोगितामा खेलाडी सहभागी गराई महत्त्वपूर्ण स्थान हासिल गर्ने सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई अनुसूची –१ मा उल्लेख भए बमोजिमको नगद पुरस्कार र सम्मान पत्र प्रदान गर्नेछ ।

(४) उपदफा (१) र (२) बाहेकका विच ओलम्पिक, युथ ओलम्पिक, विशेष ओलम्पिक, हिउँदे ओलम्पिक, महादेश स्तरीय अन्तर्राष्ट्रिय प्रतियोगिता वा अन्तर्राष्ट्रिय स्तरका च्याम्पियनसीप प्रतियोगिता वा सोही स्तरका पारा खेलकुद प्रतियोगितामा व्यक्तिगत स्पर्धातर्फ प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने खेलाडीलाई समितिको सिफारिसमा मन्त्रालयले क्रमशः एक लाख, पैंसठ्ठी हजार र पैंतिस हजार रुपियाँमा नबढाई र सामूहिक स्पर्धातर्फ प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रत्येक खेलाडीलाई क्रमशः पचास हजार, बत्तिस हजार पाँच सय र सत्र हजार पाँच सय रुपियाँमा नबढाई नगद पुरस्कार र सम्मान पत्र प्रदान गर्न सक्नेछ ।

५. **पुरस्कार तथा सम्मानका लागि निवेदन तथा सिफारिस सम्बन्धी व्यवस्थाः** (१) ओलम्पिक प्रतियोगिता, एसियन खेलकुद प्रतियोगिता, दक्षिण एसियाली खेलकुद प्रतियोगिता वा क्रिकेट प्रतियोगितामा महत्त्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, त्यस्तो खेलका प्रशिक्षक, सहायक प्रशिक्षक तथा फिजियोले दफा ४ को उपदफा (१) बमोजिम सम्मान तथा पुरस्कारको सिफारिसका लागि सम्बन्धित खेलकुद प्रतियोगिता

सम्पन्न भएको तिन महिना भित्र देहायको विवरण तथा कागजात संलग्न गरी मन्त्रालयले निर्धारण गरे बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ :-

(क) खेलकुद प्रतियोगिताका आयोजकबाट प्रदान गरिएको प्रमाण पत्रको प्रतिलिपि,

(ख) त्यस्तो प्रतियोगितामा भाग लिन परिषद्को स्वीकृतिमा गरिएको प्रमाण,

(ग) परिषद् र सम्बन्धित खेलकुद सम्बन्धी सङ्घको सिफारिस पत्र,

(घ) सम्मान र पुरस्कार पाउने खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक तथा फिजियोका नाममा परिषद्मा पेस्की फछ्र्यौट गर्न बाँकी तथा बेरुजु नभएको भनी परिषद्ले गरेको सिफारिस पत्र,

(ङ) सम्बन्धित खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक तथा फिजियोले नेपाल सरकारलाई तिर्न बुझाउन कुनै बेरुजु वा अन्य रकम बाँकी नरहेको भन्ने स्वः घोषणा ।

(२) ओलम्पिक प्रतियोगिता, एसियन खेलकुद प्रतियोगिता, दक्षिण एसियाली खेलकुद प्रतियोगितामा खेलाडी सहभागी गराई दफा ४ को उपदफा (३) बमोजिम पुरस्कार पाउन सक्ने सम्बन्धित खेलकुद सम्बन्धी संस्थाले सम्बन्धित खेलकुद प्रतियोगिता सम्पन्न भएको तिन महिना भित्र देहायको विवरण खोली समिति समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको,

(ख) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण सम्पन्न गरेको,

(ग) नेपाल सरकार र परिषद्लाई सम्बन्धित संस्थाले तिर्न बुझाउन पर्ने कुनै रकम वा बेरुजु नरहेको,

(घ) नियमित निर्वाचन प्रक्रियाबाट सम्बन्धित संस्थाको कार्य समिति गठन भएको,

(ङ) परिषद्मा आबद्ध भएको, र

(च) प्रचलित कानुन बमोजिम परिषद्को लगतबाट नाम कट्टा नभएको ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त जानकारी तथा कागजात उपर आवश्यक जाँचबुझ गर्दा बेहोरा मनासिब देखिएमा समितिले महत्त्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, त्यस्तो खेलका प्रशिक्षक, सहायक प्रशिक्षक तथा फिजियो र सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई यस कार्यविधि बमोजिम पुरस्कार तथा सम्मान प्रदान गर्नका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

६. **कार्यक्रम आयोजना गरी पुरस्कार तथा सम्मान प्रदान गर्नेः** (१) मन्त्रालयले पुरस्कार तथा सम्मानका लागि समितिबाट सिफारिस भएका खेलाडी, त्यस्तो खेलका प्रशिक्षक, सहायक प्रशिक्षक वा फिजियो तथा सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई कार्यक्रम आयोजना गरी सम्मान तथा पुरस्कार प्रदान गर्नेछ ।

(२) यस दफा बमोजिम प्रदान गरिने सम्मान पत्रको ढाँचा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **आवास सुविधा प्रदान गरिनेः** मन्त्रालयले ओलम्पिक प्रतियोगितामा कुनै पदक, एसियन खेलकुद प्रतियोगितामा कम्तीमा एक स्वर्ण सहित दुई वटा पदक वा दक्षिण एसियाली खेलकुद प्रतियोगिताको अफिसियल खेलमा कम्तीमा तिन पटक स्वर्ण पदक प्राप्त गरेका खेलाडीहरूले खेल जीवनबाट संन्यास लिएमा निजको जीवनभर एक पटकका लागि एकमुष्ठ पच्चिस लाख रुपियाँ आवास सुविधा वापत प्रदान गर्नेछ ।

८. **बजेट व्यवस्था :** यस कार्यविधि बमोजिम प्रदान गरिने खेलकुद पुरस्कार र सम्मानका लागि आवश्यक रकमको व्यवस्था मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विनियोजित बजेटबाट गरिनेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) र (३) सँग सम्बन्धित)

**ओलम्पिक, एसियन खेलकुद, दक्षिण एसियाली खेलकुद प्रतियोगिता र क्रिकेट प्रतियोगितामा महत्त्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, सोका प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई प्रदान गरिने नगद पुरस्कारको रकम**

१. ओलम्पिक, एसियन खेलकुद र दक्षिण एसियाली खेलकुद प्रतियोगितामा महत्त्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, सोका प्रशिक्षक, सहायक प्रशिक्षक तथा सम्बन्धित खेलकुद संस्थाभलाई प्रदान गरिने नगद पुरस्कार

| क्र.सं. | प्रतियोगिताको नाम | व्यक्तिगत स्पर्धा | | सामूहिक स्पर्धा (समूहका प्रत्येक खेलाडीलाई) | | प्रशिक्षक तथा सहायक प्रशिक्षकको पुरस्कार रकम रु. | | | खेलकुद सम्बन्धी संस्था | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पदक | पुरस्कार रकम रु. | पदक | पुरस्कार रकम रु. | पदक | प्रशिक्षक | सहायक प्रशिक्षक | पदक | पुरस्कार रकम रु. |
| १ | **ओलम्पिक प्रतियोगिता** | स्वर्ण | एक करोड | स्वर्ण | चालिस लाख | स्वर्ण | दश लाख | पाँच लाख | स्वर्ण | पन्ध्र लाख |
| | | रजत | पचहत्तर लाख | रजत | पैंतिस लाख | रजत | छ लाख | तिन लाख | रजत | बाह्र लाख |
| | | कास्य | पचास लाख | कास्य | बिस लाख | कास्य | चार लाख पचास हजार | दुई लाख पच्चिस हजार | कास्य | नौं लाख |
| २ | **एसियन खेलकुद प्रतियोगिता** | स्वर्ण | पच्चिस लाख | स्वर्ण | दश लाख | स्वर्ण | पाँच लाख | दुई लाख पचास हजार | स्वर्ण | दश लाख |
| | | रजत | पन्ध्र लाख | रजत | पाँच लाख | रजत | तिन लाख | एक लाख पचास हजार | रजत | पाँच लाख |
| | | कास्य | दश लाख | कास्य | तिन लाख | कास्य | दुई लाख | एक लाख | कास्य | तिन लाख |
| ३ | **दक्षिण एसियाली खेलकुद प्रतियोगिता** | स्वर्ण | पाँच लाख | स्वर्ण | दुई लाख | स्वर्ण | तिन लाख | एक लाख पचास हजार | स्वर्ण | पाँच लाख |
| | | रजत | तिन लाख | रजत | एक लाख पचास हजार | रजत | दुई लाख | एक लाख | रजत | तिन लाख |
| | | कास्य | दुई लाख | कास्य | एक लाख | कास्य | एक लाख | पचास हजार | कास्य | दुई लाख |

२. क्रिकेट प्रतियोगितामा महत्त्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक तथा फिजियोलाई प्रदान गरिने नगद पुरस्कार

| क्र.सं. | क्रिकेट प्रतियोगिताको नाम | हासिल गरेको स्थान | प्रत्येक खेलाडी, प्रशिक्षक तथा फिजियोलाई दिइने पुरस्कार रकम रु. | | |
|---|---|---|---|---|---|
| | | | खेलाडी | प्रशिक्षक | सहायक प्रशिक्षक /फिजियो |
| १ | विश्वकप क्रिकेट प्रतियोगिता | ट्रफी सहित प्रथम स्थान | पच्चिस लाख | दश लाख | पाँच लाख |
| | | दोस्रो स्थान | बिस लाख | छ लाख | तिन लाख |
| | | तेस्रो स्थान | पन्ध्र लाख | चार लाख पचास हजार | दुई लाख पच्चिस हजार |
| २ | महादेशीय क्रिकेट प्रतियोगिता वा डिभिजन १ बाट विश्वकप क्रिकेट प्रतियोगितामा छनौट भएमा | ट्रफी सहित प्रथम स्थान | पन्ध्र लाख | पाँच लाख | दुई लाख पचास हजार |
| | | दोस्रो स्थान | दश लाख | तिन लाख | एक लाख पचास हजार |
| | | तेस्रो स्थान | सात लाख | दुई लाख | एक लाख |
| ३ | डिभिजन २ बाट डिभिजन १ का लागि भएको प्रतियोगितामा | प्रथम स्थान | पाँच लाख | एक लाख पचहत्तर हजार | एक लाख पच्चिस हजार |
| | | दोस्रो स्थान | तिन लाख | एक लाख पच्चिस हजार | एक लाख |
| ४ | डिभिजन ३ बाट प्रथम स्थान सहित डिभिजन २ मा प्रवेश गर्न सफल भएमा | - | दुई लाख | एक लाख | पचहत्तर हजार |

Date of approval from the Government of Nepal, Council of Ministers

(May 22, 2015)

# Procedure of Youth Mobilization in Earthquake Affected Areas, 2015

1. **Background:** For launching works to provide relief, rehabilitation, resettlement in the districts where natural disaster including the massive earthquake that occurred on April 25, 2015 and the various later dates where there is a need to mobilize youth volunteers in coordinated manner by deploying the youths as national disaster and reconstruction mobilization volunteers henceforth this "Procedure of Youth Mobilization in Earthquake Affected Areas, 2015" is hereby promulgated pursuant to Part (N) of Section (4) and Part (J) of Section 6 of the National Volunteers Campaign Directives, 2012.

2. **Objectives of Mobilization of Youth Volunteers:** The objectives of mobilization of the youth Volunteers are as follows:

A. To help collecting valuable goods, food stuffs and other consumable domestic goods and to store them in secured place,

B. To help removing debris from the physical structures damaged completely or partially,

C. To help constructing temporary settlement, temporary school buildings, temporary health posts for the earth quake victims with the maximum use of local resources.

D. To conduct work for awareness campaigns in the areas of sanitation, health and environment.

**3. Mechanism for Youth Volunteers Coordination and Mobilization:**

(1) **For** mobilizing and coordinating youth volunteers, a central youth volunteers' coordination and mobilization committee shall be formed at central level.

A. Minister for Youths and Sports - Coordinator

B. Secretary, Ministry of Home Affairs - Member

C. Secretary, Ministry of Federal Affairs and Local Development - Member

D. Secretary, Ministry of Education - Member

E. Secretary, Ministry of Health and Population - Member

F. Secretary, Ministry of Youth and Sports - Member

G. Secretary, Ministry of Labour and Employment - Member

H. Secretary, Ministry of Peace and Reconstruction - Member

I. Secretary, Ministry of Information and Communications - Member

J. Secretary, Ministry of Women, Children and Social Welfare – Member

K. Secretary, National Planning Commission - Member

L. Representatives of active political parties on one from each basis - Member

M. Member-Secretary, National Sports Council - Member

N. A representative from among Sports Associations - Member

O. Chief Commissioner, Nepal Scout - Member

P. One person among international Non-Governmental Organization working in the youth sector - Member

Q. One person from among the Non-Governmental Organization relating to youths –Member

R. A representative from among the private schools umbrella organization- Member

S. Joint-Secretary, Ministry of Youth and Sports -Member Secretary

Additional responsibilities from political youth organizations and other youth related organizations can be invited to this mechanism as necessary.

2. The meeting of the mechanism pursuant to Sub-Section (1) shall be held as necessary.

3. In order to implement the decision of the Central Youth Volunteers Coordination and Mobilization Mechanism pursuant to this Procedure, there

shall be a Secretariat with the following members in the Ministry of Youth and Sports:

A. Joint-Secretary, Ministry of Youth and Sports -Coordinator

B. Under Secretary, Ministry of Home Affairs - Member

C. Under Secretary, Ministry of Education Member

D. Under Secretary, Ministry of Federal Affairs and Local Development – Member

E. Under Secretary, Ministry of Women, Children and Social Welfare – Member

F. Director, Nepal Scout -Member

G. Under Secretary, Ministry of Youth and Sports -Member Secretary

4. A following Volunteers coordination and Mobilization Mechanism shall be focused existed in districts to mobilize and Coordinate volunteers to be mobilized from the centre or directly from Districts in disaster affected districts.

A. Chief District Officer - Coordinator

B. Local Development Officer - Member
C. District Education Officer - Member
D. District Public Health Officer - Member
E. Women Development Officer - Member F. Representatives of active political parties on one from each basis - Member
G. District Commissioner, Nepal Scout - Member H. One person from among the youths mobilizing Youths Organization- Member
I. Office chief, office of District Sports Development Committee -Member Secretary

5. The meeting of the mechanism pursuant to Sub-Section (4) shall be held as deemed necessary.

**4. Provision for the Mobilization of Youth Volunteer:**

(1) While mobilizing youth volunteers, youths related organization and associations of political parties; organizations and associations related to various sports; national and international non governmental organizations including Nepal Scout; and Non Residential Nepalese associations can be mobilized from centre or directly from the district level.

(2) While mobilizing youth volunteers by various interested organization and association from the centre pursuant to this Procedure, the interested organization and association needs to sign memorandum of understanding with the Ministry in the format as prescribed by the Ministry of Youth and Sports along with the lists of the to be mobilized youths.

(3) While mobilizing youth volunteers by various interested organization and association from the district level pursuant to this Procedure, the interested organization and association needs to sign memorandum of understanding with the District level volunteer coordination and mobilization mechanism in the format as prescribed by the Ministry of Youth and Sports along with the lists of mobilized youths.

(4) While collecting and unifying the details of the mobilized youths, the Ministry of Youths and Sports should maintain the record and such record need to be forwarded to the Office of the Prime Minister and Council of Ministers.

(5) Pursuant to this Procedure, the tenure of the youths to be mobilized shall be for a month in general and if deemed necessary, for the reconstruction and rehabilitation, they can be mobilized for next three months along with the additional work details.

(6) Youths can be mobilized by forming local youths' volunteers through the district level mechanism.

(7) Two volunteers-- one administrative and one computer operator—shall be deployed in district level mechanism for supporting works including keeping the record of youths volunteers mobilization for district level mechanism and preparing report.

(8) To provide support in the mobilization and coordination of youths' volunteers and to motivate youths volunteers, the Ministry of Sports may appoint and deploy by one Youth Envoy to each highly earth quake affected district.

(9) The District Administration Office shall manage for the security of the youth volunteers mobilized in the districts.

5. **Work and Duties of the Youth Volunteers:** The Youth Volunteers mobilized in the earthquake affected districts shall have following work and duties:

A. To remove debris from the earth quake affected places,

B. To help in keeping the properties of the earth quake affected persons in secured manner, C. To help in constructing temporary shelter,

D. To provide help for managing temporary houses if already constructed,

E. To help in constructing canals, cultivating corps for heading the lives of the earth quake victims towards normalcy,

F. To help in constructing temporary school class rooms, building and temporary health posts,

G. To conduct health related awareness programmers,

H. To create people's support for the integrated village development and management.

**6. Code of Conduct for the Youth Volunteers:** The youth volunteers to be mobilized in the earth quake affected districts need to abide by the following code of conduct:

A. The volunteers shall not be involved in political activities and not to show political ideology while performing works,

B. Not to consume alcohol during the period of volunteers' service,

C. To show decent behavior, socially dignified and moral behavior with the stakeholders, D. To fulfill given duty in accordance with the principles of volunteering with universal norms, values and honesty.

E. Except accepting any volunteers' organization or association took any decision to provide facility, no other facility shall be accepted from any other person or organization.

F. Show discipline and decent behavior and project him/herself as ideal and model character.

G. Not to interfere the works of other agencies or officials. H. Not to participate in any strike, padlocks or rally.

I. Not to do any activity for any kind of demand with any organization.

J. Not to do any act that may pose threat on social harmony and peace and order.

K. Not to do any act that may pose threat on broader interest of the nation and people.

2. If done anything against the code of conduct of the volunteers, such volunteer shall be returned back by District Level Volunteers Coordination and Mobilization Mechanism

**7. Youth Volunteers Monitoring and Report:**

(1) Intensive monitoring of the mobilized volunteers shall be done by the organization/association which mobilized the volunteers. Such organizations and association need to prepare the monthly report in the format as prescribed by the Ministry of Youth and Sports and submit the report to the District Level Volunteers Coordination and Mobilization Mechanism.

(2) Upon receiving and collecting from various organizations and association, such monthly reports, the District Level Mechanism should submit to the Ministry of Youth and Sports.

(3) On the matter whether intensive monitoring of the work of the volunteers has been done or not, the Ministry of Youth and Sports need to prepare report by doing necessary monitoring.

and Sports need to submit compiled report suggesting comprehensive solution of any problem, to the Office of the Prime Minister and Council of Ministers.

**8. Miscellaneous:**

(1) District Level Volunteers Coordination and Mobilization Mechanism shall provide identity card as prescribed by the Ministry of Youth and Sports to the youth volunteers to be mobilized pursuant to this procedure.

(2) The Government of Nepal shall manage for providing free of cost medical treatment in government health organizations if the youth volunteers to be mobilized pursuant to this Procedure confronts with any accident during the period of their work.

(3) On recommendation of affiliated organization and association, appreciation-letter shall be provided to the youth mobilized in the volunteer service.

(4) Best performing youth volunteers shall be given priority while awarding National Youth Talent Award and Youth Talent and Entrepreneur Identity and Inspiration Award to be provided by the Ministry of Youth and Sports annually.

(5) It shall be the duty and responsibility of the youth volunteers to provide help to the earth quake victims by receiving support from all sectors skillfully. It shall be the duty of the all stakeholders' agencies and officials to provide support to such mobilized youth volunteers.

(6) This Procedure shall be effective for three months from the date of its issuance and the Government of Nepal may extend if necessary.

**9. Removing Difficulties:** The Ministry of Youth and Sports shall remove difficulties if arise in the implementation of this Procedure.

# International Youth Day Theme

| | |
|---|---|
| International Youth Day Theme 2000 | "First Observance of international Youth Day" |
| International Youth Day Theme 2001 | "Addressing Health and Unemployment" |
| International Youth Day Theme 2002 | "Now and for the Future: Youth Action for Sustainable Development" |
| International Youth Day Theme 2003 | "Finding decent and productive work for young people everywhere" |
| International Youth Day Theme 2004 | "Youth in intergenerational Society" |
| International Youth Day Theme 2005 | "WPAY+10: Making Commitments Matter" |
| International Youth Day Theme 2006 | "Tackling poverty Together" |
| International Youth Day Theme 2007 | "Be seen, Be heard: Youth participation for development" |
| International Youth Day Theme 2008 | "Youth and Climate Change : Time for Action" |
| International Youth Day Theme 2009 | "SUSTAINABILITY: OUT CHALLENGE. OUR FUTURE" |
| International Youth Day Theme 2010 | "Dialogue and Mutual Understanding" |
| International Youth Day Theme 2011 | "Youth should be given a chance to take an active part in the decision-making of local national and global levels." |
| International Youth Day Theme 2012 | "Building a better world: Partnering with youth " |
| International Youth Day Theme 2013 | "Youth migration: Moving development forword" |
| International Youth Day Theme 2014 | "Mental Health Matters." |
| International Youth Day Theme 2015 | "Youth civic Engesment" |

# युवा तथा खेलकुद मन्त्रालका कर्मचारीहरूको सम्पर्क नम्बर

**निजी सचिवालय ४२००५३९ फ्याक्स - ४२००५५२**
**मा.मन्त्री पुरुषोत्तम पौडेल -**
उप-सचिव. रत्न कटुवाल ९८४१३५८८४०
शा.अ. चुरामणी बस्याल ९८४९७००८५८
क.अ. श्रीकृष्ण खकुरेल ९८४१५८०६०९
मु.म.का.क.
का.स. रमा कटुवाल ९८४१६१८३३९
का.स. ऋषि प्रसाद गौतम ९८४९८४८४५६, ९८४१३६८६२२

**स्वकिय सचिवालय**
स्वकिय सचिव. कृष्ण खनाल ९८५५०२४३५०
PSO: दिपेन्द्र खड्का ९८४११६७४३०
P.S.O. सचिन श्रेष्ठ ९८४१६१९४११
सुरक्षा गार्ड. सेर बहादुर लिम्बु ९८१८४००४२१
सुरक्षा गार्ड. दुर्गा बहादुर सोनाम ९८४१७४१७३९
ह.स.चा.

**सचिव ४२००५४०**
सचिव दीपेन्द्र नाथ शर्मा ९८४१४८४३३५
शा.अ. राजकुमार कपाली ९८४१३३८४१२
क.अपरेटर श्री शालीकराम बस्याल ९८४९५२६६६६
ह.स.चा. पदम व. तामाङ ९८४१३५६९९८
का.स. रष्मी राई : ९८१३९११३७९

**युवा तथा प्रशासन महाशाखा ४२००५५१**
सह-सचिव श्री शशिशेखर श्रेष्ठ ९८५१२२१७७७
ना.सु.
का.स. चित्रवहादुर के.सी. ९८४९७००८५७
ह.स.चा. दिपेन्द्र बज्राचार्य ९८१३४५६२६९,

**प्रशासन शाखा ४२००५४२**
उप-सचिव केशवराज त्रिपाठी ९८४१३३३५६०
शा.अ. रामकृष्ण श्रेष्ठ ९८४१४२३२७६
ना.सु. बालहरि खनाल ९८४१९५६९५४
ना.सु. शिवहरि दाहाल ९८४२८८४४८३ (Store)
क.अ. प्रमिला खड्का ९८०८०४०१५१,९८०८२४४०४६
ना.सु. निर्मला भट्ट्ट ९८४१११५१८६
ह.स.चा कुमार मगर ९८०३१०४४०९
ह.स.चा. दिलिप देशार ९८४३३०४९०७,
का.स. जितेन्द्र मिश्र ९८४९५४०५२४,
का.स. लोकेन्द्र बहादुर श्रेष्ठ ९७४११९७५१०

**युवा विकास तथा परिचालन शाखा ४२००५४५**
उप-सचिव ज्ञानराज सुवेदी ९८४१७९५५१९
शा.अ. गोविन्द पराजुली ९८४००१२७२६
क.अ.
ना.सु. मेनका हमाल ९८४१४२७९२५
का.स. पुनमाया व्यञ्जनकारः ९७२१४१०२९२

**तथ्यांक तथा सूचना शाखा ४२००५४४**
उप-सचिव महेन्द्र प्रसाद पोड्याल ९८५५०६९९८६
शा.अ. ओमकुमार श्रेष्ठ ९८४१८३९१८७
क. इन्जि. (रा.प.तृ)

**कानुन तथा फैसला कार्यान्वयन शाखा ४२००५५४**
शा.अ (का) नारन प्रसाद पोखरेल ९८४१५६४७१४
ना.सु. (का.) सरिता अधिकारी ९८४५२८७९५२

**आर्थिक प्रशासन शाखा ४२००५४३**
उप सचिव (लेखा) मेघराज पोखरेल ९८४१२५४२२१
ले.अ. केदारनाथ भेटवाल ९८४१४०२९८०
ले.पा. गोविन्द अर्याल ९८४१३६४५६६
ले.पा. सिता नेपाल ९८४९८२९१७३
ले.पा दधिराम पौडेल ९८०३७०१८०२
क.अ. उतम खतिवडा ९८४१६३५३२६
का.स. मानप्रसाद मैनाली ९८४१०८२१३८

**खेलकुद तथा संघसंस्था महाशाखा ४२००५४१**
सह-सचिव चूडामणी पौडेल ९८५१११५९०४
ना.सु. शम्भुकुमार साह ९८४९३७६३८०
ह.स.चा. सन्तोष कार्की ९८४१७१०१९७
का.स. सरेन्द वहादर थापा ९८४१५१२४१५

**खेलकुद विकास शाखा ४२००५५०**
उप-सचिव रामबहादुर हमाल ९७४१०९०७९४
शा.अ.
ना.सु. शम्शेर बहादुर राई ९८१३००६८९५
का.स. कान्छिमाया तामाङ ९७४१०८४२७०

**अनुसन्धान, अनुगमन तथा मूल्यांकन शाखा ४२००५४४**
उप-सचिव महेश्वर शर्मा ९८५११४०६७९
शा.अ. प्रमिला खरेल ९८४३०३४५७७
क.अ. सहदेव गौतम ९८४११६७२९७
का.स. कृष्णबहादुर थारु : ९८४९४६८४४३

**संघसंस्था समन्वय शाखा ४२००५५४**
उप-सचिव - रामवन्धु सुवेदी ९८४१५८४८२९
उप-सचिव सुशिला अर्याल ९८४१४९१२६४
शा.अः राजकुमार के. सी. ९८५११४१४८०
ना.सुः
का.स. सुरेन्द वहादुर थापाः ९८४१५१२४१५

**खेलकुद प्रतियोगीता शाखा ४२००५५०**
उप-सचिव - गणेश प्रसाद देवकोटाः ९७४६०१२०२७
शा.अ. नीता शर्मा ९८४१७२६३८
प्रा.स. अजय बोहरा ९८५४०३०८९४

**योजना तथा बैदेशिक समन्वय शाखा ४२००५५३**
उप-सचिव रविप्रसाद दवाडी ९८४१३०१९१८
शा.अ. गणेश गुरूङ ९८४९१९७७०८
क.अ.
का.स. सर्मिला राई ९८०३७८९६३३

**कर्मचारी दरवन्दी**

| | |
|---|---|
| रा.प. विशिष्टः | १ |
| रा.प. प्रथमः | २ |
| प्रशासनः | १ |
| शिक्षाः | १ |
| रा.प. द्वितियः | १० |
| प्रशासनः | ४ |
| शिक्षाः | ५ |
| लेखाः | १ |
| रा.प. तृतियः | १४ |
| प्रशासनः | ५ |
| शिक्षा(शारीरिक) | ६ |
| लेखाः | १ |
| कानूनः | १ |
| विविधः | १ |
| रा.प.अनं प्रथमः | २२ |
| ना.सु. | १० |
| ना.सु.(का) | १ |
| प्रा.स. | १ |
| क.अ. | ८ |
| ले.पा. | २ |
| ह.स.चा. | ४ |
| कार्यालय सहयोगी | १३ |
| **जम्मा** | **६६** |